जि.प्र.का. काठमाडौं, द.नं. ३६३/०७४/०७५

नेफ्स्कून

# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कूनको
त्रैमासिक
प्रकाशन

वर्ष ५ | अंक १५ | मुल्य रु.१००/- | श्रावण-असोज (२०७७)

## व्यवसाय निरन्तरता योजना




नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेल: nefscun@nefscun.org.np

# संघका विविध गतिविधिका झलकहरू






















डि.स.का.दर्ता नं. ४/१७४(१३)०६२/०६३

पान नं. ३०२३३०८७८

नेफस्कून

# हाम्रो मध्यवर्ती राधाकृष्ण बचत तथा ऋण सहकारी संस्था लि.

२०६३

SUCCESS PROBATION



**संस्थाको परिचय (Introduction):**

२०६३ जेष्ठ १५ गते स्थापना भएको नेउलापुर मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लि. ले २०७५/०३/१५ मा श्रीकृष्ण, प्रयत्न, जनचेतना र नेउलापुर मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लि. बीच एकीकरण गरी हाम्रो मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लि. बाट कारोवार सुरू गरी दोश्रो चरणमा जागृत महिला र कर्णाली साकोस र जलेश्वर कृषि सहकारी सस्था एकिकरण गरी तेश्रो चरणमा हाम्रो मध्यवर्ती र राधाकृष्ण बचत तथा ऋण सहकारी संस्था लि. बीच एकीकरण भई हाम्रो मध्यवर्ती राधाकृष्ण बचत तथा ऋण सहकारी संस्था लि. बाट कारोवार संचालन भएको छ । हालसम्म यस संस्थाले ८ वटा सहकारी संस्था एकीकरण गरी सकेको छ । र हाल १ वटा संस्था एकीकरणको प्रक्रियामा रहेको छ । स्थापनाकालदेखि नै आफना शेयर सदस्यहरूलाई वित्तीय सेवा का साथै विभिन्न रेमिटान्स र सामाजिक उत्तरदायित्वका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

हाम्रो मध्यवर्ती राधाकृष्ण साकोसले नगरमा सहकारी एकीकरणको अभियानलाई पनि व्यापक बनाउँदै गएको छ । नगरमा रहेका सहकारीमा दोहोरो सदस्यताको अन्त्य गरि सहकारीमा छरिएर रहेको पूँजीलाई एकत्रित गर्दै एक सक्षम र सबल सहकारी स्थापना गरी सदस्यलाई सर्वशुलभ सेवा प्रदान गर्ने उद्देश्यका साथ हाम्रो मध्यवर्ती राधाकृष्ण सहकारीले नगरमा एकीकरण अभियानलाई तिव्रता दिएको छ ।

एकीकरण अभियान जुटेको हाम्रो मध्यवर्ती राधाकृष्ण सहकारीले हालसम्म ८ वटा सहकारी संस्थालाई एकिकरण गर्न सफल भएको छ । छोटो समयमा धेरै सहकारी संस्था एकिकरण गर्न सफल यो सहकारी जिल्लाकै पहिलो हो ।

**शेयर सदस्य संख्या :**

महिलाः ४२२८, पुरूषः २९९३, कार्यगत समुह ५१, जम्माः ७२७२

**परिकल्पना (Vision):**

"समुदायमा आधारित दरिलो उत्कृष्ठ प्रतिस्पर्धी वित्तीय सहकारी संस्था"

**ध्येय (Mission):**

सर्वशुलभ वित्तीय सेवा मार्फत सहकारीका मुल्य मान्यता तथा सिद्धान्तको परिपालना गरी सदस्यको सामाजिक, सांस्कृतिक तथा आर्थिक जीवन स्तर उच्च बनाउने ।

**रणनीतिक उद्देश्यहरू:**

१. वित्तीय रूपमा दरिलो सक्षम र सुरक्षित सहकारी संस्था बनाउने
२. समुदायमा आधारित भई सदस्यहरूलाई उत्कृष्ठ सेवा प्रदान गर्ने
३. संस्थालाई प्रतिस्पर्धी ढंगबाट सञ्चालन गर्ने
४. नेतृत्व तथा व्यवस्थापनको क्षमताको विकास गर्ने

**बचत सेवाहरू :**

- १७ प्रकारका बचत सेवाहरु

**ऋण :**

- १४ प्रकारका ऋण सेवाहरु

**आवद्धता/संलग्नता:**

- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
- जिल्ला बचत तथा ऋण सहकारी संघ लि. बर्दिया
- राष्ट्रिय सहकारी बैक
- जिल्ला सहकारी संघ लि.

**सम्मान तथा पुरस्कार:**

- नेपाल स्तरको ब्राण्डिङ कार्यक्रमः प्रोबेशन ब्राण्ड प्राप्त
- प्रदेश नं. ५ को उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था पुरस्कार : नेफस्कून

**सेवा केन्द्रमार्फत वितरित सेवा सुविधाहरू:**

- बचत ऋण र रेमिटान्स सेवाहरु

**संस्थाका विशेष आकर्षणका कार्यक्रमहरू:**

- सहकारी शिक्षा शिविर
- सञ्चालक अभिमुखीकरण तालिम
- सदस्य राहत तथा दुर्घटना बीमा कार्यक्रम
- कोभिड १९ बाट मृत्यु भएको सदस्यको घरपरिवारलाई राहत वितरण
- बन्यजन्तुबाट मृत्यु भएका सदस्यहरुका घरपरिवारलाई राहत वितरण

**२०७७ असोज १५ सम्मको वित्तीय विवरण**

| | |
|---|---|
| शेयर पूँजी | : ३,६९,५२,८००।- |
| अन्य कोष | : १,७०,५९,६२७.९९।- |
| कूल निक्षेप | : २३,५४,४२,९३५.६५।- |
| ऋण लगानी | : २२,९७,०८,३२८.३०।- |
| अन्य लगानी | : ६६,०७,९७९.८४।- |
| कुल सम्पत्ति | : ३२,५५,८२,६६४.४८।- |

ठाकुरबाबा नगरपालिका-१, भुरिगाउँ, बर्दिया
फोन नं.: ०८४-४०३००२

डि.स.का.दर्ता नं. ०३८/०५४/०५५

पान नं. ३०३३८४२६७

नेफस्कून

# राप्ती
# बचत तथा ऋण सहकारी संस्था लि.

**संस्थाको परिचय (Introduction):**

राप्ती बचत तथा ऋण सहकारी संस्था लिमिटेड एक प्रारम्भिक तहको एकल उद्देश्यीय (बचत तथा ऋणको क्षेत्रमा काम गर्ने) सहकारी संस्था हो । यस संस्थाको स्थापना २०५४ साल भाद्र ३१ गतेका दिन भएको हो ।

**शेयर सदस्य संख्या:**

जम्मा : ४७१३ (महिला: ४९०४, पुरूष: ०, बाल: ९६१७)

**परिकल्पना (Vision):**

"वित्तीय समाधानको लागि समुदायको पहिलो रोजाइ, नेपालको उत्कृष्ट वित्तीय सहकारी संस्था"

**ध्येय (Mission):**

प्रतिस्पर्धी, गुणस्तरीय, सर्वसुलभ वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गरी सदस्यहरुको जीवनस्तर माथि उठाउन अहोरात्र लागि पर्ने ।

**रणनीतिक उद्देश्य:**

संस्थाको कारोवारलाई विद्युतीय माध्यममा गर्ने

**दीर्घकालिन लक्ष्यहरु:**

संस्थाको व्यावसायिक भवनलाई सदस्यहरूको व्यवसायिक कारोवारको हित गर्ने, सदस्यहरूलाई व्यवसाय सम्बन्धी तालिम, रोजगारी व्यवस्थापनको लागि सर्वशुलभ ऋण लगानी गर्ने

**कार्यक्षेत्र:**

दाङ जिल्लाभर

**३ वटा सेवा केन्द्रमार्फत वितरित सेवा सुविधाहरू:**

बचत तथा ऋण

**बचत सेवाहरू :**

- दैनिक बचत
- मासिक बचत
- अनिवार्य मासिक
- सुनौलो बचत
- विशेष बचत

**ऋण :**

- व्यापार ऋण
- कृषि ऋण
- लघु ऋण
- सामाजिक ऋण
- वैदेशिक रोजगार ऋण
- विविध ऋण
- अवधि धितो ऋण

**आवद्धता/संलग्नता:**

- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफस्कून)
- दाङ जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
- जिल्ला सहकारी संघ लि.
- राष्ट्रिय सहकारी बैक



**सम्मान तथा पुरस्कार:**

राप्ती अञ्चल सबैभन्दा बढी कर तिरी लगातार तीन वर्ष पुरस्कृत

**संस्थाका विशेष आकर्षणका कार्यक्रमहरु:**

- सहकारी शिक्षा शिविर
- सञ्चालक अभिमुखीकरण तालिम
- विपद् तथा आकस्मिक दुर्घटना राहत ऋण सुविधा
- पर्ल्स तालिम
- सदस्य राहत कोष कार्यक्रम

**हालसम्मको वित्तीय विवरण**

| | |
|---|---|
| शेयर पूँजी | : ५ करोड |
| स्थिर सम्पत्ति | : ६ करोड ९८ लाख |
| जगेडा कोष | : ४ करोड ७० लाख |
| अन्य कोषहरु | : १ करोड ७१ लाख |
| कुल निक्षेप रकम | : १ अरब ००९ लाख |
| कर दाखिला गरेको | : ३१ लाख गत आ.व. |
| लगानीमा रहेको ऋण | : ८७ करोड |
| तरलता | : ३१ प्रतिशत |
| सञ्चालन मुनाफा | : २ करोड ५५ लाख |
| कुल ऋण लगानी | : १ अर्ब १० करोड |
| कुल सम्पत्ति | : १ अर्ब ३९ करोड |

लमही शाखा कार्यालय : ०८२-५४०२७४
तुलसीपुर शाखा कार्यालय : ०८२-५२२६२०
नारायणपुर शाखा कार्यालय : ०८२-५३०१६४

घोराही-१०, दाङ, राप्ती, नेपाल
फोन नं.: ०८२-५६०९३६
फ्याक्स : ०८२-५६१७५१

**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति-संयोजक**
चन्द्र प्रसाद ढकाल
बरिष्ठ उपाध्यक्ष/प्रवक्ता

**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरू**
विपिन शर्मा
लिला थापा
जगदिश भट्टराई
सालिकराम पुडासैनी

**सम्पादक**
सञ्जयराज तिमिल्सीना

**सह-सम्पादक**
राधा पौडेल

**मुद्रण**
एक्सिस प्रिन्टर्स प्रा. लि.
न्यूप्लाजा, काठमाडौं
०१-४५३६८६१

**मुल्य**
रू.१००/-





## यस भित्र


*नेफ्स्कूनको ३३ औं स्थापना दिवस विशेष... ३*
*कोभिड पश्चात वित्तीय सहकारी अभियानको कार्यदिशा... ७*
*सुशासन र अपेक्षित विकासका लागि लक्ष्य, कानून, संयन्त्र... १३*
*सहकारी सञ्चालनका कानूनी जटिलताहरु फुकाउनुपर्छ... २१*
*महामारी सिर्जित खाद्य सुरक्षाको चुनौती र सहकारीको भूमिका... २५*
*गरिबी निवारणका क्षेत्रमा गर्नुपर्ने कामहरु... ३१*
*नेपाल राष्ट्र बैंक र सहकारी... ३९*
*सहकारीमा लैङ्गिक सवाल... ४७*
*सहकारी सञ्जाल भित्र पेशागत मूल्य सिर्जनाः एक चर्चा... ५३*
*बचत गर्ने जापानी तरिका... ५९*



© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)


केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np, adcom@nefscun.org.np
वेबसाइटः www.nefscun.org.np



▶ यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । -सम्पादक

# सम्पादकीय

नेपाली समाजमा एउटा भनाई छ "लगनको बेला बेहुली खोज्ने हतारो" अहिले नेपालको सहकारी अभियानमा त्यस्तै समस्या देखिएको छ । २०७४ असोज ३ गते संघीय संसदबाट पारित भई कार्तिक १ गते जारी भएको सहकारी ऐन, २०७४ का कतिपय व्यवस्थाहरू कार्यान्वयनका लागि समयसीमा तोकिएको छ । यसरी तोकिएका विषय मध्ये कार्यकारी सञ्चालक भएमा कर्मचारी तर्फको जिम्मेवारी छोड्नुपर्ने व्यवस्थाको कार्यान्वयन ऐन जारी भएको चार वर्ष भित्र गरिसक्नु पर्ने व्यवस्था छ भने दोहोरो सदस्यता (एउटै स्थानीय इकाईको एकै प्रकृतिको एक भन्दा बढी सहकारीको सदस्यता भएमा एउटामा मात्र कार्यान्वयन गर्नुपर्ने) सम्बन्धी व्यवस्था ऐन जारी भएको तीन वर्ष भित्र कार्यान्वयन गरिसक्नु पर्ने छ । त्यो समयसीमा यहि असोज मसान्तमा सकिँदै छ । संघीय तहबाट सहकारी नियमनको जिम्मेवार निकाय (सहकारी विभाग) ऐनको कार्यान्वयन गराएरै छोड्ने तयारीमा लागेको छ यदि कसैले ऐनको दोहोरो सदस्यता सम्बन्धी व्यवस्थाको उल्लंघन गरेमा सजाय र जरीवाना लगाउने चर्चा छ । अर्कोतर्फ कतिपय सहकारीकर्मीहरू जतिसुकै बैंक वित्तीय संस्थामा खाता सञ्चालन गर्न हुन्छ भने समान प्रकृतिका एक भन्दा बढी सहकारीमा कारोबार गर्न किन नपाइने भन्ने तर्क जोडतोडका साथ उठाइरहेकाछन् ।

एकीकृत सूचना प्रणालीमा आबद्धताको लागि ऐनले तोकेको समयसीमा गुज्रीसकेको छ भने जनसंख्याको आधारमा तोकिएको संख्या भन्दा बढी संख्यामा भएका सहकारीहरूको एकीकरण, कर्जा सूचना केन्द्रमा आवद्धता, बचत तथा ऋण सुरक्षण कोषमा आवद्धता, स्थिरीकरण कोषमा आवद्धता जस्ता विषयहरुमा न त राज्य पक्षको न त सहकारी अभियानको नै अपेक्षित सक्रियता देखिएको छ । स्थिरीकरण कोषमा राज्यको तर्फबाट कानूनी व्यवस्था बमोजिम गरिनुपर्ने योगदान प्राप्त हुन नसक्दा पुर्णता प्राप्त गर्न नसकेको भएता पनि १३० भन्दा बढी बचत ऋण सहकारीहरूले भने योगदान गरिसकेको अवस्था, कोष सञ्चालन समितिको नियमित बैठक र कार्यालय सञ्चालनमा छ । स्थिरीकरण कोषको दर्ता गर्ने नगर्ने भन्ने सवाल पनि बहसको विषय बन्यो तर ऐनद्वारा निर्मित यस कोषको दर्ता गर्नु आवश्यक नभएको तर्क बढी सान्दर्भिक छ । नियमावली तथा मन्त्रालयबाट जारी गरिएको बचत तथा ऋण सहकारी सम्बन्धि स्थिरीकरण केष स्थापना र संचालन कार्यविधि, २०७६ मा समेत बचत तथा ऋण सहकारी केन्द्रीय संघमाा रहने भन्ने स्पष्ट उल्लेख हुदा यो पुनः दर्ता गर्नु नपर्ने स्यम स्पष्ट हुन्छ र यस सम्बन्धमा धेरै सहकारी विज्ञ, प्रशासक तथा अभियान्ताको एउटै बुझाइ छ । ऐनले परिकल्पना गरेको कर्जा सूचना केन्द्र कसरी सञ्चालन गर्ने भन्नेमा राज्य र सहकारी अभियानको बुझाई विपरित छ । अभियान आफ्नो स्वामित्वको कर्जा सूचना केन्द्र स्थापनाको तयारीमा छ भने राज्यमा हाल भइरहेको केन्द्रमा पहुँच स्थापित गर्ने सोचमा देखिन्छ । बचत तथा कर्जा सुरक्षण कोषको सन्दर्भमा हालसम्म राज्य र अभियान दुवैतर्फको चासो न्युन रहेको छ । यसले कानुन बन्ने र कार्यान्वयन नै नहुने समस्या ल्याउन सक्ने देखिन्छ । ऐनका कतिपय प्रावधान लागु गर्न गर्नुपर्ने तयारीको लागि निश्चित समय ग्रेस दिनु सान्दर्भिक भएतापनि समयसीमा नतोकिएका प्रावधानहरू तत्काल कार्यान्वयन गर्न नसक्नु राज्यको कमजोरी हो ।

सहकारी ऐन, २०७४ जारी हुँदा आंशिक कमजोरी बाहेक २६ वर्षपछि प्राप्त ऐन अभियानमैत्री भएको चर्चा गर्ने सहकारी अभियानको नेतृत्व त्यहि ऐनका प्रावधानहरूको कार्यान्वयनका सन्दर्भमा स्पष्टसँग बोल्न सकिरहेको छैन । अन्तर्राष्ट्रिय अभ्यास, सहकारीको मर्म, हाम्रो आर्थिक, सामाजिक, राजनीतिक र भौगोलिक अवस्था लगायतका कारण ऐनका व्यवस्थाहरूलाई स्पष्टरूपमा ठीक वा बेठिक हो भन्ने कुरा अभियानका नेतृत्वले स्पष्ट भन्न सक्नु पर्दछ । भन्न अभियानको नेतृत्व वर्ग तयार नभएको अनुमान गर्न सकिन्छ ।

सहकारी अभियानमा अहिले तातो केक बनेको सन्दर्भ ब्याजदर र दोहोरो सदस्यता सम्बन्धी व्यवस्था हो, अर्को वर्ष कार्यकारी सञ्चालकको विषय तातो केक बन्न सक्ने अनुमान गर्न सकिन्छ । कार्यान्वयनको अन्तिम अवस्थामा आएर तातो केक हुने विषय ऐन जारी भएको तीन वर्षसम्म किन चर्चामा आएन ? अधिकांश स्थानीय र प्रदेश सरकारले समेत दोहोरो सदस्यता असोज मसान्तसम्म हटाइसक्न सूचना जारी गरेका छन् भने सहकारी संस्थाले समेत स्वतःस्फुर्त दोहोरो सदस्यता भएमा एउटामा मात्र कायम गर्न आफ्ना सदस्यहरूलाई सूचना जारी गरेको अवस्थामा कतिपय सहकारीकर्मीहरू भने बैंकसँग सहकारीलाई तुलना गरेर एक र बहु को बहस गर्दैछन् ? सामाजिक सञ्जाल, भेटघाट र चिया चौतारीमा राज्यले चाहँदैमा ऐन कार्यान्वयन गर्न सकिँदैन भन्ने तर्क गरिरहँदा हामीले त्यसका लाभ र हानीका पक्षहरूको सूची तयार गरेका छौं त ? यदि छौं भने यो यो कारणले ऐनको यो व्यवस्था कार्यान्वयन गर्नुपर्दछ वा यो यो कोरणले संशोधन गर्नु पर्दछ भन्न किन सकिरहेका छैनौं ? आज दोहोरो सदस्यताको विषय अदालतमा पुगेको छ अब अदालतले दोहोरो सदस्यता हटाउने ऐनको व्यवस्था कार्यान्वयन नगर्नू भन्ने आदेश दियो भने विजयोत्सव मनाऔंला तर कार्यान्वयन गर्नू भन्ने आदेश दियो भने आजको भोली कार्यान्वयन गर्न सक्छौं त ? आज मेरो त दश वटा संस्थामा ऋण छ, सरकारले तिरिदिन्छ ? भन्दै प्रश्न गर्नेले एउटै सक्षम संस्थाबाट सोहि बराबरको ऋण लिने तर्फ तीन वर्षसम्म किन सोचेनौं ? त्यसैले ऐन व्यावहारिक भएनन् भने व्यवहारिक तर्कबाट संशोधनको लागि बहस, पैरवी वा अन्य तरिकाबाट शान्तिपुर्ण दवाव सिर्जना गर्ने हो, न की ऐन मान्दैनौं भन्ने एकोहोरो तर्कमा लाग्ने । एउटा ऋणी सदस्यले ऋण लिएपछि म संस्थाको नियम मान्दिन भन्यो भने के होला ? हामी ऐन कानूनको पालना गर्दछौं भनेर दर्ता इजाजत प्राप्त गरेका संस्थाले ऐनको व्यवस्था मान्दिन भन्नु त्यो भन्दा किन्चित पनि फरक हुन सक्दैन । त्यसैले ऐनका कार्यान्वयन हुन बाँकी व्यवस्थाको बारेमा पनि सघन छलफल गरी कार्यान्वयनको मुखमा पुग्नु अगावै अभियानमैत्री बनाउन एकले अर्कोमाथि हिलो नछ्यापी सामुहिक दवाव सिर्जना गरौं ।


**संरक्षक:** परितोष पौड्याल, अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति संयोजक:** चन्द्र प्रसाद ढकाल । **सदस्यहरू:** विपिन शर्मा, लिला थापा, जगदिश भट्टराई, सालिकराम पुडासैनी

**सम्पादक:** सज्जयराज तिमिल्सीना

**सह-सम्पादक:** राधा पौडेल

नेफ्स्कून



© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)



केन्द्रीय कार्यालय: नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७८१९६३, ४७८०२०१, इमेल: nefscun@nefscun.org.np, वेबसाइट: www.nefscun.org.np

# नेफ्स्कूनको ३३ औं स्थापना दिवसमा विविध कार्यक्रम आयोजना

नेफ्स्कूनको ३३ औं स्थापना दिवस साउन ३२ गते विविध कार्यक्रमको आयोजना गरी मनाइयो । कोभिड-१९ को बढ्दो संक्रमणका बीच स्वास्थ्य सर्तकता, भौतिक दूरी लगायत सरकारी निर्देशनहरूको अधिनमा रही काठमाडौंको नयाँ बानेश्वरस्थित केन्द्रीय कार्यालय र देशभर रहेका फिल्ड कार्यालयहरूमार्फत नेफ्स्कून दिवस मनाइयो । कार्यक्रममा सीमित अतिथि, नेफ्स्कून सञ्चालकहरू, अग्रज एवं सल्लाहकारहरू, तथा व्यवस्थापन समूहको भौतिक तथा धेरैको अभौतिक एवं युटुब तथा फेसबुक लाइभमार्फत सहभागिता रहेको थियो ।

स्थापना दिवसको अवसर पारेर प्रमुख अतिथि मन्त्री अर्यालले संघको काठमाडौंको नयाँ बानेश्वरमा बन्ने नेफ्स्कून भवनको शिलान्यास गर्नुभयो । त्यसैगरी, हिमाल, पहाड र तराईका दूर दराजमा वित्तीय पहुँच नपुगेका सहकारी संस्थाहरू लक्षित आधारशिला कार्यक्रम शुभारम्भ गरिएको थियो भने नेफ्स्कूनको नयाँ डिजिटल पत्रिका saccosaawaj.coop.np को शुभारम्भ र संघको आगामी ४ वर्षका लागि निर्मित पाँचौं व्यावसायिक रणनीतिक योजना पुस्तिका पनि अध्यक्ष परितोष पौड्यालले व्यवस्थापन प्रमुख कामु प्रमुख कार्यकारी अधिकृतलाई हस्तान्तरण गर्नुभएको थियो । त्यसैगरी, एकीकृत सुशासन मागर्दशन र सीटीइभीटीको सम्बन्धनमा सहकारी व्यवस्थापक कोर्षको पाठ्यक्रम पुस्तिका पनि हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालले नेफ्स्कूनले आगामी ४ वर्षका लागि सार्वजनिक गरेका कार्यक्रमहरू सृजनशील रहेको भन्दै तिनको सफल कार्यान्वयनले सहकारी र बचत तथा ऋण सहकारी अभियानलाई बलियो बनाउने दावी गर्नुभयो । नेफ्स्कूनको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमा बोल्दै विभागीय मन्त्री अर्यालले संघको रणनीतिक योजनामा समाहित आधारशीला कार्यक्रम सृजनशील भएको बताउँदै सबै स्थानीय तह र गाउँ पालिकासम्म यस्तो कार्यक्रम पुग्न जरूरी रहेको बताउनुभयो । उहाँले आधारशीला कार्यक्रमको प्रभावकारिता भएपनि जवाफदेही बन्न नसकेको मन्त्री अर्यालले स्वीकार्नुभयो । उहाँले समाजवादको संवैधानिक लक्ष्य हासिल गर्ने दिशामा सहकारी माध्यम बन्न सक्ने भन्दै त्यसका लागि जनताको जीवनस्तर उकास्ने किसिमका कार्यक्रमहरू ल्याउन आग्रह गर्नुभयो । मन्त्री अर्यालले सहकारीमार्फत गरिबी निवारण गर्न सकिन्छ, सदस्यको सामाजिक आर्थिक विकास सम्भव छ भन्ने प्रमाणित




मुल्याङ्कन गर्दै यसलाई भोलीका दिनमा थप विस्तार गर्दै लानुपर्नेमा जोड दिनुभयो । यस बाहेक रणनीतिक योजनाले समेटेका व्यवस्थापक र अन्य प्रमाणीकरण कोर्षहरू, सुशासन मार्गदर्शन जस्ता कार्यक्रमहरू नवीनतम भएको उल्लेख गर्दै तिनको सफलताको लागि संवेदनशील भएर लाग्नुपर्नेमा मन्त्री अर्यालले ध्यानाकर्षण गराउनुभयो । उहाँले गरिबी पहिचान र भूमि व्यवस्थाका सम्बन्धमा केही काम भएको र अबको समय आफुले सहकारी क्षेत्रलाई दिने समेत प्रतिवद्धता व्यक्त गर्नुभयो ।

संघीय संरचना अनुरूप सहकारीका निकायहरू विकेन्द्रित गर्न यस क्षेत्र अघि बढ्नुपर्नेमा जोड दिनुभयो । महिला युवा र कृषि उद्यमशीलता विकासमा सहकारी प्रभावकारी बन्न सक्ने उहाँको धारणा थियो । कोभिड संकटका समयमा पनि सहकारीको भूमिका राम्रो देखिएको भन्दै मन्त्री अर्यालले बन्दाबन्दीको समयमा सहकारीले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो ।

कार्यक्रममा संघका अध्यक्ष परितोष पौड्यालले नेफ्स्कूनले सधै सदस्यहरूको हितको पैरवी गरेको दावी गर्दै सुरू आधारशीला कार्यक्रम त्यसकै उदाहरण भएको बताउनुभयो । जागरण, सशक्तिकरण, व्यावसायिकीकरण हुँदै सञ्जाल

व्यवस्थापनको युगमा प्रवेश गरेको साकोस अभियानको यो चरणमा सञ्जाल विस्तार, वित्तीय सुशासन, पारदर्शिता र गुणस्तर सुनिश्चितताको आयामलाई व्यवस्थित गर्न शुभारम्भ गरिएको आधारशिला कार्यक्रम स्थानीय तहहरूसँगको साझेदारीमा सञ्चालन गरिने अध्यक्ष पौड्यालले बताउनुभयो । नेफ्स्कूनले गरेका कार्यक्रमहरूमा सरकारको साथ र सहयोगको अपेक्षा गर्दै राज्यका निकायहरूसँग सद्भावपूर्ण सहकार्यका साथ अघि बढ्ने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो । सोही कारण कोभिडले थपेका चुनौतीहरूको सामना गर्नकै लागि नेफ्स्कूनले सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्यको नारा अघि सारेको जानकारी गराउँदै हुँदा सहकारीमा समस्या आएपनि दोष अभियानलाई देखाइएको भन्दै उहाँले असन्तुष्टि व्यक्त गर्नुभयो । सहकारी मार्फत विभिन्न मुलुकमा भएका सामार्जिक आर्थिक परिवर्तनको उदाहरण दिँदै बडालले सहकारीलाई समाजवाद प्राप्तिको माध्यम बनाउनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कडेलले नेफ्स्कून निरन्तर प्रगति उन्मूख भएको बताउँदै अबका दिनमा सञ्जाल विस्तार र वित्तीय सुशासनको दिशामा ठोस् काम गर्नुपर्ने सुझाव प्रदान गर्नुभयो । नेफ्स्कूनले बोकेका लक्ष्यहरू एकदम सकारात्मक र सदस्य मैत्री भएको दावी गर्दै




सहकारी क्षेत्रमा देखिएका चुनौतीहरू सामना सबै मिलेर गर्नुपर्ने उहाँले बताउनुभयो ।

पूर्व मन्त्री एवं राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष केशव बडालले नेफ्स्कून धेरै महत्वपूर्ण केन्द्रीय संघ भएको बताउनुभयो । जनतामा ठूलो पहुँच पुगेको संघ भएकाले नेफ्स्कूनले थप मिहेनत र लगावका साथ आफ्ना उद्देश्यहरू हासिल गर्नुपर्ने बताउनुभयो । सहकारी सिद्धान्त, मुल्य र मान्यतामा आधारित रहेर अभियानलाई थप सुदृढ बनाउन नेफ्स्कूनको भूमिका रहने बताउनुभयो । दर्तादेखि अनुगमनमा राज्यको भूमिका कमजोर

महासंघका अध्यक्ष कडेले तिनलाई पूरा गर्न योजनावद्ध ढंगले अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले विषयगत सहकारीहरूमध्ये नेफ्स्कून सबैभन्दा व्यवस्थित ढंगले अघि बढेको केन्द्रीय संघको भएको बताउनुभयो ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव टेकनारायण पाण्डेले सरकार सहकारी क्षेत्रलाई सहयोग गर्न तयार रहेको बताउनुभयो । सहकारी नियमन र प्रवर्द्धनको क्षेत्रमा मन्त्रालयले काम सुरू गरेको जानकारी गराउनुभयो । नेफ्स्कून परिपक्व बनेको उल्लेख गर्दै सचिव पाण्डेले मन्त्रालयले पनि अभियानबाट सिक्ने कुरा धेरै रहेको बताउनुभयो । सदस्यको दीगोपनालाई ध्यानमा राखेर ग्रामीण जनजीवनमा सुधार ल्याउन सहकारी अभियान मबजूद बनाउनुपर्ने धारणा उहाँले राख्नुभयो ।

सहकारी विभागका रजिष्ट्रार टोकराज पाण्डेले सहकारीहरूलाई सदस्य केन्द्रित बन्न आग्रह गर्नुभयो । नेफ्स्कूनले बनाएको ४ वर्षीय रणनीतिक योजनाका कार्यक्रमहरूको प्रशंसा गर्दै उहाँले तिनको सफलताको लागि आजैबाट लाग्न आग्रह गर्नुभयो । सञ्चालक समिति र व्यवस्थापनमा नेफ्स्कूनको युवा नेतृत्वको प्रशंसा गर्दै रजिष्ट्रार ४ वर्षे रणनीतिक योजनाले लिएका लक्ष्य र ध्येय र उद्देश्य प्राप्ति गर्ने विश्वास पनि व्यक्त गर्नुभयो ।

अभौतिक माध्यमबाट जोडिनुभएका नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले स्वागत मन्तव्य व्यक्त गर्दै नेफ्स्कूनका नवीन रणनीतिक कार्यक्रमहरूमा राज्य र सरोकारवालाहरूको साथ र सहयोगले भोलीका दिनमा वृद्धि हुने बताउनुभयो । इतिहासको बलियो जगमा नेफ्स्कून अब थप प्रगतिको पथमा अघि बढ्ने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो । बरिष्ठ उपाध्यक्ष ढकालले नेफ्स्कूनका रणनीतिक कार्यक्रमहरूको सफलतामा सहकारी अभियानकै सफलता गाँसिएको धारणा राख्नुभयो ।

नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले सरकारसँग समन्वयका साथ साकोस र सहकारी अभियानलाई अघि बढाउन नेफ्स्कून दत्तचित्त भएर लागिपरेको भन्दै आशंका नगर्न आग्रह गर्नुभयो । सरकार र अभियानको मार्गदर्शनका साथ सदस्यहरूको हितलाई केन्द्रमा राखेर नेफ्स्कूनले आफ्ना कार्यक्रमहरू सञ्चालन गरेको दावी गर्दै महासचिव अधिकारीले आधारशीला, सीटीइभीटीसँगको सम्बन्धमा सञ्चालनको तयारीमा रहेका प्रमाणीकरण कोर्षहरू, साकोसका गतिविधिहरू समेट्ने अनलाईन

पत्रिका, एकीकृत सुशासन मार्गदर्शन जस्ता कार्यक्रमहरूमार्फत दूरदराजमा रहेका सहकारी सदस्यहरूको भावना प्रतिबिम्बित गर्ने बताउनुभयो । राष्ट्रिय सहकारी महासंघका सञ्चालक एवं नेफ्स्कूनका निवर्तमान अध्यक्ष एवं सल्लाहकार डी.बी. बस्नेत, नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरू, लेखा समिति संयोजक नवराज सापकोटा सहभागी कार्यक्रममा सुशासन मार्गदर्शन पुस्तिका राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेल र सहकारी सचिव टेकनारायण पाण्डेले संयक्त रूपमा सार्वजनिक गर्नुभयो भने अनलाईन पोर्टल saccosaawaj.coop.np को विधिवत् शुभारम्भ पूर्व मन्त्री एवं राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष केशव प्रसाद बडालले गर्नुभयो । सहकारी क्षेत्रमा आवश्यक जनशक्ति व्यवस्थापनको उद्देश्य सहित सीटीईभीटीसँगको सम्बन्धनमा सहकारी व्यवस्थापक कोर्षको शुभारम्भ पनि सोही दिनबाट गरिएको थियो । कार्यक्रमा संघका कामू प्रमुख कार्यकारी अधिकृतले नेफ्स्कूनको विगत, वर्तमान र भविष्यको मार्गचित्र सहितको प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा नेफ्स्कूनका विभागीय प्रमुखहरू लगायत सीमित व्यवस्थापन समूहको सहभागिता थियो । कार्यक्रमा एशियाली ऋण महासंघ अकूकी प्रमुख कार्यकारी अधिकृत लेनीले प्रविधिमार्फत नेफ्स्कूनको स्थापना दिवसको अवसरमा बधाई दिँदै नेपालको साकोस अभियानमा संघको थप प्रभावकारी भूमिकाको लागि आग्रह पनि गर्नुभएको थियो ।

❑ ❑ ❑

# नेफ्स्कूनद्वारा उद्यमशीलता विकास तथा व्यवसाय व्यवस्थापन तालिम आयोजना



नेफ्स्कूनद्वारा उद्यमशीलता विकास तथा व्यवसाय व्यवस्थापन सम्बन्धी ३ दिने तालिम सञ्चालन भएको छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) नेपालको वित्तीय तथा नेफ्स्कूनको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा विषय विज्ञ निर्मल सिग्द्ेलले उद्यमशीलता विकासको अवधारणा, महत्व, विधिका साथै उत्पादन र बजारीकरण लगायतका विविध विषयमा सहजिकरण गर्नुभएको थियो भने नेफ्स्कूनकी कार्यक्रम अधिकृत रीता सुवेदीले सहजिकरण सहयोग गर्नुभएको थियो । तरकारी खेती तथा अन्य स्थानीय व्यापार व्यवसायमा संलग्न भक्तपुरस्थित बचत तथा ऋण सहकारी संस्थाका २ समूहमा विभक्त २५ जना सदस्यहरू कार्यक्रममा सक्रिय सहभागी हुनुभएको थियो । पहिलो समूहलाई असोज ५, ६ र ७ गते तथा दोस्रो समूहलाई ९, १० र ११ गते तालिम प्रदान गरिएको थियो ।

तालिम समापन समारोहका प्रमुख अतिथि नेफ्स्कूनका पूर्व अध्यक्ष कैलाशभक्त प्रधानाङ्गले सहभागीहरूलाई सफल व्यवसायी बन्नका लागि तालिममा सिकेका कुराहरूलाई व्यवहारमा उतार्नुपर्ने बताउनुभयो । उहाँले अरू संघ संस्थाले दिन र नेफ्स्कूनले दिने तालिममा धेरै फरक हुने भन्दै व्यवहारोपयोगी तालिमका सिकाइहरू कार्यान्वयनमा ल्याउन सुझाव दिनुभयो । नेफ्स्कूनका कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले पनि सहभागीहरूलाई सिकेका कुराहरू कार्यान्वयन गर्न आग्रह गर्नुभयो । यसैगरी, नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले उद्यमशीलता समयको माग भएको भन्दै सहभागीहरूलाई स्थानीय श्रोत साधनको अधिकतम उपयोग गरी व्यावसायिक बन्न सुझाव दिनुभयो ।



# नेफ्स्कून सम्मान तथा पुरस्कार घोषणा




नेफ्स्कूनको श्रावण ३२ गते सम्पन्न ३३ औं स्थापना दिवसको अवसरमा संघले आ.व. २०७६/०७७ मा उत्कृष्ट कार्य गरेवापत विभिन्न विधामा उत्कृष्ट संघसंस्था एवं व्यक्तिहरूलाई सम्मान तथा पुरस्कारको घोषणा गरेको छ । नेफ्स्कूनका निवर्तमान अध्यक्ष, पुरस्कार तथा सम्मान उपसमिति संयोजक एवं संघका सल्लाहकार डी.बी. बस्नेतले पुरस्कृत घोषित व्यक्ति तथा संघसंस्थाहरूलाई बधाई तथा शुभकामना दिँदै भिडियो मार्फत पुरस्कार घोषणा हुने जानकारी गराउनुभयो ।

संघले गत वर्षको संस्थापक अध्यक्ष पुरस्कार महिलातर्फ विगत लामो समयदेखि सहकारी अभियानमा सक्रिय मकवानपुर जिल्ला बचत संघका निवर्तमान अध्यक्ष राधा सिंतान र पुरूषतर्फ संघीय सांसद घनस्याम खतिवडालाई दिने घोषणा गरेको छ । नेफ्स्कून सर्वोत्कृष्ट साकोसमा महिलाद्वारा सञ्चालित धादिङस्थित निकलण्ठ महिला साकोस र सुनसरीस्थित किसान कल्याण साकोसलाई पुरस्कृत घोषणा गरेको छ ।

नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ट साकोसहरूमा प्रदेश नं. १ बाट डाँफे साकोस दमक, प्रदेश नं २ बाट सगुन साकोस-सर्लाही, बागमती प्रदेशबाट ज्योती मिर्मिरे सामूहिक साकोस-काभ्रे, गण्डकी प्रदेशबाट भिमकुल साकोस-गोरखा, प्रदेश नं. ५ बाट हाम्रो मध्यवर्ती राधाकृष्ण साकोस-बर्दिया, कर्णाली प्रदेशबाट जनकल्याण साकोस-सुर्खेत, सुदुरपश्चिम प्रदेशबाट जनज्योती साकोस-कञ्चनपुर पुरस्कृत घोषणा भएका छन् ।

नेफ्स्कून अग्रज व्यक्तित्व सम्मान अन्तर्गत महिलातर्फ संघको निवर्तमान उपाध्यक्ष पार्वती खाँड राई, धादिङ र पुरूषतर्फ नेफ्स्कूनका पूर्व सञ्चालक स्याम बहादुर श्रेष्ठ-काठमाडौं घोषित हुनुभएको छ ।

उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघमा काठमाडौं जिल्ला बचत संघ सर्वोत्कृष्ट संघ घोषित भएको छ । त्यसैगरी नेफ्स्कून विद्वता पुरस्कारमा काठमाडौंका नवराज सिंखडा, पि.एच.डी., नेफ्स्कून राइफाईसन क्रेडिट युनियन पुरस्कारमा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को नेपालस्थित कार्यालय पुरस्कृत घोषणा भएको छ ।

त्यसैगरी नेफ्स्कून प्रशंसा पुरस्कारतर्फ उत्कृष्ट नेकोस प्लस सफ्टवेयर प्रयोगकर्तामा सर्लाहीस्थित स्वस्तिक साकोस, उत्कृष्ट बचतकर्तामा पोखरास्थित पोखरा रोयल साकोस, उत्कृष्ट शेयर खरिदकर्तामा रूपन्देहीस्थित लुम्बिनी साकोस र उत्कृष्ट लघुवित्तमा मुगुस्थित छाँयानाथ साकोस पुरस्कृत हुने भएका छन् ।

सामाजिक उत्तरदायित्व वहन (प्रशंसा) पुरस्कार तर्फ सहारा साकोस झापा पुरस्कृत घोषित भएको छ । त्यसैगरी महामारीमा उत्कृष्ट सेवा प्रदान गर्ने संस्थामा रूपन्देहीस्थित जनउत्थान साकोस पुरस्कृत घोषित भएको छ । साकोस एकीकरण अभियानमा उत्कृष्ट हुने साकोसमा सिवाईसी साकोस बागलुङ उत्कृष्ट घोषित भएको छ ।

नेफ्स्कून पत्रकारिता पुरस्कारतर्फ सहकारी खबर डट कममा कार्यरत पत्रकार काजी श्रेष्ठ पुरस्कृत घोषित हुनुभएको छ । नेफ्स्कून उत्कृष्ट कर्मचारी पुरस्कारमा नेपालको साकोस अभियानको तर्फबाट उत्कृष्ट व्यवस्थापक दोलखास्थित मिलिजुली कालिञ्चोक साकोसका व्यवस्थापक इश्वर न्यौपाने र नेफ्स्कूनको उत्कृष्ट कर्मचारीतर्फ व्यवसाय अधिकृत मनोज बुढाथोकी पुरस्कृत घोषित हुनुभएको छ ।

नेफ्स्कूनको स्थापना दिवसमा घोषणा गरिएको सम्मान तथा पुरस्कार संघको यही मंसिर ५ मा हुने २९औं वार्षिक साधारणसभामा वितरण गरिने संघले जनाएको छ ।

❑ ❑ ❑

# कोभिड पश्चात वित्तीय सहकारी अभियानको कार्यदिशा



**परितोष पौड्याल**

अध्यक्ष
नेफ्स्कून

विश्व ऋण परिषद्को स्थापना दिवस हरेक वर्षको अक्टोवरको तेस्रो बिहिवार मनाउँदै आइएको छ । यो दिनमा वित्तीय सहकारीहरूले विश्वभर भएका जबरदस्त कामको बारेमा सचेतना जगाउने, गौरव गर्ने, अभ्रवढी संलग्नताको लागि प्रेरित गर्ने उत्सवको रूपमा मनाईन्छ । वैश्विक समुदायको लागि प्रणादायक आशाका किरणहरू Inspiring hope for a global community । यो वर्षको थिम प्रस्तुत गरेको छ । यो थिम हिन्दु दर्शनको वसुधैव कुटुम्वकम्बाट प्रेरित देखिन्छ । कोभिड-१९ को प्रभावले हाम्रो समाज र मुलकमा युगान्तकारी परिवर्तन ल्याउँदै छ । यो परिवर्तन समाजका आधारभूत मान्यता र नैतिक मुल्यहरूमा, मानिसको जीवन पद्धति र चिन्तन पद्धतिमा देखा पर्दैछन् । यो परिवर्तन विज्ञान र प्रविधिमा, विकास र खोजमा, कला र संस्कृतिमा नयाँ अनुसन्धान, नयाँ आविस्कारहरू र नव प्रवर्तन देखिनेछन् । स्वचालित प्रणालीको विकास, आपूर्ति श्रृंखला, डिजीटाइजेसन, सर्भिटाइजेसन, वित्तीय प्रणाली, विद्युतीय लेखा प्रणाली लगायतका अनेकौ क्षेत्रमा नयाँ आयामको विकास हुँदैछ । परिस्थिमा आएको यो परिवर्तनले राज्यव्यवस्था प्रणाली र सामाजिक संरचना, व्यावसायिक आयाम र सीप तथा ज्ञान र धारणामा परिवर्तन ल्याउँदै छ । यो परिघटनामा सहकारी अभियान अछुतो हुनेछैन त्यसको पहिलो प्रभाव वित्तीय सहकारी अभियानमा पर्दैछ । कोभिड-१९ को कहरलाई संबोधन गर्न नेफ्स्कुनले "सामाना शक्ति विकासको लागि सदभावपुर्ण सहकार्य" लाई यो वर्षको नारा बनाएको छ । प्रस्तुत नाराले चार पक्षलाई संबोधन गर्न खोजेको छ ।

**वर्तमान महामारीको सामना एकल विधि होईन बहुआयामिक विधि मार्फत सहकार्य :**

हरेक युगान्तकारी परिवर्तन सँगै नयाँ आयामहरूको अनुसन्धान, विकास र रणनीतिक कार्यान्वयन गर्न मानिसका सीप विकास गर्नु पर्दछ । सञ्चालन प्रणालीलाई सहज र प्रभावकारी वनाउन समस्या समाधानको सीप, सम्वादको सीप, विश्लेषणात्मक सीप र समस्या समाधानका उपायहरूको पहिचान गर्ने सीपको विकास अपरिहार्य हुन्छ ।

**जलवायू परिवर्तनलाई अनुकूलनमा बदल्न सहकाय :**

सहकारीका अवको आधारभूत परिवर्तनको पक्षहरू समाज PEOPLE, समृद्धि PROSPERITY, सन्सार PLANET एकसुत्रमा ढाल्नका लागि प्राकृतिक

हरेक युगान्तकारी परिवर्तन सँगै नयाँ आयामहरुको अनुसन्धान, विकास र रणनीतिक कार्यान्वयन गर्न मानिसका सीप विकास गर्नु पर्दछ । सञ्चालन प्रणालीलाई सहज र प्रभावकारी वनाउन समस्या समाधानको सीप, सम्वादको सीप, विश्लेषणात्मक सीप र समस्या समाधानका उपायहरुको पहिचान गर्ने सीपको विकास अपरिहार्य हुन्छ ।

संशाधनको उपयोग, प्रदुषण नियन्त्रण, जैविक विविधता संरक्षणको नीति, वातावरणीय न्याय, भुगर्भीय भण्डार, उर्जाको प्रभावकारीता, नविकरणीय उर्जा, अनुदान र प्रोत्साहन, हरित प्रविधि लगायतका क्षेत्रमा यो कोभिड १९ भन्दा पछाडिको कार्यदिशा हो ।

**गरिबी, असमानता, सास्कृतिक क्षयीकरण रोकी समुदायको हितका लागि सहकार्य** :

दीगो विकास लक्ष्यको प्राप्तिका आधारभूत विषयहरू गरिवी, असमानता, सास्कृतिक क्षयीकरण रोक्ने विषयमा हाम्रो पहलकदमी र सक्रियता देखाउन आवस्यक हुन्छ ।




**नवप्रवर्द्धन प्रविधि हस्तान्तरणमा युवा सहभागिताका लागि सहकार्य** :

अब कोभिड १९ पछि विश्व नयाँ युगमा प्रवेश गर्दैछ । अबको युग आविस्कार, प्राविधिकीकरण, डिजिटाइजेसन र सर्भिटाइजेसनको माध्यमबाट समृद्ध समाज निर्माण साकोस अभियानको कार्यदिशा बनाउनु पर्दछ ।

परिवर्तित युगलाई यथोचित संबोधन गर्न अन्तर्राष्ट्रिय सहकारी अभियानले आसन्न समयको मागलाई संवोधन गर्न सहकारी अधियान भित्र पर्ने विपद र जोखिम समस्या समाधानका उपायहरूको साझा विश्वव्यापी अवधारणको रनीतिक प्रक्षेपण गरेको छ । नेपाल लगायत कोभिड १९ संक्रमित सबै देशहरूमा यस्तो प्रभाव तीन तहमा पर्ने प्रक्षेपण गरिएको छ ।

**पहिलो चरण** :

**सदस्यमा पर्ने प्रभाव** : कोभिडको पहिलो प्रभाव मानिसको मनोविज्ञानमा पर्‍यो । विश्वव्यापी रूपमा भएको वन्दावन्दीको असर भौतिक कम मनोवैज्ञानिक बढी भयो । मानिसको क्रयशक्तिमा ह्रास, भुक्तानी क्षमताको अभाव, बेरोजगारी, आय आर्जनका श्रोतहरूको समाप्ति, डर भय र त्रासको रूपमा देखा पर्‍यो । सदस्यको नैतिक बल कमजोर हुन्छ । यसलाई संबोधन गर्न नेफस्कूनले मनोसामाजिक परामर्श, सेवा सुचारू सम्बन्धी कार्यविधि, निर्देशिका मार्गदर्शन जारी गर्‍यौं ।

**दोश्रो चरण** :

**साकोसमा पर्ने प्रभाव** : आर्थिक क्रियाकलापको सुरूवाती सँगै संस्थाको नियमित बचत न्यून हुँदै जान्छ, सदस्यको भुक्तानी सन्तुलन बिग्रदै जाँदा संस्थाका लक्षित परिणामहरू प्राप्त हुँदैनन् । संस्थाको रणनीतिक योजनाको लक्ष्य पुरा हुन सक्दैनन । सदस्यहरू संलग्न उद्योग व्यवसाय र प्रतिष्ठानको उत्पादन वा व्यावसायिकतामा ह्रास आउँदै जान्छ । उत्पादन शक्तिको सोच, सामर्थ्य, इच्छाशक्ति कमजोर हुन्छ । परिणामत: उत्पादनका साधनहको प्रभावकारी सञ्चालनमा समस्या आउँछ । वजारिकरण र उपभोत्ताको उदासिनताले माग र आपुर्तिमा प्रभाव पर्दछ । विद्युतीय सेवा र सम्पूर्ण वित्तीय समाधान दिन संस्थाहरू असमर्थ हुन्छन । संस्थाहरू वित्तीय क्रियाकलापको अभावमा जोखीम र विपदमा पर्दछन । यस्तो विषम अवस्थामा नेफस्कूनले १ अर्व १० करोडको कोभिड १९ संबोधन गर्ने संस्थागत सुरक्षा कोषको सुरूवात गर्‍यौं र जोखिम र विपदको बीचमा मानव संशाधन व्यवस्थापनको कार्यविधि समेत बनाई अभियानको दायित्व पुरा गर्‍यौं ।

**तेश्रो चरण** :

**राज्यव्यवस्था प्रणालीमा पर्ने प्रभाव** : लगानीयोग्य उच्च तरलतामा वृद्धि हुँदै जाँदा समष्टिगत अर्थव्यवस्था प्रणालीमा समस्या देखिन्छ र यसले मन्दिको स्वरूप लिन्छ । परिणामत भुक्तान गर्नुपर्ने ऋणको मात्रा संस्थामा वढी देखिन्छ । वित्तीय पहुँच र अवसरहरू सिमित भई संस्थामा संस्थागत पूँजीको क्षयीकरण हुन्छ । समुदायमा महामारीको प्रभाव र समस्याहरू देखिन थाल्छन । महामारीले जोखिम र विपद सँगै लिएर आउने हुँदा प्रणाली सम्भार र व्यवस्थापन गर्न सकिएन भने मात्रात्मक रूपमा वृद्धि हुँदै जान्छ । यस्तो विषय अवस्थामा समयवद्ध र योजनावद्ध समस्या समाधानका उपायहरू अवलम्वन गर्नु पर्दछ । व्यावसायिक समाधानहरू निर्देशित गर्न सकिएन भने अर्थव्यवस्था प्रणालीमा गम्भिर समस्या सिर्जना हुन्छ र प्रणाली असफल हुन सक्ने खतरा हुन्छ । यसका कारणले राज्यका आर्थिक प्रणाली, कानूनी प्रणाली, सामाजिक प्रणाली र शासन प्रणालीमा समस्या देखा पर्दछन् ।

यसरी कोभिड १९ को कारणले अभियानका तीन समस्याको समाधानका उपायहरूको खोज गरी सहकारी अभियानको पुनरउत्थान र सशक्तिकरण आवस्यक छ :

१. **स्वस्थ्य** : समाजमा देखिएको जोखिम र विपतको उपस्थितिले मानिसको मनोवैज्ञानिक रोग, भौतिक रोग र दीर्घ रोग देखा पर्दछ । स्वस्थ्य र आधुनिक मावन विकास गर्न मानिसको दैनिकीमा वदलाव ल्याउनु पर्दछ । जीवन पद्धतिमा समयवद्ध खाना र सुन्ताई, सारिरिक तन्दुरूष्टि र व्यायाम तथा मनोसामाजिक परामर्ष र मनोवलशाली सोच (आत्म

प्रशंशा) का विषयमा सदस्यहरूलाई शिक्षा, प्रशिक्षण दिने ।

२. **वित्त प्रणाली** : वित्तीय सहकारीले आफ्ना सदस्यलाई सम्पूर्ण वित्तीय समाधानमा शिक्षाका आधारभूत र अनिवार्य विषयहरू : बचत, ऋण, रेमिट्यान्स, विमा र विद्युतीय भुक्तानीका विषय, धन सिर्जना र आय सिंखलाका वजेट र योजनाका विषयमा जानकार हुनु पर्दछ ।

३. **बहु आय प्रवाह** : लामो समयदेखि नेफस्कूनले अनिवार्य नियमित बचतको विषयलाई उठाउँदै आयो । आउने दिनहरू उद्यमशीलता सहितको बचत, धन सिर्जना र समृद्धिको यात्रासंग जोडिने छ । धन सिर्जनाको अवको बाटो निस्कृय आय नै हो । जसले मानिसको समय, सुरक्षा र सफलतालाई सुनिश्चित गर्दछ । आजको युग प्रविधिको युग हो त्यसैले हरेक व्यक्तिले आफुमा पुर्णता दिन विद्युतीय वित्त प्रणालीको समेत शिक्षा लिनु पर्दछ । समाजमा उत्कृष्ट नागरिक बन्न र प्रतिस्पर्धामा श्रेष्ठता र वरिष्ठता कायम गर्न पनि विद्युतीय वित्तीय शिक्षाको विकल्प छैन । कोभिड १९ पछि अर्थव्यवस्था र सामाजिक प्रणालीमा आएको नयाँ सम्वाव्यता संगै सहकारी क्षेत्रले नयाँ युगको नयाँ मानव निर्माण गर्न हरेक व्यक्तिलाई बहु आय प्रवाह मार्फत धन सिर्जना र धन आर्जनको श्रृखलामा जोडनु पर्दछ । धन आर्जन गर्ने 7R सिद्धान्तहरू :

**दरभाउ (RATE)**

औद्योगिक क्रान्तिको समयमा बजार व्यवस्था प्रणालीमा आम्दानीको माध्यमको रूपमा वस्तु र उत्पादनको मुल्य मात्र हुन्थ्यो । उत्पादित वस्तुको मुल्य तोकिन्थ्यो उक्त वस्तु तथा सेवाको मुल्य निर्धारण अतिरिक्त मुल्यको बचत नै धन सिर्जनाको आधार वन्दथ्यो ।

**पारिश्रमिक (REMUNERATION)**

औद्योगिक क्रान्तिको समयमा वजार व्यवस्था प्रणालीमा पारिश्रमिकको रूपमा व्यावसायिक श्रमको मुल्य लिने गरियो । श्रमको मुल्यलाई आधार बनाई NO work No Pay को अवधारणाहरू स्थापित भए । मानिससँगको विशिष्ट ज्ञानको आधारमा सेवाको पारिश्रमिक लिने चिकित्सक, कानूनी सेवा, परामर्ष, लेखापरिक्षण जस्ता शुल्कहरू लिने व्यवस्थाले मानिसले धन आर्जन गर्दछन् ।

**प्रतिकृति (REPLICATE)**

विज्ञान र प्रविधिको विकास संगै कुनैपनि उत्पादन, सिर्जना तथा अङ्गप्रत्याङ्गको दुरूस्त नक्कल गर्ने प्रक्रियाको माध्येमले मेसिन, औजारहरूको माध्यमले उस्तै प्रकृतिका वस्तु र सेवाहरूको विश्वव्यापी व्यपार गर्न थालियो । आधुनिकीकरण र प्रविधिले मानिसले एउटा प्रकृतिको उत्पादन र वस्तु प्रतिकृतिको माध्यमले धन सिर्जना गर्न थाले उदाहरणको लागि थिएटर प्रस्तुतिबाट आय आर्जन गर्न सकिन्छ ।

**भाडा तथा लिज (RENT)**

सम्पत्ति, उपकरण औजार, सवारी तथा सेवाका साधनको भाडामा दिई आय आर्जन र आय सिर्जना गर्न र विस्तार गर्न सकिन्छ ।

**रोयल्टी (ROYALTY)**

वौद्धिक सम्पत्ति, नव प्रवर्तन तथा विद्युतीय प्रविधि विकासबाट आयआर्जन अभिवृद्धि हुन्छ । त्यस्ता वस्तु, उत्पादन, सेवा र समाधानको बजारीकरण गरी धन आर्जन गर्न सकिन्छ । रोयल्टी मार्फत सिर्जनाको मुल्य लिने गरिन्छ ।

**प्रतिफल (RETURNS)**

शेयर, वित्तीय संस्थामा भएको मौज्दात, स्टक मार्केटमा लगानी, सुन, सम्पत्ती र कला कृतिमा लगानी मार्फत आम्दानी : ब्याज, लाभांश र प्रशंसा आदि

**मानव पूँजी (RESOURCE)**

सहकारी अभियानलाई सशक्तिकरण गर्न, अभियानको लक्ष्य प्राप्त गर्न, विकास गर्न र नविनतम राख्न वानी, ज्ञान, सामाजिक र व्यक्तिगत मनोवृतिको माध्यमबाट आर्थिक वृद्धि बढाउन सहकारीका सदस्यहरू र कर्मचारीहरूको सीपहरू : सञ्चार सीप, विश्लेषणात्मक सीप, समस्या समाधानका सीप विकास गर्न र नवीन रहन आवश्यक छ । अब मानव पूँजीको मार्फतबाट हाम्रो उत्पादनका साधन, उत्पादनका शक्तिलाई एक सुत्रमा ल्याउन र नयाँ समस्याको नयाँ निकास दिन आवश्यक छ । मानव संशाधन प्रयोग मानिसहरूको सीप, ज्ञान, अनुभव र व्यक्तित्वको योग हो । यसको प्रयोग आर्थिक मुल्य उत्पादन गर्न र रणनीतिक मार्गचित्रलाई संबोधन गर्न गरिन्छ । सहकारी संस्थाको विधि नीति र प्रविधिको उपयोग गरी लक्ष्य प्राप्त गर्न, विकास गर्न र नवीन रहन दक्ष मानव संशाधनको प्रयोग गर्नु पर्दछ ।

**नेफस्कूनको तर्फबाट अभियानलाई जारी गरिएको आसन्न मार्गचित्र र अबको अभियानको दायित्व** :

**१. व्यवसाय निरन्तरता योजना** :

व्यवसायको निरन्तरताको लागि योजना तर्जुमा नै मुख्य र प्रधान विषय हो । महामारीको प्रभावको समयमा प्राथमिक रूपमा स्वास्थ्य सेवामा पहुँच र आर्थिक रूपमा जोखिममा भएका सदस्यहरूलाई वित्तीय र गैर वित्तीय सेवा दिने हो । सहकारीले व्यापार र उद्योग धरासायी भईरहेको विषम् अवस्थामा मर्यादित श्रम, रोजगार, आय श्रृंखला, धन सिर्जनाका लगायतका सवै किसिमका श्रम, सीप र सिर्जनाका प्रशिक्षण र रोजगार विकासका तालिम, समुदायको कार्यवल र पुनरस्थापनामा ध्यान दिनु पर्दछ । सानो व्यापारको पुनउत्थान ऋण र समर्थन कार्यक्रम सिर्जना गर्न कार्यवलको स्थापना गर्ने, स्थानीय तहका सरोकारवालासँग सम्बन्ध विकास गर्ने, आर्थिक विकास संगठनहरू, वाणिज्य कक्षहरू, स्थानीय उत्पादन र बजारीकरणको लागि व्यवसाय विकास र सेवा केन्द्रको सञ्चालन गर्ने र छोटो अवधिमा दिर्घकालिन प्रभाव पार्ने र सम्भावित विकास क्षेत्रहरूको पहिचान गर्ने गर्नु पर्दछ ।

२. **ब्याजदर निर्धारणको मापदण्ड** : सामान्यत ब्याजदर निर्धारणको विषय संस्थाको आन्तरिक विषय हो । यसरी ब्याजदर निर्धारण गर्दा प्रचलित बजार व्यवस्थामा आधारित ब्याजदर, मुल्यस्फीति दर, सदस्यहरूको सैद्धान्तिक सहमतिलाई आधार वनाउनु




पर्दछ । सहकारी ऐन र नियमावली भएको व्यवस्था बमोजिम ब्याजदर निर्धारण गर्न बनेको समितिको निर्णयलाई आधार बनाउनु पर्दछ ।

**३. आलोचनात्मक विवेकीय मापदण्ड र कानूनी संहिता** : वित्तीय सहकारीको सुरक्षा र स्वस्थताको परिक्षण विवेकीय मापदण्डको आधारमा गर्नु पर्दछ, वित्तीय सक्षमता, प्रतिस्पधात्मक स्थान, कुशल व्यवस्थापन, सुझबुझपूर्ण प्रभावकारी सञ्चालकका सम्बन्धमा कानूनी संहिताहरूले सहयोग र समर्थन गर्नुपर्दछ ।

**४. ऋण सुपरिवेक्षण** : ऋण परिचालनका प्रभावकारी सिद्धान्तहरू, ऋणको विविधिकरण, ऋण अनुसन्धान, ऋणको मुल्य निर्धारण, पर्यवेक्षण र ऋणको अनुगमन, सेवाकेन्द्रको तहमा ऋणको पर्यवेक्षण, ऋणको सुरक्षा र स्टक विवरण जस्ता विषयहरू ऋण सुपरिवेक्षणको विषय बन्नु पर्दछ, ऋण परिचालनका प्रभावकारी सिद्धान्तहरू, ऋणको विविधिकरण, ऋण अनुसन्धान, ऋणको मुल्य निर्धारण, पर्यवेक्षण र ऋणको अनुगमन, सेवाकेन्द्रको तहमा ऋणको पर्यवेक्षण, ऋणको सुरक्षा गर्न शिक्षण र प्रशिक्षण गर्नु पर्दछ ।

**५. व्यवसाय विकास तथा सेवा केन्द्रः** आधुनिक विश्व उत्पादन, उपभोग र सेवामा विश्वव्यापीकृत भएको छ । अब सहकारी मार्फत विद्युतीय उपकरण मार्फत सेवा र उत्पादन माथिको पहुँचलाई सुलभ रूपमा उपलब्ध गराउन विकास तथा सेवा केन्द्रको सञ्चालनको अपरिहार्यता विकास गर्नु पर्दछ ।

**६. डिजिटाइजेशन र सर्भिटाइजेसन** : विश्व सहकारी अभियानमा र सम्पूर्ण वित्त बजारमा विश्वव्यापी रूपमा उठेको विषय मानिसका सवै प्रकृतिका इच्छा, आवस्यकता र चाहनाको परिपूर्तिमा विद्युतीय प्रणालीको उपयोग र स्वचालित प्रयोग उपकरण, मोबाईल, तथा ई-व्यवसायका सेवा मार्फत सन्चालित हुँदै छन । यस्तो अवस्थामा प्रस्तुत उच्च प्रविधिलाई प्रभावकारी रूपमा प्रयोग गर्ने, कार्यालय सञ्चालन प्रणालीलाई कुशलता पुर्वक व्यवस्थापन गर्ने विषयहरू आउने दिनमा अनिवार्य र महत्वपूर्ण विषय बन्दैछन् । डिजिटाईजेसनलाई सेवाको मुल्यवृद्धि गरी स्तरोन्नति गर्न सर्भिटाईजेसन मार्फत व्यावसायिक मध्यतताको रूपमा भूमिका निर्वाह गर्नु पर्दछ ।

**७. वित्तीय शिक्षा र व्यावसायिक नेतृत्व विकास** : वित्तीय शिक्षाको स्वरूप बदलिएको छ । मानव जीविका वित्त प्रणालीसँग जोडिएका सवै किसिमका सीप र ज्ञानको समष्टि हो । जसले हरेक व्यक्तिलाई वित्तीय स्रोतहरूसँग सुचित राख्छ र वित्तीय क्रियाकलापमा प्रभावकारी निर्णय गर्न सामर्थ्यको विकास गर्दछ । उत्पादन प्रणालीमा लाग्न प्रेरित गर्दछ । व्यावसायिक नेतृत्वले सदस्यहरूका व्यवसायलाई सञ्चालन गर्न, व्यावसायिक सदस्यलाई मद्दत गर्न र उनीहरूलाई सम्भाव्य महानताको मार्ग प्रसस्त गर्न, उनीहरूलाई व्यावसायिक धर्मको विषयमा स्पष्ट पार्न प्रभावकारी भूमिका निर्वाह गर्दछ । फाइदा र व्यापार व्यवस्थापनमा सुधार गर्न मद्दत गरी व्यापारिक लक्ष्यहरू प्राप्त गर्न मार्गदर्शन गर्दछ ।

कोभिन १९ ले सिर्जना गर्ने आर्थिक मन्दिका वावजुध नेपालीको समृद्ध जीवन र उज्ज्वल भविष्यको लागि लाई सन् २०३० सम्ममा अदम्य उत्साह र यौवनले भरिपूर्ण स्वस्थ वातावरणमा बसोबास गर्ने मध्यम वर्गीयहरूद्वारा चलायमान, व्यवसायमैत्री, न्यून (एक अंकको) र घट्दो निरपेक्ष गरीबी एवं मध्यम आय भएको देशको रूपमा स्थापित गर्ने दीर्घकालिन सोचका साथ मुलुकले २५ वर्षको रणनीति बनाएको छ । उक्त रणनीतिमा समृद्ध नेपालका ४ लक्ष्य र सुखी नेपालीका ६ लक्ष्य पुरा गर्न २०७९ मा अति कम विकासित मुलुकबाट स्तरोन्नती र २०८७ मा दीगो विकास लक्ष्य प्राप्ति, उच्च मध्यम आयस्तरको मुलुक रूपमा स्थापित गर्ने कोषेढुंगा र २१०० सम्म उच्चआय स्तरको समृद्ध मुलुक बनाउने परिकल्पनालाई साकार रूप दिन 7R को आधारमा समुदायमा आधारित उत्पादकत्व व्यवस्थापन र व्यक्ति केन्द्रित वितरणात्मक न्यायमा आधारित सञ्चालन प्रक्रियाले मुलुकले समृद्धिको बाटो तय गर्नेछ ।

❑ ❑ ❑

# नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को

## सुशासनसम्बन्धी मार्गदर्शन २०७७

वित्तीय कारोवार गर्ने बचत तथा ऋण सहकारी संघसंस्थाहरूमा सुशासन अनिवार्य र प्राथमिक शर्त हो । संस्थाको छवि निर्माण र दीगोपना मार्फत समृद्धि हासिल गर्न सुशासनका राष्ट्रिय अन्तर्राष्ट्रिय सर्वमान्य सिद्धान्तहरूलाई अनिवार्य र अक्षरशः लागू गर्नुपर्दछ । संस्थागत सुशासनको पक्षमा निरन्तर बहसपैरवी गर्दै आएको मुलुकका वित्तीय सहकारीहरूको एक मात्र छाता संगठन नेफ्स्कूनले त्यसको सहजताका लागि सुशासन मार्गदर्शन (२०६९) न्ययम Governance Guidelines जारी गरेको छ । नेफ्स्कूनको ३३ औं स्थापना दिवसको अवसरमा गत साउन ३२ गते सार्वजनिक एकीकृत स्वनियमन मार्गनिर्देशन २०७७ मा समाविष्ट २५ बुँदा ।

१. PEARLS अनुगमन प्रणाली अनुसार मासिक वित्तीय प्रतिवेदन सञ्चालक समितिको नियमित र मासिक बैठकमा अनिवार्य छलफल गरी सुधारका योजना सहित उपायहरू अवलम्बन गर्ने ।

२. सञ्चालक र कर्मचारीहरूको सहभागितामा ४ वर्षे रणनीतिक तथा व्यावसायिक योजना र आवधिक व्यवसाय निरन्तरता योजना BCP तयार गरी लागू गर्ने र त्रैमासिक रूपमा समीक्षा गरिरहने ।

३. कम्तीमा बचत नीति, ऋण नीति, आर्थिक प्रशासन नीति, वित्तीय व्यवस्थापन नीति, सुशासन नीति, कर्मचारी (मानव संशाधन) व्यवस्थापन नीति तयार गरी लागू गर्ने र वार्षिक रूपमा पुनरावलोकन गर्ने ।

४. सदस्य, सञ्चालक र कर्मचारीहरूको फरक फरक आचार संहिता तयार गरी पूर्ण रूपले पालना गर्ने र गराउने ।

५. दैनिक कार्यसञ्चालनको लागि स्वायत्त व्यवस्थापन संरचना मार्फत दक्ष कर्मचारी व्यवस्थापन गरी नविनतम प्रविधि मार्फत सेवा प्रवाह गर्ने ।

६. संस्थामा पारदर्शीता कायम गर्न सदस्य सेवाका प्रक्रिया, समय र शुल्कहरू देखिने गरी सदस्य वडापत्र प्रकाशन गर्ने, मासिक वित्तीय एवं सदस्यताको अवस्था झल्कने विवरण कार्यालयमा सूचना पाटीमा टाँस गर्ने साथै मासिक विवरणहरू तोकिएको ढाँचामा केन्द्रीय संघ र नियामक निकायमा पेश गर्ने ।

७. संस्थालाई समुदाय तथा सदस्यमुखी बनाउनका लागि तोकिएको कार्य क्षेत्र भित्र मात्र कारोवार गर्ने, नियमित सदस्यता खुला राख्ने र समितिमा प्रतिनिधित्व गर्ने व्यक्तिहरूको दोहोरो सदस्यता त्याग गर्ने ।

८. संस्थाले ऋण लगानी गर्दा उत्पादनमुलक क्षेत्रमा प्राथमिकता कायम गर्ने र सञ्चालक समिति एवं लेखा सुपरिवेक्षण समितिका कुल सदस्यको पचास प्रतिशत सदस्यले मात्र ऋण सेवा उपयोग गर्ने साथै ब्याज दरमा सदस्य र सञ्चालकहरू बीच विभेद नगर्ने ।

९. नेपाल सरकारले जारी गरेको लेखामान अनुरूप लेखा अभिलेख राख्ने, कम्प्युटर सफ्टवेयर प्रणालीबाट लेखा राख्दा प्रमाणिक एवं विश्वसनीय सफ्टवेयर प्रयोग गर्ने ।

१०. सबै सदस्यहरूलाई संस्थाबाट तोकिएको न्यूनतम मासिक बचत गर्न नियमित रूपमा अनिवार्य गराउने, तीन वर्ष भन्दा लामो अवधिका आवधिक बचत स्वीकार नगर्ने, बचत र ऋण सेवामा भारित औसत ब्याज फरकता दर ६ प्रतिशत भन्दा कम कायम गर्ने ।

११. संस्थाको आय क्षमता अनुसार साधारणसभाबाट स्वीकृत बजेटको परिधि भित्र रहेर मात्र खर्च (तलब, भत्ता, घर भाडा, अफिस कार्यालय सजावट, सवारी साधन, प्रकाशन, साधारणसभा आदि) गर्ने ।

१२. कानूनले बन्देज गरेका क्षेत्रमा स्वनिर्णयका आधारमा खर्च लेखी वितरण नगर्ने र संस्थाको संस्थागत पूँजी वृद्धि गर्ने खालका कोषहरू (जगेडा कोष, सहकारी विकास कोष, घाटापूर्ती कोष आदि) वृद्धि गर्दै लैजाने ।

१३. ऋणीको आय क्षमता र निजको परियोजनाको सुक्ष्म विश्लेषण गरी ऋणको सुरक्षा सुनिश्चित गरेर मात्र सदस्यलाई ऋण लगानी गर्ने, ऋणलाई किस्ताबन्दीमा असुल गर्ने, भाखा नाघेको ऋणको सही गणना गरी नियमानुसार ऋण सुरक्षण कोष व्यवस्थापन गर्ने, ऋण नविकरणको अभ्यास नगर्ने तर व्यवसायमा परेको प्रभावको आधारमा अवधि वा ऋण रकम थप गर्ने र तोकिएको मापदण्ड भन्दा बढी हुनेगरी व्यवस्थापन शुल्क र ब्याज नलिने । कम्तीमा ३० प्रतिशत सदस्यमा ऋण सेवा प्रवाह गर्ने ।

१४. कानून बमोजिम संस्थाले तिर्नु पर्ने दायित्वहरू स्पष्ट देखाई समयमा नै सम्बन्धित निकायमा भुक्तानी गर्ने ।

१५. संस्थाको वस्तु तथा सेवा (बचत तथा ऋण) उपभोग गर्दा सञ्चालक तथा कर्मचारीले शेयर सदस्यको भन्दा फरक हुने गरी उपभोग गर्न नहुने ।

१६. संस्था आफ्ना विषयगत संघहरू (जिल्ला बचत तथा ऋण सहकारी संघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) मा अनिवार्य आवद्ध हुने, संघको अनुगमनमा आवश्यक सूचना उपलब्ध गराउने र मार्गदर्शनहरू पालना गर्ने ।

१७. सञ्चालक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नु पर्ने विषयमा सहकारी शिक्षा एवं पेशागत क्षमता

अभिवृद्धि हुने खालका तालिमहरू योजनामा समावेश गरी सञ्चालन गर्ने वा संघहरूले सञ्चालन गरेका कार्यक्रममा सहभागी हुने । संस्थामा भ्रमण नीति बनाई उद्देश्य मुलक भ्रमण मात्र गर्ने र भ्रमण पश्चात भ्रमण प्रतिवेदनहरू पेश गर्ने ।

१८. एकाघर परिवारका सदस्य सञ्चालक समिति तथा कर्मचारी हुने गरी नबस्ने, नराख्ने नीतिगत व्यवस्था गर्ने ।

१९. समान प्रकृतिका प्रारम्भिक संस्थाहरू बीच कानूनले तोके विपरित (बचत संकलन र ऋण लगानी) वित्तीय कारोवार नगर्ने । सदस्य पहिचान गरी दोहोरो सदस्यता खारेज गर्ने, दोहोरो सदस्यता दिने परिपाटी अन्त्य गर्ने र संस्थाको दीगो विकास तथा प्रतिस्पर्धी क्षमता बढाउन स्थानीय सम्भाव्य संस्थाहरूसँग एकीकरण गर्ने ।

२०. एकरूपता प्रणालीको मर्मअनुरूप नेफ्स्कूनका उत्पादन तथा सेवा (सफ्ट्वेयर, तालिम तथा शिक्षा, स्टेशनरी सेवा, बीमा योजना, गुणस्तर सुनिश्चितता, जोखिम सुपरिवेक्षण, अन्तरलगानी आदि) मा क्षमता अनुसार सहभागिता जनाउने । नीतिगत सर्वोच्चताको आधारमा कार्यगत स्वायत्तता अनुशरण गर्दै स्थिरीकरण कोष र ऐक्यवद्धता कोषमा आवद्ध हनुपर्ने ।

२१. संस्थाको ऋण नीति भन्दा बाहिर गई एकै सदस्यलाई ठूलो आकारको ऋण लगानी नगर्ने । सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापक र उनीहरूका एकाघर परिवारमा ऋण लगानी गर्दा सञ्चालक समितिको निर्णयबाट मात्र गर्ने ।

२२. संस्थाको अभिलेख तथा कागजातहरू सुरक्षित राख्ने व्यवस्था मिलाउने ।

२३. संस्थाको दैनिक, मासिक, त्रैमासिक र वार्षिक खाताबन्दी गर्ने, ब्याज आम्दानीलाई नगद आयको आधारमा मात्र आम्दानी जनाउने ।

२४. आन्तरिक लेखापरिक्षण गरी मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन पेश गर्ने । २५ करोड रूपैयाँ भन्दा बढी पूँजी परिचालन गर्ने संस्थाले आन्तरिक लेखापरिक्षण अधिकृतको व्यवस्था गर्ने ।

२५. वार्षिक कम्तीमा २५ प्रतिशत सदस्यहरूलाई सदस्य शिक्षा प्रदान गर्ने ।

# साकोस आवाजको डिजिटल प्रसारण शुरु

नेफ्स्कूनले ३३ औं स्थापना दिवसको अवसर पारेर नयाँ अभियानको थालनी गरेको छ । सहकारी र सञ्चारबीचको सम्बन्धलाई थप मजबूत बनाउने उद्देश्यसहित बचत तथा ऋण सहकारीहरूको अभिभावक संघ नेफ्स्कूनले समग्र सहकारी अभियानको विकास, विश्वसनीयता र पथप्रदर्शनको पवित्र उद्देश्यसहित www. saccosaawaj.coop.np डिजिटल पत्रिका शुरू गरेको छ । सहकारी अभियानभित्र बाट सञ्चालनमा आएको यो पहिलो अनलाईन समाचार पोर्टल हो । इतिहासको जगमा विश्वसनीय, पठनीय, रोचक र तथ्यपरक सामाग्रीहरूको माध्यमबाट थप उचाइ हासिल गर्ने लक्ष्य डिजिटल पत्रिकाले लिएको छ । यो सहकारी क्षेत्रको डिजिटल यात्रामा सफलताको बलियो आधार अभियानको साथ र सहयोग हो । समाचारमा विश्वसनीयता, स्तम्भ सामाग्रीहरूमा नवीनता, विषयवस्तुमा विविधता र प्रस्तुतिमा रोचकताको बलमा यस अनलाईन अलग्गै पहिचान स्थापित गर्ने काममा जुटेको छ ।

सहकारीको सञ्जाल दिनानुदिन वृद्धि हुँदै गएको छ । करिब ३५ हजार सहकारी संस्थाहरू मार्फत ६५ लाख सेवाग्राहीहरू सदस्य छन् । सहकारी कर्ममा जुटेका सेवाग्राहीहरूको सहकारीकर्म, उपलब्धी, गुनासा र सम्भावनाहरूको यथोचित सम्बोधन गर्ने लक्ष्य साकोस आवाज डिजिटल पत्रिकाले लिएको छ ।




सहकारीको मुल ध्येय भनेको सदस्य सेवा हो । यसलाई केन्द्रमा राखेर अभियान सञ्चालन हुनेछ । सहकारीका समस्याहरू उजागर गर्ने, समाधानको खोजी गर्ने, सदस्यहरूलाई सहकारी सम्बन्धी गतिविधिहरू सम्प्रेषित गर्ने ध्येयका साथ साकोस आवाजको डिजिटल पत्रिका परिकल्पना गरिएको हो ।

सहकारीका राष्ट्रिय अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तको बहस पैरवी गर्दै सुशासन, पारदर्शीता, सदस्य केन्द्रीयता जस्ता विषय अनलाईनले प्रमुखताका साथ उठान गर्नेछ । बाटो बिराएकाहरूलाई पथप्रदर्शन गर्ने र अग्रणी काम गरेकाहरूलाई प्रोत्साहन गर्ने अभिभारा बोकेको यस अनलाईन सहकारी संस्था, सञ्चालक, सदस्य, लगायत सबैको साझा डिजिटल मञ्च बन्ने कोशिसमा रहनेछ । सहकारीका गतिविधिहरू ओझेलमा पारिनु हुँदैन, राष्ट्रिय अर्थतन्त्रको एउटा स्तम्भको भूमिका गौण छैन र यसको भविष्य उज्ज्वल छ भन्ने प्रमाणित गर्न यो डिजिटल पत्रिकाका लागि अभियानको होस्टेमा सबैको हैंसे आवश्यक छ ।

# सुशासन र अपेक्षित विकासका लागि लक्ष्य, कानून, संयन्त्र र व्यवहारमा सामञ्जस्यता

**डा. विजयकुमार पौडेल**

अर्थविद् एवं अध्यक्ष
जनता टेलिभिजन



> सहकारीलाई संविधानले विशेष महत्व दिए पनि व्यवहारमा यस क्षेत्रलाई सीमित बनाउँदै लगिएको छ । सहकारी क्षेत्र निजी क्षेत्र नै हो भन्ने भ्रम कतिपय नीति निर्माणको तहमै रहेका मानिसहरुमा देखिन्छ । भौतिक सम्पत्तिमा नियन्त्रणको हिसाबले कुनै पनि संस्था निजी वा सार्वजनिक वा सहकारी हुन्छ । कम्पनीमा शेयर लगानीको हिसाबले नियन्त्रण कायम हुन्छ भने सहकारीमा एक व्यक्ति एक भोट हुन्छ ।

देश लामो समयसम्म अस्थिर सरकारहरू व्यहोर्न बाध्य भएको विगत सबैको जानकारीमै छ । अविकास, सुसाशनको अभाव, सेवा प्रवाहमा ढिलासुस्ती, बेरोजगारी, युवाशक्तिको विदेश पलायन लगायतका समस्याहरूको जडी कारण सरकार अस्थिर हुनु नै हो भन्ने आम बुझाइ थियो । देशका तत्कालीन दुई ठूला कम्युनिष्ट पार्टीले अगाडि सारेको साझा घोषणापत्रका धेरै नै आशालाग्दा लिखित सपनाहरू देखेर जनताले दुईतिहाईको नजिक-नजिक हुनेगरी कम्युनिष्ट पार्टीबाट उठेका उम्मेदवार हरूलाई विजयी बनाइदिएको तथ्यलाई यतिखेर सम्झनै पर्ने हुन्छ । कम्युनिष्ट पार्टीको एकल, बलियो र स्थिर सरकार हेर्ने नेपाली जनताको चाहना थियो । यस्तो सरकार बनेको पनि साढेदुई वर्ष पूरा भएका छन् । यो सरकार आफूले गरेका बाचाबन्धन पूरा गर्न सक्दा देशले साँच्चिकै नयाँ युगको यात्रा शुरू गर्नेछ भने असफल हुँदा नेपाली जनतामा घोर निराशा व्याप्त हुनेछ । नेपाली जनताले राजतन्त्रको एकछत्र बलियो सरकार पनि देखे, नेपाली कांग्रेसको नेतृत्वमा कहिले दुईतिहाई त कहिले सुविधाजनक बहुमतसहितको सरकार पनि देखे । लामो समयदेखि संघर्ष गरेर आएको कम्युनिष्ट पार्टीको पूर्ण बहुमतको सरकार अहिले देखे । अब जनता सरकारबाट निराश हुनुहुँदैन । योजनावद्ध कामद्वारा जनतामा पुनः नयाँ आशा र उत्साहको सञ्चार गराउनु पर्दछ ।

यो सरकारले पनि जनअपेक्षा पूरा गर्न सकेन भने आम जनताको मनमस्तिष्कमा "जुन जोगी आए पनि कानै चिरेको" भन्ने छाप पर्ने छ । यदि जनताको आशा र भरोसा देशका मूलधारका पार्टीहरूबाट हट्यो भने जनमत नयाँ विकल्पतिर लाग्ने छ । नयाँ विकल्प सदैव सुखद हुँदैन भन्ने पनि ख्याल राख्न आवश्यक छ । जब क्रान्तिकारी शक्तिबाट जनता दिक्क हुन्छन् तब धेरै डरलाग्दो निराशा र लामो कालखण्डको प्रतिगमन शुरू हुन सक्छ । पूर्व समाजवादी सोभियत रूस, पूर्वी एसियाका राष्ट्रहरू, इरान, कम्बोडिया लगायतका देशहरूको राजनीतिक इतिहासलाई यस प्रसंगमा दृष्टान्तको रूपमा लिन सकिन्छ ।

नेपाली जनता सानासाना भए पनि प्रत्यक्ष देखिने सकारात्मक सुधारबाट खुसी हुन्छन् । छिट्टै दुःख बिर्सने, क्षमाशील र दयालु स्वभाव छ नेपाली जनताको ।

यसैगरी साना साना कुरामा पनि छिट्टै रिसाउने र उत्तेजित हुने स्वभाव पनि नेपाली जनमानसको छ । यो कुरालाई ख्याल गरेर नै हाम्रा विकास निर्माणका तात्कालिक, मध्यकालीन र दीर्घकालीन योजनाहरू बनाउनु पर्ने हुन्छ ।

कम्युनिष्ट पार्टीको नेतृत्वमा बलियो सरकार बनेको छ । अर्को संसदीय चुनाव आउन अब दुई वर्ष र केही महिना बाँकी छन् । यस समयावधिमा जनताले प्रत्यक्ष अनुभव गर्न पाउने सुधार र परिवर्तनका साना-साना कामदेखि ठूलाठूला दीर्घकालीन योजनाका काम पनि शुरू हुनु पर्दछ ।

गतिलो र भरपर्दो परिणाममुखी काममा हुन आवश्यक छ । यसैगरी पार्टीका आधारभूत तहका कमिटीहरूबाट पनि वर्तमान सरकारका हालसम्मका कामको समीक्षा र आगामी कामका बारेमा सुझाव माग्नु उपयुक्त हुने छ किन भने सत्ताधारी पार्टीले पहल नगरेसम्म सरकारका कामको वास्तविक समीक्षा हुन सक्दैन । बाहिरबाट गरिने समीक्षाले यो सरकारलाई प्रभाव पार्दैन भन्ने देखिएको छ ।

देशले चाहेको सुशासन र विकासको अपेक्षित गतिका लागि स्पष्ट लक्ष्यको किटान, लक्ष्यमा पुग्नका लागि चाहिने आवश्यक कानूनी तयारी, लक्ष्य अनुसार बनेका कानून लागू गर्न दृढप्रतिज्ञ सरकार अग्रसर हुने हो भने वर्तमान परिस्थितिको यथार्थ, ठोस् र निर्मम समीक्षा गर्नु पर्दछ । वास्तवमै के-के राम्रा काम भए र कहाँ कहाँ कमजोरी भैरहेका छन् भन्ने कुराको धारिलो समीक्षा हुनै पर्दछ । 'जे भएको छ सबै ठीक भएको छ, कहीँ-कतै कमजोरी भएकै छैन, कमजोरी देखाउने जति सबै हाम्रा विरोधी हुन्' भन्ने सोचाइ राखियो भने प्रगतिको बाटो अवरूद्ध हुने छ । यसैगरी 'केही पनि सकारात्मक काम भएकै छैन, कुनै प्रगति भएको छैन' भन्ने खालको सोचाइ राखियो भने काम गर्ने उत्साह मरेर जान्छ । यसैले सन्तुलित तर निर्मम समीक्षा हुन जरूरी छ । तथ्यगत समीक्षाका लागि सरकार र सत्ताधारी पार्टीको उच्च स्तरको नेतृत्वका बीचमा गहन छलफल प्रशासनिक संयन्त्र जरूरत पर्दछ । देशमा रहेको अत्यधिक बहुमत सहितको कम्युनिष्ट सरकारले दीर्घकालीन विकासको जग बसाल्नु, विकासका क्षेत्रमा नयाँ फड्को मार्नु, दीगो ढंगले जन अपेक्षा पूरा गर्नु र जन विश्वास जित्नु अत्यावश्यक छ । यसो हुनका लागि के कसरी सकिन्छ भन्ने बारेमा यो कार्यपत्र केन्द्रित छ ।




## २. कार्यपत्रको सीमा

यो कार्यपत्र देशको अर्थ राजनीतिलाई नयाँ दिशा दिने उद्देश्यले तयार पारिएको छ । यसर्थ यसमा अर्थ राजनीतिक दृष्टिकोण कै प्रधानता रहनेछ । यो कार्यपत्र परियोजनापत्र होईन, न त बजेट विश्लेषण वा बजेट पूर्वानुमान नै हो । यसर्थ यसमा गणितीय तथ्यांकलाई उपयोगमा ल्याइएको छैन ।

## ३. देश विकासका लागि संविधानले निर्दिष्ट गरेका नीतिहरूको दृढ पालना आवश्यक

संविधानले समाजवाद उन्मूख अर्थनीति अवलम्बन गर्ने दिशानिर्देश गरेको छ । यसका लागि सरकारी (सार्वजनिक), सहकारी र निजी गरी तीनवटा क्षेत्रलाई अर्थतन्त्रका प्रमुख खम्बा भनेर स्वीकार गरिएको छ तर राजनीतिक पार्टी र तिनका अधिकांश नेताकार्यकर्ताहरूमा यसबारे ज्यादै ठूलो अस्पष्टता देखिन्छ । एकातिर सरकारी लगानीका उद्योग धन्धाहरू धराशायी भएका छन्, तिनलाई उठाउन कुनै चासो, छलफल र चर्चासमेत भएको छैन भने अर्कातिर कतिपय कम्युनिष्ट नेता कार्यकताहरूमा निजीक्षेत्रप्रति निरपेक्षरूपमा घृणाभाव देखिन्छ, खास गरी निजी लगानीका शैक्षिक संस्था र अस्पतालहरूका बारेमा ।

सरकारी लगानीका शैक्षिक संस्था, अस्पताल र विभिन्न कम्पनीहरूलाई उत्कृष्ट तरिकाले सञ्चालन गर्नु र निजी लगानीका कम्पनीहरूलाई कानूनको दायराभित्र रहेर निर्वाध रूपमा काम गर्न दिनु नै अहिलेको सन्दर्भमा समाजवाद उन्मूख हुनु हो ।

सहकारीलाई संविधानले विशेष महत्व दिए पनि व्यवहारमा यस क्षेत्रलाई सीमित बनाउँदै लगिएको छ । सहकारी क्षेत्र निजी क्षेत्र नै हो भन्ने भ्रम कतिपय नीति निर्माणको तहमै रहेका मानिसहरूमा देखिन्छ । भौतिक सम्पत्तिमा नियन्त्रणको हिसाबले कुनै पनि संस्था निजी वा सार्वजनिक वा सहकारी हुन्छ । कम्पनीमा शेयर लगानीको हिसाबले नियन्त्रण कायम हुन्छ भने सहकारीमा एक व्यक्ति एक भोट हुन्छ । यस हिसाबले यो समाजवादको नजिक छ । अर्को तर्फ लाभांश वितरण भने शेयरकै अनुपातमा हुन्छ, यसैले यो निजी क्षेत्रको पनि नजिक छ । सहकारीलाई निजी र सार्वजनिक क्षेत्रको पूलको रूपमा लिनु पर्दछ ।

सरकारी लगानीका क्षेत्रले जनहितलाई प्राथमिकता दिन्छ भने निजी क्षेत्रले उद्यमशीलता विकास र साधन स्रोतको अधिकत्तम परिचालनमा ध्यान दिन्छ । जवसम्म निजी क्षेत्रको विकास हुँदैन, तबसम्म देशमा उद्यमशीलताको विकास हुँदैन । उद्यमशीलताको विकासबिना समाजवादी अवयवहरू लादियो भने दुर्घटना हुनु निश्चित छ । पूर्व सोभियत संघको पतनका कारणहरू खोज्ने क्रममा हाल त्यहाँको कम्युनिष्ट पार्टीले निकालेको निष्कर्ष छ । स्टालिनको नेतृत्वमा तयारी पूरा नहुँदै समाजवादी अर्थतन्त्रमा फड्को मार्ने काम भयो । यसैगरी वर्तमान चीनको समृद्धिका पछाडि सार्वजनिक, निजी र सहकारीको सन्तुलित विकास नै मुख्य कारक रहेको देखिन्छ ।

### ४. तिव्र विकास र जनसेवा (डेलिभरी) का लागि राज्यका निकायमा समन्वय

नेपालका कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका बीचमा आवश्यक नीतिगत समन्वय देखिन्न । शक्ति पृथकीकरणको नीति पालन गर्नु भनेको एकले अर्कालाई असहयोग गर्नु होईन । व्यवस्थापिका र कार्यपालिकाका बीचमा केही समन्वय देखिए पनि कार्यपालिका र न्यायपालिकाका बीचमा सन्तुलित समन्वय देखिन्न । एकातिर न्याय प्रणाली पारदर्शी नभएको, पैसामा न्याय बिकेको जस्ता गम्भीर गुनासा सुनिन्छन् भने अर्कातिर देश विकासका विषयमा न्यायपालिका असहयोगी जस्तो बनेको आभास हुन्छ । उदाहरणका लागि बहुसंख्यक जनताको हितका लागि कुनै विकास आयोजना शुरू गर्न खोजिएको छ र त्यस योजनाको विरोधमा रहेका सीमित मानिसहरूले मुद्दा हाल्छन् भने अदालतले आयोजनाको गम्भीरतालाई नबुझी काम रोकिदिने गरेको पाइन्छ । यस्तो स्थितिको अन्त्यका लागि राज्यका निकायहरूका बीचमा नीतिगत समन्वय के कस्तो हुनुपर्ने हो भन्ने बारेमा गम्भीर विमर्श हुन जरूरी छ । खासगरी अदालतले आफूलाई नेपाली राज्य र नेपाली जनताको हितभन्दा पृथक राख्नु हुँदैन ।

> सहकारी ऐनलाई द्रुत प्रक्रियाबाट संशोधन गरी कुनै पनि कृत्रिम वा कानूनी व्यक्ति (कम्पनी) ले सहकारीको सदस्य बन्न, सहकारीमा लगानी गर्न र सहकारी संस्थाले पनि कम्पनीमा लगानी गर्न पाउने व्यवस्था हुनु आवश्यक छ ।

कार्यपालिकाका निकायहरूका बीचमा समेत समन्वय देखिन्न । एक मन्त्रालयको योजनामा अर्को मन्त्रालयले असहयोग गर्ने जस्तो विकृति नेपालमा सबैभन्दा बढी देखिन्छ । यहाँसम्म की राष्ट्रिय गौरवका आयोजनाहरूमा पनि एक मन्त्रालयले अर्को मन्त्रालयलाई सहयोग गर्दैनन् । यस्तो स्थिति ठोस् नीति बनाई तत्काल हल गर्न आवश्यक छ ।

### ५. विकासको पूर्वाधार : राष्ट्रिय पूँजी निर्माण

उत्पादनको प्रचूरताले नै देशलाई आत्मनिर्भर बनाउँछ । उत्पादन र पूँजी निर्माण एक सिक्काका दुई पाटा हुन् तर पनि पूँजी निर्माण नै पहिलो हो । बिना लगानी केही गर्न सकिन्न । अर्थतन्त्रको समन्वयात्मक विकास गर्दै समाजवाद उन्मूख अर्थतन्त्रको निर्माण र विकासका लागि संविधानमा तीन खम्बे अर्थनीतिको व्यवस्था गरिएको छ । तर संविधानको यो प्रावधानका विरूद्ध कानूनहरू पारित गरिएका छन् । कतै कानून ठीक भए पनि कार्यविधि अत्यन्त जटिल बनाइएको छ ।

समग्र विश्व नै आर्थिक मन्दीको दिशातिर धकेलिँदै गरेको अवस्था छँदै थियो । यसै अवस्थामा कोरोना भाइरसको विश्वव्यापी आक्रमण भएको छ । मानवीय जीवनको क्षतिको तुलनामा यसले पारेका नकारात्मक मनोविज्ञान धेरै खतरनाक छ । आम मानिसका बीचमा फैलिएको यो आक्रान्त मनोविज्ञानले विश्व अर्थतन्त्रलाई धराशायी बनाउने निश्चित छ । यसैले अर्थतन्त्रलाई चलायमान राख्न र कमभन्दा कम क्षति होस् भन्नका लागि आर्थिक तथा मौद्रिक नीतिका बारेमा धेरै नै गम्भीर परामर्शको आवश्यकता छ ।

यहाँ नेपाली अर्थतन्त्रमा समस्याको रूपमा रहेका विषयहरूलाई बुँदागत रूपमा, समाधानको प्रस्तावसहित प्रस्तुत गरिएको छ ।

#### ५.१. सहकारी ऐनमा सुधार गरी लगानीका अवसरको वृद्धि

विद्यमान सहकारी ऐन, २०७४ (पछिल्लो संशोधन) ले सहकारी क्षेत्रलाई खुम्च्याएको छ । हालको ऐनले सहकारीलाई कम्पनीमा लगानी गर्न रोकेको छ । कुनै पनि कम्पनी सहकारी संस्थाको सदस्य बन्न पाउँदैन । यसले गर्दा कम्पनीबाट सहकारीमा र सहकारीबाट कम्पनीमा लगानीको प्रवाह रोकिएको छ । सहकारी ऐनलाई द्रुत प्रक्रियाबाट संशोधन गरी कुनै पनि कृत्रिम वा कानूनी व्यक्ति (कम्पनी) ले सहकारीको सदस्य बन्न, सहकारीमा लगानी गर्न र सहकारी संस्थाले पनि कम्पनीमा लगानी गर्न पाउने व्यवस्था हुनु आवश्यक छ । यसो गर्नु न त सहकारीका आधारभूत सिद्धान्तको उल्लंघन हुन्छ, न कम्पनी प्रणालीमा नै कुनै समस्या सिर्जना हुन्छ ।

सहकारी ऐनको पछिल्लो संशोधन संविधानको मूल मर्म कै विपरित देखिन्छ । अझ स्पष्ट भाषामा

भन्ने हो भने यो संविधानको बर्खिलापमा छ, यसले संविधान मिचेको छ । त्यति मात्रै होईन, सहकारी ऐनको पछिल्लो संशोधनले आम आर्थिक सिद्धान्तको समेत उलंघन गरेको छ । समान प्रकृतिका संस्थाहरू आपसमा प्रतिस्पर्धा गर्न सक्छन्, मिल्न सक्छन् वा एकीकरण हुन सक्छन् तर यसो गर्नका लागि बाध्य पार्नु हुँदैन । सहकारी ऐनले आर्थिक सिद्धान्त विपरितका अनेक प्रावधान सिर्जना गरेको छ । एक व्यक्ति एक स्थानीय तहको एक मात्र विषयगत सहकारीको सदस्य हुन पाउने प्रावधानले नागरिकको मौलिक हकको समेत उलंघन गरेको छ । आफ्नो रूची अनुसारको संस्था गठन गर्न पाउनु वा रूची मिल्ने संस्थामा सदस्य बन्न पाउनु नेपाली नागरिकको मौलिक हकको कुरा हो ।

संविधानले उच्च महत्व दिएको सहकारी क्षेत्रलाई खुम्च्याउने, कमजोर बनाउने, सहकारी मार्फत् पूँजी परिचालन गर्न हतोत्साहित गर्ने र समग्रतामा भन्नुपर्दा सहकारी अभियानलाई नै समाप्त पार्ने खालका कानून र नीति नियम किन बनाइन्छ भन्ने बारेमा गम्भीर भएर सोँच्नु तथा अनुसन्धान गर्नु आवश्यक छ ।

नेपालको संविधानले लिएको समाजवाद उन्मुख आर्थिक नीतिका विरूद्ध सहकारी ऐन बनेको छ । कुनै पनि पुरानो ऐनलाई संशोधन गर्दा वा समान प्रकृतिका विभिन्न ऐनहरूको एकीकरण गर्दा विगतमा देखिएका कमीकमजोरीहरूलाई सुधार्ने हुनु पर्दछ । कानूनले नै सम्बन्धित क्षेत्रलाई सहजतापूर्वक काम गर्न सक्ने बाटो दिने हो । तर वर्तमान सहकारी ऐन उल्टो वा प्रतिगामी बाटो हिँडेको छ । यो प्रतिगमनलाई सच्याउनु पर्दछ ।

### ५.२. छुट्टै सहकारी मन्त्रालयको आवश्यकता

नेपालका आजसम्मका कुनै पनि सरकारले सहकारीको महत्वलाई गम्भीरतापूर्वक लिएकै छैनन् भन्ने स्पष्ट छ । विगतको पञ्चायती काल होस् वा बहुदलीय व्यवस्था स्थापना भएयताका विभिन्न सरकारहरूको कार्यकाल होस्, सहकारी क्षेत्र उपेक्षित रहँदै आएको छ । नेपालका सरकारहरूले सहकारी क्षेत्रलाई विदेशीलाई देखाउने उद्देश्यले मात्रै दर्ता हुन दिएको देखिन्छ । सहकारीलाई कहिले कृषि मन्त्रालय त कहिले भूमि व्यवस्था मन्त्रालयको मातहतमा राखिएको छ । संविधानले नै तीन खम्बे अर्थनीतिलाई विशेष महत्व दिएपछि बलियो पोर्टफोलियो सहित छुट्टै सहकारी मन्त्रालय हुनु पर्ने हो । यसबारेमा पर्याप्त आवाज उठ्दा पनि सहकारीलाई अन्य कुनै मन्त्रालयको मातहतमा राखिनु वा कम महत्व दिनुका पछाडि सरकारको नेतृत्व नै यसलाई उपेक्षित गरिरहेको छ भन्ने स्पष्ट हुन्छ । यस्तो किन भैरहेको छ त ?

सहकारी जनस्तरबाटै उठ्ने आर्थिक क्षेत्र हो । यसैले सहकारीलाई विश्वभरी नै आन्दोलन वा अभियान भनेर स्विकार गरिएको छ । सरकारको काम सहकारीलाई स्वतन्त्रतापूर्वक काम गर्न सक्ने वातावरण दिनु हो । त्यस्तो वातावरणका लागि सर्वप्रथमतः त सहकारी मैत्री कानून चाहिन्छ । अहिले त कानून नै प्रतिगामी छ, यसलाई तत्काल बदल्न आवश्यक छ ।

सरकारद्वारा नियन्त्रित सहकारी अभियान (गाइडेड को-अपरेटिभ मुभमेन्ट) चल्न सक्दैन तर यस अभियानलाई सरकारले नजिकबाट सहयोग गर्नु पर्दछ । सहकारी क्षेत्रले सरकारमाथि कुनै समस्या या बोझ थप्दैन । यस क्षेत्रको शुसासनका लागि सही कानून र अनुगमनकारी संयन्त्र भयो भने सहकारी आफैं अगाडि बढ्छ ।

सहकारीहरूलाई आवश्यक सहयोग गर्ने, आइपर्ने बाधाहरू फुकाउन पहल गर्ने, यस क्षेत्रमा अध्ययन अनुसन्धान अगाडि बढाउने, विभिन्न मन्त्रालय अन्तर्गत रहेका सहकारीसंग सरोकार राख्ने संस्थान, कम्पनी र संघसंस्थाहरूका बीचमा समन्वयकारी भूमिका पुरा गरिदिने जस्ता यावत कामका लागि छुट्टै सहकारी मन्त्रालयको आवश्यकता पर्दछ ।

### ५.३. सहकारी अभियानका लागि सुदृढ सहकारी बैंक

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई नियमन तथा अनुगमन गरेर सुशासनमा राखेजस्तै बचत तथा ऋण सहकारी संस्थाहरूको अनुगमन गरी सुसाशन कायम गर्नका लागि सहकारी राष्ट्रिय बैंकको आवश्यकता छ । हालको सहकारी विकास बैंकलाई अत्यन्त सीमित भूमिका दिइएको छ, यसलाई अरू बैंकसरह अधिकार पनि दिइएको छैन । यसरी सहकारी आन्दोलन विकसित हुँदैन । नेपाल राष्ट्र बैंकको मौद्रिक नीति अन्तर्गत रहेर अन्य काम स्वतन्त्रढंगले गर्न पाउने गरी यस बैंकको क्षेत्राधिकार हुनु पर्दछ । यस बैंकले वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूको नियमन गर्नुका साथै सबै खालका सहकारीहरूसँग वित्तीय कारोवार गर्ने क्षेत्राधिकार हुनु पर्दछ । मौद्रिक नीति र सुशासनका मामिलामा यो नेपाल राष्ट्र बैंकको मातहत हुने छ भने सहकारी क्षेत्रको नियमन र नियन्त्रणका लागि यो अधिकार सम्पन्न हुने छ ।

### ५.४. विभिन्न भुक्तानीमा बचत तथा ऋण सहकारीलाई मान्यता

नीति निर्माण र लागू गर्ने तहमा रहेका मानिसहरूको सहकारी विरोधी मानसिकताका कारणले गर्दा सहकारीले गर्ने भुगतानीको कारोवारलाई मान्यता दिइएको छैन । खासगरी विभिन्न क्षेत्रका श्रमिक वा रोजगारीमा रहेका मानिसहरूलाई सम्बन्धित कम्पनी वा फर्मले तलब भुक्तानी गर्दा बैंक खाताबाट मात्रै गर्नु पर्ने कानूनी व्यवस्था गरिएको छ । बचत तथा ऋण सहकारी संस्थाबाट गरिने तलब वा ज्याला भुक्तानीलाई मान्यता दिइएको छैन । शासक र कर्मचारीतन्त्रको सहकारी विरोधी मानसिकताको प्रत्यक्ष उदाहरण हो यो । शासकहरूको दिमागमा सहकारीले बदमासी गर्दछन् भन्ने सोँच गहिरोगरी बसेको छ । यस्तो सोँचले सहकारीलाई अगाडि बढ्न दिँदैन ।

### ५.५. बैंकिङ्ग तथा मौद्रिक नीतिमा सुधार गरी बचत परिचालनमा विशेष जोड

कमभन्दा कम नगद कारोवार होस् तथा बढीभन्दा बढी बैंकिङ्ग प्रणालीबाट कारोवार होस् भन्ने सरकारको नीति ठीक छ । यस अन्तर्गत सहकरीको कारोवारलाई पनि मान्यता दिइनु पर्दछ । बैंकमा निक्षेप गरिएको रकम नगदै झिक्ने

सन्दर्भमा सिलिङ तोक्नु ठीक छ तर रकम जम्मा गर्नका लागि सिलिङ तोक्नु बेठीक छ । बैंक वा सहकारी संस्थामा रकम निक्षेप राख्ने मामिलामा कुनै सिलिङ तोकिनु हुँदैन । बैंक तथा सहकारी संस्थामा जति पनि नगद स्वघोषणाका आधारमा आउन दिनु पर्दछ । यसो गरियो भने बढीभन्दा बढी नगद बैंक, वित्तीय संस्था तथा सहकारीको प्रणालीमा आउने छ । यदि स्वघोषणा गरिएको स्रोत वैध रहेनछ भने त्यो हेर्ने छुट्टै कानूनी संवैधानिक निकायहरू छन् ।

छिमेकी राष्ट्र भारतमा नोभेम्बर २०१६ मा पुराना नोट खारेज गरी नयाँ नोट जारी गरिएको थियो । भारतीय रिजर्व बैंकको रिपोर्ट अनुसार तत्कालीन अवस्थामा १५.४ ट्रिलियन रूपैयाँ सर्कुलेसनमा रहेकोमा पुराना नोटबन्दी पछि १५.३ ट्रिलियन रूपैया बैंकमा फिर्ता भयो, अर्थात् सर्कुलेशनमा रहेका कुल नोटहरूको ९९.३ प्रतिशत रकम बैंकमा दाखिला भै नयाँ नोट साटिएको देखिन्छ (Reuters, 29 August, 2018) । पुराना नोटबन्दीपछि अकुत मात्रामा कालो धन रोकिने वा खारेज हुने जुन अनुमान गरिएको थियो, सो मिथ्या प्रमाणित भयो । जतिसुकै कडाई गरे पनि पूँजीवादी व्यवस्थामा धेरै धनीहरूले अनेक तरिकाले आफ्नो रकमलाई सुरक्षित गरेरै छाड्छन्, आम जनताले अनावश्यक दुःख पाउँछन् भन्ने बारेमा भारतको यो अनुभवबाट धेरै शिक्षा लिनुपर्ने हुन्छ ।

**५.६. सम्पत्तिको स्वघोषणाको मौका दिइनुपर्ने**

धेरै क्षेत्रबाट अनुमान गरिए अनुसार कम्तीमा पनि ३५ प्रतिशत कारोबार गैर बैंकिङ् क्षेत्रबाट वा अनौपचारिक क्षेत्रबाट हुने गरेको छ । यसलाई मूलधारमा ल्याउनका लागि सम्पत्तिको स्वघोषणा गर्न दिने र अख्तियार दुरूपयोग गरेको विषय बाहेक सो धन वैध हुने कानूनी प्रावधानसहित यस प्रक्रियामा जानै पर्दछ । यसो गर्दा देशले भोगिरहेको गम्भीर आर्थिक संकटको असरलाई कम गर्न सकिने छ ।

**५.७. सहकारी संस्था र बैंकहरूको बाध्यात्मक मर्जरमा रोक**

सहकारी ऐनले एक स्थानीय तहमा एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्था हुन नहुने र भएमा मर्जर गर्नु पर्ने कानूनी बाध्यता थोपरेको छ । यसैगरी नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई परस्पर एकीकरण, गाभिने वा प्राप्तिको कुरालाई हाल बाध्यात्मक नभने पनि प्रकारान्तरले बाध्यात्मक बनाएको छ । अझ निकट भविष्यमा यो प्रक्रियालाई घोषित रूपमै बाध्यात्मक बनाउन लागिएको बुझिन्छ । यसले वित्तीय क्षेत्रमा पनि सिण्डिकेटको परिस्थिति निम्त्याउने छ । सहकारी संस्था तथा बैंकहरूको बाध्यात्मक मर्जरको नीति तत्काले रोक्नु आवश्यक छ ।

**५.८. सहज र सरल रूपमा प्रत्यक्ष वैदेशिक लगानी**

देशलाई अहिले पूँजीको टड्कारो आवश्यकता छ । यसैले निम्नलिखित तीनवटा बुँदाको स्वघोषणाका आधारमा बिना झञ्झट जति पनि वैदेशिक लगानी भित्र्याउन सकिने प्रावधानको व्यवस्था गरिनु पर्दछ ।

**वैदेशिक लगानीका लागि लगानीकर्ताले गर्नुपर्ने स्वघोषणाका बुँदाहरू :**

(क) यो रकम वैधानिक स्रोतबाट आर्जन गरिएको हो, मुद्रा निर्मलीकरण गरिएको हैन ।

(ख) यो रकम आतंककारी गतिविधिबाट आर्जन गरिएको हैन ।

(ग) यहाँ गरिएको स्वघोषणामा कुनै छलकपट गरिएको भए कानूनबमोजिम सहुँला-बुझाउँला ।

देशभित्र लगानी भित्र्याइसकेपछि त्यो देशको सम्पत्ति हुन्छ । गलत स्रोतबाट आएको पत्ता लागेमा सरकारले जफत गर्न सक्नेछ । स्मरण रहोस्, नेपालमा वैदेशिक लगानी भित्र्याउने काम संसारका अरू कुनै पनि देशभन्दा जटिल र गाह्रो छ ।

**५.९. बैंकहरूको कर्जा नीतिमा तत्काल सुधार**

कोभिड-१९ नामको विश्वव्यापी महामारीका कारणले राष्ट्र बैंकले कर्जा नीतिमा केही लचिलोपन अवश्य ल्याएको छ तर यो अल्पकालका लागि लागू गरिएको छ । २०७७ साल पौषसम्मका लागि बैंकहरूले कर्जा नीतिलाई केही लचिलो बनाएका छन् तर आम रूपमा भन्ने हो भने राष्ट्र बैंकको नीति निर्देशनबमोजिम बैंकहरूको कर्जा नीतिमा धेरै अव्यावहारिक तरिकाले कडाइ गरिएको छ । मुनाफा भएको कम्पनीले मात्रै कर्जा पाउन सक्ने, लगातार तीन वर्ष घाटामा गएको कम्पनीको कर्जाका लागि बैंकले प्रोभिजन गर्नुपर्ने, जस्ता धेरै अव्यावहारिक नीति लागू गरिएका कारणले कर्जा प्रवाहमा कमी आई लगानीको वातावरण खुम्चिएको छ । कुनै कम्पनी लामो समयसम्म सञ्चालन घाटामा जाने प्रकृतिकै हुन्छ । कुनै कम्पनीले लामो समयसम्मको प्रक्षेपण (प्रोजेक्शन) को आधारमा काम गरिरहेको



हुनसक्छ । मूलकुरा सम्बन्धित ऋणीले ब्याज र साँवा समयमा चुक्ता गर्छ कि गर्दैन भन्ने हो । यसै गरी धितोले खामेसम्म ऋण दिँदा बैंकहरूको जोखिम न्यून नै हुन्छ । हामी कहाँ धितोको वास्तविक मूल्यभन्दा निक्कै कम रकम ऋण दिइन्छ । साविक अवस्थामा पनि नेपालमा बैंकबाट ऋण लिएर कारोबार गर्नु ज्यादै महँगो रहँदै अएको थियो । नेपाली बैंकहरूको ब्याजदर संसारको सबैभन्दा महँगो रहेको सबैमा विदितै छ ।

### ५.१० आयकरको दायरा बढाइनुपर्ने

हाल आयकरको दायरा (१ प्रतिशत मात्रै टी.डी.एस. काट्ने गरी) वार्षिक चार लाख रूपैयाँ मात्र रहेको छ । आयकर छुटको यो दायरा निक्कै कम हो । यसले पनि वैधानिकरूपमा पूँजी परिचालनमा अप्रत्यक्ष रूपमा अवरोध सिर्जना गरेको छ । यसर्थ यसको दायरा बढाएर कम्तीमा पनि वार्षिक १२ लाखको सीमा निर्धारण गर्नु उपयुक्त देखिन्छ ।

## ६. भौतिक निर्माणको क्षेत्र

केही सीमित ठूला कम्पनीहरूको हितमा निर्माण सम्बन्धी योजनाहरूको प्याकेज तयार गर्ने, नीति पनि सोही अनुसार तय गर्ने काम पुनः शुरू भएको छ । सकेसम्म, परियोजनाको चरित्रले दिने सीमासम्म, साना प्याकेज बनाउँदा नै काम छिटो सम्पन्न हुने हुँदा यसतर्फ तत्काल पाइला चाल्नु आवश्यक छ ।

भौतिक निर्माणको काम गुणस्तरीय नहुनुमा निर्माण व्यवसायीहरूको दोष केही मात्रामा मात्रै हुन्छ, धेरै जिम्मा सरकारी निकाय र कर्मचारीले नै लिनु पर्दछ । निर्माण व्यवसायीलाई मात्रै एकोहोरो रूपमा दोष दिनु उपयुक्त छैन । रूग्ण निर्माण उद्योगीलाई विशेष व्यवस्थाका साथ माथि उठाउने व्यवस्था हुनु पर्दछ ।

## ७. शिक्षा क्षेत्र

शिक्षा ऐनको पछिल्लो संशोधनले शैक्षिक क्षेत्रमा नयाँ कम्पनी दर्ता नै गर्न नपाइने र सहकारी क्षेत्रलाई शैक्षिक क्षेत्रमा लगानी गर्नबाट पूर्णतः बन्देज गर्ने नीति लिएको छ । यी दुवै कुरा नितान्त गलत छन्, संविधानको तीन खम्बे अर्थनीतिको विरूद्धमा छन् । देशमा वैधानिक तरिकाले जुनसुकै क्षेत्रमा लगानी गर्न दिनु नै बुद्धिमानी र वैज्ञानिक हुन्छ । अहिले हामी कुनै पनि निजीक्षेत्रको लगानी वा पूँजी सरकारीकरण गरी जफत गर्न सक्ने अवस्थामा छैनौं । यसैले शैक्षिक क्षेत्रमा नयाँ कम्पनीको प्रवेश रोक्नुका पछाडि कच्चा भावुकता बाहेक अरू कुनै कारण हुन सक्दैन । यसैगरी सहकारीलाई शैक्षिक क्षेत्रमा लगानी गर्नबाट रोक्नुका पछाडि पनि कुनै जायज तर्क हुनै सक्दैन । निजी कम्पनीको प्रवेशलाई रोक्ने र सहकारी लगानीलाई प्रतिबन्धित गर्ने कुरा परस्पर विरोधी प्रावधानहरू हुन् । संविधानले सहकारी क्षेत्रलाई अर्थतन्त्रको प्रमुख खम्बाको रूपमा व्याख्या गरिसकेको हुँदा शैक्षिक क्षेत्रमा सहकारी लगानीलाई प्रोत्साहित गर्नुका साथै निजी कम्पनीबाट सञ्चालित शैक्षिक संस्थाहरू सहकारी मोडलमा जान चाहेमा सहुलियत दिने नीति हुनुपर्ने देखिन्छ ।

### ७.१. जनशक्ति उत्पादनको नीति

वर्तमान सरकारले हालसम्म प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरूले वैज्ञानिक तथा प्राविधिक शिक्षामा जोड दिएका छन् । कृषि, इन्जिनियरिङ, विभिन्न क्षेत्रका प्राविधिक विषय र चिकित्सा शास्त्रजस्ता वैज्ञानिक तथा प्राविधिक विषयहरूको पठनपाठनलाई जोड दिइए पनि विश्व विद्यालयहरू त्यसतर्फ उन्मूख भएको देखिन्न । वर्तमान सरकार आएपछि 'अर्को सूचना नभएसम्मका लागि कुनै पनि संकायमा सम्बन्धन नदिनु' भन्ने आदेश मन्त्रीपरिषद्बाटै जारी गरिएकोमा हालसम्म यो फुकुवा गरिएको छैन । सरकारले आफ्नो नीति तथा कार्यक्रम अनुसार शैक्षिक जनशक्ति उत्पादनमा जोड दिने हो भने यसको विस्तारलाई तीव्रता दिनु पर्दछ ।

### ७.२. मेडिकल कलेज स्थापनाबारे

देशमा थप मेडिकल कलेजको आवश्यकता छ । बढी मेडिकल कलेज भएमा नै शुल्कमा प्रतिस्पर्धा भई शुल्क घटाउन सजिलो पनि हुनेछ । हाल मेडिकल शिक्षाका क्षेत्रमा निजी क्षेत्रलाई विस्तृत मात्रामा सम्बन्धन दिन सकिने सामाजिक मनोविज्ञान छैन । यसैले हाल कायम रहेका "क्षेत्रीय" र "अञ्चल" अस्पतालहरूलाई सरकारी मेडिकल कलेजको रूपमा तत्काल घोषणा गरिनु उपयुक्त हुने छ । प्रयोगशाला र कक्षा कोठाको व्यवस्था गर्ने हो भने मेडिकल कलेज बनाउनका लागि नेपालका क्षेत्रीय र पहिलेका अञ्चल अस्पतालहरू उपयुक्त छन्, बिरामीको चाप प्रशस्त छ ।

## ८. कृषि क्षेत्र

कृषि हरेक अर्थतन्त्रको मेरूदण्ड हुने गर्दछ । यदि कुनै देश खाद्यान्न लगायतका आधारभूत कृषि उपजमा आत्मनिर्भर छैन भने विभिन्न खाले संकटबाट देशलाई जोगाउन सकिन्न, जनताको जीउ-ज्यानको सुरक्षा गर्न सकिन्न । औद्योगीकरणका लागि पृष्ठभागको काम सबैभन्दा पहिले कृषिले नै उपलब्ध गराउँछ । अन्य उपभोगका सामान नभए पनि बाँच्न सकिन्छ तर अन्न-पानी बिना बाँच्न सकिन्न । मानव जीवनका लागि यति महत्वपूर्ण आर्थिक क्षेत्र नेपालमा आज उपेक्षित छ, अपहेलित छ तथा अनाकर्षणको विषय बनेको छ । यो अवस्था सुधार्नका लागि निम्नलिखित काम गर्नु पर्दछ ।

### ८.१. कृषि उत्पादन बिक्रीको प्रत्याभूति गरिनुपर्ने

लाखौंको संख्यामा विदेशिएको युवा जनशक्तिलाई देशमा फर्काउन, देशमा रहेको युवा जनशक्तिको मनबाट विदेश पलायनको मोह हटाउन र सहरका युवालाई गाउँगाउँमा गई कृषि उद्यममा लाग्न प्रेरित गर्नका लागि सरकारले कृषि उत्पादन खरिद गरिदिने प्रत्याभूति गर्नुपर्दछ । कृषि उत्पादन बिक्री हुने प्रत्याभूति भएमा युवा जनशक्ति बाहिरिने क्रम रोकिने छ, तराईका गाउँहरू पुनः गुल्जार हुनेछन् र बिराना हुँदै गएका मध्यपहाडका गाउँहरूको रौनक फर्काउन सकिनेछ । यसबाट कृषियोग्य जमिन बाँझो छोडिने प्रक्रिया रोकिनेछ । बिक्रीको प्रत्याभूति हुने कारणले कृषि उत्पादनमा अभूतपूर्व प्रगति हुनेछ जसले गर्दा कृषि उपजको आयात प्रतिस्थापित भई व्यापार घाटामा उल्लेख्य कमी आउनेछ ।

किसान वा कृषि उद्यमीले आफैंले खुला बजारमा आफ्नो उत्पादन बेच्न चाहेमा बेच्न सक्ने र नबिक्ने अवस्थामा सरकारले किनिदिने व्यवस्था हुनुपर्दछ ।

सरकारले विभिन्न मन्त्रालयका सम्बन्धित संयन्त्रबाट कृषि उपज खरिद गर्न सक्छ । खरिद गरिएको कृषि उपज निम्न तरिकाले व्यवस्थापन गर्न सकिनेछ ।

(१) थोक मूल्यमा व्यापारीहरूलाई बिक्री गर्ने ।

(२) विदेश निर्यात गर्ने ।

(३) थप प्रशोधन गरी बजारमा पुऱ्याउने ।

(४) उपभोक्ताहरूलाई सस्तो मूल्यमा उपलब्ध गराउने ।

### ८.२. कृषिमा अनुदानका बारेमा

कृषि उत्पादनमा वृद्धि गर्नका लागि नगद अनुदान दिइने गरेकोमा त्यसको दुरूपयोग भएका अनेक उदाहरण छन् । यसैले नगद अनुदान दिनुभन्दा सिँचाई, मल र कृषि औजारमा अनुदानका लागि लगानी बढाउनु र कृषि उत्पादन बिक्रीको प्रत्याभूति गर्नु बढी उपलब्धीमूलक हुन्छ नै । अति विपन्न कृषक परिवारलाई सानो आकारमा दिइने नगद अनुदानलाई जारी राख्न सकिन्छ, त्यहाँ दुरूपयोगको संभावना ज्यादै कम हुन्छ । ठूलो आकारमा कृषि उद्यम गर्नेलाई सरल प्रक्रियाबाट सस्तो ब्याजदरमा ऋण दिनु नै औद्योगिक पूर्वाधार बसाल्नका लागि उपयुक्त हुनेछ । यस्तो काममा वाणिज्य बैंकहरूलाई ब्याज अनुदान दिन पनि सकिन्छ ।

### ९. औद्योगिक क्षेत्र

औद्योगिक क्षेत्र धराशायी जस्तै बनेको छ भन्दा अत्युक्ति हुने छैन । यस क्षेत्रलाई उठाउन सरकारी लगानीका उद्योगहरूलाई पुनर्जीवित गर्नु, दुग्ध प्रसोधन, औषधिजस्ता अत्यावश्यक उपभोगका सामानहरू उत्पादन गर्ने थप उद्योगहरू स्थापित गर्नु र निजी लगानीका उद्योगहरूलाई देशको आवश्यकता अनुसार संरक्षित गर्ने नीति लिनु उपयुक्त हुने छ ।

कृषि उत्पादनको बिक्रीको प्रत्याभूति गर्नाले खाद्य र गैरखाद्य उद्योगलाई कच्चा पदार्थ उपलब्ध हुने छ । यसैले औद्योगिक वातावरण बनाउनका लागि कृषि र उद्योग जोड्ने कार्यक्रम हुनु पर्दछ ।

### १०. सामाजिक सुरक्षाको क्षेत्र

योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यक्रम सरकारले व्यवहारमा लागू गरेको नयाँ कार्यक्रम हो । देशका श्रमिक संगठनहरू यो कार्यक्रमलाई कडाईपूर्वक लागू गर्नु पर्ने पक्षमा छन् । अहिलेको सामाजिक सुरक्षाकोषको व्यवस्था संचयकोषको कार्यालयबाट नै गर्न सकिन्छ । यसैले वार्षिक अरबौं रकम खर्च गर्ने गरी अर्को कार्यालय, भौतिक तथा मानवीय संरचनाको आवश्यकता पर्दैन । अर्कोतर्फ हालको व्यवस्था अनुसार सामाजिक सुरक्षाकोषले, सञ्चयकोषले जत्तिको पनि श्रमिकलाई सुविधा दिँदैन । यसलाई सुधारिनु आवश्यक छ ।

सरकारका मन्त्रालयहरूबाटै दुईथरी आधारभूत ज्याला तोकिएको अवस्था छ । उदाहरणका लागि अन्य सबै व्यवसायमा काम गर्ने श्रमिकहरूको आधारभूत तलबमान रू. १३,४००/- (तेह्रहजार चारसय) तोकिएको छ भने सञ्चार क्षेत्रमा न्यूनतम मासिक ज्याला रू. २४,३७५/- रहेको छ । यो अवस्थाले पनि कतिपय उद्योगहरू सामाजिक सुरक्षाको कार्यक्रममा गएका छैनन् । न्युनत्तम ज्यालादर एकैनासको बनाउने हो र सम्बन्धित ऐनमा सुधार गर्ने हो भने यो कार्यक्रमले श्रमिक क्षेत्रमा सकारात्मक प्रभाव पार्नेछ ।

### ११. तत्काल गर्नु पर्ने कामहरू

कोभिड-१९ को महामारीका कारणले भोक र रोगले ग्रसित आम जनतालाई राहत दिनका लागि र अर्थतन्त्र उकास्नका लागि सरकारले विशेष राहत प्याकेजको घोषणा गर्नु पर्दछ । यसका लागि तत्काल निर्मलिखित काम गर्नु उपयुक्त हुनेछ ।

### ११.१. भोक र रोगबाट तत्काल राहत कार्यक्रम

अन्य क्षेत्रबाट बजेट कटौती गरी आम मानिसको भोक र रोग निवारणमा सम्पूर्ण ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता छ । महामारी देखिएको शुरूको चरणमा स्थानीय सरकारहरूले खाद्यान्न वितरण लगायतका राहतका काम अगाडि सारेका थिए । हाल कहीं कतै आम जनताका लागि राहत वितरण गरिएको देखिन्न । कोभिड-१९ का कारण रोजगारी गुमाएका गरीब श्रमिकहरूले भोकै बस्नु पर्ने अवस्था अन्त्य गर्नका लागि संघीय सरकारले नै विशेष योजना बनाई प्रदेश र स्थानीय सरकारहरूलाई परिचालन गर्नका लागि विशेष पहल गर्नु पर्दछ । यस काममा प्रदेश सरकारलाई ठोस जिम्मेवारी तोकिनु पर्दछ । खाद्यान्न लगायतका राहत वितरण गर्दा एउटै व्यक्ति वा परिवारले धेरै ठाउँबाट राहत लिन नसकोस् भन्नका लागि विद्युतीय रेकर्डको प्रणाली शुरू गर्नु पर्दछ ।

सबैखालका सहकारी संस्थाहरूले आ-आफ्नो कार्यक्षेत्रका जनतालाई प्रत्यक्ष रूपमा चिनेका हुन्छन् । यसैले समस्यामा परेका जनतालाई राहत पुऱ्याउने काममा सहकारी संस्थाहरूलाई परिचालन गर्न सकिन्छ ।

### ११.२. कृषि तथा औद्योगिक क्षेत्रका लागि विशेष राहत प्याकेज

आफ्नै प्रणालीगत समस्याका कारणले कोभिड-१९ अगाडि पनि पूँजीवादी प्रणाली विश्वस्तरमै समस्याग्रस्त हुँदै थियो । संयुक्त राज्य अमेरिका लगायतका अतिविकसित पूँजीवादी देशहरूले कोभिड-१९ शुरू हुनु अगावै आर्थिक संकटको सामना गर्न थालिसकेका थिए । वर्तमान विश्वव्याधीले पूँजीवादी प्रणालीलाई सर्वाङ्ग नाङ्गो बनाइदिएको छ । खासगरी पूँजीवादी व्यवस्थाको जनस्वास्थ्य प्रणाली पूर्ण रूपमा नाकाम प्रमाणित भएको छ । अतिविकसित पूँजीवादी देशहरू आफैंले शुरू गरेको विश्वव्यापीकरणबाट व्यवहारतः पछाडि हटेका छन् । विश्व व्यापार संगठनका नियमहरूको धज्जी उडाउने काममा अतिविकसित पूँजीवादी देशहरू नै अग्रस्थानमा रहेका छन् । अब पुनः संरक्षणवादको युग शुरू हुनसक्छ भन्ने देखिएको छ । हिजोका दिनमाजस्तो विश्व व्यापार संगठनको मनपरीतन्त्रमा कमि आउने संभावना छ । यस्तो

सरकारलाई कुनै व्यावसायिक खतरा (रिस्क) नहुने, आम जनताको स्वेच्छिक सहभागिता हुने, व्यवसायमा लोकतान्त्रिक नियन्त्रण हुने, समुदायसंग प्रत्यक्षरुपमा जोडिने इत्यादि कारणले सहकारी व्यवसाय नै सबैभन्दा पारदर्शी, लागत प्रभावी (कस्ट इफेक्टिभ) हुन्छ । कम लगानीमा बढीभन्दा बढी उपलब्धि सहकारीले नै दिन सक्छ भन्ने कुरा नेपाललगायत समग्र विश्वमा प्रमाणित भैसकेको छ ।

अवस्थामा कम विकसित देशहरूले आफ्नो कृषि र उद्योगको संरक्षण गर्न सक्छन् ।

युवा श्रमशक्ति वैदेशिक रोजगारमा गएका कारणले नेपालका गाउँहरूमा कृषि कार्यका लागि श्रमशक्तिको अभाव रहिआएको तथ्य जगजाहेर छ । अहिले विश्वव्याधीका कारणले वैदेशिक रोजगारीको क्षेत्र खुम्चिने अवस्था तयार भएको छ र ठूलो संख्यामा युवाहरू स्वदेश फर्किएका छन् । नेपाली कृषिलाई पुनः गौरवान्वित गर्नका लागि वर्तमान संकटले सही मौका दिएको छ । यस मौकाको प्रयोग हुनु पर्दछ ।

**१२. निश्कर्ष** :

देशको आर्थिक प्रगतिका लागि संविधानमा व्यवस्था भएबमोजिम तीनखम्बे अर्थनीति उपयुक्त छ । सरकारी वा सार्वजनिक क्षेत्रले समग्र अर्थतन्त्रको नेतृत्व गर्ने हो, सार्वजनिक लगानीलाई बढाउँदै लैजाने हो । निजी क्षेत्रले उद्यमशीलता विकसित गर्ने हो र कानूनको दायराभित्र रहेर निर्वाधरूपमा काम गर्ने हो । सहकारी क्षेत्रले सानो-सानो पूँजी एकीकृत गरी सानादेखि विशाल परियोजनाहरूसमेत सञ्चालन गर्ने हो । यसो गरेमा नै देशको अर्थतन्त्रको तिव्र विकास गर्न सकिन्छ । यसका लागि विकासका स्पष्ट लक्ष्य तोकिनु पर्दछ - स्रोत र कर्तासहित । अर्थात् सरकार, निजी र सहकारी गरी तीनवटै क्षेत्रले सजिलो गरी काम गर्न पाउने कार्यक्षेत्रको व्यवस्था हुनु पर्दछ । संविधानमा तीन खम्बे अर्थनीतिको व्यवस्था गरिएको भएता पनि सहकारी क्षेत्रलाई खुम्च्याउँदै लैजाने, सहकारी अभियानलाई हतोत्साहित गर्ने, सहकारीलाई अनावश्यक नियन्त्रण गर्ने र अन्ततः सहकारी अभियानलाई नै समाप्त पार्ने काम भैरहेको देखिन्छ । पछिल्लो पटक संशोधन गरी संसदबाट पारित गरिएको सहकारी ऐन सहकारी विरोधी छ । यो ऐन त 'सहकारी ऐन, २०४८' जत्तिको पनि प्रगतिशील छैन । यति मात्रै हैन, शिक्षा ऐनको पछिल्लो संशोधन पनि सहकारी विरोधी छ । सहकारी अभियानको घाँटी निमोठ्न तयार गरिएको सहकारी ऐन र यस सम्बन्धी नियम नियमावलीहरूलाई खारेज वा संशोधन गरी सहकारी मैत्री नबनाएसम्म देशको अर्थतन्त्रलाई अपेक्षित गति दिन सकिन्न ।

लगानीका हिसाबले सरकारी क्षेत्र दिशाबिहिन देखिन्छ । सीमित साधनस्रोत कहाँ खर्च गर्ने, के कुरामा प्राथमिकता दिने, आर्थिक संकटको वास्तविक निकास के हो भन्ने विषयमा अहिलेसम्मका कुनै पनि सरकारले गम्भीरतासाथ छलफल गरेको देखिन्न । यसले गर्दा एकातिर विकास निर्माणका लागि छुट्याइएको बजेट खर्च नहुने र भएको खर्चले पनि अपेक्षित प्रतिफल नदिने अवस्था वर्षौंदेखि यथावत छ । यो योजनाबिहिन निरन्तरता तोडिनु पर्दछ ।

उद्यमशीलता विकसित गर्ने र अर्थतन्त्रलाई विस्तारित गर्ने काममा निजी क्षेत्रको ठूलो भूमिका हुन्छ । नियम कानूनको दायराभित्र रहेर निजी क्षेत्रलाई निर्वाध रूपमा काम गर्न दिनु पर्दछ । नेपाली अर्थतन्त्रको वर्तमान चरणले निजी उद्यमलाई सरकारीकरण गर्ने अनुमति दिँदैन, अहिले त्यो संभव र आवश्यक दुवै छैन ।

सरकारलाई कुनै व्यावसायिक खतरा (रिस्क) नहुने, आम जनताको स्वेच्छिक सहभागिता हुने, व्यवसायमा लोकतान्त्रिक नियन्त्रण हुने, समुदायसंग प्रत्यक्षरूपमा जोडिने इत्यादि कारणले सहकारी व्यवसाय नै सबैभन्दा पारदर्शी, लागत प्रभावी (कस्ट इफेक्टिभ) हुन्छ । कम लगानीमा बढीभन्दा बढी उपलब्धि सहकारीले नै दिन सक्छ भन्ने कुरा नेपाललगायत समग्र विश्वमा प्रमाणित भैसकेको छ ।

विकासका स्पष्ट लक्ष्य तोकिनु पर्‍यो, सोही अनुसार कानून बन्नु पर्‍यो र सरकारी, सहकारी र निजी क्षेत्रका बीचमा आवश्यक सामञ्जस्य कायम हुनु पर्‍यो ।

❑ ❑ ❑

# सहकारी सञ्चालनका कानूनी जटिलताहरू फुकाउनुपर्छः सांसद खतिवडा



**घनश्याम खतिवडा**
प्रतिनिधिसभा सांसद

सहकारी सञ्चालन सम्बन्धी जुल गलत ढंगका अवधारणाहरु मानिसले पालेका छन् । सहकारीमा काँही एउटाले बदमासी गऱ्यो भने दोष सबै सहकारीलाई लाउने र सहकारी खराव हुन् भनी गीत गाउने मेलो पनि भइरहेको छ । यस्ता चिजहरुलाई निरुत्साहित पार्ने किसिमका गतिविधिहरु अब सरकारले पनि सञ्चालन गर्नुपर्छ ।

(मोरङ क्षेत्र नं १ बाट प्रतिनिधि सभा सांसद निर्वाचित घनश्याम खतिवडा नेफस्कूनका पूर्व महासचिव समेत हुनुहुन्छ । नेफस्कूनमा १४ वर्ष रहँदा सहकारी क्षेत्र प्रवर्द्धनमा समय खर्चिनु भएका खतिवडा संघीय सांसदका रूपमा समेत यसै क्षेत्रको विकासमा निरन्तर सदनमा आवाज उठाई रहनुभएको छ । संसदको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सदस्य एवं उक्त समिति अन्तर्गत सहकारी उपसमितिका संयोजक खतिवडासँग सहकारी क्षेत्रको सरोफेरोमा रही साकोस आवाजका लागि गरिएको अन्तर्वार्ताको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ ।)

**संघीय संसदमा सहकारी विषय ओझेलमा परेको हो ?**

☛ सहकारी ऐन, २०४८ को परिकल्पना भन्दा भिन्न ढंगले मुलुकको राज्य संरचना संघीय स्वरूपमा गएको सन्दर्भमा त्यो ऐन पर्याप्त भएन । अहिलेको सन्दर्भमा सहकारी चलाउनका लागि आवाज सर्वत्र उठिरहेको छ । त्यो सन्दर्भमा गाँसिएर हेर्दा संघीय संसदमा सहकारी क्षेत्र निकै नै अप्ठ्यारो मा परेको अवस्था छैन । तर ऐनमा समयानुकूल केही परिवर्तनहरू खोजिएका छन् । त्यो परिवर्तन गर्न जरूरी छ । त्यो केही ऐन संशोधन गर्ने विधेयकका रूपमा आएपनि वा सहकारी ऐन संशोधनका हिसाबमा आएपनि सहकारी ऐन, २०७४ माथी आज परिवर्तन गर्नुपर्ने, त्यसलाई केही संशोधन गर्नुपर्ने त्यसलाई केही समयसापेक्ष बनाउनुपर्ने, टड्कारो आवश्यकता भने निश्चित रूपमा भएको छ । त्यो संघीय संसदमा ओझेलमा परेको छैन । हामी समितिमा पनि यो विषयमा छलफल गरिरहेका छौं र मन्त्रालयले पनि केही तयारी गरिरहेको छ भन्ने कुरा जानकारीमा छ र संसदभित्र पनि सहकारीका विषयमा कानूनी हिसाबले अप्ठ्यारा परेका ठाउँमा सहजता दिनुपर्छ । सहकारी संस्थाहरूलाई कानूनी हिसाबले बन्देज गरिनुहुँदैन । तिनलाई उपयुक्त ढंगले चल्न दिनुपर्छ । त्यसका लागि कहाँ कहाँ कानूनी अप्ठ्यारा जटिलताहरू छन्, त्यसलाई विधिपूर्वक चल्नका लागि कानूनी सहायता प्रदान गर्नुपर्छ भन्ने विषयमा छलफल भएको छ ।

**संविधानले सुनिश्चित गरेको सहकारीको भूमिका कार्यान्वयनको अवस्था कस्तो पाउनुभएको छ ?**

☛ अहिले समस्या कहाँनेर छ भने संघ, प्रदेश र स्थानीय तीन तहमा सहकारीलाई विभाजन गरिएको छ । स्थानीय तह र प्रदेशले पनि सहकारी ऐन, कार्यविधिहरू बनाउन पाउने कानूनी व्यवस्था छ । यसले केही अप्ठ्याराहरू

सहकारी क्षेत्रमा पारेको छ । स्वभाविक रूपमा तीनै तहका सरकारहरूलाई एक ढंगको तलदेखि माथिसम्म सहज हुनेगरी कानूनी सरलताहरू बनाउनुपर्ने अवस्थामा केही जटिलताहरू सिर्जना गरेको छ । हामी संविधान जारी गरेको पाँचौ वर्ष पुरा भई छैटौं वर्षमा प्रवेश गरिरहँदा यो सन्दर्भमा नेपालको संविधान २०७२ अनुसार सहकारी क्षेत्रले पाउनु पर्ने, सहकारी हाम्रो मुलकको अर्थतन्त्रका तीनवटा खम्बामध्ये सहकारी पनि हो भनिरहँदा सहकारीलाई संविधानत अर्थतन्त्रको एउटा पिलरको रूपमा सुनिश्चित गरियो, व्यवहारत कानूनमा त्यो ढंगका फराकिला बाटाहरू चाँही दिइएको छैन । त्यसले गर्दा यी तीन तहकै सहकारीहरूका लागि सबै तहका हिसाबबाट हेरिएको छैन ।

सहकारीमा हामी भन्न सक्छौ, अब कस्ता सहकारी समुदायमा आधारित, सदस्य केन्द्रित, सहकारीका सिद्धान्त, मूल्य मान्यताभित्र चल्नुपर्ने केही मापदण्डहरू बनाऔं र ती मापदण्डहरू विगतमा थिए त्यसमा केही अप्ठ्यारो भएको छ । ती चिजहरू बनाएर हामीले सहकारीलाई कानूनी हिसाबबाट कहाँ कहाँ असजिलो पऱ्यो । त्यो हिसाबले मिलायर जाने र तीनै तहका सरकारले समन्वय गर्नुपर्ने ऐनको समेत खाँचो हुने भएकोले ऐन निर्माणमा विशेष ध्यान दिनुपर्नेहुन्छ ।

**सरकार र सहकारी बीचको सम्बन्ध कस्तो पाउनुहुन्छ ?**

☛ अहिले के देखिएको छ भने व्यक्ति पिच्छेका सहकारीका धारणा फरक फरक हुँदै जाने, मन्त्रालयमा पनि एकजना मन्त्री आउने एउटा बुझाई हुने, रजिष्ट्रार एउटा आउने उहाँको एउटा बुझाइ हुने, एउटाको बुझाई एउटा अर्कोको बुझाई अर्को ढंगको हुनुहुँदैन । हामी विधिको शासनको कुरा गर्दैगर्दा हाम्रो मुलकको सहकारीलाई हेर्ने निश्चित मापदण्ड बनाउने र त्यो फ्रेमभित्र सबै सहकारीलाई अटाउने तर सहकारीलाई व्यक्तिपिच्छे अलग अलग ढंगले, पूर्वाग्रही ढंगले त्यसलाई गलत व्याख्या, अतिरञ्जित तरिकाबाट प्रशंसा त्यो दुईटै कुरा अवाञ्चित हो, राम्रो होईन । त्यसैले गर्दा सहकारी संस्थाहरूलाई उसले गर्ने काम के हो ? कार्यक्षेत्र के हो ? निश्चित परिभाषा गरेर काम गर्न दिनुपर्छ भन्ने मलाई लाग्छ । त्यो नै सहकारीको आजको आवश्यकता हो । तहगत हिसाबले अथवा माथिबाट हेर्दापनि भिन्न भिन्न ढंगको व्यक्तिपिच्छेका अलग अलग सोचले राम्रो गर्दैन, यसलाई विधिको शासन भनिँदैन । विधिपूर्वक सहकारीलाई चल्न दिने गरिको हाम्रो जुन मान्यता हो, त्यसमा काँही त्रुटी छ भने त्यो त्रुटीलाई मेटाउनुपर्छ ।

**कोभिडपछि सहकारी क्षेत्र कसरी अघि बढ्ला ?**

☛ यो कोभिड हामीले कल्पना नगरेको कोरोना भाइरस भन्छौं । यसले हाम्रो मुलुकको सम्पूर्ण क्षेत्रमा असर छोडेको छ । जस्तै सहकारीमा पनि यसले गम्भिर असर पुऱ्यो । सहकारीमा नियमित रूपमा गरिने आर्थिक क्रियाकलापहरूमा नराम्रो असर छोडेको छ । सहकारीको आफ्नै जीवन छ । यस जीवनभित्र, आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र हामीले साधारणसभा गर्नुपर्ने, लेखा परिक्षण गर्नुपर्ने, यी सम्पूर्ण कुराहरू प्रभावित भएका छन् । ऋण लगेका सदस्यहरूले नियमित ब्याज तिर्न सक्नुभएको छैन । नियमित बचत गर्न आर्थिक समस्या आइपरेको छ । यस्ता थुप्रै अप्ठ्याराहरू देखिएका छन् । अव यो कोभिडले छोडेको अप्ठ्यारोले हाम्रा सहकारीलाई अव आगामी दिनमा कसरी लाने भन्ने नयाँ ढंगको चुनौती थपिएको छ । यो चुनौतीलाई सामना गर्ने प्रभावकारी उपायहरू खोजी गर्नुपर्ने बेला आएको छ ।

**कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति सदस्य र त्यस अन्तर्गतको उपसमितिको संयोजकका रूपमा रहँदा सहकारीको महत्व थप प्रभावकारी बनाउन यहाँको भूमिका कस्तो छ ?**

☛ यस समितिबाट हामीले सहकारीको क्षेत्रको पनि मन्त्रालयसँग छलफल गरिरहेका छौं । अहिलेको समयसन्दर्भ अनुसार मिल्नेगरिको ऐन संशोधन गरौं, सहकारीका क्षेत्रमा देखिएका समस्याहरू के हुन् ती समस्याहरूलाई सरकारको तहबाट वा संसदको तहबाट हामीले के के ऐन कानूनमा सरलता बनाउँदाखेरी हुन्छ वा सरकारले के नीति अख्तियारी गर्नुपर्छ, अनि सहकारीकर्मीहरूका पनि के अप्ठ्याराहरू छन्, यी चिजहरूलाई एउटा टेवलमा छलफल गर्ने परिपाटी सुरू गरेका छौं । मैले समितिमा धेरै सहकारीकर्मीहरूलाई बोलायर छलफल गरेँ साथै मन्त्रालयका अधिकारीज्यूहरू र स्वयं मन्त्रीज्यूहरूसँग पनि यो विषयमा धेरै कुराहरू भैरहेको छ र हामी ऐन, नियमावलीहरूमा देखिएका त्रुटीहरू संशोधनको कुरामा र केही ऐनमा अप्ठ्याराहरू छन् ती अप्ठ्याराहरूलाई तुरून्तै ऐन संशोधन गरेर फुकाउनु पर्ने विषयमा लागि रहेकै छौं ।

सहकारी सञ्चालन सम्बन्धी जुल गलत ढंगका अवधारणाहरू मानिसले पालेका छन् । सहकारीमा काँही एउटाले बदमासी गऱ्यो भने दोष सबै सहकारीलाई लाउने र सहकारी खराव हुन् भनी गीत गाउने मेलो पनि भइरहेको छ । यस्ता चिजहरूलाई निरूत्साहित पार्ने किसिमका गतिविधिहरू अब सरकारले पनि सञ्चालन गर्नुपर्छ । वास्तवमा सहकारी यो हो । ३४/३५ हजार सहकारीको भीडमा पचास सयले नराम्रो गरे भन्दैमा सबै सहकारी नराम्रै हुन्, खराब हुन् भन्ने प्रवृति जुन छ, यो गलत हो । उदाहरणमा हजारौं जहाज उडेका बेला एउटा जहाज दुर्घटना हुन सक्छ । त्यो दुर्घटना भयो भनेर सबै जहाज खराब हुन् भन्न सकिन्न । लाखौं गाडी कुदेका बेला एउटा गाडी दुर्घटना हुन सक्छ, लाखौ गाडी नै खराब हुन् भन्न सकिन्न । त्यसले गर्दा एकादुई खराब हुँदा सबैलाई एकै हुन् भन्नु गलत हो । यो ढंगको परिपाटी अन्त्य गर्नुपर्छ । सहकारीभित्र जसले खराब गरेका छन्, तिनलाई दण्डको दायरामा ल्याउनुपर्छ । जसले राम्रो काम गरेका छन् तिनलाई उत्साहित पनि बनाउनुपर्छ र हाम्रो मुलुकको सुखी नेपाली र समृद्ध नेपाल निर्माण गर्ने अभियानमा महत्वपूर्ण योगदान छ । ग्रामीण भेगसम्म सहकारी संस्थाको पहुँचलाई बढाउने सबै मान्छेलाई सहकारी अभियानभित्र ल्याउने । एकका लागि सबै र सबैका लागि एक भन्ने सहकारीको पवित्र उद्देश्य

छ त्यो उद्देश्यभित्र सबैलाई समाहित गराउने, सहकारीका वास्तविक सिद्धान्त मूल्य मान्यताबाट सहकारीलाई चलाउने र समुदायमा आधारित, सदस्यमा केन्द्रित हुन्छ भन्ने भावनाका साथ सहकारीलाई चलाउने गरी दुवैतर्फका सञ्चालन गर्ने साथीहरूलाई पनि र यसको नियमन अनुगमन गर्ने ठाउँ यी दुइटै सचेत हुनुपर्छ भन्ने लाग्छ । समितिको ठाउँबाट म प्रयत्नशिल छु ।

**नेफस्कूनले ३३औं स्थापना दिवसको अवसरमा यहाँलाई संस्थापक अध्यक्ष सम्मान गर्ने घोषणा गरेको छ । यसलाई कसरी लिनुभएको छ ?**

☛ नेफस्कून र पुरस्कार सम्मान सिफारिस समितिका साथीहरूले मेरो नाम सिफारिस गर्नुभएको रहेछ । मलाई पुरस्कृत गर्ने बेला भएको हो की होईन, मलाई थाहा छैन तर साथीहरूले गर्नुभयो, सिफारिस गर्नु भएकोमा म साथीहरूलाई धन्यवाद दिन्छु ।

म सञ्चालक भएर ६ वर्ष र महासचिव भएर ९ वर्ष, जम्माजम्मी म १४ वर्ष नेफस्कूनमा बसेँ । यी अनुभवहरू हेर्दा खेरी नेफस्कून भित्र त्यो बेलामा स्थापना कालदेखि नेफस्कूनलाई लिएर आउने साथीहरू जुन सोच लिएर अगाडि बढ्नुभयो, उहाँहरूलाई सम्मान गर्नुपर्छ भनेर एउटा थालनी गऱ्यौं । सायद त्यसैको निरन्तरता स्वरूप संस्थापक अध्यक्ष पुरस्कार भनेर राखेका थियौं, मलाई नेफस्कून स्थापना दिवसको दिन म जुम मिटिङमा जोडिएको थिएँ, मेरो नाम घोषणा भयो । मलाई खुसी लागेको छ । म साथीहरूलाई धन्यवाद दिन्छु । म अहिले सांसद हुँदा पनि सहकारीकर्मी नै हो, तर सहकारीको क्षेत्रमा हामीले सम्मान पुरस्कार गर्दाखेरी सम्मानित संस्थाहरू, पुरस्कृत संस्थाहरूले त्यो पुरस्कारको ओज थामिदिनुपर्छ, अहिले पुरस्कृत गऱ्यो भोलि त्यो संस्था कुनै अप्ठ्यारोमा पऱ्यो वा कुनै विवादमा आइदियो भने त्यो पुरस्कारको ओजचाँहि घट्छ जस्तो मलाई लाग्छ । त्यसले गर्दा म मात्रै होईन, जो सम्मानित हुन्छ, त्यसले सहकारी संस्थाका प्रति आफ्नो उत्तरदायी, जिम्मेवारी पुरा



गर्नुपर्छ । कर्मचारी पुरस्कृत हुनुहुन्छ उहाँले सहकारी अभियानका प्रति वा आफ्नो जिम्मेवारी प्रति र जो संस्था पुरस्कृत हुनुहुन्छ उहाँले आफ्नो संस्थाले आफ्नो कार्यक्षेत्र भित्र वा समाजमा दिएको योगदान त्यसलाई नगिर्ने गरी काम गरिदिउँन् भन्ने म चाहन्छु । ताकि पुरस्कार र सम्मान भन्ने चिजको कहिल्यै पनि दुरुपयोग नहोस्, नगर्नुहोस् भन्दछु । यसप्रति पुरस्कृत तथा सम्मानित व्यत्ति संस्था दुवै सचेत हुनुपर्छ । नेफस्कूनले निकै ठूलो मात्रामा पुरस्कार सम्मान दिने गर्छ, यसले सहकारी अभियानलाई र अभियन्ताहरूलाई उत्साहित बनाएको छ भन्ने मलाई लाग्दछ ।

**सहकारी अभियानका लागि यहाँको सन्देश के छ ?**

☛ शुरूमा हामीले नेफस्कून समाचार भनेर चलाउँथ्यौं । नेफस्कून समाचार आजको सन्दर्भमा सूचना प्रविधिको युगमा विकास भईरहँदा नेफस्कूनभित्र यस क्षेत्रका व्यावसायिक कर्मचारीहरूको पनि उपस्थितिले खुसी लागेको छ । तपाईहरूले साकोस आवाज पत्रिका, अनलाइन, यूट्युव, सामाजिक सञ्जाल जुन मार्फत सूचना, समाचार, जानकारी दिइरहनु भएको छ । यसले सहकारीको क्षेत्रमा राम्रा काम गर्नेहरूका लागि पनि प्रोत्साहित गरोस्, सहकारीका क्षेत्रमा कसैको नराम्रो दृष्टि आयो भने पनि त्यसको खण्डन मण्डन र त्यसको उचित जवाफ दिन सकोस् र सहकारी क्षेत्रको प्रवर्द्धन र विकासमा सही सूचना सम्प्रेषण गर्नका लागि साकोस आवाज सफल होस्, मेरो शुभकामना छ ।

❑ ❑ ❑

एकका लागि सबै र सबैका लागि एक भन्ने सहकारीको पवित्र उद्देश्य छ त्यो उद्देश्यभित्र सबैलाई समाहित गराउने, सहकारीका वास्तविक सिद्धान्त मूल्य मान्यताबाट सहकारीलाईचलाउने र समुदायमा आधारित, सदस्यमा केन्द्रित हुन्छ भन्ने भावनाका साथ सहकारीलाई चलाउने गरी दुवैतर्फका सञ्चालन गर्ने साथीहरुलाई पनि र यसको नियमन अनुगमन गर्ने ठाउँ यी दुइटै सचेत हुनुपर्छ भन्ने लाग्छ ।

# सहकारीमा ब्याजदर संशोधन कर्तिक १५ बाट १४.७५% लागू हुने

सहकारी विभागले आगामी कार्तिक १५ गतेबाट लागू हुने गरी मुलुकभरका सहकारीहरूका लागि १४.७५ प्रतिशत ब्याजदर निर्धारण गरेको छ । सहकारी विभागमा आज अपरान्ह बसेको सन्दर्भ ब्याजदर निर्धारण समितिको बैठकले देशभरका सहकारीहरूको ब्याजदरमा एकरूपता कायम गर्न ऋण लगानी गर्दा अधिकतम १४.७५ प्रतिशत भन्दा बढी ब्याज लिन नपाउने निर्णय गरेको हो । यसअघि सहकारी विभागले गत वर्ष अर्थात् २०७६ साल साउन १९ मा पहिलो पटक सहकारीमा १६ प्रतिशत सन्दर्भ ब्याजदर निर्धारण गरेको थियो । उक्त निर्णय पुनरावलोकन गर्दै सन्दर्भ ब्याजदर निर्धारण तथा सिफारिस समितिले नयाँ ब्याजदर तोकेको हो ।



ब्याजदर निर्धारण समितिले देशभरका सहकारीहरूको ब्याजदर अध्ययन गरी सिफारिश गर्न राष्ट्रिय सहकारी महासंघकी बरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लको संयोजकत्वमा ५ सदस्यीय उपसमिति गठन गरेको थियो । उपसमितिको सुझावको आधारमा ब्याजदर निर्धारण समितिले छलफल गरी नयाँ ब्याजदर तोकेको उपसमितिका सदस्य एवं नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले जानकारी गराउनुभयो । ब्याज दर निर्धारणको सम्बन्धमा राय लिन नेफ्स्कूनले आफ्नो सञ्जाल भित्रका सातै प्रदेशका जिल्लाहरूमा सदस्य संस्थाहरूको ब्याजदर सर्वेक्षण गरेको थियो । उक्त सर्वेक्षणले ती संस्थाहरूको औसत ब्याजदर १४.८८ प्रतिशत देखाएको थियो । अध्यक्ष पौड्यालले यस विषयमा धेरै छलफलपछि सहमतिमा पुगेको जानकारी गराउनुभयो ।

सन्दर्भ ब्याजदर निर्धारण समितिको संयोजकमा सहकारी विभागका रजिष्ट्रार टोकराज पाण्डे रहनुभएको छ । सहकारी ऐन, २०७४ को दफा ५१ मा सहकारी विभागका रजिष्ट्रारको संयोजकत्वमा मन्त्रालयका प्रतिनिधि, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघको अध्यक्ष वा निजले तोकेको सञ्चालक प्रतिनिधि, राष्ट्रिय सहकारी बैंकको प्रतिनिधि, महासंघको अध्यक्ष वा निजले तोकेको सञ्चालक एक र महासंघले तोकेको केन्द्रीय विषयगत संघहरूबाट २ जना र सहकारी विभागका उप रजिष्ट्रार सदस्य सचिव रहने समितिको सिफारिशमा सहकारी संस्थाको प्रयोजनका लागि बचत तथा ऋणको सन्दर्भ ब्याजदर (रेफरेन्स इन्ट्रेस्ट रेट) को अधिकतम सीमा तोक्न सक्ने व्यवस्था गरिएको छ । त्यसैगरी, सहकारी नियमावली २०७५ को नियम २३ मा सन्दर्भ ब्याजदर निर्धारण गर्दा ब्याजदर निर्धारण समितिले लिनुपर्ने आधारहरूको व्यवस्था गरिएको छ ।

# रंगीन कलात्मक मास्क उत्पादन गर्दै फिलिपिनो सहकारी

कोभिड-१९ सँगै बदिलएको विश्व परिवेश र स्वास्थ्य आवश्यकताका कारण फिलिपिन्सको एक सहकारीले पनि मास्क उत्पादनमा नवीनता ल्याएको छ । पेनारूबिया प्रान्तको अब्रास्थित नामाराबार इन्डिगो नेचुरल डाई प्रड्युसर्स सहकारीले विभिन्न प्रकारका मास्क उत्पादन गर्दैआएको छ । उक्त सहकारीले स्थानीय टिगुइयन संस्कृतिको पहिचान संरक्षणको प्रयासस्वरूप विभिन्न प्रकारका मास्कहरू उत्पादन गर्न थालेको हो । उक्त सहकारीका प्रमुख लुईस अगाइडले स्थानीय कपडा कम्पनीसँगको सहकार्यमा स्थानीयस्तरमै उपलब्ध कपडा रङ्गाउने अर्गानिक डाइङ् प्रविधिबाट त्यस प्रकारको रङ्गिन र आकर्षक कलेवरको मास्क उत्पादनको कामले तिव्रता पाएको हो । यस्ता मास्कहरू टिकाउ समेत हुने सहकारीको दावी छ । स्थानीय नाम ' मलातायुन' भएको उक्त नील बोट (इन्डिगो प्लान्ट) बाट नीलो, प्याजी लगायतका रंग निकाल्न सकिन्छ भने त्यसरी उत्पादित रंगीन मास्कमा उक्त सहकारीले स्थानीय कर्डिलेरन संस्कृति झल्काउने कला पनि भरेर हेर्दै लोभ लाग्ने स्वरूप दिएको छ । त्यस प्रकारको कलात्मक मास्कको माग अहिले विभिन्न राज्यबाट आइरहेको उक्त सहकारी संस्थाका प्रमुखले जानकारी दिए ।

# महामारी सिर्जित खाद्य सुरक्षाको चुनौती र सहकारीको भूमिका

**शान्ति अधिकारी**

उपाध्यक्ष
नेफ्स्कून



> संसारभर एकैपटक यातायात सेवा रोकिएला, मानिसहरु घरमै बन्दी हुनुपर्ला, व्यक्तिगत सम्पर्कबाट टाढिनुपर्ला भन्ने हामी कसैको कल्पनामा थियो होला ? विश्वकै शक्तिशाली राष्ट्रदेखि अति कम विकसित राष्ट्र यो अवस्थाबाट प्रभावित भएका छन् ।

**परिस्थिति** :

सन् २०१९ को डिसेम्बर महिनामा चीनको वुहानबाट शुरू भएको नोबल कोरोना भाइरसको संक्रमण युरोप, उत्तर तथा दक्षिण अमेरिका, अफ्रिका, अष्ट्रेलिया, एसिया हुँदै दक्षिण एशियाली मुलुक नेपाल सम्म पनि आइपुग्यो । कोभिड-१९ को सम्भावित संक्रमण रोकथामका लागि नेपालमा चैत ११ गतेदेखि सुरू भएको लकडाउन समयक्रममा स्वरूप परिवर्तन गर्दै सटडाउनदेखि प्रतिबन्धात्मक अवस्था हुँदै हालसम्म पनि पूर्णतः खुल्ला भएको छैन । यो लेख तयार पार्दासम्म विश्वमा ३ करोड ७५ लाख भन्दा बढी संक्रमित भएका छन् भने १० लाख ७८ हजार भन्दा बढीको मृत्यु भैसकेको छ । कोरोना कहरबाट सबैभन्दा बढी प्रभावित अमेरिकामा मात्रै करिब ७९ लाख संक्रमित र २ लाख भन्दा बढीको मृत्यु भएको तथ्याङ्क छ । नेपालमा संक्रमितको संख्या १ लाखबाट उकालो लागेको छ भने ६ सय भन्दा बढीले ज्यान गुमाइसकेको तथ्याङ्क छ ।

विश्वको शक्तिशाली मुलुक अमेरिकामा कोरोना भाइरस महामारीबाट १ करोड ८० लाख बालबालिका सहित ५ करोड ४० लाख जनसंख्याले भोकमरीको सामना गर्नपर्ने अनुमान गरिएको छ । यो संख्याले अमेरिकामा मात्रै प्रति ९ जनामा १ जना भोकरीमबाट संघर्ष गर्नु परिरहेको देखाउँछ । भोकमरीको कुनै घेरा बारा र सिमाना हुँदैन, जो पनि यसबाट प्रभावित हुन सक्छन् । प्रतिकूल परिस्थितिले खाद्यान्न उत्पादन घट्न सक्ने, कतिपय मुलुकले आफ्ना कृषि उत्पादनको निकासीमा बन्देज लगाउने लगायतका कारणले अन्तर्राष्ट्रिय बजारमा खाद्यान्नको मूल्य बढ्न सक्ने सम्भावना देखिएको छ । यस्ता कारणले भोकमरीको समस्या आउन सक्ने संभावना प्रबल छ । हाम्रो छिमेकमा ठूलो जनसंख्या भएका मुलुक छन् । हामी आफैमा अन्नमा आत्मनिर्भर छैनौ । आफैलाई अपुग अवस्थामा पनि बजार मागका कारण हाम्रो अन्नबाली छिमेकी मुलुक पुग्न सक्छ । विपत्तिको बेला यो अझ ठूलो संकटको अवस्था हो ।

समाचारहरूलाई आधार मान्ने हो भने कोरोनाको खोप, परिक्षण र उपलब्धताको सम्भवना सुदूर नभएपनि यसले निम्त्याएको समस्या पार लगाउन हामीलाई अलि बढी नै समय लाग्न सक्छ । एउटा महामारी सकियो अब सबै कुरा सामान्य हुन सक्छ भन्ने अवस्था छैन । २०७२ को विनाशकारी भूकम्प, त्यस लगतैको नाकाबन्दीले




हाम्रो मुलुकलाई केही समय अस्तव्यस्त पाऱ्यो । बाढी पहिरोको समस्या त नियमित आकस्मिकता हो । यी यावत् समस्याबाट उम्कन नपाउँदै हामीलाई कारोना भाइरसको असर थपिएको छ ।

संसारभर एकैपटक यातायात सेवा रोकिएला, मानिसहरू घरमै बन्दी हुनुपर्ला, व्यक्तिगत सम्पर्कबाट टाढिनुपर्ला भन्ने हामी कमैको कल्पनामा थियो होला ? विश्वकै शक्तिशाली राष्ट्रदेखि अति कम विकसित राष्ट्र यो अवस्थाबाट प्रभावित भएका छन् । यो समस्याले मानवीयता सबैभन्दा ठूलो कुरा, नैतिकवान सभ्य नागरिक देशको सबैभन्दा ठूलो सम्पत्ति र हातहतियारमा खर्च गर्नुभन्दा स्वास्थ्य क्षेत्रमा पूर्वाधार सम्पन्न बनाउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने पाठ सिकाएको छ । तर यसबाट उम्केर अगाडि बढ्ने र सम्भावित विकराल अवस्थाबाट बच्न गर्नुपर्ने पूर्व तयारीको स्पष्ट कमी हामीमा देखिन्छ ।

**खाद्य सुरक्षाको अवधारणा र हाम्रो अवस्था** :

कोरोना महामारीले सबै भन्दा बढी खाद्य सुरक्षामा असर पार्ने देखिएको छ । सम्पन्न र शक्तिशाली मुलुकमा समेत भोकमरी समस्या पर्ने देखिएको छ भने हाम्रो जस्तो कम विकसित मुलुकमा यस्को प्रभाव अझ बढी पर्ने सम्भावना प्रबल छ ।

खाद्य सुरक्षा अवधारणाको विकास सन् १९७० को मध्यबाट भएको पाइन्छ । तर यसका लागि पर्याप्त काम आज पनि हुन सकेको छैन । खाद्य सुरक्षा भन्नाले खाद्य पदार्थको उत्पादन, त्यसको व्यवस्थित भण्डारण, उपयोग र पहुँचको समग्र अवस्था बुझाउँछ । यसले खाद्य सुरक्षा जोखिममा रहेकाहरूलाई खाद्य सुरक्षा अभावबाट ज्यान गुमाउनुपर्दैन र उनीहरूले पनि खाद्यान्नको सरल सहज उपभोग गर्न पाउनु पर्छ भन्ने मान्यता राख्दछ । खाद्य सुरक्षा अति आवश्यक मानव अधिकार भित्र पर्दछ । नेपालको संविधानको भाग ३ मा मौलिक हक अन्तर्गत खाद्य सम्बन्धी हकको व्यवस्था गरिएको छ । गुणस्तरीय मानव जीवनपायनका लागि खाद्य सुरक्षा अनिवार्य आवश्यकताको रूपमा रहन्छ । आफ्नो आवश्यकता अनुसारको पोषणयुक्त खाद्यान्नको उपलब्धता र उपभोगमा पहुँचको अवस्थाले खाद्य सुरक्षाको अवस्था निर्धारण गर्दछ । कुनै एकको अभावमा खाद्य सुरक्षा भएको मान्न सकिदैन । अर्थात् खाद्यनमा पहुँच छ तर, यसको पोषण तत्व कायम राखेर स्वच्छ तरिकाले उपभोगको ज्ञान भएन भने पनि त्यसलाई खाद्य सुरक्षा मान्न सकिदैन । खाद्य सुरक्षा एक बहुआयामिक अवधारणा हो जसका केही मान्यताहरू छन् । यसमा आधारभूत आवश्यकताको रूपमा खाना हुन्छ । त्यस्तै, कृषि प्रणालीमा परिवर्तन, प्राकृतिक स्रोतको उचित प्रयोग र संरक्षण, सामाजिक शान्ति, भोकमरीको अन्त्य र प्रजातान्त्रिक नियन्त्रण भएमा मात्रै कुनै पनि देशमा खाद्य सुरक्षा रहेको मानिन्छ । विश्व खाद्य शिखर सम्मेलन १९९६ को परिभाषा अनुसार खाद्य सुरक्षाका मुख्य चार आयमहरू छन्:

१. खाद्य सामाग्रीको उपलब्धता (Availability of Food) (उत्पादन, भण्डारण, वितरण) खाधान्नको भौतिक उपलब्धताले आपूर्ति पक्षलाई सम्बोधन गर्दछ । खाद्य उत्पादन, बिक्री वितरण, भण्डारणको प्रणाली महत्वपूर्ण हुन्छ । महामारी जस्ता आपतकालिन समयमा समेत उपलब्धताका निम्ति भण्डारण र वितरण प्रणालिको संयन्त्र निर्माण गर्नु पर्दछ ।

२. खाद्य सामाग्रीमाथिको पहुँच (Accessibility of Food) (खाद्यान्न किन्नका लागि सक्षमता) खाद्यन्नमा पहुँचले व्यक्तिको आवश्यकता अनुसारको पोषणयुक्त खाद्यन्नमा भौतिक र आर्थिक रूपमा पहुँचलाई दर्शाउँछ खाद्यान्नको पर्याप्त आपूर्ति भए पनि नागरिकको क्रयशक्ति भएन भने उपभोग गर्न सक्दैनन । यो आयश्रोत, खर्च, बजारमूल्य र नीतिहरूमा केन्द्रित हुन्छ ।

३. खाद्य सामाग्रीको प्रयोग (Use of Food) (पौष्टिक तत्व जोगाएर प्रयोग गर्ने) शरीरलाई आवश्यक पर्ने प्रोटिन कार्बोहाइड्रेट, भिटामिन र खनिज पदार्थ को श्रोत नै खाना हो खाना खाने बानी ब्यबहार सही नभएमा यी तत्वहरू प्राप्त नहुन सक्छ खानाको गुणस्तर कायम राख्ने, सन्तुलित आहार खाने तौर तरिकाले पोषणको अवस्था बताउछ ।

४. स्थिरता Stability (हरेक अवस्थामा सहज तरीकाले उपलब्ध हुनु) माथिका तीन वटै अवस्थामा

तलमाथि हुनु हुँदैन जस्तै राजनीतिक अस्थिरता, आर्थिक मन्दी, बेरोजगारी, मुल्यवृद्धि, जलबायु परिवर्तनले निम्त्याएको प्रकोप आदिले खाद्य सुरक्षामा असर गर्दछ । वैज्ञानिक प्रविधिले कृषि उत्पादनमा वृद्धि हुन्छ तर भएका उत्पादन खेर जान दिनु हुँदैन रोक्नुपर्छ । जस्तो सुकै सहज असहज परिस्थितिमा पनि स्थिरता आवश्यक हुन्छ ।

विश्वभरका राष्ट्रहरूको साभ्का मञ्च संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा लागि निर्धारण गरेको दीगो विकासका १७ वटा लक्ष्य प्राप्तिका १९३ सदस्य मुलुकले सहमति जनाएका छन् । दीगो विकासका पाँचवटा क्षेत्र निर्धारण गरिएका छन् जसमाः नागरिक PEOPLE, पृथ्वी PLANET, सम्वृद्धि PROSPERITY, शान्ति PEACE र सहभागिता PARTICIPATION रहेका छन् । दीगो विकासको लक्ष्य १ र २ का गरिबी र भोकमरीको अन्त्य प्रत्यक्ष रूपमा खाद्य सुरक्षासँग सम्बन्धित छन् । एक दशकको तथ्यांकलाई केलाउँदा भोकमरीबाट पीडितको संख्या बढ्दो रूपमा रहेको विशेषज्ञहरूको भनाइ छ । यसले गर्दा सन् २०३० सम्ममा दीगो विकास लक्ष्यको प्राप्तिमा चुनौती देखिन्छ ।

विश्व भोकमरी सुचांकमा ११७ राष्ट्र मध्य नेपाल ७३ औं स्थानमा रहेको छ । कुपोषित बालबालिकाको संख्या, बाल मृत्युदर र बालबालिकाको वृद्धि एवं विकासलाई आधार मानेर यस्तो स्तर निर्धारण गरिन्छ । नेपालको भ्कन्डै ४१ प्रतिशत जनसंख्या दैनिक रूपमा आवश्यक २ हजार २ सय ७९ क्यालोरीका लागि चाहिने खाद्यान्न उपभोगबाट बञ्चित रहेको अध्ययनले देखाएको छ । ४१ प्रतिशत बालबालिका दीर्घ कुपोषणबाट पिडीत छन् । १५ प्रतिशत बालबालिकामा ख्याउटेपन छ । नेपालका केही दुर्गम जिल्लाहरू अभ्कै पनि खाद्य असुरक्षामा छन् । यी तथ्यांकले सामान्य अवस्थामा पनि नेपालमा खाद्य सुरक्षाका लागि धेरै काम हुन बाँकी रहेको देखाउँछ । अहिले एकपछि अर्को महामारी र समस्याबाट गुज्रिरहेको परिवेशमा अभ्क बढी सक्रियता आवश्यक पर्दछ । समग्र मानव विकासका लागि देखिएका चुनौती न्यूनीकरण र समाधानमा सहकारीको भूमिकाको खोजी आलेखको प्रमुख ध्येय हो ।


**सहकारीको भूमिका** :

अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) का अनुसार विश्वमा ३० लाख सहकारी छन् । विश्व जनसंख्याको १२ प्रतिशत मानिसहरू सहकारीमा आवद्ध छन् । विश्वभर १० प्रतिशत रोजगारी सहकारी मार्फत सिर्जना भएको छ । विश्वका ३ सय ठूला सहकारीले झण्डै २४ अर्ब नेपाली रूपैयाँ बराबरको कारोवार गर्दछन् । महासंघले राष्ट्र संघीय दीगो विकासका १७ वटा लक्ष्यलाई मुख्य ३ समूहमा विभाजन गरी विश्वका सहकारीलाई तिनको प्राप्तिमा ऐक्यवद्धता जनाउन आब्हान गरेको छ । जसमा १) गरिबी निवारण २) आधारभूत वस्तु तथा सेवा को पहुँच सुधार ३) वातावरणको संरक्षण रहेका छन् । यो आह्वान अनुसार हामी सहकारीकर्मीहरू सामान्य अवस्थामा पनि अन्य मुलुकको तुलनामा बढी सक्रिय हुनुपर्ने अवस्था छ ।

राष्ट्रिय योजना आयोगको पन्ध्रौ आवधिक योजनालाई आधार मान्ने हो भने आर्थिक वर्ष २०७५/०७६ सम्ममा देशभर ३४७६३ सहकारी संघ संस्थामा करिब ६६ लाख सदस्य छन् । प्रारम्भिक सहकारीमा ७७ अर्ब शेयर पूँजी र ३ खर्ब ४६ अर्ब बचत परिचालन भएको छ भने ३ खर्ब ३३ अर्ब ऋण परिचालन भएको छ । सहकारीले ६२ हजारलाई प्रत्यक्ष रोजगारी दिएको छ भने अप्रत्यक्ष लाखौलाई रोजगारी सिर्जना गरेको छ । वित्तीय क्षेत्रमा पहुँच वृद्धि, उद्यमशीलता विकास, गरिबी न्यूनीकरण, महिला सशक्तिकरण गर्दै आर्थिक, सामाजिक सांस्कृतिक रूपान्तरण र जीवनस्तर सुधार तर्फ सहकारी अगाडि बढेको छ ।

अहिलेको बिषम् परिस्थितिमा यतिको श्रोत साधन र जनशक्ति सम्पन्न सहकारी क्षेत्रलाई अरूले भ्कक्भ्कक्याउनु पर्ने अवस्था आउनु नपर्ने हो । तर अपेक्षित रूपमा हामीले योजनावद्ध तरिकाले काम गर्न सकेका छौं की छैनौं निर्मम

सहकारीले ६२ हजारलाई प्रत्यक्ष रोजगारी दिएको छ भने अप्रत्यक्ष लाखौलाई रोजगारी सिर्जना गरेको छ । वित्तीय क्षेत्रमा पहुँच वृद्धि, उद्यमशीलता विकास, गरिबी न्यूनीकरण, महिला सशक्तिकरण गर्दै आर्थिक, सामाजिक सांस्कृतिक रुपान्तरण र जीवनस्तर सुधार तर्फ सहकारी अगाडि बढेको छ ।



समीक्षाका साथ तत्काल सक्रिय हुनु पर्छ । महामारीसँगै गरिबीबाट सबैभन्दा बढी प्रताडित निम्न वर्गीय, सिमान्तकृत एवं असंगठित रोजगारीमा संलग्नहरूलाई सहकारीले कस्तो खालको सेवा प्रवाह गर्नसक्छ ? एक पटक गम्भिर भएर सोच्नु पर्ने र केही गर्नुपर्ने बेला हो । हामीले सहकारीका नाममा खादा र माला लगाएर थुप्रै भाषण गर्‍यौ, ताली पनि बजायौ तर अब एक पटक संस्थाको विनियमको प्रस्तावनाको पाना फेरी एकपटक पल्टाएर अध्ययन गर्नुपर्ने अवस्था आएको छ ।

सम्पूर्ण सहकारीकर्मीहरूको साझा लक्ष्य मानव जीवनस्तर सुधार हो । के हामीले गरिरहेको काममा त्यो लक्ष्य प्रतिविम्वित हुन्छ ? समक्षा गरौं । विगत भन्दा सुधार गर्नुपर्ने हाम्रो कर्तब्य हो तर अहिले कोरोना महामारी र त्यसले खाद्य सुरक्षामा पारेको प्रभावले सुधारिएको जीवनस्तरमा पनि ह्रास आउन सक्छ । त्यसलाई रोकथाम गर्नु पहिलो प्राथमिकता हुनु पर्छ ।

**सहकारी सम्भावनाहरू**:

मुख्य रूपमा खाद्यान्नको उत्पादनमा गिरावट आउन नदिने, उत्पादित खाद्यान्नको सुरक्षा गर्ने र खाद्यान्नमा सबैको पहुँच सुनिश्चत गर्ने काममा हामी सहकारीकर्मीले ध्यान दिनु पर्छ । यसका लागि स्थानीय स्तरमा गर्न सकिने पहलको चर्चा यहाँ गर्न खोजिएको छ ।

**अभिलेख तयार गर्ने**

आफ्ना सदस्यहरूको सूचीबाट खाद्य सुरक्षाको जोखिमा रहेका सदस्यहरूको सूची निकाल्नु पर्छ । अत्यन्त प्रभावित, मध्यम प्रभावित र सामान्य प्रभावितहरू वा सम्भावितहरूको सूची तयार गर्नु पर्छ । तीन सूचीलाई रातो, पहेलो र हरियो रंगका माध्यमबाट सहज पहिचान दिन सकिन्छ । रातो सूचीमा रहेकाहरूलाई तत्काल सहकारी र स्थानीय सरकारका कोष परिचालन गरी राहत उपलब्ध गराउनु पर्छ । यस सूचीमा विभिन्न ग्रामीण इलाकाबाट शहरमा भाडामा बस्ने र दैनिक ज्यालादारीबाट जीवन निर्वाह गर्ने शहरी गरिबहरू पर्न सक्छन् । उनीहरूको काम सबै भन्दा बढी प्रभावित भएको छ । रोजगारीमा अल्प वा पूर्ण विरामले भोकै बस्नु पर्ने अवस्था भएका नागरिकलाई राहत पुर्‍याउनु पर्ने मुख्य कर्तब्य हुन सक्छ ।

**कौशी खेतीमा प्रोत्साहन**

अहिले कौशीखेती तर्फ आकर्षण बढ्दो छ । आफ्नो करेसाबारीको प्रयोगबाट मानिसहरू मौसमी तरकारीमा आत्मनिर्भर बन्दै गएका छन् । यसले खाद्यान्न उत्पादनमा आएको गिरावट रोक्न सक्छ भने अभावका बेला बजारमा उपलब्ध हुने गुणस्तरहीन खाद्यान्न माथिको निर्भरता घटाउन सघाउ पुग्छ । परिवारको स्वास्थ्य सँगसँगै खर्च जोगिन्छ । एक बोट कागतीबाट पाँच सय दाना छतमै फलेको र वर्षौ कागती किन्न नपरेको शहरी क्षेत्रका महिला सहकारीकर्मीको अनुभव छ । नेपालका प्रतिष्ठित व्यक्तिहरूले आफ्ना सामाजिक सञ्जाल मार्फत कौशीमा फलेका हरिया तरकारी र फलफुलका तस्विरहरू राख्दै गर्दा आम सर्वसाधरणलाई पनि कौशी खेती तर्फ आकर्षित गरेको छ । स्थान अभावले छतमा भएपनि कुखुरा पालन गरी मासुमा आत्मनिर्भर भएका छन् । परनिर्भरतालाई कम गर्ने यो सुनौलो अवसर पनि हो । यस कार्यमा विशेष गरी महिलाहरूको रूचि बढेमा परिवारलाई पोषिलो विषादी रहित हरिया तरीकारीको सहजता हुनेछ । घरबाट निस्केका कुहिने फोहोरलाई कम्पोष्ट मलको रूपमा प्रयोग गरेर कौशी खेती वृद्धि गर्न सकिन्छ । सहकारीका सदस्यको पहिलो काम भनेको बचत गर्न जान्नु हो । मितव्ययीयता अपनाए थोरै पूँजीबाट पनि घरलाई व्यवस्थित ढंगबाट सञ्चालन गर्न सकिन्छ । सहकारीले महिला कृषकलाइ आवश्यक श्रोत साधन सहज रूपमा उपलब्ध गराई पारिवारको खाद्य सुरक्षामा सहभागी गराउन सक्छ ।

**शिक्षा तथा सूचना** :

खाद्यान्नको उपलब्धता र पहुँच भएपनि आवश्यक पोषणको मात्रा भएन वा खाना पकाउने र खाने ज्ञान भएन भने त्यसले खाद्य सुरक्षा कायम हुन सक्दैन । जापानीहरूको खानाको संस्कृति विश्वकै उत्कष्ट मानिन्छ । जापानमा सहकारी शुरूवात (सन् १९६०) को अवस्था बाटै सहकारीका सदस्यहरूलाई परिवारको स्वास्थ्यलाई सहयोग गर्ने खानपिनका

तरिका, करेसावारी कसरी सधैं हराभरा बनाउने, फूर्सदको समय कसरी सदुपयोग गर्ने, बाहिरी दुनियाको खबर कसरी थाहा पाउने, बालबालिकाको पढाइमा कसरी सहयोग पुर्‍याउने जस्ता कुराहरू सिकाउने गरिन्थ्यो । हाम्रो समाजमा प्रायः महिलाले नै भान्सा सम्हाल्ने प्रचलन छ । फाष्ट फुड, जंक फुडको साटो बालबालिकाहरूलाइ घरमै बनेका गुणस्तरीय खाजा खान सानैदेखि बानी पार्न सक्नुपर्छ जुन सस्तो र स्वास्थ्यकर दुवै हुन्छ । बालबालिकाहरूलाई जस्तो बानी बसाल्यो त्यही पुष्पित र पल्लवित हुँदै जान्छ । ५१ प्रतिशत महिला सहभागिता र ४० प्रतिशत महिला सञ्चालक भएको नेपालको सहकारी अभियानमा सदस्य हितकर यस्ता जीवनोपयोगी सीप सम्बन्धी शिक्षा तथा सूचना सामयिक प्रवाहका माध्यमबाट असल खाद्य संस्कृति विकासमा सहकारी सेतु स्थापित हुन सक्छ ।

**आपसी समन्वय र सहकार्य**

अहिले सहकारीहरूको पहुँच प्रायः हरेक घरमा छ । यसले सबै भूगोलमा यसको पहुँच प्रमाणित गर्दछ । यति हुँदाहुँदै पनि अन्तर सहकारी समन्वय र सहकार्य संस्कृतिको अभ्यास कम छ । हाम्रो क्षमताको अधिकतम उपयोग गर्न नसक्दा आम सहकारीकर्मीहरू पनि साँच्चिकै सहकारिताको अनुभूति गर्नबाट बञ्चित छन् । लकडाउनका कारण कुनै एक ठाउँमा उत्पादन भएका तरकारी, दुध, कुखुरा, अण्डाले बजार पाउन सकेको छैन भने अन्यत्र तिनै चिजको अभाव (कृत्रिम ?) ले महंगीको मार थपिएको छ । यातायात नचल्दा चितवनमा अधिक मात्रामा उत्पादित तरकारी र कुखुराजन्य उत्पादनले बजार पाउदैन तर तिनै वस्तु घना बस्ती भएका पोखरा, काठमाडौंका सहकारीकर्मीले महँगोमा किन्नु परिरहेको हुन्छ । यस्तो बेला सहकारीकर्मीले समन्वय गरेर दोहोरो लाभ सुरक्षित गर्न सक्नु पर्छ । यसले प्रत्यक्ष अप्रत्यक्ष रूपमा खाद्य सुरक्षामा सघाउ पुग्दछ ।

अन्त्यमा, कोरोना भाइरसले निम्त्याएको परिस्थितिले ज्याला मजदुरी गर्नेहरूको रोजीरोटी खोसिएको छ । बैक वित्तीय संस्थाको ऋण लिएर व्यवसाय शुरू गरेकाहरूले ब्याज तथा किस्ता तिर्न नसक्ने अवस्था सिर्जना भएको छ । आर्थिक उपार्जनका धेरै ढोकाहरू बन्द छन् । पर्यटन, सेवा र निर्माण व्यवसायमा व्याप्त मन्दीले हजारौंको रोजगारी गुमेको छ । दैनिक ज्यालादारी गरी पेट भर्ने मजदुरको अवस्था निकै भयावह छ । बन्दाबन्दी लम्बिदै जाँदा भएको बचत पनि सकिदै गएको छ । खाद्य बजार खुल्ला रहेपनि आकाशिएको मुल्यले सामान्य मानिसलाई किनेर खान असहज भएको छ । यिनै सेरोफेरोमा हामीले ६ महिना बिताई सकेका छौ । अझ कति बिताउनु पर्ने हो यसै भन्न सकिने अवस्था छैन ।

वित्तीय साक्षरता अन्तरगत बचतलाई पहिलो प्राथमिकतामा पारेर धन सिर्जना हुने बचत गर्न सदस्यलाइ उत्प्रेरित गर्ने, कम्तीमा ६ महिनाको लागि खान पुग्ने बचत जम्मा गर्न, घरायसी बजेट बनाएर खर्च गर्न, उद्यमी बन्न, मितब्ययी हुन उत्प्रेरित गर्ने काम सहकारीले गर्न सक्छ ।

कोरोनाले धेरै क्षेत्रमा असर गरेपनि केही बाध्यात्मक सिर्जनशीलता पनि देखिएको छ । लामो समय शहरमा विताएर घर फर्केका युवाले गाउँमा कृषि कार्य गरी वर्षौ बाँझो खेतबारी हराभरा बनाएको देखिन सुनिन थालेको छ । यसलाई स्थानीय सहकारी र स्थानीय सरकारले प्रोत्साहन गर्न सक्नुपर्छ ।

समय बचत गर्ने र खर्च बचत गर्ने प्रविधिलाई जान्ने बुझ्ने र प्रयोग गर्ने बानी विकसित भएको छ । कहिल्यै प्रयोग नभएका मोबाईल एप, विद्युतीय सेवा र विकल्पका खोजी भएका छन् । कार्यालयको काम घरमै बसेर गर्न, पढ्न, कुनै पनि सेवा लिन दिन सजिलो भएको छ । यस्ता कुरालाई सहकारी र स्थानीय सरकारको सहयोगमा प्रोत्साहन गर्न सकिन्छ । प्रविधिले दिएको सुविधा प्रयोग गरी विश्वमा भएका अभ्यास सिक्ने, त्यसलाई स्थानीय क्षेत्रमा अनुकरण गर्ने काममा सहकारी अगुवाले आफुलाई सक्रिय पार्नु पर्छ । कोरोनाको असर निराकरण गर्न सक्रियतापूर्वक सहकारीकर्मीले एक पटक फेरी आफ्नो भूमिका प्रमाणित गर्नु पर्छ । यसलाई अवसरका रूपमा लिन सक्नु पर्छ ।

वित्तीय साक्षरता अन्तरगत बचतलाई पहिलो प्राथमिकतामा पारेर धन सिर्जना हुने बचत गर्न सदस्यलाइ उत्प्रेरित गर्ने, कम्तीमा ६ महिनाको लागि खान पुग्ने बचत जम्मा गर्न, घरायसी बजेट बनाएर खर्च गर्न, उद्यमी बन्न, मितब्ययी हुन उत्प्रेरित गर्ने काम सहकारीले गर्न सक्छ । सहकारी संघ, महासंघहरूले विभिन्न मोडल र योजना निर्माण गरी मातहतका सहकारीलाई सिफारिस गर्ने तथा प्रारम्भिक सहकारीले आफ्ना अनुकरणीय अभ्यासहरू संघ र महासंघलाई जानकारी गराउन सके छिटो र प्रभावकारी रूपमा अभियान सञ्चालन गर्न सकिन्छ । यस्ता अभियानहरूमा स्थानीय सरकारसँगको साझेदारीलाई पनि जोडेर लैजान सके दीगोपना सुनिश्चित गर्दछ । महामारीको असर न्यूनीकरणका लागि सबैको ऐक्यवद्ध प्रयासमार्फत प्राप्त अवसरहरूलाई परिणाममा बदल्दै खाद्य सुरक्षामा सहयोग गर्नुपर्ने समयको माग हो ।

# एकीकरण मार्फत सवल बन्दै साकोसहरु

**दाङ्ग**

दाङ्गमा दुई साकोस एकीकरण भएका छन् । जिल्लाको राप्ती गाउँपालिका ५ सिसहनियास्थित साबिकको हरियाली बचत तथा ऋण सहकारी संस्था लि. र लमही नगरपालिका ५ लमहीस्थित दियो बचत तथा ऋण सहकारी संस्था लि. बीच एकीकरण भई साउन २९ गते भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय प्रदेश नं. ५ रूपन्देहीबाट वैधानिक मान्यता प्राप्त भएको हो ।

एकीकरणको प्रमाण पत्र हस्तान्तरण गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय प्रदेश नं. ५ रूपन्देही सहकारी विभाग प्रमुख शुरेश चन्द्र आचार्यले एकीकृत संस्थालाई बधाइ तथा देशकै अग्रणी संस्था बन्न शुभकामना व्यक्त गर्नुभयो । साबिकको हरियाली साकोस का अध्यक्ष शिवध्वज मल्ल एवम साबिकको दियो साकोसका अध्यक्ष सुदिप किरण आचार्यको संयोजकत्वमा गठित साकोस एकीकरण कार्यदलले शिवध्वज मल्लको संयोजकत्वमा एकीकरण तदर्थ समिति बनाई विगत ६ महिनादेखि लामो प्रयास गरी विधिवत रूपमा एकीकरण गर्न सफल भएको हो ।



एकीकरण पश्चात हरियाली बचत तथा ऋण सहकारी संस्था लि. ले शिवध्वज मल्लको अध्यक्षमा ९ सदस्यीय सञ्चालक समिति र कृष्ण गिरीको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति चयन गरेको छ । साथै एकीकृत संस्थाको केन्द्रीय कार्यालय राप्ती गाउँपालिका ५ सिसहनियामा रहने र लमही नगरपालिका ५ लमहीमा दियो सेवा केन्द्रबाट सदस्यहरूलाई सेवा दिइने एकीकृत संस्थाका व्यवस्थापक उमेश कुमार चौधरीले जानकारी दिनुभयो । साथै एकीकरण पश्चात कुल शेयर सदस्य संख्या ३ हजार ५ जना र वासलात चौबिस करोड चालिस लाख पुगेको संस्थाको लेखा प्रणाली व्यवस्थापन नेफ्स्कूनद्वारा प्रतिपादित नेकोस प्लस सफ्ट्वेयर मार्फत गराइने पनि व्यवस्थापक चौधरीले जानकारी गराउनुभयो ।

संस्थाले केही दिनमै एकीकृत घोषणा सभा समेत गर्ने तयारी गरेको छ । यस अघि २०७६ कार्तिकमा जिल्लाकै लमही नगरपालिकास्थित साबिकको मातृभूमि बचत तथा ऋण सहकारी संस्था लि. र सोही ठाँउको साबिकको तेजस्वी बचत तथा ऋण सहकारी संस्था लि. ले एक आपसमा एकीकरण गरी तेजस्वी मातृभूमि बचत तथा ऋण सहकारी संस्था लि. बाट एकीकृत कारोवार सुरू गरेका थिए ।

**भक्तपुर**

त्यसैगरी भक्तपुरका दुई महिला बचत तथा ऋण सहकारी संस्थाहरू एकीकरण भई साउन ६ गतेदेखि एकीकृत कारोवार सञ्चालन गरेका छन् । चाँगुनारायण नगरपालिकास्थित प्रगतिशील महिला कृषक र नालाछाप महिला बचत तथा ऋण सहकारी संस्था एकीकरण भएर बनेको नालाछाप प्रगतिशील महिला बचत तथा ऋणले आजबाट एकीकृत कारोवार सञ्चालन गरेको हो । एकै प्रकृतिका दुई छिमेकी महिला साकोसहरूले कारोवार, कार्यक्षेत्र र सदस्य विस्तारका साथै राज्यले लिएको नीतिलाई सहयोग गर्न एकीकरण गरेको जनाएका छन् । लामो समयअघि एकीकरण प्रयास भएको दुई संस्थाबीच पछिल्लो पटक फागुन ११ गते संयुक्त बैठक बसेको थियो भने चैत ६ गते एकीकरणको प्रमाणपत्र प्राप्त गरेका थिए ।

एकीकृत संस्थाले सुर्यविनायक नगरपालिकाको ९ र १० तथा चाँगुनारायण नगरपालिकाको ७, ८ र ९ नं वडा समेट्छ । भविष्यमा चाँगुनारायण नगरपालिका भर कार्यक्षेत्र सहित नमूना सहकारी बनाउने योजना संस्थाले राखेको छ ।

❑ ❑ ❑



# गरिबी निवारणका क्षेत्रमा गर्नुपर्ने कामहरु



**निर्मल भट्टराई**

उपाध्यक्ष
गरिबी निवारण कोष, नेपाल

> सरकारले गरिबी निवारणका कार्यक्रमलाई अझ बढी समन्वय र प्रभावकारी बनाउन गरिबी निवारण मन्त्रालय नै खडा गरेको छ । मन्त्रालयले हाल देशभरका गरीबको पहिचान गरी उनीहरुलाई परिचयपत्र वितरण गर्ने कार्यलाई तीव्रता दिएको छ ।

लामो समयदेखि नेपालमा गरिबी एक चुनौती बन्दै आएको छ । संसारका कैयन देशहरू समृद्धिको शिखरमा पुगिसक्दा नेपालमा अझै १८.७ प्रतिशत निरपेक्ष गरिबी कायम हुनु निकै दुःख लाग्दो विषय हो । देशमा विद्यमान बहुआयामिक गरिबीले यस क्षेत्रमा कार्यरत सरकार, दात्री निकाय, गैरसरकारी संघ संस्थालाई राम्ररी निधाउन दिएको छैन । नेपालमा गरिबी निवारणमा अरबौं लगानी गरिसकिएको छ तर गरिबीको चपेटाबाट नेपाल मुक्त हुन सकेको छैन । विस्तारै लयमा हिड्न थालेको नेपाली अर्थतन्त्रलाई कोरोनाले तहसनहस पार्ने खतरा उत्पन्न भएको छ । यसबाट नेपालको गरिबी बढ्ने आंकलन गरिदैछ ।

संसारमा हजारौं वर्षदेखि मानव समुदायमा असमानता विद्यमान छ । असमानताको कारणको बारेमा संसारमा भीमकाय बहस भएका छन्, हुदैछन् । विश्वविख्यात विद्वान कार्ल मार्कस् मानव समुदाय आदिम साम्यवादबाट दास युगमा प्रवेश गरेदेखि नै असमानताको शिकार बन्दै आएको तर्क प्रस्तुत गर्दछन् । उनको मत अनुसार समाजका केही मुठ्ठीभर मानिसहरूले उत्पादनका साधनमाथि कब्जा जमाएका कारण समाजका बहुसंख्यक जनता चरम असमानता र गरिबीको शिकार बनेका हुन् । विश्वव्यापी असमानताको कारणबारे अर्का विद्वान जारेड डायमण्ड लेख्दछन् बरफ युगपछिका तेह्र हजार वर्षमा संसारमा तीन प्रकारका समाज अस्तित्वमा आए । पहिलो, धातुका औजार सहितको साक्षर औद्योगिक समाज, दोश्रो, खेतीपाती गर्ने निरक्षर समाज र तेश्रो ढुंगाका हतियारले शिकार गरेर जीवन यापन गर्ने समाज । उनको मत अनुसार अहिलेसम्म कायम रहेको विश्व व्यापी असमानताको प्रमुख कारण त्यही हो । पहिलो समाजले स्वभाविक रूपमा अरू समाजलाई प्रभूतवमा राखिरहँदा, श्रोत र साधनमाथिको उसको नियन्त्रणको कारण विश्व व्यापी असमानता र गरिबी कायम छ ।

गरिबीको मार खेपिरहेको अरू राष्ट्रझैं नेपालले पनि लामों समयदेखि गरिबीको विरूद्धमा अथक संघर्ष गर्दै आएको छ । शदीयौंदेखि अस्सातमा रहेको सामन्तवादको अन्त्यको लडाईको सफलता सगै नेपालमा विद्यमान गरिबी निवारण गर्न ठोस कदम अगाडि सारियो । विश्व बैंकको अनुदान सहयोगमा २०६० सालमा स्थापित गरिबी निवारण कोषले आठ लाखभन्दा बढी निरपेक्ष गरिबी रेखा मुनि रहेका घर परिवारलाई उनीहरूको जीवनस्तर उठाउन अरबौंको




लगानी गऱ्यौं । यो अवधिमा कोषले निरपेक्ष गरिबीको रेखा मुनि रहेका जनता वसोवास गरेको क्षेत्रमा ३२ हजारभन्दा बढी सामुदायिक संस्थाको निर्माण गरी उनीहरूकै मागको आधारमा घुम्ती कोषको निर्माण गरी उद्यमशीलता र आय आर्जनका कार्यक्रम अगाडि बढायो । तर देशको संक्रमण काल, कोषको केन्द्रीकृत ढाँचा र कतिपय व्यवस्थापकीय कमजोरीका कारण ती कार्यक्रम अपेक्षाकृत सफलता हासिल गर्न सकेनन् ।

यही अवधिमा गरिबसँग विश्वेश्वर कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम, ग्रामीण स्वावलम्बन कार्यक्रम लगायतले समेत गरिबी निवारणको क्षेत्रमा काम गरिरहे । कार्यक्रममा सिर्जनात्मकताको अभाव, कमजोरीको निरन्तर पुनरावृत्ति, नीतिगत अष्पष्टता, स्थानीय जनप्रतिनिधि नहुनु जस्ता कमजोरीका कारण ती कार्यक्रममाथि पनि प्रश्न चिन्ह खडा भएको छ ।

सरकारले गरिबी निवारणका कार्यक्रमलाई अझ बढी समन्वय र प्रभावकारी बनाउन गरिबी निवारण मन्त्रालय नै खडा गरेको छ । मन्त्रालयले हाल देशभरका गरीबको पहिचान गरी उनीहरूलाई परिचयपत्र वितरण गर्ने कार्यलाई तीव्रता दिएको छ । पच्चीसभन्दा बढी जिल्लामा गरिबीको परिचयपत्र वितरण गर्ने कार्य सम्पन्न भईसकेको छ ।

समय बदलिएको छ । देशको परिवेश बदलिएको छ । देश नयाँ युगमा प्रवेश गरेको छ । हिजोको जस्तो केन्द्रीकृत शासन प्रणालीमा तयार गरिएका गरिबी निवारण सम्वन्धी कार्यक्रम मात्र होईन राज्यका सबै नीति र कार्यक्रममाथि पुनरावलोकन जरूरी छ । अहिलेको शक्तिशाली एवं स्थिर सरकारले पुराना ढाँचाका निस्प्रभावी कार्यक्रमको निरन्तरता दिएर पुग्दैन, नयाँ ढाँचाका प्रभावकारी कार्यक्रमको शुरूआत गर्नुपर्छ ।

अल्वर्ट आइन्स्टाइनले एउटै काम बारम्बार दोहोऱ्याएर फरक परिणामको आश गर्नुलाई पागलपनको संज्ञा दिएका छन् । "सुखी नेपाली समृद्ध नेपाल" को मूल नारामा अगाडि बढेको सरकारले यस्तो गल्ती गर्न सक्दैन, कदापि गर्न सक्दैन । त्यसकारण विगतमा विभिन्न सन्दर्भमा शुरू गरिएका एकै प्रकृतिको गरीब लक्षित कार्यक्रमहरूको समायोजन, व्यवस्थापन र ढाँचा परिवर्तन अति जरूरी भईसकेको छ ।

नेपालको संविधान २०७२ ले गरिबी निवारणलाई तीनै तहको सरकारको कार्य क्षेत्रभित्र समावेश गरेको छ । संघीय, प्रादेशिक र स्थानीय सरकारको समन्वय र सहभागितामा मात्र गरिबी निवारणका समग्र कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन हुन सक्दछन् । गरिबी निवारण मन्त्रालय र गरिबी निवारण कोषजस्ता केन्द्रीय संरचनाले नीति निर्माणको, अनुसन्धानपछि प्रभावकारी परियोजनाको निर्माण गर्न सक्दछन् भने प्रादेशिक र स्थानीय सरकारले प्रभावकारी कार्यान्वयन गर्न सक्दछन् । विगतमा जस्तो हुम्लाको अति दुर्गम गाउँमा गरीब परिवारको सामुदायिक संस्था निर्माण गर्न केन्द्रबाट टोली खटिनु पर्ने अवस्था अहिले छैन ।

निःसन्देह, नेपालको गरिबी निवारण नगरी नेपाल समृद्धिशाली वन्न सक्दैन । न देश समाजवादी मार्गमै अगाडि बढ्न सक्दछ । राष्ट्रिय उत्पादनलाई हुँदैसम्मको उचाईमा नपुऱ्याई न्यायोचित वितरण गर्न सकिदैन र न्यायोचित वितरण नगरी समाजवादी राज्यको स्थापना गर्न सकिदैन । विडम्बना नै भन्नु पर्दछ, उत्पादनको शैशवावस्थामा रहेको हाम्रो देशको कैयौं कार्यक्रमहरू उत्पादनमुखी नभई वितरणमुखी र अनुदानमुखी छन् । गरिबी निवारण कार्यक्रम, कृषि आधुनिकीकरण कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रम लगायत थुप्रै कार्यक्रमहरू वितरणमुखी र अनुदानमुखी रहदै आएका छन् । यस्ता कार्यक्रमले एकातिर गरीब एवं विपन्न जनतालाई सरकारको आडिलो संरक्षकत्व प्रदान गरेको छ भने अर्कोतिर जनतामा आफू परिश्रम नगरी सरकारको मात्र मुख ताक्ने मनोवृत्ति विकास हुने खतरा समेत पैदा गरेको छ ।

घामजस्तै छर्लङ्ग छ, राज्यले जनतालाई लड्डु बाँडेजस्तो पैसा बाँडेर गरिबी निवारण हुँदैन । एउटा भनाई छ, "तपाई कसैलाई एउटा माछा दिनुहोस् उसको एक दिनको छाक त टर्छ तर तपाईं कसैलाई माछा मार्न सिकाउनु होस उसको गुजारा चल्दछ ।" अहिले

वितरणमुखी केही कार्यक्रम चलाएर गरिबी निवारण हुँदैन बरू उनीहरूलाई उत्पादनमा जोडेर, नाफामा सहभागी बनाएर, आधुनिक प्रविधिमा उनीहरूको पहुँच बढाएर, स्थानीय श्रोत र साधनको प्रयोग गरेर गरिबी न्यूनीकरण गर्न सकिन्छ । देशको अर्थतन्त्रका प्रमुख तीन मेरूदण्ड (कृषि, पर्यटन र उर्जा) मा उनको सहभागिता बढाएर देशलाई चाँडोभन्दा चाँडो गरिबीको चपेटाबाट बाहिर ल्याउन सकिन्छ । आर्थिक उपार्जनका उपायहरूको खोजी आफै गर्न सक्ने बनाउन सकिए मात्र गरीब नेपाली जनतालाई समृद्धिको मार्गमा डोहोर्याउन सकिन्छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको राष्ट्रपति उम्मेद्वार बन्नुभन्दा केही समय पहिले प्रकाशित "हामी तपाईंलाई किन धनी बनाउन चाहन्छौं" भन्ने पुस्तकमा मानिस धनी बन्न असफल हुने दश कारण उल्लेख गरिएको छ । ती कारण हुन्ः १) अल्छ्याईं २) खराब बानी ३) शिक्षाको कमी ४) अनुभवको कमी ५) सही मार्ग निर्देशनको कमी ६) खराब मनोवृत्ति ७) परिवार र साथीहरूको खराब प्रभाव ८) कुनै काममा केन्द्रित भएर लाग्ने बानीको अभाव ९) दृढताको अभाव र १०) साहसको कमी ।

हाम्रो देशमा पनि जनजनमा यस्ता समस्या छन् । योभन्दा बढी हाम्रो देशमा नकारात्मकताले जरो गाडेर बसेको छ । सरकारले गरेका राम्रा र दुरगामी कामको समेत उछित्तो काड्ने परिपाटी कायम छ । गरीब नेपाली जनतालाई यस्ता समस्याबाट मुक्त पार्न ठूल्ठूला अभियान सञ्चालन गर्नु पर्ने आवश्यकता छ । यथा सम्भव सबै जनतालाई उत्पादनमा जोडी प्रतिस्पर्धाको माध्यमद्वारा सवलीकरण गर्ने दिशामा अग्रसर गराउनु पर्छ ।

गरिबी निवारण कार्यक्रम लगायत राज्यद्वारा सञ्चालित जनता लक्षित प्रायः सबै कार्यक्रमहरूले क्रमभंगताको माग गरिरहेछन् । तीव्र आर्थिक विकासको मार्गमा लम्किरहेको, चीन, भारत लगायत सबै मित्रराष्ट्रले सहयोगी सकारात्मक हात फैलाईरहेको, देशमा शान्ति, स्थिरता र सुशासनमा गुणात्मक सुधार भएको हाम्रो देशमा यो क्रमभंगताको अपेक्षा गर्न सकिन्छ ।

> नेपालमा सफलताको मार्गमा अघि बढिरहेको सहकारी क्षेत्रको नेतृत्व गरिरहेका राष्ट्रिय सहकारी महासंघ र नेफ्स्कूनसँग समन्वय र सहकार्यले वर्तमान अवस्थामा गरिबी निवारणमा तीव्रतामात्र आउने होईन, नेपाली मोडलको समाजवाद निर्माणको अधार समेत तयार हुनेछ ।

विगतमा सरकार बनाउन र गिराउन राजनीतिक पार्टीहरूले धेरै समय र शक्ति खर्च गर्दै आएका थिए । गत निर्वाचनमा नेपाली जनताले पार्टीहरूलाई त्यो झंझटबाट मुक्त गरिदिएका छन् । अब कुनै राजनीतिक पार्टीले दुई आवधिक निर्वाचन विचमा सरकार गिराउन र बनाउन शक्ति खर्च गर्नु पर्ने छैन । त्यो काम सार्वभौम जनताको हो । तसर्थ अबका कैयन् वर्ष स्थिर सरकारकै पक्षमा नेपाली जनताले अभिमत जाहेर गर्ने निस्चित प्राय : छ । यसर्थ मूलधारका राजनीतिक पार्टीहरूले आफ्नो सम्पूर्ण शक्ति देशको विकास र समृद्धिमा लगाउन सके सम्पन्न देश बनाउने हाम्रो लक्ष अब टाढा छैन ।

यिनै परिवेशमा नेपाल सरकाले चालु वर्षको बजेटमा गरिबी निवारण कोषले प्रवर्धन गरेका ३२ हजार ४ सय ७६ सामुदायिक संस्थामा घुम्ती कोषमा रहेको करिब १९ अरब रकमलाई पालिकास्तरमा सहकारीकरण गर्ने र सोमार्फत १ लाख ५० हजार रोजगारी सिर्जना गर्ने नीति लिएको छ । साना -साना समूहमा छरिएर रहेको पूंजीलाई पालिकास्तरमा एकीकृत गर्दा ठूलो पूँजी निर्माण मात्र हुने होईन, सहकारीमार्फत सक्रियसमेत हुनेछ । देशको अधिकांश ग्रामीण इलाकामा ससाना समूहमा छरिएर रहेको २० अरबको हाराहारीमा रहेको पूँजीलाई सहकारीमार्फत सक्रिय बनाउदा कोरोनाले थलिएको ग्रामीण अर्थतन्त्रलाई यो अभियानले केही भए पनि राहत प्रदान गर्नेछ । रोजगारी सिर्जना गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । माहामारीका कारण वैदेशिक रोजगार गुमेर घर फर्केका युवालाई आफ्नै वरि परी उद्यम गर्न चाहिने आवश्यक पूँजी पालिकास्तरमा उपलब्ध गराउन गरिबी निवारण कोषको यो कदम प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ ।

उद्यमशीलता र रोजगारीको क्षेत्रमा काम गरिरहेका प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा तथा साना व्यवसायी स्वरोजगार कोषलगायतले पनि गरिबी निवारण कोषको यो कार्यक्रमसँग पालिकास्तरमा समन्वय गरेर पारदर्शी ढंगले अगाडि बढ्ने हो भने नेपालको गरिबी निवारणमा छोटो समयमा उल्लेख्य प्रगति हुने अपेक्षा गर्न सकिन्छ । नेपालमा सफलताको मार्गमा अघि बढिरहेको सहकारी क्षेत्रको नेतृत्व गरिरहेका राष्ट्रिय सहकारी महासंघ र नेफ्स्कूनसँग समन्वय र सहकार्यले वर्तमान अवस्थामा गरिबी निवारणमा तीव्रतामात्र आउने होईन, नेपाली मोडलको समाजवाद निर्माणको अधार समेत तयार हुनेछ ।

गरिब, सर्वहारा र श्रमजीवी जनताको नेतृत्व गर्दै आएको पार्टी नेपाल कम्युनिस्ट पार्टीको सरकारसँग त्यो वर्गको बढी अपेक्षा हुनु जति स्वाभाविक छ, त्यति नै तिनै तहका सरकारबाट ती वर्गको उत्थानका लागि प्रभावकारी कार्यक्रम निर्माण र कार्यान्वयन पनि सर्वत्र अपेक्षित छ ।

# सहकारीको वार्षिक साधारण सभा सम्बन्धी नेफस्कूनको

## मार्गनिर्देशन

नेफस्कूनले आफ्ना सदस्य संघसंस्थाहरूलाई स्वनियमनमा सहयोग पुग्ने उद्देश्यले संघको ३३ औं स्थापना दिवसका अवसरमा गत साउन ३२ गते आयोजित औपचारिक कार्यक्रमका बीच एकीकृत स्वनियमन मार्गनिर्देशनः २०७७ जारी गरेको थियो । उक्त मार्गनिर्देशनमा महामारीको समयमा वार्षिक साधारण सभा आयोजना सम्बन्धी उपशीर्षकमा राखिएका सुझावहरूः

महामारीको विषम परिस्थितिमा प्रचलित ऐन, कानुनभित्र रही सहकारीको प्रजातान्त्रिक नियन्त्रणको सिद्धान्तअनुसार सुशासित रूपमा साधारणसभा सम्पन्न गर्न उपस्थिति सुरु भएको बढीमा ७ दिनभित्र तपसिल बमोजिमका सम्पूर्ण प्रक्रिया सम्पन हुने गरी साधारणसभा सञ्चालन गर्नुपर्नेछ ।

१) संघसंस्थाले वार्षिक साधारणसभा आयोजना गर्दा समुदाय, सदस्य तथा कर्मचारीहरूको स्वास्थ्य जोखिम नहुने गरी जुनसुकै विकल्प छनोट गर्न सक्नेछ । यसका लागि विद्यमान आन्तरिक कार्यविधिमा सञ्चालक समितिले निर्णय गरी परिमार्जन गर्न सकिनेछ ।

२) साधारणसभा सञ्चालनका लागि परिमार्जित कार्यविधि सदस्यहरूलाई साधारणसभा आयोजना हुनुभन्दा ३० दिन अगावै जानकारी गराउनुपर्नेछ । यसका लागि सामाजिक सञ्जाल, आमसञ्चार, ग्रुप म्यासेज, इमेल, प्रिन्टिङ सामग्री उपलब्ध गराई गराउन सकिनेछ ।

३) साधारणसभा आयोजना गर्नुभन्दा कम्तीमा १५ दिन अगावै सदस्यहरूलाई कार्यसूचीसहितको पत्रमार्फत सूचना गर्नुपर्नेछ । पत्रसाथ बाह्य लेखापरीक्षण प्रतिवेदन, वार्षिक प्रतिवेदन र आगामी वर्षको प्रस्तावित योजना तथा बजेट उपलब्ध गराउनुपर्नेछ ।

४) महामारी अवधिमा सम्पन्न गर्न लागिएको साधारणसभाको कार्यविधि परिमार्जन सम्बन्धमा र यसको अवश्यकताका बारेमा सदस्यहरूलाई सामाजिक सञ्जाल, आमसञ्चार, ग्रुप म्यासेज, इमेल, प्रिन्टिङ सामग्री, साना समूहको टोल छलफल वा समुदायका अगुवा सदस्यहरूमार्फत जानकारी गराउनुपर्नेछ ।

५) नियामक निकायको पूर्व सहमतिमा सदस्य संख्या, कार्यक्षेत्र, व्यवस्थापकीय क्षमताको आधारमा दूर सहभागितासमेतको कार्यविधि संलग्न गरी साधारणसभा आयोजनाको अनुमति लिई सोहीअनुसार सदस्यहरूलाई जानकारी गराई साधारणसभा सम्पन्न गर्न सकिनेछ ।

६) साधारणसभामा सदस्य सहभागिताको उपस्थिति साधारणसभा आयोजना हुने दिनभन्दा ७ दिन अगावैदेखि संस्थाको साधारणसभासम्बन्धी आन्तरिक कार्यविधिमा तोकिएको स्थानमा सदस्य स्वयं उपस्थित भई महामारीमा साधारणसभा सञ्चालन कार्यदलले तोकेको प्रक्रिया पूरा गरी उपस्थिति जनाउन सकिनेछ ।

७) सदस्य संघसंस्थाले महामारीमा साधारणसभा सञ्चालनलाई व्यवस्थित गर्नका लागि सञ्चालक समितिले तोकेको एकजना सञ्चालकको संयोजकत्वमा व्यवस्थापकसमेत सदस्य रहने गरी बढीमा ५ जनाको कार्यदल गठन गर्ने । कार्यदलमा स्थानीय तहका प्रतिनिधिहरूलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सकिनेछ ।

८) प्राविधिक रूपमा दूर तथा अभौतिक सहभागिता जनाउन सक्ने सदस्यहरूको विवरण तयार गरी दूर तथा अभौतिक छलफलका विधिहरू निश्चय गरी सञ्चालक समितिका तर्फबाट प्रस्तुत हुने प्रतिवेदनहरू, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, बाह्य लेखा परीक्षण प्रतिवेदन र अन्य आवश्यक प्रतिवेदनहरूमाथि छलफल गर्न सकिनेछ । दूर तथा अभौतिक छलफल साधारणसभाको उपस्थिति पुस्तिकामा हस्ताक्षर गरेका सदस्यहरूको बीचमा मात्र सञ्चालन गर्न-गराउन पर्नेछ ।

९) दूर तथा अभौतिक रूपमा सहभागिता जनाउन नसक्ने सदस्यहरूलाई संस्थाले तयार गरेको विस्तारित मञ्च (टोल भेला) को सूची स्थानीय तह वा प्रशासनबाट जारी भएको भेला हुन पाउने अंकमा अधिकतम नहुने गरी उपस्थिति जनाएका सदस्यहरूको बीचमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदनहरू, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, बाह्य लेखापरीक्षण प्रतिवेदन र अन्य आवश्यक प्रतिवेदनहरूमाथि छलफल गर्नुपर्नेछ ।

१०) दूर तथा अभौतिक रूपमा सञ्चालन गरिएको छलफललाई सम्भव भएसम्म प्राविधिक रूपमा अभिलेख राख्ने, त्यो सम्भव नभए छलफलको व्यवस्थापनबाट जिम्मेवारी तोकी लिखित अभिलेख तयार गर्ने ।

११) साधारणसभामा प्रस्तुत हुने प्रतिवेदन तथा प्रस्तावहरूउपर फरक मत राख्ने सदस्यहरूको फरक मत अलग्गै अभिलेख तयार गरी संकलन गर्नुपर्दछ ।

१२) दूर तथा अभौतिक छलफल र विस्तारित मञ्च (टोल भेला) बाट समानुपातिक प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको कम्तीमा दोब्बर संख्या अन्तिम छलफलको

निर्णय, एकीकृत तथा प्रमाणितका लागि छनोट गर्नुपर्नेछ ।

१३) यदि निर्वाचन हुने साधारणसभा भएमा निर्वाचनको कार्यक्रम कम्तीमा १५ दिन अगावै सार्वजनिक गर्ने र यदि गोप्य मतदानमार्फत निर्णय लिनुपर्ने भएमा साधारणसभाको उपस्थितिको समयमा नै मतदानको व्यवस्था मिलाउने । यसरी निर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिलाई अन्तिम छलफल, निर्णय एकीकृत तथा प्रमाणितका लागि छनोट गरिएका प्रतिनिधिहरूको बीचमा सपथ गराउनुपर्नेछ ।

१४) यदि स्थानीय तह र प्रशासनले अनुमति दिइएको हदसम्म फरक मत राख्ने सदस्यहरूलाई आफ्नो मत जाहेर गर्न अन्तिम छलफल गर्ने भेलामा उपस्थित गराउन सकिनेछ ।

१५) संस्थाका सञ्चालक समिति सबै र अन्तिम भेलामा उपस्थितमध्ये सञ्चालक समितिभन्दा कम्तीमा एकजना बढी प्रतिनिधि छनोट गरी साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्नुपर्नेछ ।

१६) लघुवित्त सञ्चालन गरेका संस्थाहरूको हकमा लघुवित्त समूहलाई विस्तारित मञ्च (टोल भेला) को रूपमा साधारणसभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदनहरू, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, बाह्य लेखापरीक्षण प्रतिवेदन र अन्य आवश्यक प्रतिवेदनहरूमाथि छलफल गर्न सकिनेछ ।

सामान्य अवस्थामाः (१) संघसंस्थाले सामान्य अवस्थामा सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, सहकारी संस्थाको साधारणसभा (कार्य व्यवस्था) निर्देशिका, २०७६ र सम्बन्धित नियामक निकायहरूले जारी गरेको ऐन-नियम बमोजिम वार्षिक साधारणसभा सम्पन्न गर्नुपर्नेछ ।

# सिको साकोसको वार्षिक साधारण सभा

"सिप र श्रम युवाको : वित्तीय सेवा सिकोको" भन्ने मुल नाराका साथ बर्दियाको ठाकुरबाबा १ स्थित सिको बचत तथा ऋण सहकारी संस्था लि. को तेस्रो वार्षिक साधारण असोज १७ गते सम्पन्न भयो । कोभिड १९ महामारीको बढ्दो संक्रमणका बीच स्वास्थ्य सतर्कता, भौतिक दूरी सहित सरोकारवाला निकायबाट जारी साधारण सभा सञ्चालन सम्बन्धी निर्देशिकाहरूको पालना गर्दै सदस्यको सर्वोच्चता र प्रजातान्त्रिक नियन्त्रण प्रणाली मार्फत सदस्यहरूको सर्वोच्च सभा साधारणसभा सफलतापूर्वक सम्पन्न भएको संस्थाका अध्यक्ष दामोदर अधिकारीले जानकारी गराउनुभयो ।

साधारणसभाको उद्घाटन ठाकुरबाबा नगरपालिकाका नगरप्रमुख घन नारायण श्रेष्ठले गर्नुभएको थियो । साकोसको २०७७ भाद्र १४ गतेको सञ्चालक समितिको बैठकको निर्णयबाट साधारण सभा तयारी, लेखा परिक्षण, वार्षिक नीति तथा योजना र बजेट तयारी, प्रतिवेदन छपाई, महामारीमा साधारण सभा सञ्चालन सम्वन्धी कार्यविधि २०७७ निर्माण सहित साधारणसभाको प्रारम्भ भएको थियो । साथै साधारणसभा कार्यदल गठन, सदस्य घरदैलो कार्यक्रम, प्रतिवेदन र प्रस्ताव प्रेसित, उपस्थिति केन्द्र तयारी, भर्चुअल (रेडियो) प्रतिवेदन सार्वजनिकीकरण र अन्तरक्रिया, भर्चुअल सदस्य अन्तरक्रिया, ड्रप बक्स मार्फत सुझाव संकलन सहित भौतिक र अभौतिक मिश्रित पद्धती मार्फत साधारणसभाका सम्पूर्ण प्रक्रियाहरू पुरा गरिएको थियो ।

मिश्रीत पद्धति अपनाउदै केन्द्रबाट माइन्यूट प्रमाणित गर्न छनौट भएका सदस्यहरूको उपस्थितिमा भौतिक दूरी सहित माइन्यूट प्रमाणित गर्दै साधारणसभा सम्पन्न भएको संस्थाका अध्यक्ष अधिकारीले जानकारी गराउनुभयो । ७ हजार ३ सय ८० सदस्य रहेको साकोसको साधारण सभामा ६८ प्रतिशत सदस्यहरूको उपस्थिति रहेका थियो । साधारण सभाले साकोस एकरूपता प्रणालीको अवलम्बन, विषयगत सहकारी संस्थाहरूको एकीकरणमार्फत अभियानको सुदृढीकरण, एक अंकको ब्याजदरमा युवा स्वरोजगार ऋण, सिको स्मार्ट कृषि गाउँ एक टोल एक उत्पादन, सिको जिविकोपार्जन




क्लबमार्फत महिला तथा विपन्न सदस्यहरूमा विना धितो ऋण, प्रविधिगत सुधार, स्थानीय निकायसँगको सहकार्यमा ४ प्रतिशत ब्याजदरमा स्वरोजगार ऋण कार्यक्रमलाई विशेष कार्यक्रमको रूपमा पारित गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुखले बचत मार्फत निर्माण भएको पूँजी अब उत्पादन वृद्धि र ब्याावसायिक लगानीको योजना अगाडि बढाउनुपर्नेमा जोड दिनु भयो । सभामा ५१ जना व्यावसायिक सदस्यलाई ग्रीन कार्ड प्रदान गर्ने, उत्कृष्ट २ सय जना शेयर खरीद कर्ता, बचत कर्ता, बाल बचत कर्ता, सदस्य अभिवृद्धि योगदान र उत्कृष्ट ३ वटा सिको जिविकोपार्जन दिदीबहिनी क्लबलाई सम्मान तथा पुरस्कृत घोषणा गरिएको थियो ।

❑ ❑ ❑

## "आधारशिलामा साझेदारी, वित्तीय पहुँच र स्व-रोजगारी"

# आधारशीला कार्यक्रम

सहकारी क्षेत्रको स्वतन्त्र विकास र परिचालनमार्फत समाजवाद उन्मूख अर्थतन्त्र निर्माण गर्ने राज्यको संकल्प बमोजिम देशको आर्थिक विकासको प्रमुख स्तम्भको रूपमा सहकारी एक महत्वपूर्ण क्षेत्र भएकोले संघीय संरचनामा प्रवेशसँगै, वहुसंख्यक सहकारीहरू स्थानीय तहको मातहतमा रहेको, ग्रामीण र दुर्गम क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरू सहकारी सञ्चालन, व्यवस्थापनको ज्ञान, सीपको अभावमा सुशासित र व्यवस्थित गर्नुपर्ने वर्तमान अवस्थामा स्थानीयतहमा समेत सहकारी अनुगमन नियमनसम्बन्धी आवश्यक दक्ष जनशक्तिको अभाव रहेकोले केन्द्रीय संघ र स्थानीयतहसँगको साझेदारीमा वित्तीय पहुँच अभिबृद्धि, सहकारी संस्थाहरूको दिगो संस्थागत विकास, सञ्जालीकरण र उद्यमशीलतामार्फत सदस्यहरूको जीवनस्तर सुधार गर्ने अभिप्राय राखि सहकारी क्षेत्रमा प्राप्त उपलब्धिको सम्बर्द्धन गर्न नेफ्स्कूनद्धारा प्रारम्भ गरिएको आधारशिला कार्यक्रम कार्यान्वयन गरिएको छ ।

**कार्यक्रमका चरणहरू**

| | |
|---|---|
| सञ्जालीकरण (Networking) | • सञ्जालमा आवद्ध<br>• गुणस्तर सुनिश्चितताको कार्यक्रममा आवद्धता<br>• नेतृत्व विकास<br>• स्व-नियमन<br>• प्रविधिमा पहुँच, उद्यमशिलता विकास र बजारीकरण<br>• सम्बन्ध विस्तार |
| प्रवर्द्धन (Promotion) | • सहकारी शिक्षा<br>• सदस्यता अभिमुखीकरण<br>• गरिबी निवारणमा सहकारी भुमिका<br>• सदस्य सहभागिता |
| विकास (Development) | • नमुना नीतिहरू निर्माण तथा सहजीकरण<br>• लेखा व्यवस्थापन तालिम<br>• योजना निर्माण तथा संरचना व्यवस्थापन<br>• सहकारीमा नेतृत्व विकास |
| जागरण (Awareness) | • सहकारी सचेतना र जागरण<br>• सहकारी व्यवस्थापन, लेखापालन र सहकारीको सिद्धान्त अभ्यास<br>• सहकारीको मुल्य मान्यताको आधारभुत जानकारी र ज्ञान सीप प्रवाह<br>• विनियमको विषयमा जानकारी |

**कार्यक्रमको उद्देश्य :**

- स्थानीय तहसँगको सहकार्य तथा साझेदारीमा सहकारीहरूको प्रवर्द्धन तथा व्यावसायिकता विकास कार्यक्रममार्फत पहुँचमा अभिवृद्धि गर्ने,
- सहकारी संस्थाहरूको दिगो संस्थागत विकासमा सहयोग तथा सहजीकरण गर्ने,
- सहकारी शिक्षा तथा तालिममार्फत क्षमता अभिबृद्धि गर्ने,
- उद्यमशीलतामार्फत स्व-रोजगारी प्रवर्द्धनमा सहयोग तथा सहजीकरण गर्ने,
- सञ्जालमा आवद्धतामार्फत सुशासन र स्व-नियमनका लागि सहजीकरण गर्ने ।

**क्रियाकलापहरू :**

- सहकारीहरूको प्रवर्द्धन तथा व्यावसायिकता विकास
- दिगो संस्थागत विकास
- क्षमता अभिबृद्धि
- उद्यमशीलता विकास र स्वरोजगारी
- स्व-नियमन तथा सुशासन प्रवर्द्धनका लागि सञ्जालीकरण

**कार्यक्रमको मापनका आधारहरू :**

- भावी दृष्टिकोण, ध्यय, उद्देश्य र योजना
- सदस्यता
- सदस्यहरूलाई सेवा
- सुशासन
- लेखापालन
- वित्तीय अवस्था
- सामाजिक विकास क्रियाकलाप, समन्वय र सञ्जाल

**कार्यक्रमको कार्यक्षेत्रहरू :**

- पहिलो वर्ष : १२ स्थानीय तहहरू
- दोस्रो वर्ष : २४ स्थानीय तहहरू
- तेस्रो वर्ष : ३६ स्थानीय तहहरू
- चौथो वर्ष : ४८ स्थानीय तहहरू

**लक्षित लाभान्वित वर्गहरू :**

- ९६० सहकारीका करिव ९६००० शेयर सदस्यहरू प्रत्यक्ष रूपमा समेटिने छन् । (चार वर्ष भित्र)

**कार्यक्रम सञ्चालन विधि :**

- स्थानीयतहको छनौट
- कार्यक्रमको अभिमुखीकरण
- सम्झौता
- कार्ययोजना निर्माण
- कार्यान्वयन
- समिक्षा, अनुभव आदान प्रदान
- अनुगमन तथा सुपरिवेक्षण
- प्रतिवेदन

**अपेक्षाकृत उपलब्धिहरू :**

- सहकारी संस्थाहरूको प्रोफाइल लेखाजोखा विश्लेषण गरी सहकारीको समस्या तथा सुधारात्मक आधारशीलाहरू तय भएको हुनेछ ।
- स्थानीयतहले सहकारी पद्धतीको अभ्यासलाई निरन्तरता दिइनेछ ।
- सहकारीहरूका शेयर सदस्यहरूले बचत गर्ने वानीको विकास, उत्पादनमुखी क्षेत्रमा ऋण परिचालन, वजारीकरण, वित्तीय साक्षरता, प्रविधि र सुशासन अभ्यास गरेको हुनेछ ।
- सहकारीमा कार्यरत कर्मचारीहरूले सहकारीको आधारभुत अभ्यासहरू कुनै निकायको सहयोग विना सञ्चालन गर्न सक्ने भएको हुनेछ ।
- सहकारीहरूमा नीति, विधि र प्रविधिमैत्री सञ्चालन भएको हुनेछ ।
- ६० प्रतिशत सहकारी संस्थाहरू गुणस्तर सुनिश्चितताको कार्यक्रममा आवद्ध भएको हुनेछ ।
- वित्तीय साक्षरता, उद्यमशिलता विकास, आयआर्जन र सामाजिक कार्यमा सहभागी भएको हुनेछ ।
- सहभागी सदस्य संस्थाहरू मध्ये ५ प्रतिशत एक्सेस ब्राण्ड प्राप्त भएको हुनेछ ।

**कार्यक्रमको समन्वय तथा सहकार्य :**

- नेपाल सरकार, सहकारी विभाग
- अन्तराष्ट्रिय श्रम संगठन, नेपाल
- संयुक्त राष्ट्र संघ विकास कार्यक्रमहरू
- प्रदेश सरकारसँग तालुक मन्त्रालय, विभाग र महाशाखा
- प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड
- राष्ट्रिय सहकारी महासंघ नेपाल
- राष्ट्रिय सहकारी विकास वोड

**कार्यक्रमको दीगोपना :**

- संविधानमा अर्थतन्त्र समृद्धिको पक्षमा तीन खम्बे अर्थनीतिको परिकल्पना बमोजिम सहकारी क्षेत्रको संलग्नतालाई अर्थपूर्ण सहभागी गराउँदै सहकारी नीति, राष्ट्रिय पन्ध्रौ योजना, संघीय सरकारको वार्षिक योजना र दिगो विकास लक्ष्यको अपेक्षाकृत उपलब्धिहरू प्राप्तिमा संघ, स्थानीय सरकार र सहकारी संस्थाको दिगो संयन्त्र विकास (कार्यदल) आफैमा दिगो हुनेछ ।
- सहकारी प्रवर्द्धन, विकास, सुशासन, सञ्जालीकरण र स्व-नियमनमा सुधार हुँदा सहकारीहरूमा दीगोपनाको परिदृश्य झझल्किने देखिन्छ ।
- संघ र स्थानीयतहले यस कार्यक्रमलाई निरन्तर आत्मासाथ गर्दै आफ्नो वार्षिक योजनामा समावेशको व्यवस्थाले पनि कार्यक्रमको निरन्तरता र दीगोपना रहनेछ ।

❑ ❑ ❑

# सदस्य सेवा विस्तार गर्दै नेफ्स्कून

सदस्यहरूको माग र चाहनालाई ध्यानमा राख्दै नेफ्स्कूनले सेवा विस्तारको योजना अगाडि सारेको छ । रामेछाप जिल्लाको बचत तथा ऋण सहकारी अभियानको विकास तथा प्रबर्द्धन गर्ने उद्देश्यसहित साउन २७ गतेदेखि रामेछापको मन्थलीस्थित देवकोटाचोकमा सेवा केन्द्रको औपचारिक शुभारम्भ भएको हो ।






त्यसैगरी संघले सदस्य संघ संस्थाहरूलाई सहज, गुणस्तरीय र विश्वसनीय सेवा प्रदान गर्ने प्रतिबद्धत सहित २०७७ भदौ ३० गते देखि गोगंबुस्थित फिल्ड कार्यालयबाट पनि सेवा सञ्चालन गरेको छ । संघको ३३औं स्थापना दिवसको अवसर पारेर औपचारिक शुरूवात गरिएको उक्त कार्यालयबाट भदौ ३० देखि नियमित सेवा शुचारू भएको हो ।

# नेपालमा पहिलो पटक सहकारी व्यवस्थापक कोर्षको अध्यापन शुरु

नेफ्स्कूनले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीइभीटी) सँगको सम्बन्धनमा नेपालमा पहिलो पटक सहकारी व्यवस्थापक कोर्षको अध्यापन शुरू गरेको छ । सीटीईभीटीबाट सम्बन्धन प्राप्त अर्को दुईवटा कोर्षः बचत तथा ऋण परिचालन र रिसेप्सन तथा नगद परिचालक विषयको औपचारिक पठनपाठनका लागि समेत आवेदन खुला गरेको छ । छोटो अवधिको प्रमाणीकरण तालिम कार्यक्रम अन्तर्गत सहकारी व्यवस्थापक कोर्षको भर्चुअल कक्षा भदौं २१ गतेबाट सञ्चालन भएको छ । ६ सय घन्टाको सहकारी व्यवस्थापक कोर्ष करिब ९ महिना चल्ने छ भने सहभागीहरूलाई प्रशिक्षकहरूले अध्ययनका लागि ई-सामाग्री उपलब्ध गराइने नेफ्स्कून तालिम केन्द्रले जनाएको छ । भर्चुअल विधिबाट अध्यापन सुरू गरिएको सहकारी व्यबस्थापक प्रमाणीकरण कोर्षको प्रारम्भिक अनुभवबाट सहभागीहरू पनि उत्साहित देखिनुभएको छ ।

सहकारी क्षेत्रमा दक्ष व्यवस्थापक उत्पादन गर्ने उद्देश्यले प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटीईभीटी) बाट नेफ्स्कूनलाई मिति २०७६।१०।२० मा ३ वटा विषयहरु सहकारी व्यवस्थापक, रिसेप्सनीष्ट कम क्यासियर र बचत तथा ऋण परिचालन मा २ वर्षको लागि सम्बन्धन प्राप्त गरेको थियो । जसमा सहकारी व्यवस्थापक, रिसेप्सनीष्ट कम क्यासियर र बचत तथा ऋण परिचालन कोर्षको पाठ्यसमय क्रमशः ६०० घण्टा, ३९० घण्टा र ४० घण्टा रहेको छ ।

२०७६ चैत २० गतेदेखि नै सहकारी व्यवस्थापक कोर्षको विधिवत शुभारम्भ गर्ने नेफ्स्कूनको तयारी कोभिड १९ महामारीका कारण शुरूवात हुन सकेको थिएन । तत्पश्चात कोरोना कहरकै बिचमा २०७७ साल श्रावण ३२ गते संघको ३३ औं स्थापना दिवसको अवसरमा सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालको प्रमुख आतिथ्यतामा सहकारी व्यवस्थापक कोर्षको विधिवत शुभारम्भ भएको थियो ।

उक्त कोर्षको २०७७ भदौ ०९ गते अभिमुखीकरण कार्यक्रम गरि भदौ १२ गतेदेखि अभौतिक कक्षा सञ्चालन भइरहेको छ, जसमा हाल २० जना प्रशिक्षार्थीहरू अध्ययनरत हुनुहुन्छ । उक्त कोर्ष प्रशिक्षण संघको प्राचार्य गणेश प्रसाद तिमल्सीना, वरिष्ठ तालिम अधिकृत बल्लभ तिमल्सीना र तालिम अधिकृत सुमनराज घिमिरेले गरिरहनु भएको छ भने बाह्य प्रशिक्षकको रूपमा संघका कानूनी सल्लाहकार रामचन्द्र सिंखडा र सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रका प्राचार्य रोशन शंकर घिमिरे हुनुहुन्छ ।

संघले रिसेप्सनीष्ट कम क्यासियर र बचत तथा ऋण परिचालन कोर्षको लागि २०७७ असोजको शुरूवात सँगै भर्ना आह्वान गरेको छ । छोटो अवधिका दुवै कोर्ष अध्ययनका लागि इच्छुक व्यक्तिहरूबाट आवेदन माग गरिएको संघले जनाएको छ । ३ सय ९० घन्टाको रिसेप्सनिष्ट कम क्यासियर कोर्ष अध्ययन गर्न न्यूतम शैक्षिक योग्यता एसईइ वा सो सरह कायम गरिएको छ भने ४० घन्टाको सेभिङ एण्ड क्रेडिट मोबीलाइजिङ कोर्षका लागि १२ कक्षा उत्तीर्ण वा सो सरहको न्यूनतम शैक्षिक योग्यता निर्धारण गरिएको छ । दुवै कोर्षको लागि हाल २० वटा सीट निर्धारण गरिएको छ ।

साथै सहकारीमा ऋण अधिकृत र लेखा अधिकृत कोर्षको लागि समेत सम्बन्धन प्रक्रिया अघि बढाउने लक्ष्य संघको रहेको छ ।







साकोस आवाज
सहकारी सँगै सञ्चार

कृपया सहकारी समाचारका लागि :
saccosaawaj.coop.np मा जानुहोला ।

Like Comment Share

यदि तपाईंसँग कुनै समाचार भएमा : saccosaawaj@gmail.com मा पठाउनुहोला ।

# नेपाल राष्ट्र बैंक र सहकारी

**डा. रमेश चौलागाई**

सहायक निर्देशक
नेपाल राष्ट्र बैंक



**विषय प्रवेश**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंक तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम प्रचलित कानून अनुसार स्थापना भएका विभिन्न बैंक तथा वित्तीय संस्थाहरूलाई बैंकिङ्ग कारोवार सञ्चालन गर्ने इजाजत प्रदान गर्नुका साथै यी संस्थाहरूको नियमित नियमन तथा सुपरिवेक्षण गर्ने कार्य नेपाल राष्ट्र बैंकले गर्दछ । तुलनात्मक रूपमा, देशका अन्य नियामक निकायहरू भन्दा यस बैंकले सम्पन्न गर्ने नियमन तथा सुपरिवेक्षण प्रभावकारी रहेको छ ।

नेपालमा नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोवार गर्ने इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरूले समग्र वित्तीय कारोवारको करीव ८५ प्रतिशत अंश ओगटेका छन् । यसैगरी, देशमा बाँकी करीव १५ प्रतिशत अंश बचत तथा ऋण कारोवार गर्ने सहकारी क्षेत्र लगायतले ओगटेको छ । सहकारीहरू पनि वित्तीय क्षेत्रमा महत्वपूर्ण हिस्सा ओगटने एउटा क्षेत्र हो । यो क्षेत्रको कारोवार क वर्गका वाणिज्य बैंकहरूको भन्दा कम तर अन्य वर्गका वित्तीय संस्था (विकास बैंक र वित्त कम्पनी) हरूको भन्दा बढी रहेको छ ।

समग्रतामा केही सानो देखिए तापनि ग्रामीण क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्न र वित्तीय पहुँच तथा समावेशिता अभिवृद्धि गर्न सहकारीहरू निकै प्रभावकारी देखिएका छन् । पछिल्लो समयमा नेपालका सहकारीहरू सदस्यता विस्तार गर्न, उत्पादन वृद्धिमा सहयोग गर्न, आन्तरिक उद्योगमा आवश्यक कच्चा पदार्थको आपूर्तिमा गर्न, रोजगारीमा टेवा दिन, सरकारी राजस्वमा योगदान गर्न, सामाजिक परिचालन तथा बैंक तथा वित्तीय संस्थाहरूको तरलता व्यवस्थापनमा निकै उपयोगी सावित भएका छन् ।

यद्यपी, पछिल्ला समयमा सहकारीहरूमा लामो समयदेखि सुशासन र आन्तरिक नियन्त्रण प्रणालीको कमजोर स्थिति, विभिन्न चक्रिय धक्काहरू झेल्न सक्ने जोखिम व्यवस्थानको अभाव, सबै प्रकारका जोखिम व्यवस्थापनको चेतना र सक्रियतामा कमी, पर्याप्त सदस्य र संस्थागत पूँजीको अभावमा निक्षेपमुखी वित्तीय गतिविधि सञ्चालनमा बढावा, आवश्यक कर्जा नोक्सानीको अभावले गर्दा बढ्दो वित्तीय अनुशासन हीनता, कमजोर आन्तरिक नियन्त्रण प्रणाली, बढ्दो अपारदर्शिता, सदस्यता निस्कृयता, प्रभावकारी सञ्चालनका लागि अपर्याप्त

सहकारी क्षेत्र लगायतले ओगटेको छ । सहकारीहरु पनि वित्तीय क्षेत्रमा महत्वपूर्ण हिस्सा ओगटने एउटा क्षेत्र हो । यो क्षेत्रको कारोवार क वर्गका वाणिज्य बैंकहरुको भन्दा कम तर अन्य वर्गका वित्तीय संस्था (विकास बैंक र वित्त कम्पनी) हरुको भन्दा बढी रहेको छ ।

कानूनी प्रावधानहरू, कर्जा सूचनाको अभाव, मौजूदा कानूनकै पनि कमजोर परिपालना, बढ्दो दण्डहीनता, कमजोर सदस्य संरक्षण प्रणाली, कमजोर लेखापरीक्षण प्रणाली, कमजोर सहकारी सूचना तथा तथ्यांक प्रणाली, अधिकांश सदस्य, सञ्चालक र कर्मचारीमा कमजोर सहकारी शिक्षा र चेतना, सम्पत्ति शुद्धीकरणको बढ्दो सम्भावना, अध्ययन अनुसन्धान संस्कृतिको कमी, समस्याग्रस्त सहकारीको बढ्दो संख्या, शून्यप्रायः सुपरिवेक्षण संस्कृती, कमजोर छाता संघहरू, जस्ता समस्या तथा चुनौतीहरू थपिन थालेका छन् । साथै, यी समस्याहरूले सहकारी क्षेत्रको साख वृद्धिमा नकारात्मक भूमिका खेलेको छ ।



सैद्धान्तिक रूपमा सहकारीहरूलाई स्वनियमनमा आधारित संस्था भनिए पनि उल्लेखित समस्याका कारणले सोको समाधानमा सम्बन्धित सबै पक्षहरू सचेत र सक्रिय हुन आवश्यक छ । सहकारीमा देखिएका विभिन्न विकृति र विश्रृंखलताको यथासमयमा पहिचान गर्न, आवश्यक सुधार गर्न र आवश्यकता अनुसारको नियन्त्रणात्मक कारवाहीको सुरूवात अझै हुन सकेको छैन । यसका बारेमा धेरै सहकारीकर्मी तथा शुभचिन्तकहरू चिन्तित छन् । यस परिप्रेक्ष्यमा, सहकारी क्षेत्रलाई किन नेपाल राष्ट्र बैंक वा यत्तिनै प्रभावकारी नियामक तथा सुपरिवेक्षकीय निकायको स्थापना गरी सुपरिवेक्षणको दायरामा राख्न आवश्यक छ । के कस्तो अवस्था सिर्जना भएमा सहकारी क्षेत्र पनि थप सुपरिवेक्षकीय दृष्टिकोणले विश्वासिलो हुनसक्ला भन्ने बारेमा चर्चा गर्नु वाञ्छनीय देखिन्छ ।

सहकारी क्षेत्र वित्तीय क्षेत्रको हिस्सा हो वा होईन, सहकारीहरू वित्तीय संस्था हुन् की होईनन्, संघीय सरकार अन्तर्गतको सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ ले व्यवस्था गरे बमोजिम सहकारी क्षेत्रमा नेपाल राष्ट्र बैंकले गर्ने प्रभावकारी सुपरिवेक्षण कार्यको सुनिश्चितता कसरी होला भन्ने बारेमा पनि आम जिज्ञासा रहेको छ । सहकारी क्षेत्रमा भित्रिएका र भित्रिन सक्ने विभिन्न प्रकारका अनुशासनहीनता नियन्त्रण होस् भन्ने चाहना राख्ने आम जनता र यस क्षेत्रलाई प्रभावकारी सुपरिवेक्षणको दायरामा राख्न असहयोग गर्ने दुवै प्रकारका चाहना पटक पटक सतहमा आईनै रहेका छन् । यस लेखमा लामो समयदेखि उठाइएका उल्लेखित विषयमा विश्लेषण गर्ने कोशिस गरिनेछ ।

### परिचय

नेपालको संविधानले परिकल्पना गरे झैं मुलुकको अवको आर्थिक यात्रा समाजवादको बाटो हुँदै आर्थिक सम्वृद्धि तर्फ जानुपर्ने आवश्यकता चौतर्फी रूपमा महसुस भएको छ । समाजवादको मार्गको एक बलियो आधार स्तम्भका रूपमा नेपालको संविधानले सहकारीलाई मानेको छ । संविधानले प्रमुख आधार स्तम्भका रूपमा मान्यता दिए तापनि गुणात्मक विकासका दृष्टिकोणबाट नेपालको सहकारी क्षेत्र सबै तहबाट व्यवहारिक रूपमा आवश्यक ध्यान दिन बाँकी रहेको क्षेत्र पनि हो ।

२०४६ सालको राजनैतिक परिवर्तन पश्चात सहकारी क्षेत्रमा मात्रात्मक परिवर्तन आए पनि गुणात्मक परिवर्तन भने अझै ओझेलमै परेको छ । नेपालको सहकारी क्षेत्र विभिन्न अध्येताहरूले धेरैपटक अध्ययन गरिएको क्षेत्र भएता पनि गहन अध्ययन र आलोचनात्मक बिश्लेषणको अभाव सदैव रहेको क्षेत्र पनि हो । कतिपय सहकारी विज्ञहरूले नेपालको सहकारी केही हदसम्म अझै पनि अन्धाहरूले हात्ती छामे झै रहेको विचार पनि व्यक्त गरेका छन् ।

करीव ६५ लाख जनताको पाँच खर्ब भन्दा बढी रकमको वित्तीय कारोवार रहेको विश्वास गरिएको यो क्षेत्रलाई लामो समय देखिको कमजोर नियमन र सुपरिवेक्षणका कारण छायाँ बैंकिङ्का रूपमा समेत चित्रित गरिन्छ । विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षणको दायराभन्दा बाहिर रहेका कारणले यस क्षेत्रलाई छायाँ बैंकिङ्ग गतिविधिका रूपमा र सम्पत्ति शुद्धीकरणको सम्भावित उर्वर क्षेत्रका रूपमा पनि बुझ्न थालिएको छ । यद्यपी, यी दुवै टिप्पणी र शंकाको घेराबाट सहकारी क्षेत्रलाई अलग राख्नेतर्फ भने पर्याप्त प्रयासहरू हुन सकेको देखिँदैन । हालसम्म पनि यो विषयलाई सहकारी क्षेत्रले हलुका विषयका रूपमा लिएको जस्तो देखिन्छ ।

नेपालको संविधानमा राज्यको अर्थनीति सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने उल्लेख गरिएको छ । त्यस्तै, सहकारीलाई संविधानले संघ, प्रदेश र स्थानीय तहका सरकारहरूको साझा सूचीमा रहने व्यवस्था गरेको छ । यो सूचिकरणले सहकारी क्षेत्र संघ, प्रदेश र स्थानीय तहको साझा चासोको विषय हो भन्ने देखिन्छ । यद्यपी, यस व्यवस्थाबाट सहकारीहरूको विवेकशील नियमन र प्रभावकारी सुपरीवेक्षणमा अन्योलताको

वातावरण समेत उत्पन्न हुनसक्ने देखाउँछ ।

२०७७ असार मसान्तसम्म, करीव १४००० वटा बचत तथा ऋण सहकारी समेत झण्डै ३५,००० सहकारीहरू कार्यरत यस क्षेत्रले करीव ६५ लाख सदस्यहरूको शेयरपूँजी र बचत गरी करीव रू.५०० अर्बको आर्थिक श्रोत परिचालन गरेको अनुमानका आधारमा यस क्षेत्रको विश्वासिलो र दीगो सुरक्षाको पूर्ण प्रत्याभूति दिने काम चूनौतीपूर्ण बन्दै गएको छ ।

### सहकारीका प्रमुख नियामकीय समस्याहरू

**कमजोर विवेकशील नियमनः** सैद्धान्तिक आधारमा भन्ने हो भने सहकारी संस्थाहरू सदस्यद्वारा नियन्त्रण हुने संस्था हुन् । यस्ता संस्थाको स्वनियमन र सुपरिवेक्षण सम्बन्धी विविध मापदण्ड तथा आधारहरू तीनको वार्षिक साधारण सभाबाट निर्धारण हुनुपर्दछ । तर, गैर सदस्यबाट समेत गरी अर्बौं रूपैयाँ निक्षेप संकलन गरिरहेका सहकारीहरूले स्वनियमनको दायरा पालना नगरेको हालको परिप्रेक्ष्यमा सहकारी ऐन र नियमावलीका माध्यमबाट यी संस्थाहरूमा बाह्य नियमन समेतको व्यवस्था गर्न आवश्यक देखिएको छ । यसका लागि, सहकारीहरूको नियामक निकाय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, प्रदेश सरकार तथा स्थानीय सरकारहरू भएकाले यिनले समय समयमा जारी गर्ने ऐन, नियम, विभिन्न निर्देशन, मापदण्ड र परिपत्र नै नियमनका प्रमुख आधार हुन् । सहकारीहरू नियमनका लागि विभिन्न तहका सरकारहरूबाट सहकारी ऐन र नियमावली बन्ने क्रम पनि जारी छ ।

### फितलो सहकारी सुपरिवेक्षण संस्कृतिः

सहकारीहरूको सुपरिवेक्षणलाई स्थलगत र गैरस्थलगतमा विभाजन गरी हरेक संस्थाको नियमित सुपरिवेक्षण गर्न आवश्यक छ । प्रभावकारी सुपरिवेक्षणको लक्ष्य सदस्यहरूको संरक्षण र संस्था सुधार नै हो । यसका लागि बलियो सुपरिवेक्षकीय संस्था, आवश्यक कानूनी संरचना, सहयोगी सहकारीहरू, सचेत सदस्यहरू, आदिको आवश्यकता पर्दछ । सहकारी ऐन, २०७४ को दफा ९५ र ९७ ले तोकिएको सीमाभन्दा बढी कारोवार गर्ने सहकारीहरूको हिसाब किताब र वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न गराउन नेपाल राष्ट्र बैंकले सक्ने व्यवस्था गरेको छ । नेपाल राष्ट्र बैंकले सहकारीको निरीक्षण तथा अनुगमन गर्ने सम्बन्धमा सहकारी नियमावली, २०७५ को नियम ७१ र ७२ ले रू. ५० करोड कारोवारको सीमा तोकेको छ । यद्यपी, ऐन र नियमावलीको उक्त व्यवस्थाहरू कार्यान्वयन गर्ने गराउने काममा संघीय, प्रादेशिक एवं स्थानीय सरकार, नेपाल राष्ट्र बैंक, सरहकारी विभाग, सहकारीहरू, छाता संगठनहरू लगायतका सरोकारवलाहरू बीचमा उच्च स्तरको समन्वयात्मक उत्साह र सक्रियता देखिन सकेको छैन ।

### स्थिर कार्यान्वयनको अवस्थाः

सहकारीको सुपरिवेक्षणको चक्र अन्तर्गत कार्यान्वयनको चरण पनि महत्वपूर्ण हुन्छ । प्रभावकारी कार्यान्वयन बिना सुपरिवेक्षण कार्य औचित्यहिन हुन्छ । विवेकशील नियमन बिना सुपरिवेक्षणको महत्व रहँदैन । यसर्थमा, सहकारीमा पनि नियमित नियमन, सुपरिवेक्षण र कार्यान्वयन अनिवार्य तत्व हुन् । नियमित नियमन, सुपरिवेक्षण र कार्यान्वयन एउटा निरन्तर चक्र हो । कार्यान्वयनलाई नियमन र सुपरिवेक्षणले प्रभाव पार्ने हुँदा फितलो सुपरिवेक्षण र कार्यान्वयनको अवस्थामा सहकारीको गुणस्तरीय विकास कमजोर रहन्छ ।

### सहकारी र छायाँ बैंकिङ्ग

छायाँ बैंकिङ् नेपाली समकालिन अर्थतन्त्रमा मुद्रा वजारको नयाँ र महत्वपूर्ण विषय बनेको छ । यद्यपी, छायाँ बैंकिङ् एक परिवर्तशील, स्थान विशेष र समय सापेक्ष विषय हो । नेपाल जस्तो खुल्ला तथा बजारमुखी र उदार अर्थतन्त्रमा यस प्रकारका बैंकिङ् क्रियाकलापको सम्भावना रहन्छ । नेपालमा छायाँ बैंकिङ्लाई अझै सम्पूर्ण रूपमा पहिचान, परिभाषित र व्यवस्थित गर्न बाँकी छ । वित्तीय प्रणालीमा ठूलो हिस्सा ओगटेको अनुमान गरिएको छायाँ बैंकिङ्ले बढ्दो वित्तीय पहुँच र समावेशिता सँगै समावेशी आर्थिक विकासमा चुनौती थप्दै गएको छ । छायाँ बैंकिङ् गतिविधिहरू अपारदर्शी, सुशासनको दायराबाट बाहिर, वित्तीय सेवाग्राहीहरूप्रति अनुत्तरदायी, कानूनी रूपमा कमजोर हुने हुँदा यस्ता वित्तीय गतिविधिहरू जोखिमपूर्ण हुन्छन् ।

नेपालको वित्तीय क्षेत्रमा करीव १५ प्रतिशत हिस्सा ओगट्ने सहकारी क्षेत्रलाई अर्ध औपचारिक वित्तीय संस्थाका रूपमा लिई यो क्षेत्रलाई छायाँ बैंकिङ्का रूपमा समेत यदाकदा ब्याख्या गर्ने गरिन्छ । नेपाल राष्ट्र बैंकको वित्तीय स्थायित्व प्रतिवेदनमा सहकारीहरूले छायाँ बैंकिङ् गतिविधिलाई बढावा दिएकाले यस्ता गतिविधिको नियमन र सुपरिवेक्षण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यद्यपी, वित्तीय क्षेत्र विकास रणनीतिले भने नेपालको वित्तीय प्रणालीलाई बैंकिङ्, बीमा, पूँजीबजार, गैर-बैंकिङ् वित्तीय क्षेत्र र सहकारी गरी पाँच प्रमुख क्षेत्रमा विभाजन गरेको छ । अपारदर्शी वित्तीय गतिविधिहरू हुने संस्थाहरू वित्तीय प्रणालीमा तरलता संकट र ब्याजदर उतारचढावको कारक हुनुका साथै यस्ता संस्थाहरू मार्फत गैर-कानूनी रूपमा सम्पत्ति शुद्धीकरणका प्रयासहरू समेत हुन सक्छन् ।

नियामकीय र सुपरिवेक्षकीय दृष्टिमा कमजोर अवस्था रहे पनि कानूनी रूपमा सहकारी ऐन र नियमावली बमोजिम सहकारीहरूको नियमन र सुपरिवेक्षण गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारहरूका साथै नेपाल राष्ट्र बैंकको पनि हो । यसर्थमा, सहकारी क्षेत्र केही न केही कानूनी संरचना बनेको तर सोको प्रभावकारी कार्यान्वयन हुन बाँकी रहेको क्षेत्र हो । नियामक र सुपरिवेक्षकीय निकायको कमजोरीका कारणले श्रृजित समस्याहरूका आधारमा मात्र सहकारी क्षेत्रलाई छायाँ बैंकिङ् प्रणालीका परिभाषामा राख्न मिल्ने देखिँदैन । वित्तीय क्षेत्र विकास रणनीतिले पनि सहकारी क्षेत्रलाई सदस्यहरूको आर्थिक

सहकारी क्षेत्रमा समेतसंस्थाहरुको नियमित स्थलगत निरीक्षण र गैरस्थलगत सुपरिवेक्षणका साथै देखिएका कैफियत कार्यान्वयन र सुधारको नियमित कार्यान्वयनको संयन्त्र विकास नहुनाले सहकारी क्षेत्रमा सुशासनको अभाव देखिएको हो ।

सशक्तिकरणमा र समग्र वित्तीय प्रणालीको महत्वपूर्ण र प्रशस्त सम्भावना बोकेको क्षेत्रका रूपमा अङ्गिकार गरेको छ । सहकारीहरूले बैंक तथा वित्तीय संस्थाहरूको सहयोगीकै रूपमा भूमिका खेलेका छन् ।

### नेपाल राष्ट्र बैंक र सहकारी

नेपाल राष्ट्र बैंकले २०६६ देखि २०६९ सालसम्म सहकारी विभागमा रही नेपालका ठूला सहकारीहरूलाई सुपरिवेक्षणमा सघाउने र सहकारीहरूले नेपालको वित्तीय क्षेत्रमा खेलेको भूमिकालाई वस्तुपरक ढंगले मूल्यांकन समेत गर्ने उद्देश्यका लागि केही ठूला सहकारीहरूको स्थलगत निरीक्षण कार्य सम्पन्न गर्न अधिकृत स्तरका कर्मचारीहरू खटाएको थियो । यो कार्यले सहकारी क्षेत्रमा रहेका विभिन्न चुनौतीहरू समेटी सोको सामाधानका लागि आधारभूत खाका बनाउन भूमिका खेलेको थियो । यसले सहकारी क्षेत्रमा सदस्य र आम मानिसको विश्वास जगाएको पनि थियो । यद्यपी, ठूला शहरी क्षेत्रमा रहेका केही सहकारीमा गरिएको यो निरीक्षण कार्यलाई कतीपय सहकारीकर्मीहरूले त्यति रूचाएनन् । सो कार्यले निरन्तरता पाउन पनि सकेन ।

सहकारी ऐन, २०७४ र नियमावली, २०७५ मा रू. पचास करोड भन्दा बढी कारोवार गर्ने सहकारी संस्थाहरूको निरीक्षण तथा सुपरिवेक्षण नेपाल राष्ट्र बैंकले गर्न गराउन सक्ने व्यवस्था गरेकोमा सोको प्रभावकारी कार्यान्वयन गराउन सहकारीकर्मीहरू समेत लाग्नुपर्ने देखिन्छ । यद्यपी, सहकारी नियमावलीमा रू.पचास करोडभन्दा बढी कारोवार गर्ने सहकारीको सघन अनुगमन सहकारी विभागबाट समेत गर्न सकिने भनी गरिएको व्यवस्थाले केही द्विविधा उत्पन्न भएको छ । सहकारी क्षेत्रको मात्रात्मक विकाससँगै कतिपय शहरीया र शहरोन्मुख क्षेत्रका सहकारीका लागि समेत व्यावसायिक निरीक्षण तथा सुपरिवेक्षण कार्य चिन्ताको विषय बन्नुको सट्टा स्वस्थ सहकारी क्षेत्रको विकास गर्ने वातावरण सिर्जना हुनु वाञ्छनीय छ ।

सहकारीहरूको विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षणका लागि संस्थाहरूको वर्गीकरण गरी वित्तीय कारोवारको वर्ग अनुसार नियमनको व्यवस्थाहरू र निरीक्षणकारी निकायको जिम्मेवारी निर्धारण गर्नु वाञ्छनीय हुने देखिन्छ । साथै, सुपरिवेक्षण भनेको पटके नभई नियमित प्रक्रिया भएकाले सहकारी क्षेत्रमा समेत स्थलगत, गैरस्थलगत निरीक्षण र सोको नियमित कार्यान्वयनको संयन्त्र विकास गर्न आवश्यक छ । यसका लागि अलग संरचनात्मक व्यवस्था पनि गर्न सकिन्छ ।

सन् २०१९ मा, करीव ९ करोड जनताको साँढे पाँच लाख करोड भारतीय रूपैयाँको निक्षेप कारोवार गरिरहेका १५४० वटा सहकारी बैंकहरूमा सदस्यहरूको निक्षेपको असुरक्षा बढ्दै गएपछि भारत सरकारले ती सहकारीहरूको व्यावसायिकता अभिवृद्धि समेत गर्ने उद्देश्यले एक कानून पारित गरी ती बैंकहरूमा केन्द्रीय बैंकले अनुगमन गर्ने व्यवस्था गरेको छ ।

सहकारी क्षेत्रमा समेत संस्थाहरूको नियमित स्थलगत निरीक्षण र गैरस्थलगत सुपरिवेक्षणका साथै देखिएका कैफियत कार्यान्वयन र सुधारको नियमित कार्यान्वयनको संयन्त्र विकास नहुनाले सहकारी क्षेत्रमा सुशासनको अभाव देखिएको हो । विवेकशील नियमनका लागि संघीय सरकारको भूमिका महत्वपूर्ण हुने तथा प्रभावकारी सुपरिवेक्षणका लागि सहकारीहरूको वर्गीकरण गर्न आवश्यक छ ।

वार्षिक रू.पचास करोड भन्दा बढी कारोवार हुने सहकारी संस्थाहरूलाई संघीय प्रारूप अन्तर्गत रही केन्द्रीय बैंक वा अधिकार प्राप्त छुट्टै निकाय स्थापना गरी, वार्षिक रू. पाँच करोडदेखि पचास करोडसम्म कारोवार गर्ने सहकारीहरूलाई प्रदेश सरकारले र रू. पाँच करोडभन्दा कम कारोवार भएका सहकारीहरूलाई स्थानीय तहले स्थलगत निरिक्षण गर्ने प्रवन्ध मिलाउनु उचित हुन्छ । साथै, प्रदेश र स्थानीय तहले प्रभावकारी सुपरिवेक्षण गर्ने कार्यका लागि नेपाल राष्ट्र बैंकले तालिम तथा

प्राविधिक सहयोग गर्न सक्ने वातावरण मिलाउनु वाञ्छनीय हुन्छ । सहकारी क्षेत्रको आर्थिक कारोवार व्यक्तिगत र संस्थागत दुवै रूपले बैंक तथा वित्तीय संस्थाहरूसँग जोडिने हुनाले सहकारी क्षेत्रको स्वस्थ विकासमा नेपाल राष्ट्र बैंकले समेत प्रभावकारी भूमिका खेल्नुपर्ने देखिन्छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार आर्थिक वर्ष २०५९/६० मा बैंकले घोषणा गरेको पहिलो मौद्रिक नीतिमा बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण र सुपरीवेक्षण गर्ने एक छुट्टै निकायको व्यवस्था हुनु जरूरी रहेको उल्लेख गरिएको थियो । यस्तो निकायको व्यवस्था नहुँदासम्म नेपाल राष्ट्र बैंकको स्वीकृतिमा हाल सञ्चालनमा रहेका वित्तीय सहकारी संस्थाहरू क्रमशः साना किसान विकास तथा सहकारी विकास बैंकहरूलाई हस्तान्तरण गर्दै जाने र नयाँ बचत तथा ऋण सहकारी संस्थाहरूलाई सीमित बैंकिङ्ग कारोवारका लागि नेपाल राष्ट्र बैंकले इजाजतपत्र नदिने उल्लेख भएको थियो ।

नेपाल राष्ट्र बैंकको मौद्रिक नीति २०६१/६२ मा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त सहकारी संस्थाहरू लगायतका संस्थाहरूको निरीक्षण एवं सुपरिवेक्षणको कार्य गर्न एउटा छुट्टै Second-tier Institution (STI) स्थापना गर्ने तर्फ आवश्यक व्यवस्था गरिने र सहकारी ऐन, २०४८ अन्तर्गत स्थापना भई सञ्चालनमा रहेका अन्य वित्तीय सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण कार्य गर्न संस्थागत व्यवस्था गरिने उल्लेख गरियो । यसरी STI स्थापना मार्फत सहकारी लगायतका संस्थाहरूको निरीक्षण एवं सुपरिवेक्षण गर्ने कुरा क्रमशः आर्थिक वर्ष २०६३/६४, २०६५/६६, २०६६/६७, २०६७/६८ का मौद्रिक नीतिमा लगातार उल्लेख भईरह्यो । क्दृ का रूपमा सहकारी प्राधिकरणको स्थापना गर्न सकिने कुरा अझै पनि सान्दर्भिक देखिन्छ ।

सहकारीहरूको सुपरिवेक्षण कार्यमा नेपाल राष्ट्र बैंकको भूमिकालाई पहिलो पटक आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिबाट वार्षिक रू. ५० करोडभन्दा बढीको कारोवार गर्ने बचत तथा ऋण सहकारी संस्थाहरूको अनुगमनमा सहकारी विभागलाई यस बैंकबाट विशेषज्ञ सेवा उपलब्ध गराइने भन्ने व्यवस्था सहित शुरूवात भयो । यद्यपी, सुपरिवेक्षण गर्ने पहिलो चरणको कार्य २०६६ सालदेखि २०६९ सम्म सम्पन्न भएको थियो । आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिमा बचत तथा ऋण सहकारीहरूलाई बलियो सुपरिवेक्षकीय दायरामा ल्याई वित्तीय स्थायित्व कामय गर्न सहकारीको नियामक निकायलाई सहयोग पुऱ्याइने कुरा उल्लेख गरियो । आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमा बचत तथा ऋण सहकारीका साथै लघुवित्त कारोवार गर्ने संस्थाहरूको प्रभावकारी नियमन तथा सुपरिवेक्षण गर्न एउटा छुट्टै सवल निकायको आश्यकता रहेकोले सोको स्थापनाका लागि ऐन मस्यौदा गरिने उल्लेख भएको थियो । तोकिएको सीमा भन्दा बढी रकमको कारोवार गर्ने सहकारीहरूलाई नेपाल राष्ट्र बैंकले निरीक्षण तथा अनुगमन गर्नसक्ने व्यवस्था सहित सहकारी ऐन, २०७४ पारित भए पश्चात आर्थिक वर्ष २०७५/७६ मा तर्जुमा भएको मौद्रिक नीतिमा यसअघि सीमित बैंकिङ्ग कारोवार गर्न यस बैंकबाट इजाजत प्राप्त गरेका १५ वटा सहकारीहरूलाई २०७५ श्रावण १ गतेदेखि यस बैंकको सुपरिवेक्षकीय दायराबाट अलग गरियो ।



गैरकानूनी क्रियाकलाप र श्रोतबाट आर्जित सम्पत्तिलाई कानूनी वा वैध गराउने प्रक्रियालाई सम्पत्ति शुद्धीकरण भनिन्छ । यसरी शुद्धीकरण गरिएको सम्पत्ति कानूनी श्रोतबाट आर्जित गरे सरह मान्यता प्राप्त हुनजान्छ । खासगरी, आतंककारी गतिविधि, मानव बेचबिखन तथा तस्करी, मानव अपहरण एवं फिरौती असुली, अवैध हातहतियार कारोवार, भ्रष्टाचार, चोरी तथा डकैती, राजस्व छली र अन्य कुनै प्रकारको गैरकानूनी क्रियाकलापबाट प्राप्त नगद वा जिन्सी सम्पत्तिलाई अवैध वा गैरकानूनी भनी बुझिन्छ । यसरी आर्जित अवैध नगद शुद्धीकरण गर्ने माध्यम बैंक तथा वित्तीय संस्था र सहकारीहरू हुन सक्छन् । सहकारी क्षेत्रमा देखा परेको कमजोर सुशासन र वित्तीय कारोवारमा रहेको अपारदर्सिताले सहकारीहरू सम्पत्ति शुद्धीकरणको माध्यम हुनसक्ने देखिएको छ । यो अवस्था आउन नदिन सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सहकारी संघसंस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७४ र कार्यविधि, २०७५ को प्रभावकारी कार्यान्वयन गर्न र सोको अनुगमन हुन आवश्यक छ ।

नेपाल राष्ट्र बैंकले कानून बमोजिम सञ्चालन इजाजतपत्र प्रदान गरेका बैंक तथा वित्तीय संस्थाहरूलाई मात्र यस बैंकले नियमन र सुपरिवेक्षण गर्ने गर्दछ । यसरी नियमन र सुपरिवेक्षण गर्ने एकल अधिकार बैंकलाई रहेकाले यसमा दोहोरो

र विवादास्पद मापदण्ड लागू हुनसक्ने कुनै पनि गुञ्जायस देखिँदैन । सञ्चालन इजाजतपत्र प्रदान गर्ने क्रममा सबै बैंक तथा वित्तीय संस्थाहरूलाई प्रारम्भिक नियामकीय व्यवस्थाहरू जारी गर्ने गर्दछ भने नियमित प्रभावकारी सुपरिवेक्षणका लागि एकीकृत निर्देशिका जारी गर्दछ । निर्देशिकामा बैंक तथा वित्तीय संस्थाले पालना गर्नुपर्ने निर्देशनहरू उल्लेख हुन्छन् । यी निर्देशनहरू समयसापेक्ष रूपमा संशोधन हुन्छन् । यसको पालना नगर्ने बैंक तथा वित्तीय संस्थाहरूलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले दिएको अधिकार प्रयोग गरी जरिवाना गर्ने लगायतका अन्य कारवाही हुने गर्दछ । कुन निर्देशन उल्लंघन गरे वापत के कारवाही र कति जरिवाना हुने भन्ने बारेमा पनि प्रष्ट कानूनी व्यवस्था रहेको छ । यस आधारमा, वित्तीय कारोवार गर्ने संस्थाहरूको नियमन बमोजिम सुपरिवेक्षण र कैफियत कार्यान्वयनका लागि पर्याप्त, प्रष्ट र समयसापेक्ष कानूनी अधिकार भएमा मात्र कुनै नियामक र सुपरिवेक्षक निकायले स्वतन्त्र र प्रभावकारी रूपमा कार्यसम्पन्न गर्नसक्छ ।

सहकारीका सम्बन्धमा यसप्रकारको विस्तृत कानूनी व्यवस्था हुन बाँकी छ । सहकारी सुपरिवेक्षणका सम्बन्धमा सहकारी ऐन, २०७४ को दफा ९५ (१) ले सहकारी विभागको रजिष्ट्रारलाई, दफा ९५ (२) ले नेपाल राष्ट्र बैंकलाई र दफा ९८ ले भूमि व्यवस्था, गरिबी निवारण तथा सहकारी मन्त्रालयलाई समेत सुपरिवेक्षकीय जिम्मेवारी प्रदान गरेको देखिन्छ । साथै, सहकारीमा सुपरिवेक्षण कार्यलाई प्रभाव पार्ने अत्यावश्यक विस्तृत निर्देशनहरूको पनि अभाव देखिन्छ । विस्तृत निर्देशन मापदण्डको अभावमा विगतमा सम्पन्न भएका व्यावसायिक अनुगमनका कैफियत कार्यान्वयनमा आउन नसकेको अवस्था पनि यथावत छ ।

सहकारीहरूलाई विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षणको दायरामा राख्न र क्रमिक सुधारका लागि सहकारीहरूलाई उत्प्रेरित गर्न नेपाल सरकार, नेपाल राष्ट्र बैंक र सहकारी अभियानबीच समन्वयको पनि अभाव देखिएको छ । यस कार्यमा, खासगरी सहकारी अभियानले सहयोगीको भूमिका खेल्नुपर्दछ । उल्लेखित सरोकारवालाहरूको समन्वयमा यस क्षेत्रमा सहकारीको मापदण्ड अद्यावधिक गरी सुपरिवेक्षण कार्यलाई निरन्तरता दिन, स्थलगत र गैरस्थलगत निरीक्षण र यसक्रममा देखिने कैफियत सुधारका लागि अत्यावश्यक रूपमा रहेको कैफियत कार्यान्वयनको संस्कृति र संरचना दुवै बन्न आवश्यक छ ।

सुपरिवेक्षण कार्यलाई स्तरीकरण गर्न सरकार, नेपाल राष्ट्र बैंक र अभियान संगठनहरूबीच कस्तो समन्वय, सहयोग र जिम्मेवारी रहने भन्ने बारेमा पनि कानूनमै व्यवस्था हुन नसके भविष्यमा समस्या थपिन सक्ने देखिन्छ ।

## निष्कर्ष

देशको वित्तीय प्रणालीमा करीव १५ प्रतिशत हिस्सा ओगटेको साथै निक्षेप र कर्जाका हिसाबले सहकारी क्षेत्र नेपालको क वर्गका बैंकहरू पछिको सबैभन्दा ठूलो क्षेत्र हो । यो क्षेत्र अझै पनि प्रभावकारी नियमनको दायरामा नसमेटिँदा यो क्षेत्रलाई छायाँ बैंकिङ्ग क्षेत्रका रूपमा व्याख्या गर्नेहरूको संख्या बढ्दैछ भने यो क्षेत्र सम्पत्ति शुद्धीकरणको सम्भावनायुक्त क्षेत्रका रूपमा पनि विकास हुनसक्ने देखिन्छ । सहकारी क्षेत्रमा बढ्दै गएको अपारदर्सिता र कमजोर सुशासनका कारणले वित्तीय क्षेत्र विकास रणनीतिको सफल कार्यान्वयन र मौद्रिक व्यवस्थापनमा पनि यसले चुनौती थपिएको छ । यस आधारमा सहकारी क्षेत्रलाई प्रभावकारी नियमन र सुपरिवेक्षणको दायरामा समेट्न आवश्यक छ ।

नियामक र सुपरिवेक्षकीय निकायको कमजोरीका कारणले श्रृजित समस्याहरूका आधारमा मात्र सहकारी क्षेत्रलाई छायाँ बैंकिङ्ग प्रणालीको परिभाषामा राख्न मिल्ने देखिँदैन । वित्तीय क्षेत्र विकास रणनीतिले पनि सहकारी क्षेत्रलाई सदस्यहरूको आर्थिक सशक्तिकरणमा र समग्र वित्तीय प्रणालीको महत्वपूर्ण र प्रशस्त सम्भावना बोकेको क्षेत्रका रूपमा अङ्गिकार गरेको हुँदा पनि सहकारी क्षेत्रलाई छायाँ बैंकिङ्ग प्रणालीका परिभाषित गर्न मिल्ने देखिँदैन । सैद्धान्तिक रूपमा सहकारीहरू स्वनियमनमा सञ्चालित हुने मानिए तापनि नेपालका धेरैजसो सहकारीहरू स्वनियमनमा सञ्चालित छैनन् । तसर्थ, प्रभावकारी सुपरिवेक्षण मार्फत सहकारी क्षेत्रमा पारदर्शीता, सुशासन र अन्तर्राष्ट्रिय गुणस्तर कायम गर्न सम्बन्धित सबै पक्षहरू लाग्नुपर्ने देखिन्छ ।

कुनै पनि वित्तीय कारोवार गर्ने संस्थाहरूलाई प्रभावकारी रूपमा दीगो रूपले सञ्चालन गर्न नियमन, सुपरिवेक्षण र कैफियत कार्यान्वयनको यथेष्ट अधिकार दोहोरो, अस्पष्ट वा संकुचित नहुने गरी निश्चित निकायलाई तोकेर प्रदान गर्न आवश्यक छ । यस्तो निकायलाई कारोवार सञ्चालन इजाजत प्रदान गर्ने, नियमित निर्देशनहरू जारी गर्ने, निर्देशन पालना नभएमा आकर्षित हुने स्पष्ट र पर्याप्त तथा समसामयिक कानूनी अधिकार पनि प्रदान गर्न आवश्यक छ । यस आधारमा, यस्ता संस्थाहरूको सञ्चालन इजाजत, नियमित निर्देशन, कार्यान्वयनको संरचना विकास, सुपरिवेक्षण कार्यविधि, स्थलगत र गैरस्थलगत सुपरिवेक्षण, सोको प्रभावकारी कार्यान्वयन संयन्त्र जस्ता प्रक्रियाहरूमा प्रष्टता भएमा यो चक्र प्रभावकारी र दीगो हुन्छ । उल्लेखित सबै कार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउन कानून बमोजिम एउटा सहकारी प्राधिकरण पनि गठन गर्न सकिन्छ ।

नेपाल राष्ट्र बैंकले सहकारीको निरीक्षण तथा अनुगमन गर्ने सम्बन्धमा सहकारी नियमावली, २०७५ को व्यवस्थाहरू कार्यान्वयन गर्ने गराउने काममा संघीय, प्रादेशिक एवं स्थानीय सरकार, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, सहकारीहरू, छाता संगठनहरू लगायतका सरोकारवालाहरू उत्साहपूर्वक र समन्वयात्मक रूपमा अघि बढ्न आवश्यक छ । साथै, नेपालमा सहकारीहरूको संख्या करीव ३५ हजार पुगिसकेकाले सबैलाई संघिय प्रारूपमा सुपरिवेक्षण गर्न पनि सम्भव देखिँदैन ।

# ऐन अनुसार समयमै साधारण सभा गर्न विभागको १३ बुँदे सूचना

सहकारी विभागले भौतिक तथा अभौतिक जुन माध्यमबाट भएपनि सहकारी ऐन २०७४ को प्रावधान अनुरूप समयभित्रै लेखापरिक्षण र वार्षिक साधारण सभा सम्पन्न गर्न सहकारी संघ संस्थाहरूलाई असोज १ गते सूचना जारी गरेको छ । कोभिड-१९ को महामारीका कारण स्वास्थ्य संवेदनशीलतालाई ख्यालमा राखी साधारण सभा सञ्चालनका सम्बन्धमा रहेको लामो अन्योलका बीच विभागले भौतिक र अभौतिक दुवै माध्यमको विकल्प खुल्ला राख्दै वार्षिक लेखापरिक्षण र साधारण सभा सञ्चालन सम्बन्धी १३ बुँदे सूचना जारी गरेको थियो ।

साधारण सभा सञ्चालन सम्बन्धमा नेफ्स्कूनले भदौ २५ गते विभाग र राष्ट्रिय सहकारी महासंघलाई बुझाएको मस्यौदा कार्यविधिमा पनि विकल्पसहितको सुझाव प्रस्तुत गरिएको थियो ।

सहकारी ऐन अनुसार आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र लेखापरिक्षण र ६ महिनाभित्र वार्षिक साधारण सभा गरिसक्नुपर्ने छ । यसैलाई ध्यानमा राखेर विभागले परिपत्र जारी गर्दै असोज महिना भित्र लेखापरिक्षण गर्न र साधारण सभाका सम्बन्धमा छिट्टै निर्देशनको अपेक्षा गर्न भनेको थियो । यसैबीच, नेफ्स्कूनका अध्यक्ष पौड्यालले संघले बुझाएको मस्यौदा कार्यविधिका अधिकांश विषय सूचनामा समेटिएको भन्दै विभागलाई धन्यवाद समेत दिनुभएको थियो ।

**विभागले जारी गरेको १३ बुँदे सूचना**:

१. सहकारी ऐन २०७४ ले तोकेको समयभित्र लेखापरिक्षण सम्पन्न गरी साधारणसभाको लागि तयारी गर्ने ।

२. समयमै सञ्चालक समितिको बैठक बसी सहकारी ऐनले निर्दिष्ट गरेको साधारण सभाको कार्यहरूको बारेमा तयारी अवस्थामा रहने ।

३. साधारण सभाको लागि तयार गरिएको प्रतिवेदन र साधारण सभामा भाग लिने माध्यम सम्बन्धित संघ संस्थाको वेबसाईटमा अपलोड गर्ने यदि सम्बन्धित संघसंस्थाको वेबसाईट नभएमा नियमनकारी निकायको स्वीकृति लिएर सार्बजनिक सूचना प्रसारण गरी प्रतिबेदन र साधारणसभा सम्बन्धी अन्य जानकारी प्राप्त गर्ने स्थान र समयको बारेमा सदस्यलाई सूचित गर्ने ।

४. सञ्चालक समितिले पारित गरी साधारण सभाको लागि तयार गरिएको प्रतिवेदन साधारणसभाको कम्तिमा १५ दिन वा सम्बन्धित सहकारी संस्थाको बिनियममा तोकिएको समय अगावै सबै शेयर सदस्यले प्राप्त गरे नगरेको टेलिफोन, इमेल, लगायत माध्याम्बाट सुनिश्चित गर्ने र सो को अभिलेख राख्ने ।

५. प्रतिवेदन पठाउदा नै सदस्यहरूले प्रतिवेदन माथिको सुझाव, सल्लाह वा संशोधन प्रस्ताव समेत भए सो सहित साधारणसभाको लागि तोकिएको दिनमा उपस्थित हुन वा अगाडी नै लिखित जानकारी गराउन आग्रह गर्ने र सो प्रतिवेदन उपर प्राप्त लिखित सुझाव समेत साधारण सभाको निर्णयमा समावेश गर्ने ।

६. साधारण सभा कार्यक्रम विद्युतिय माध्यमबाट सञ्चालन गर्न सकिनेछ (गणपूरक संख्याको हकमा भने १५ दिन वा विनियममा तोकिएको समयभित्र सदस्यहरूलाई प्रतिबेदन वितरण गर्दा गरिएको हस्ताक्षर अनुरूप तत्काल कायम सदस्यको ५१ प्रतिशत पुग्नु पर्नेछ) र संभव भएसम्म साधारण सभा सञ्चालन अवधि भरिको सबै गतिविधिहरू सामाजिक सञ्जाल वा स्थानीय सञ्चारमाध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था मिलाउने साथै विधुतीय माध्यमबाट गरिने साधारण सभाको सम्पूर्ण रेकाडिङ नियमनकारी निकायमा साधारण सभा सकिएको ७ दिनभित्र पेश गर्नुपर्नेछ ।

७. यदि साधारण सभा विद्युतीय माध्यमबाट सञ्चालन गर्न नसकिने अवस्था भएमा सदस्य संख्या, सदस्यको फैलावट तथा कार्यक्षेत्र समेतको विचार गरी बढीमा १५ दिनसम्म वा सहकारी संस्थाको स्वीकृत विनियममा तोकिएको समय सम्म साधारण सभा सञ्चालन अवधि कायम राखी उपस्थिति पुस्तिका खुल्ला गर्न सकिने र सदस्यहरूलाई १५ दिनभित्र हस्ताक्षर गर्नका लागि उपस्थित हुने समय र स्थानको जानकारी अग्रीम गराउने, साथै निर्णय पुस्तिकामा हस्ताक्षर गर्न छानिएका प्रतिनिधिहरूलाइ सोही समयमा निर्णय पुस्तिकामा समेत हस्ताक्षर गराउने र नियामक निकायबाट समेत प्रमाणित गराउने,

८. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि कार्यक्रमकै दिनमा प्रतिनिधिहरू चयन गर्ने ।

९. सदस्यहरूले दिएका सुझावाहरू समेटी साधारण सभाको निर्णय पुस्तिका तयार पार्ने ।

१०. साधारण सभामा उपस्थित हुने सदस्यहरूको उपस्थितिको अभिलेखको आधारमा कानून बमोजिमको गणपूरक संख्या पूरा भएमा मात्र साधारण सभाले बैधानिकता पाउनेछ ।

११. सहकारी ऐन, २०७४ को दफा ४० (५) बमोजिम समान कार्यसूचीमा छलफल तथा निर्णय गर्नेगरी एकाइगत रूपमा हुने साधारण सभाको हकमा पनि माथि उल्लेखित बुँदाहरूको पूर्ण पालना गर्ने ।

१२. साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने गरी चुनिएका प्रतिनिधिहरूले सबै एकाईको जम्मा मतसंख्यालाई आधार लिई बहुमतको प्रस्ताव पारित हुनेगरी निर्णय प्रमाणित गर्ने ।

१३. अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुने ।

यो व्यवस्था नेपाल सरकारले भेला जमघटमा निषेधाज्ञा तोकेको अवस्था र स्थानले सदस्यहरू भेला हुन बन्चित भएको समयको लागि मात्र हुने र नेपाल सरकारले निषेधाज्ञा हटाएमा भने प्रचलित कानूनी प्रावधान अनुरूप नै साधरणसभा गर्नुपर्नेछ । सहकारी ऐन, २०७४ अनुसार सहकारी संघ संस्थाहरूले आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र वार्षिक साधारण सभा सम्पन्न गरिसक्नु पर्नेछ ।

# महासंघका अध्यक्ष कडेल सहित सहकारी क्षेत्रका ४ जनालाई जनसेवा पदक



**मिनराज कडेल**
अध्यक्ष
राष्ट्रिय सहकारी महासंघ नेपाल



**जनक राज जोसी**
सहसचिव
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय



**चित्रा कुमारी थाम्सुहाङ्ग**
महाप्रबन्धक
राष्ट्रिय सहकारी महासंघ नेपाल



**महेन्द्र गिरी**
सचिव, सहारा साकोस
सञ्चालक,
राष्ट्रिय सहकारी महासंघ नेपाल

पाचौं संविधान दिवसको अवसरमा असोज ३ गते सरकारले यस वर्ष सहकारी क्षेत्रसम्बद्ध ४ जनालाई जनसेवा पदकबाट विभुषित गर्ने भएको छ । सहकारी क्षेत्रबाट १ जना प्रबल जनसेवा श्री (तृतीय), २ जना प्रबल जनसेवा श्री (चौथो) र १ जनालाई जनसेवा श्री (पञ्चम) बाट विभूषित गर्ने निर्णय सरकारले गरेको हो ।

सुप्रबल जनसेवा श्री (तृतीय) बाट भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबारका सहसचिव जनकराज जोशी विभुषित हुनुहुने भएको छ भने नेफ्स्कूनका पूर्व अध्यक्ष, (वर्तमान सल्लाहकार) एवं राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेल र राष्ट्रिय सहकारी महासंघकी महाप्रबन्धक चित्रा कुमारी थाम्सुहाङ् प्रबल जनसेवा श्री (चतुर्थ) बाट विभुषित हुनुहुने भएको छ । त्यसैगरी, जनसेवा श्री (पञ्चम) बाट झापाको बिर्तामोडस्थित सहारा साकोसका सचिव एवं राष्ट्रिय सहकारी बैंकका सञ्चालक महेन्द्र गिरी सम्मानित हुनुहुने भएको छ । कडेल र थाम्सुहाङ्लाई सहकारीविज्ञका रूपमा, जोशीलाई सहसचिवका रूपमा र गिरीलाई समाजसेवीका रूपमा सम्मानित गर्ने निर्णय भएको हो । विभूषित घोषणा गरिएका ४ जनालाई नेफ्स्कून एवं साकोस आवाजका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

सरकारले यसवर्ष मानपद्वी, अलंकार र पदकबाट जम्म ५ सय ९४ जनालाई सम्मानित गर्ने निर्णय गरेको हो ।

संविधान दिवसको दिन सार्वजनिक सूची अनुसार ४ सय ५३ जनालाई मानपदवी, १ सय १४ जनालाई अलंकार र २७ जनालाई पदकबाट सम्मान गरिनेछ ।



# सहकारीमा लैङ्गिक सवाल



**गोमा नेपाल सापकोटा**

सञ्चालक सदस्य
नेफ्स्कून

> आर्थिक सामाजिक रुपान्तरणको क्रममा राज्यका अन्य क्षेत्रहरुमा जस्तै सहकारीमा पनि लैङ्गिक सवाल उठ्नु स्वाभाविक हो ।


नेपालको संविधानले सहकारीलाई आर्थिक विकासको तीन खम्बा मध्येको एउटा खम्बाको रूपमा स्विकार गरेको छ । सहकारी ऐनको प्रस्तावनामा नै कृषक, कालिगढ, श्रमिक, न्यून आयभएका समूह र सिमान्तकृत वर्गका लागि सहकारी स्थापना गरिने कुरा उल्लेख भएको छ । एउटै समुदायमा बस्ने समान उद्देश्य र सामुहिक भावना भएका व्यक्तिहरू स्वेच्छिक एवं स्वस्फुर्त रूपमा आपसमा संगठित हुँदै सामुहिक नेतृत्व र प्रजातान्त्रिक विधिबाट सञ्चालन हुने स्वायत्त उद्यम नै सहकारी हो । समुदायका जुनसुकै वर्ग, धर्म, जाति र सम्प्रदायका मानिसहरू समान हैसियतमा एकै छानामुनी अटाउन सक्नु यसको विशेषता हो । आर्थिक सामाजिक रूपान्तरणको गतिलो माध्यमको रूपमा सहकारीको अभ्यास गरेका मुलुकहरूले द्रुत गतिमा आर्थिक विकास गर्न सफल भएका उदाहरण धेरै छन् ।

### विषय प्रवेश

समाज रूपान्तरणका लागि आर्थिक सबलीकरण पहिलो एवं महत्वपूर्ण शर्त भएको देखिन्छ । व्यक्तिका असीमित आवश्यकता एवं चाहनाका वावजुद आधारभूत आवश्यकता परिपूर्ति पछिमात्र अन्य विषयले प्राथमिकता पाउने हुन्छ । अविकशीत मुलुकको विकासको बाधकको रूपमा रहेको गरिबी हटाउन राज्यले समय समयमा योजनावद्ध विकास अवधारणा ल्यायो, विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत पनि विकासका विभिन्न क्षेत्रमा प्रयास एवं अभ्यास नभएका होईनन् तर पनि सहभागितात्मक विकास अवधारणाको एक मोडलको रूपमा रहेको सहकारी क्षेत्रले विशेष गरी २०४८ सालपछि उल्लेख्य मात्रामा आर्थिक सामाजिक एवं सांस्कृतिक रूपान्तरणमा भूमिका खेल्न सकेको देखिन्छ । आर्थिक क्रियाकलापमा प्रत्यक्ष सहभागिता, राज्यका अन्य क्षेत्रमा जस्तै सहकारीका प्रारम्भिक संस्था लगायत छाता संघहरूमा समेत नेतृत्वदायी भूमिकामा पुरूषहरू सँगसँगै महिलाको पनि सहभागिता रहन थालेको छ । आर्थिक सामाजिक रूपान्तरणको क्रममा राज्यका अन्य क्षेत्रहरूमा जस्तै सहकारीमा पनि लैङ्गिक सवाल उठ्नु स्वाभाविक हो ।

### महिला अधिकारको कानूनी व्यवस्था

संविधानमा उल्लेख भएका दुई वटा मौलिक हकका विषयमा चर्चा गर्नु सान्दर्भिक हुन्छ, नेपालको संविधान (२०७२) भाग-३ को धारा १८ मा समानताको हकका बुँदा उल्लेख



गरिएको छ । धारा ३८ मा महिलाको हक उल्लेख गरिएको छ ।

**समानताको हकः**

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्नेछैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

(४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिनेछैन ।

(५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

**महिलाको हकः**

(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।

(३) महिला विरूद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । लैङ्गिक मुद्धाहरूमा र अवशरको वितरणमा लैङ्गिक भूमिका, लैङ्गिक समता, लैङ्गिक मूलप्रवाहीकरण, लैङ्गिक बजेट, महिला सशक्तीकरण, सकारात्मक विभेद इत्यादि पर्दछन् । समाजमा महिला र पुरुषको समान अधिकार, अवसर, पहुँच, नियन्त्रण र अस्तित्व एवं पहिचान हुने अवस्था नै लैङ्गिक समानता हो । त्यस्तै महिला र पुरुष बीच सबै क्षेत्र र तहमा समानता भएको आदर्श अवस्थालाई लैङ्गिक समानता भनिन्छ ।

### स्वरोजगारको सवाल

नेपालमा राष्ट्रिय जनगणना २०६८ अनुसार कूल जनसंख्याको ५१.५ प्रतिशत जनसंख्या महिलाको छ । राज्यको आधा भन्दा बढी हिस्सा ओगटेका महिलाको राज्यका हरेक निकाय तथा सामाजिक संघ संस्थाहरूमा न्यून सहभागितामा छ । आर्थिक गतिविधिमा महिलाको पहुँच प्रभावहिन छ । आर्थिक विपन्नताका कारण महिलाहरूको जिवनस्तर अत्यन्तै कष्टप्रद रहेको छ । सामाजिक सुरक्षा, आत्मनिर्णयको अधिकार, शैक्षिक गतिविधिमा संलग्नता, राजनैतिक क्षेत्रमा पहुँच, घुमफिरको स्वतन्त्रता जस्ता कुराहरू सीमित मात्रामा शहर केन्द्रित रहेको पाइन्छ भने ग्रामीण क्षेत्रका महिलाहरू यी सुविधाहरूबाट पूर्ण रूपमा बञ्चितिकरणमा परेका छन् ।

विगतमा महिलाहरूले उद्यम गर्नुपर्छ वा आथिक गतिविधिमा संलग्न हुनुपर्छ भन्ने कुरा महसुस गरिएको थिएन । महिलाले व्यवसाय किन गर्नुपऱ्यो ? भन्ने मान्यता समाजमा थियो । अझै सम्पन्न परिवारका महिला छन् भने बुबाको सम्पत्ति छ वा लोग्नेको कमाई छ, किन दुःख गर्नुपऱ्यो ? वा छोरीलाई आयआर्जनको आवश्यकता नै छैन भन्ने चलन थियो । सदियौदेखि महिलाहरू घरायसि काममा मात्र सीमित भएको हुँदा उत्पादनमुखि आर्थिक क्रियाकलापमा पुरूष बर्चश्व रहँदै आएको छ । दैनिक रूपमा महिलाले गर्ने कार्यबोझलाई आर्थिक क्रियाकलापमा रूपान्तरण गर्ने हो भने घरेलु महिला पनि रोजगार छन् भन्न सकिन्छ । तर पुरूषको तुलनामा महिलाहरू विभिन्न सुबिधाहरूबाट बञ्चित रहेका हुनाले आर्थिक स्थिति नाजुक रहेको हुन्छ । न्यून संख्यामा रोजगारीमा रहेका महिलाले कमाएको पारिश्रमीक माथि पनि घरमूली अथवा पुरूषको प्रत्यक्ष अप्रत्यक्ष नियन्त्रण रहेको हुन्छ । सामाजिक सशक्तिकरणको मुख्य पाटो आर्थिक सवलिकरण भएकोले जवसम्म महिलाहरूको आर्थिक उन्नति हुन सक्दैन तव सम्म आधारभूत आवश्यकता परिपूर्ति हुन समेत धौ धौ हुने, आम्दानी नभई बचत तथा सञ्चय गर्न सक्दैनन् जसले गर्दा महिलाको स्तर उन्नति हुन नसकिरहेको अवस्था छ ।

सामाजिक सशक्तिकरणको मुख्य पाटो आर्थिक सवलिकरण भएकोले जवसम्म महिलाहरुको आर्थिक उन्नति हुन सक्दैन तव सम्म आधारभूत आवश्यकता परिपूर्ति हुन समेत धौ धौ हुने, आम्दानी नभई बचत तथा सञ्चय गर्न सक्दैनन् जसले गर्दा महिलाको स्तर उन्नति हुन नसकिरहेको अवस्था छ ।

अहिले यो सोचमा परिवर्तन आइसकेको छ । अहिले समाजमा महिलाहरू पनि आर्थिक कार्यमा सक्रिय रहेर आत्मनिर्भर हुनुपर्छ भन्ने सोच आएको छ । तर यतिले मात्रै पुग्दैन । सुरूदेखि नै महिला सीमित क्षेत्रमा मात्रै उद्यमीका रूपमा कार्यरत थिए । हस्तकला, घरमै बसेर गर्न सकिने सानातिना कामहरू, कृषि क्षेत्र, परिकार बनाउने जस्ता कामबाट महिला उद्यमशीलता विकास हुँदै आएको हो । पछि यसलाई व्यावसायिक बनाउनुपर्छ भन्ने सोच पनि आउन थालेको छ । बैंक वित्तीय, सहकारी संस्था र पर्यटन जस्ता सेवा क्षेत्रमा महिला थोरै थिए । अहिले उद्यम तिरपनि महिलाहरूको संख्या बढ्दैछ । अवसर पाए सबै क्षेत्रमा महिलाले सफलता हासिल गरेको देखिएको छ । इच्छा र आवश्यकता अनुसार क्षमता अभिवृद्धि गर्दै सीप, सूचना, प्रविधि र लगानी गर्न सकियो भने आर्थिक रूपमा उनीहरू पनि आत्मनिर्भर हुन सक्दा रहेछन् । महिलाहरू सहकारी मार्फत बचत ऋण लगानी गर्दै सामाजिक कार्यमा पनि धेरै नै कार्य गरिरहेका छन् । शहरी क्षेत्रमा सञ्चारमा, होटेल व्यवसाय, पर्यटन क्षेत्रमा धेरै महिला उद्यमिहरू छन् । केही महिलाले व्यक्तिगत र सामुहिक रूपमा माछापालन, सामुहिक कुखुरापालन, पशुपालन र खुद्रा व्यापार, बुटिकमा राम्रो आम्दानी गरेको छन् । महिलाहरूमा प्रगतिशिल सोच आइसकेको हुनाले विगतको जस्तो स्थिति रहेन र समय विस्तारै परिवर्तन हुँदै गयो ।

### नेतृत्वको सवाल

नेपालको राजनैतिक परिवर्तन सँगसँगै मुलुकमा पनि महिला अधिकारका लागि विभिन्न परिवर्तनहरू भएका छन् । नेपालको संविधान (२०७२) ले राज्यका हरेक निकायमा महिलाको सहभागिताका लागि ३३ प्रतिशत सिट सुरक्षित गरेको छ । कानून त अधिकार प्राप्त भएतापनि व्यबहारिक रूपमा कार्यान्वयन गर्न अझ बाँकी नै छ । कानूनमा व्यवस्था भए अनुसार सहकारी क्षेत्रमा पनि समस्या उहि रहेको छ । केही प्रतिशत आरक्षण गरेको सिटमा महिला रहँदा रहँदै पनि निर्णायक बिन्दुमा आइपुग्दा महिलाको धारणा वा विचार गौण बन्ने गरेको छ । भाषण र बोलीमा महिला मैत्री भएपनि महिला महिलामा र अन्य राजनैतिक सहकर्मीका बीच व्यापक भेदभाव र हिंसा भएको पाइन्छ । जबसम्म राजनैतिक भेदभाव र हिंसा अन्त हुँदैन तबसम्म मुलुकमा चाहेर पनि समृद्धि हासिल हुन सक्दैन ।

नेपाली समाजको सामाजिक संरचना वर्षौदेखि चलिआएको सांस्कृतिक धार्मिक चालचलन, कामको वर्गीकरण जस्ता कारणले एक्काइसौँ शताब्दीको अन्त्य सम्म पनि महिला र पुरुषबीच असमान व्यवहार गर्ने गरिएको पाइन्छ । शैक्षिक, बौद्धिक, लगायत हरेक पक्षमा सक्षम हुँदाहुँदै पनि सामाजिक दृष्टिकोणमा पुरूष वलियो एंव मर्यादित र महिला

कमजोर एवं अपहेलित अवस्थाबाट गुज्रनु परिरहेको छ । अशिक्षा, कुरिती, गरिबी, अनमेल विवाह, बाल विवाह, दाइजोप्रथा बोक्सीको आरोप जस्ता कुप्रथाबाट पुरूषहरू छिटपुट रूपमा मात्र पीडित तथा प्रभावित छन् भने अधिकांश रूपमा महिलाहरूनै यी प्रथा एंव हिंसाको सिकार हुँदै आएका छन् । पछिल्लो समयमा वैदेशिक रोजगारीका क्रममा देखिएका केही, विकृतिका कारण पारिवारिक विखण्डन बढ्न गई हिंसामा पर्ने पुरुषको तुलनामा महिलाहरू नै बढी पीडित र शोषणमा परेको पाइन्छ । यी यावत समस्याका कारण निर्णायक तहमा महिलाको पहुँच पुग्न नसकेको देखिन्छ । जसको कारण निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- पितृसत्तात्मक सामाजिक संरचना एंव धार्मिक, सांस्कृतिक परम्परा र विभेदका कारण प्रमुख नेतृत्वमा महिला आउन नसक्नु
- सामाजिक सुरक्षाका कारण महिलाहरू नेतृत्वमा आउन नसक्नु
- प्रतिस्पर्धाबाट नेतृत्व चयन प्रक्रियामा महिलाहरू सहभागी हुन नचाहनु ।
- आरक्षण गरेका स्थानमा बाहेक अन्य स्थानहरूमा महिला सहभागिता हुन नसक्नु
- नीति निर्माणका समयमा महिलाको उपस्थिति अनिवार्य नठानिनु र महिला पनि यसका लागि तयार नहुनु ।




- महिलाहरूको बढी समय घरायसीकाममा व्यतीत हुँदा सहकारीमा समय दिन नसक्नु
- प्राप्त हुने अवसरहरूमा तथा स्रोत साधनमाथि महिलालाई कम महत्व दिइनु
- महिलाका लागि राज्य स्तरबाट केही सकरात्मक विभेद गरी आरक्षणको व्यवस्था गरेता पनि त्यसको असर न्युन रहनु ।
- आय आर्जनका क्षेत्रमा महिलाको पहुँच न्यून रहनु तथा नियन्त्रणको अवस्था न्युन रहेका कारण सहकारीमा महिला नेतृत्व स्थापित हुन नसक्नु

## निष्कर्ष

सहकार्यबाट सहकारी बनेको हो । सहकारीको मर्म भनेकै समानता हो । सहकारीको आर्थिक पाटो जति महत्वपूर्ण छ त्यो भन्दा वढी महत्वपूर्ण सामाजिक पाटो छ । सहकारीको उद्देस्य भनेको महिला सशक्तिकरण पनि हो । हरेक ठाउँमा पुरूषको उपस्थिति देख्दा बुर्का र घुम्टोले मुन्टो छोपेर नबस्नु निर्धक्कसग अनतरक्रिया र कुराकानी गर्न सक्नु, सारिरिक हिंसाको त्रास बाट मुक्त हुनु, सुरक्षा महसुस गर्नु, श्रीमानको गलत विचारलाई औंल्याउन सक्नु, बहुविवाह गर्न रोक लगाउनु, अवस्था अनुसार सम्बन्ध बिछेदको पहल गर्न सक्नु, छोरीलाई उमेर पुगेपछि मात्र बिबाह गर्न लगाउनु, दाइजो प्रथाको विरूद्धमा बोल्न सक्नु, आफ्नो घरपरिवारको समस्या र उपलब्ध समाधानको विकल्पका बारेमा जानकारी राख्नु भविष्यको योजना निर्माण गर्नु, भविष्यमा प्रतिफलका कार्यहरू गर्न सक्षम रहनु, सन्तानको लागि वा शरीरका लागि चाहिने पौस्टिकयुक्त खानेकुरा खुवाउनु, छोराछोरीलाई समान शिक्षा दिनु ऐन नियमका बारेमा जानकारी राख्नु, आवश्यकतानुसार संघसंस्थासँग सरसहयोग लिन दिन सक्नु, विभिन्न संस्थाका बारेमा, कार्यक्रमका बारेमा जानकारी सचेत र आवश्यक परेको खण्डमा अरूको मद्दत गर्न सक्ने गरी महिला सशक्त भए भने मात्रै सहकारीले गति लिन सक्छन् ।

विश्वव्यापीकरणको आजको युगमा महिलाका सर्वाङ्गिण पक्षको विकास जरूरी छ । उनीहरू माथि हुने नितिगत र व्यवहारगत भेदभाव र हेयको पात्रको दृष्टिकोण हटाइनु पर्छ । त्यसका लागि महिला शिक्षा जरूरी छ । जुन विनाशर्त हरेक छोरीले प्रकृति प्रदत्त हकको रूपमा पाउनै पर्छ । तब मात्रै वास्तविकतामा महिला शसक्तिकरण प्राप्त हुने वा भएको मापन गर्न सकिनेछ । त्यो सबै काम सम्पन्न गर्न महिलाको सक्दो बढी राजनीतिक सहभागिता जरूरी छ ।


निम्न तहदेखि उच्च तहसम्म महिलाको पहुँच जरूरी छ । त्यो चाहे नीति निर्माण तहमा होस् वा शासन सत्ताको तप्कामा किन न होस्, महिला संख्या बढी भन्दा बढी हुनै पर्छ । हरेक महिलाहरूले निसन्कोच घरबाहिरको कामहरूमा संलग्नता जनाउन सक्नु अर्थात अड्डा अदालत, बजार किनमेल, बैंकिङ्ग गर्ने, तालिममा सहभागी हुने, घुमफिर गर्ने, सामाजिक कार्यमा सम्लग्न हुने, विरोध जुलुस आदिमा भाग लिनसक्ने गतिशील एवं दृढ विश्वास हुनु, नेतृत्वको विकास ऐक्यवद्धता कायम गर्न, हरेक क्षेत्रमा पहुँच राख्नु, सम्भावित उत्पिडनबाट बाच्न सक्ने क्षमताको विकास गर्न सक्ने क्षमता सशक्तिकरणको सुचक का रूपमा लिन सकिन्छ । सहकारी भन्नु र सहभागिता भन्नु उस्तै उस्तै हो ।

❑ ❑ ❑

# युवा स्वरोजगार कार्यक्रममा सहकारी सहितको एकीकृत धारणा आवश्यक

सहकारी मार्फत गरिबी निवारणका क्षेत्रमा युवा लक्षित स्वरोजगारका कार्यक्रमहरू सञ्चालनका लागि सरोकारवालाहरूले एकीकृत अवधारणा सहित अघि बढ्ने ऐक्यवद्धता व्यक्त गर्नुभएको छ । गरिबी निवारणका क्षेत्रमा काम गर्ने सरकारी निकायहरूले समुदायस्तरमा भिजेको सहकारीलाई माध्यम बनाउदा अपेक्षाकृत लाभ हासिल गर्न सकिने ठम्याइसहित साझा रणनीतिक अवधारणाको खाँचो सम्वद्ध व्यक्तिहरूले औल्याउनुभएको हो । खासगरी पिछडिएका हिमाली तथा पहाडि क्षेत्रमा युवाहरूलाई सहकारीमार्फत सहुलियत कर्जा उपलब्ध गराउने मात्र नभई त्यहाँका सहकारीहरूको सञ्चालन तथा व्यवस्थापकीय नेतृत्वमा युवाहरूको सहभागिता अभिवृद्धि गर्ने दिशामा धेरै काम गर्न सकिने साझा बुझाइ रहेको छ । यसको सहजिकरणका लागि नेतृत्व गर्न राष्ट्रिय युवा परिषद् तयार रहेको कार्यकारी उपाध्यक्ष माधव ढुङ्गेल बताउनुहुन्छ ।

"एकातिर काम गर्न उद्यत युवाहरू पहिचान गरी उनीहरूलाई सहकारीमार्फत सस्तो ब्याजदरमा कर्जा सहयोग उपलब्ध गराउन सकिन्छ भने अर्कोतर्फ गरिबी निवारण कोषले आफ्ना कार्यक्रमहरू सञ्चालन गरेका ६४ जिल्लाका ३२ हजार भन्दा बढी सामुदायिक संस्थालाई सहकारी प्रणालीमा रूपान्तरण गरी तिनको सञ्चालन र व्यवस्थापनमा युवा सहभागिता बढाउन सकिन्छ", ढुङ्गेलले भन्नुभयो, "यो काम सफलतापूर्वक सम्पन्न गरी युवा उद्यमशीलता र स्वरोजगारी सिर्जना मात्र होईन सामाजिक रूपान्तरणमा पनि ठूलो उपलब्धी हासिल गर्न सकिन्छ जसले मुलुकलाई समृद्धि बनाउँदछ ।" यसका लागि परिषद् र गरिबी निवारण कोषसँगै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सीटीइभीटी र वित्तीय सहकारीको माउ संघ नेफ्स्कूनबीच रणनीतिक साझेदारीको विकल्प नभएको भन्दै त्यसको सहजिकरणका लागि राष्ट्रिय युवा परिषद् सकारात्मक रहेको धारणा उहाँले राख्नुभयो । "युवा उद्यमशीलता तथा स्वरोजगारी सिर्जना मात्र होईन लक्षित युवा समूहहरूको पहिचानमा पनि सहकारी जत्तिको जनस्तरले पत्याएको अन्य निकाय छैन । सहकारी भनेको जनताबाटै बनेको हो । सरकारले उपलब्ध गराउने सहुलियत कर्जाको प्याकेजको जिम्मा सहकारीले लिनुपर्छ", ढुङ्गेलले भन्नुभयो, "सामाजिक उत्तरदायित्व अन्तर्गतका सहकारीका कोषलाई राज्यको सहुलितय कर्जा प्रवाहको योजनासँग जोडेर अघि बढ्ने हो भने एकैपटक लाखौं रोजगारी सिर्जना मात्रै होईन आर्थिक क्रान्ति गर्न सकिन्छ ।" त्यसको लागि सहकारी सशक्त माध्यम हुन्छ भन्ने कुरामा कुनै दुईमत नरहेको उहाँको दावी थियो ।



स्मरणीय छ सरकारले चालु आर्थिक वर्षको बजेट वक्तव्यमा युवा स्वरोजगारको कार्यक्रमको माध्यमबाट थप १२ हजार गरीबका लागि लघु उद्यम लगायतका क्षेत्रबाट १ लाख २७ हजार रोजगारी सिर्जना गरिने उल्लेख गरेको छ । त्यसैगरी, गरिबी निवारण कोषद्वारा प्रवाहित ६४ जिल्लाका ३२ हजार भन्दा बढी सामुदायिक संस्थाले परिचालन गरेको १९ अर्बको घुम्ती कोषलाई बीउ पूँजीका रूपमा प्रयोग गरी स्थानीय स्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न ती संस्थालाई सहकारी प्रणालीमा रूपान्तरण गरिने बजेटमा उल्लेख गरिएको छ । यसबाट कृषि, लघु तथा साना उद्योगका क्षेत्रमा थप १ लाख ५० हजार रोजगारी सिर्जना गरिने बजेटले बोलेको छ ।

यसरी हेर्दा करिब २ लाख ७७ हजार रोजगारी मुलुकभित्र सिर्जना गर्न सकिने सरकारको योजनामा सहकारीको अहम् भूमिका भएको नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल बताउनुहुन्छ । कोभिड-१९ का कारण मुलुक भित्रै रोजगारी गुमाएका र विदेशबाट समेत फर्किएका र चाँडै फर्कने शिक्षित बरोजगार युवाहरूको सही व्यवस्थापन सम्भव भएको दावी सरोकारवालाहरूको छ । राष्ट्रिय युवा परिषद्ले लक्षित युवाहरूको पहिचान गर्ने, उनीहरूलाई आवश्यक सीप विकासका लागि सीटीइभीटीले तालिम तथा व्यावसायिक शिक्षा प्रदान गर्ने र सहकारीले सहुलियत कर्जा मार्फत उद्यमशीलता सिर्जना गर्ने सम्भावना प्रचुर छ । युवाहरूलाई स्थानीय परिवेश र आवश्यकताका आधारमा सीप विकासमा सीटीइभीटीले

काम गर्ने परिषद्का उपाध्यक्ष खगेन्द्र अधिकारीको भनाइ छ ।

गरिबी निवारण कोषका उपाध्यक्ष निर्मल भट्टराईले सरकारको योजना अनुरूप भौगोलिक सुगमता भएका स्थानमा १ पालिकामा १ सहकारी र पहाडि तथा दुर्गम हिमाली क्षेत्रमा २ वटा पालिकामा १ सहकारी गर्दा अनुमानित ७ सय सहकारीहरू थप हुने उहाँले बताउनुभयो । "थपिने सहकारीहरू गरीबका सहकारीहरू हुनेछन् जहाँ गरिबहरू नै काम गर्नेछन्, सञ्चालन र व्यवस्थापकीय भूमिकामा उनीहरू नै संलग्न हुनेछन्, पूँजी निर्माण गरी लगानी गर्नेछन् त्यसैले त्यस्ता सहकारीहरू समस्या नभई समुदायमा आधारित आवश्यक संस्था हुन्छन्", उहाँले भन्नुभयो, १९ अर्बलाई केन्द्रिकृत गरी वर्तमान परिस्थिति अनुरूप गरीब घर परिवारका युवाहरूलाई रोजगारी सिर्जनाको अवसर प्रदान गर्ने, नेतृत्व र व्यवस्थापकीय क्षमता बढाउने काममा सहकारीमार्फत पूँजीको परिचालन गर्न सकिने उहाँ बताउनुहुन्छ ।

"हाम्रा कार्यक्रम लागू भएका जिल्लामा सहकारी निर्माण, नेतृत्व र व्यवस्थापनमा युवाहरूलाई जोड्न सक्यौं भने उनीहरू आफै अग्रसर भएर काम गर्छन्", भट्टराईले भन्नुभयो, "यसले सहकारी क्षेत्रको पनि सबलीकरणमा मद्दत पुग्दछ । त्यसका लागि सरोकारवालाहरूबीच केन्द्रमा मात्र नभई स्थानीय तह र सररकारसँग पनि समन्वय आवश्यक छ ।" सीटीइभीटी र युवा परिषद्बीच लक्षित युवाहरूको पहिचान परिषद्ले गर्ने र स्थानीय आवश्यकता र माग बमोजिम सीटीइभीटीले तालिम उपलब्ध गराउने सम्झौता हालै भएको छ । सीटीईभीटीका उपाध्यक्ष अधिकारीले भन्नुभयो, "विदेश जान खोज्ने, विदेशबाट फर्किएका वा बेरोजगार युवाहरूको आवश्यकता पहिचान गरी उनीहरूलाई आवश्यक परामर्श सहित सीपसँग जोडिने र स्वरोजगारी र उद्यमशीलता सिर्जनामा स्वतःस्फूर्त सहभागिताका लागि तयार बनाउने काम युवा परिषद्ले गर्ने छ भने सीटीइभीटीले आवश्यक तालिम प्रदान गर्नेछ ।" यसरी सीप प्राप्त युवाहरूलाई सहकारीमार्फत उद्यमशीलता विकासमा नेफ्स्कूनको सञ्जाल प्रयोग गर्न सकिने अध्यक्ष पौड्याल बताउनुहुन्छ । सरकारले उनीहरूलाई स्थानीय स्तरमा उपलब्ध नेफ्स्कूनको सञ्जालहरूमार्फत सहकारी शिक्षा र महत्वसँगै सहुलितय कर्जा उपलब्ध गराउने काम आवश्यक भएको ढुङ्गेलले धारणा । ग्रामीण स्तरमा विश्वास र सञ्जाल समेत विस्तार भएको सहकारीहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुने नेफ्स्कूनका अध्यक्ष पौडल बताउनुहुन्छ ।

शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादसँग र उत्पादनलाई समृद्धिसँग जोड्नुपर्ने अहिलेको आवश्यकता अनुरूप युवाहरूलाई सुलभ वित्तीय उपलब्धताको लागि सहकारी भन्दा सशक्त माध्यम अरू नुहने धारणा उहाँको छ ।

स्मरणीय छ, नेफ्स्कूनले स्थानीय निकायसँगको साझेदारीमा आधारशीला नामक कार्यक्रमको अवधारणा अघि सारेको छ । केन्द्रीय वित्तीय सहकारी संघले साउन ३२ गते आफ्नो ३३ औं स्थापना दिवस पारेर उक्त नवीन कार्यक्रमको औपचारिक उद्घाटन गरेको थियो ।

स्वरोजगार कोषमा युवाका अवसर बारे भदौ २२ गते राष्ट्रिय युवा परिषद्ले आयोजा गरेको भर्चुअल अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले युवालाई स्वरोजगार बनाउने विषयमा नीतिगत संशोधन आवश्यक भएको बताउनु भएको थियो । युवा स्वरोजगार कोषका उपाध्यक्ष देवराज रोकाले लक्षित वर्गसम्म कार्यक्रम पुगोस् भन्ने हेतुले काम भैरहेको भन्दै युवाहरूलाई स्वरोजगार बनाउने उपयुक्त माध्यमको छनौट महत्वपूर्ण विषय भएको धारणा राख्नुभयो । राष्ट्रिय युवा परिषद्, युवा स्वरोजगार कोष र नेफ्स्कून समेतको सहजिकरणमा आयोजित उक्त कार्यक्रममा प्रमुख अतिथि युवा तथा खेलकूद मन्त्री जगतबहादुर विश्वकर्माले आवश्यक नीतिगत संशोधन गरी युवाका लागि विनियोजित बटेज अनुरूप कार्यक्रमहरू अघि बढाउने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो ।

❑❑❑

# सन् २०२० को एक्सेस अडिट सम्पन्न

एसियाली ऋण महासंघ (अकु) र नेफ्स्कूनको प्राविधिक सहकार्यमा नेपालका बचत तथा ऋण सहकारी संस्थाहरूमा सञ्चालित गुणस्तर सुनिश्चितता प्रमाणीकरण कार्यक्रम उत्कृष्ट सेवा तथा सुरक्षाको लागि सर्वोत्तम छनौट A1 Competitive Choice for Excellence in Service and Soundness-ACCESS को सन् २०२० र २१ को लागि गुणस्तर परिक्षण अभौतिक रूपमा सम्पन्न भएको छ । यस वर्ष २३ वटा बचत तथा ऋण सहकारीहरूले एशियाली ऋण महासंघबाट परिक्षण गराएका हुन् । सन २०१९ मा गुणस्तर परिक्षण गराई सफल भएका संस्थाहरूको मात्र यो वर्ष परिक्षण गरिएको हो । सहभागी २३ संस्थामध्ये ८ वटाले गत वर्ष सिल्भर ब्राण्ड प्राप्त गरेका थिए भने बाँकी १५ ले ब्रोन्ज प्राप्त गरेका थिए । ब्यालेन्स स्कोरकार्डमा आधारित चार क्षेत्रहरू क्रमशः वित्तीय, सदस्य, आन्तरिक व्यावसायिक प्रक्रिया र सिकाई एवं वृद्धिका कुल ८६ वटा कार्यसम्पादन सूचकहरूमा संस्थाको वर्तमान उपलब्धीहरूलाई मापन गरी तोकिएको स्तर हाँसिल भएमा १ वर्षको लागि एशियाली ऋण महासंघले ब्राण्ड चिन्ह प्रदान गर्दछ ।

# सहकारी सञ्जाल भित्र पेशागत मूल्य सिर्जना: एक चर्चा



**प्रकाश प्रसाद पोखरेल**


कायम मुकायम प्रमुख कार्यकारी अधिकृत
नेफ्स्कून

सहकारी सञ्चालनमा सहकारी सदस्य, व्यवस्थापन, सञ्चालक तीन मुख्य खम्बा हुन्छन् । सैद्धान्तिक र नीतिगत व्यवस्थाहरुलाई कार्यपरिणाम प्रदान गर्न व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । व्यवस्थापनसँग संस्थाको उद्देश्य प्रत्यक्ष जोडिएको हुन्छ जसको उचित सम्पादन पश्चात संस्थाको उपलब्धी हासिल हुनुका साथै संस्थाको मुल्य सिर्जना हुन्छ ।

सहकारी संस्था सदस्यहरूद्वारा आफ्ना सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, वातावरणीय/ पर्यावरणीय उन्नयनका लागि आफ्नै सहभागितामा प्रजातान्त्रिक तवरले सञ्चालित स्वायत्त सामाजिक उद्यम हो । सिद्धान्तः सहकारीले राष्ट्रिय अर्थतन्त्रको दरिलो स्तम्भका रूपमा संवैधानिक स्वीकार्यता स्थापित गरिसकेको जगजाहेर छ । यसैको परिदृश्यमा सहकारी ऐन, नियमावली, राष्ट्रिय सहकारी नीति, रणनीतिक योजना, वार्षिक नीति तथा कार्यक्रम पनि तय हुन्छन् ।

यसका अतिरिक्त सहकारीमा ठाडो र तेस्रो तेर्सो सम्बन्धका आयामहरू पनि अटाएका हुन्छन् । दुई मध्ये ठाडो सञ्जाललाई विशेष महत्वका साथ हेरिन्छ किनकि यसमा प्रारम्भिक सहकारी, जिल्ला, प्रदेश तथा केन्द्रीय संघहरू, महासंघ, एशियाली संघहरू, विश्व ऋण परिषद् तथा अन्तर्राष्ट्रिय सहकारी महासंघसम्मको सम्बन्ध स्थापित भएको हुन्छ । सञ्जालकै कारण एक ग्रामीण क्षेत्रमा रहेको सहकारी संस्थाका सदस्यको सम्बन्ध अन्तर्राष्ट्रिय स्तर सम्म स्थापित हुन्छ । सञ्जालिकरणले संस्थागत र व्यक्तिगत सम्बन्धलाई विस्तारित गर्ने सुअवसर प्रदान गर्दछ । यसरी प्रारम्भिक हुँदै क्रमशः माथिल्ला संस्थाहरू उपल्लो सञ्जालमा आवद्ध हुँदा सहकारीमा कार्यरत मानव संशाधनको मूल्य सिर्जनामा पनि स्वाभाविक वृद्धि हुन्छ, सञ्जालमा काम गरिरहेका मानव संशाधनहरूलाई प्रारम्भिक संस्थाले बढी सुविधा प्रदान गरेर माग गरिरहेको यसको जलन्त्व उदाहरणको रूपमा लिन सकिन्छ । यसले गर्दा सञ्जाल भित्र कार्यरत दक्ष मानव जनशक्तिका लागि बहुअवसर सिर्जनासँगै सेवा सुविधा बढोत्तरीको मार्ग प्रशस्त गर्ने प्रचुर सम्भावना रहन्छ ।

सहकारी सञ्चालनका दुई प्रमुख निकाय संञ्चालक समिति र व्यवस्थापन समूह हुन् । सञ्चालन पक्षले संस्थाको नीति



नियम निर्माणमा सहजिकरण भूमिका निर्वाह गरेको हुन्छ भने व्यवस्थापन समूह उक्त नीति नियमको परिपालना र संघसंस्थाको वस्तु तथा सेवाहरूको माध्यमद्वारा सदस्य सन्तुष्टिमा समर्पित हुन्छ । सहकारी सञ्चालनमा सहकारी सदस्य, व्यवस्थापन, सञ्चालक तीन मुख्य खम्बा हुन्छन् । सैद्धान्तिक र नीतिगत व्यवस्थाहरूलाई कार्यपरिणाम प्रदान गर्न व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । व्यवस्थापनसँग संस्थाको उद्देश्य प्रत्यक्ष जोडिएको हुन्छ जसको उचित सम्पादन पश्चात संस्थाको उपलब्धी हासिल हुनुका साथै संस्थाको मुल्य सिर्जना हुन्छ ।

संस्थाको सोच (लक्ष्य, ध्येय तथा परिकल्पना), उद्देश्य र गन्तव्यको सैद्धान्तिक र नीतिगत व्यवस्था संचालक समितिले स्वीकृत गरेपनि व्यवस्थापनले त्यसको अपनत्व लिएमा मात्र प्रगति तथा दीगोपना सम्भव हुन्छ । अष्ट्रेलियामा जन्मिएका अमेरिकी व्यवस्थापक, प्रशिक्षक एवं लेखक पिटर ड्रकरका अनुसार "Management by objectives (MBO) is a strategic management model that aims to improve the performance of an organization by clearly defining objectives that are agreed to by both management and employees" संस्थालाई सबल बनाउन निष्पक्ष, स्वतन्त्र व्यवस्थापन समूह आवश्यक हुन्छ । Management as 7S Framework: Strategy, Structure, System, Staffs, Style, Skill and Shared Value जसको अलवा संस्थाको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक 7M पनि उत्रिकै आवश्यक छ जसमा Manpower ( Human Resource), Materials, Machines,

Methods, Money, Market and Management Information System पर्दछ । व्यवस्थापनको लक्ष्मा सीमित श्रोत साधनको अधिकतम् उपयोग, आर्थिक, मानवीय, भौतिक साधनको परिचालन, उपलब्ध सूचनाको प्रभावकारी उपयोग, पद्धति अनूरूपको कार्य, कम समयमा बढी कार्य, कम लगानी तथा लागतमा बढी फाईदा (Synergy), सिर्जनात्मक तथा नयाँपनको व्यवस्था परिभाषित हुनुपर्दछ त्यस्तै संस्था सफल हुन असल व्यवस्थापनका गुणहरू आवश्यक पर्दछ जसमा, निर्णय क्षमता, समस्या समाधान क्षमता, समय व्यवस्थापन, संकट व्यवस्थापन (गर्ने) कला, द्वन्द व्यवस्थापन क्षमता, प्रभावकारी समन्वय र संचार क्षमता, कार्य तथा संस्था प्रति उत्प्रेरणा र कुशलता प्रदर्शन क्षमता, समूह व्यवस्थापन, अधिकार प्रत्यायोजन आवश्यक छ ।

सहकारी संस्थाहरूले सञ्जाललाई अभिभावकको रूपमा स्वीकर गरेका हुन्छन् भने सञ्जालले पनि आफ्ना सदस्यहरूको कानूनी वातावरण निर्माण, संस्था सञ्चालनमा स्तरीयता, दीगोपना, कुशल तथा प्रभावकारी व्यवस्थापन तथा उत्कृष्ट सेवाहरूको सहजीकरणमा सक्रिय र रचनात्मक भूमिका निर्वाह गर्नु अत्यावश्यक छ । दुवैको उचित संयोजनमा सहकारी सञ्जालमा अनुभवप्राप्त मानव संशाधनको पेशागत मुल्य अभिवृद्धि भएका प्रशस्त उदाहरणहरू पाइन्छ । पेशागत मुल्य सिर्जनाका लागि संस्थाले लिएको परिकल्पना, ध्येय, उद्देश्य एवं रणनीतिक कार्यदिशाहरू कार्य सम्पादन मुल्याङ्कनका आधार स्तम्भ हुन् । त्यसैले, कार्यसम्पादन मूल्यांकनका आधारहरूमा मुख्यतया: संगठनको रणनीतिक योजना, कार्यविश्लेषण र कार्य ढाँचा, तालिम र विकास, कर्मचारी उत्प्रेरणा, कर्मचारीहरूको सम्बन्ध, क्षतिपूर्ति (तलब तथा सुविधाहरू), जस्ता कुराहरूले प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । कार्यसम्पादन मूल्यांकन ढाँचाले पनि मुल्याकंन प्रक्रियालाई प्रभाव पार्ने भएकोले त्यस्ता प्रक्रिया पनि चुस्त दुरूस्त हुनु पर्ने हुन्छ । मुल्याङकन पद्धतिमा ९० डिग्री (ठाडो) : सुपरभाईजरले, १८० डिग्री (ठाडो र तेर्सो) : सुपरभाईजर र समकक्षीले, २७० डिग्री (माथि, तल र तेर्सो) : सुपरभाईजर, समकक्षी र मातहत कर्मचारीले, ३६० डिग्री (माथि, तल, दायाँ र बायाँ) : सुपरभाईजर, समकक्षी, मातहत कर्मचारी र सेवाग्राही र ७२० डिग्री (माथि, तल, दायाँ र बायाँ) : सुपरभाईजर, समकक्षी, मातहत कर्मचारी र सेवाग्राही तथा pre-feedback तथा Post-feedback विधि अवलम्बन गरिन्छ ।




व्यवस्थापन समूहको सबैभन्दा बलियो पक्ष मानव संशाधन हो । मानव संशाधनलाई केवल मानव संयन्त्र/साधन नभई पूँजीको रूपमा हेर्न सक्नु पर्दछ । संस्थागत सबलताका साथ मुल्य सिर्जना गर्ने हो भने मानव संशाधन व्यवस्थापनको बदलिदो स्वरूपमा कर्मचारी प्रशासन (Command Oriented), कर्मचारी व्यवस्थापन (Efficiency Oriented), मानव संशाधन व्यवस्थापन (Holistic Approach), मानव पूँजी व्यवस्थापन (Value Oriented) क्रमश: मानव संशाधनलाई मानव पूँजीको रूपमा लिने गरिन्छ ।

ग्रीक दार्शनिक अरस्तुको विचारमा Excellence is an Act Won by Training and Habit (प्रशिक्षण र बानीद्वारा उत्कृष्टता सम्भव छ), त्यसैले मानव संशाधनलाई समयनुकुल प्रशिक्षण आवश्यक पर्दछ । प्रशिक्षणले ज्ञान, सीप र प्रवृत्ति विकासमा निखार ल्याउँदछ जसले कार्यसम्पादनलाई सहयोग गर्नुका साथै संस्थाको लक्ष्य प्राप्ति भई मुल्य सिर्जनामा सहयोग पुग्दछ ।

**ज्ञान**: ज्ञानले व्यक्तिमा सूचना, परिभाषा, पहिचान, सामर्थ्य, निष्कर्ष, समाधान, परिर्वतन, उत्पादन, सिर्जना, छनौट, लेखाजोखा, निर्दिष्टता पक्षहरूमा सैद्धान्तिक जानकारीको आधार तयार

गर्छ ।

**सीपः** सीपले व्यक्तिमा प्रयोग, परीक्षण, सञ्चालन, मान्यता, उपलब्धि, काम, प्रर्दशन, व्यवहार, लेखाई, निष्कर्ष आदिको क्षमता बढाउछ ।

**प्रवृत्तिः** प्रवृत्तिले सहयोग, छलफल, समाधान, स्वीकृति, छनौट, राय बझाउने, फरक पत्ता लगाउने, बिनम्रता, व्याख्या गर्ने, दृष्टिकोण बनाउने आदि आधार तयार गर्दछ ।

व्यवस्थापनमा परिणाममुखी कार्यसम्पादन महत्वपूर्ण अगंको रूपमा हेरिन्छ, जसका उपलब्धी निर्धारण प्रणाली (Performance Evaluation and Reporting), नतिजामा आधारित प्रोत्साहन प्रणाली (Reward on the basis of Result), निरन्तर सुधार र क्षमता विकास (Continuous Reform and Capacity Development), नतिजामुखी संस्कृति निर्माण (Performance Designing Culture) जस्ता तत्वहरूको कुशल तथा प्रभावकारी विश्लेषण आवश्यक पर्दछ । त्यस्तै, परिणाममुखी कार्य सम्पादनका उपकरणहरूमा रणनीतिक योजना व्यवस्थापन, कार्यमुलक बजेट प्रणाली व्यवस्थापन

Reninecy Error तत्कालको कामबाट मात्र प्रभावित भइ मुल्याकन गर्ने ।

Similarity Error: सबैलाई उस्तै उस्तै नै अंकमा मुल्याकन गर्ने ।

Low Appraiser/ Appraisal Motivation किन अरूलाई बढी अंक दिने भन्ने पुर्वाग्रहका कारण मुल्याकन प्रवाहित हुने ।

Stereotyping लौ गरौ न त भन्ने औपचारिकताबाट प्रभावित हुने ।

Halo Effect बैयक्तिक सामिप्यता जस्ता कारणबाट मुल्याङ्कन प्रभावित हुने ।







पूर्व शर्तहरू बजार परिक्षण (Market Testing-Baseline), लक्षोन्मुखु बजेटं (Program Budget), क्रियाकलापगत लागत निर्धारण (Activity Based Costing), व्यवस्थापन स्वायत्तता (Management Autonomy), प्रत्यक्ष जवाफदेहिता (Direct Accountability), कार्यसम्पादनमा आधारित सूचना प्रणाली (Performance Based Information System), नतिजा र प्रतिस्पर्धात्मकलाई प्रोत्साहन (Reward for Result) विद्यमान हुन्छन् ।

परिणाममुखी कार्यसम्पादनका कार्य र चरणहरू भित्र रणनीतिक लक्ष्य निर्धारण (Strategic Vision Setting), क्रियाकलाप निर्धारण (Activity Setting), सूचक निर्धारण (Output Indicators), बजेट निर्धारण (Budgeting), जिम्मेवारी निर्धारण (Responsibility Setting), सूचना प्रणाली, कार्यान्वयन योजना, कार्यसम्पादन सूचकहरू, कार्यक्रम अनुगमन, पुनरावलोकन तथा मुल्याकंन प्रणाली जस्ता उपकरणहरू पनि उत्तिकै आवश्यक पर्दछ । सही कार्यसम्पादन मुल्याङ्कनले संस्थाको लक्ष्य प्राप्तिमा सहयोग पुग्दछ जसका कारण संस्थाको साख वृद्धिका साथै मानव संशाधनको मुल्यमा समेत सकारात्मक प्रभाव गर्दछ । अत: कार्यसम्पादन व्यवस्थापनको बलियो आधार हो । कार्यसम्पादन मुल्याकंनलाई तपशिलका तत्वहरूले प्रभाव पार्ने भएकाले कुशल व्यवस्थापनले तिनको समयमै सही विश्लेषण गर्नु वाञ्छनीय हुन्छ:

Leniency Error: सुपरिवेक्षकको मुल्य परम्परा अनुरूपको आग्रह मुल्याकनमा रहने ।

Superiority Error आफुभन्दा अरू योग्य नदेख्ने प्रवृत्ति आदि ।

अतः पेशागत मुल्य सिर्जनालाई यस्ता तत्वले प्रभाव पार्ने हुँदा व्यवस्थापनबाट यस्ता कुरामा बढी सजक भई कामको परिभाषा, नियुक्ति, कार्यकुशलता व्यवस्थापन, तालिम तथा वृत्ति विकास, पारिश्रमिक, कर्मचारी सम्बन्ध, कार्य वातावरण जस्ता मानव संशाधन नतिजामुखी कार्य सम्पादन मुल्याङ्कनका संवेदनशील क्षेत्रहरूको कुराको प्रभावकारी व्यवस्थापन गरी संस्थाले अवलम्बन गरेको रणनैतिक योजनाद्वारा निर्दिष्ट ध्येय, परिकल्पना लक्ष्य तथा उद्देश्यलाई समयमा नै हासिल गर्न सकिएको खण्डमा संस्थाको मूल्य सिर्जनाका साथै पेशागत मूल्यमा समेत वृद्धि हुने कुरामा दुइमत छैन ।

# साकोसहरुका लागि स्रोत परिचालनको आधार तथा कार्यदिशा सम्बन्धी अभिमुखीकरण

नेफ्स्कूनको मोरङ, लेटाङ सेवा केन्द्रको आयोजनामा बचत तथा ऋण सहकारी संस्थाहरूमा स्रोत परिचालनको आधार तथा कार्यदिशा सम्बन्धी अभिमुखीकरण साउन २२ गते सम्पन्न भएको छ । कोभिड १९ को जोखिमलाई मध्यनजर गर्दै सामाजिक दुरी कायम गरी आयोजना गरिएको उक्त कार्यक्रम नेफ्स्कूनका सञ्चालक सदस्य एवं फिल्ड कार्यालय सुनसरी ब्यवस्थापन उपसमिति संयोजक गोमा नेपालको अध्यक्षतामा सम्पन्न भएको थियो ।



कार्याक्रममा नेफ्स्कूनका सञ्चालक एवम् फिल्ड ब्यवस्थापन उपसमिति संयोजक नेपालले कोभिड १९ महामारीको विषम परिस्थितिका बीच पनि साकोसहरूले कार्यालय सञ्चालन तथा व्यवस्थापन र सदस्य सेवा निरन्तरता मा पुऱ्याउनुभएको योगदानको उच्च प्रशंसा गर्नुभएको थियो । विद्यमान समस्या समाधानको विकल्पका लागि नेफ्स्कून सँधै क्रियाशील र साकोसहरूकै साथमा रहेको बताउनुभयो ।

कार्यक्रममा लेटाङ क्षेत्रका गुणस्तर सुनिश्चिता कार्यक्रममा आवद्ध र अन्य गरि १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरूबाट गरी २७ जनाको सहभागिता रहेको थियो । कोभिड १९का कारण वित्त बजारमा परेको प्रभाव र सहकारीको व्याजदर समायोजनका विषयमा फिल्ड कार्यालय सुनसरी ब्यवस्थापन उपसमिति सदस्य निलकुमार श्रेष्ठ, साकोसहरूको प्रतिनिधित्व गर्दै फडानी साकोसका अध्यक्ष हेरम्बराज भट्टराई, लेटाङ साकोसका अध्यक्ष गोपाल बारकोटी र जनचाहना साकोसका व्यवस्थापक टंक बहादुर मच्कोटीले आफ्ना विचारहरू प्रस्तुत गर्नुभएको थियो । मोरङको लेटाङ सेवा केन्द्र नेफ्स्कून फिल्ड कार्यालय सुनसरी ईटहरी अर्न्तगत सञ्चालनमा रहेको छ ।



त्यसँगरी नेफ्स्कूनद्वारा प्रबर्द्धित साकोस गुणस्तर सुनिश्चितताको कार्यक्रम प्रोवेसन मध्य तराई तेश्रो क्लस्टरमा अवस्थित ९ वटा साकोस स्थित साकोसका अध्यक्ष, प्रोवेसन कार्यदल संयोजक र व्यवस्थापक गरी २८ जना सहभागी बीच साकोसमा श्रोत परिचालनको आधार र आगामी कार्यदिशा विषयक भर्चुअल अभिमुखीकरण भदौ १५ गते सम्पन्न भएको छ । कार्यक्रममा साकोसको बर्तमान अवस्था, तरलता, गत आ.ब. को आन्तारिक लेखापरीक्षण, बाह्य लेखा परीक्षण, चालु आ.व. को बार्षिक योजना तथा बजेट लगयातका विषयवस्तुमा सहभागीहरू बीच संस्थागत अवस्था र आगामी रणनीतिको विषयमा छलफल एवं अन्तरक्रिया गरिएको थियो ।

साकोस आवाज
सहकारी सँगै सञ्चार
कृपया सहकारी समाचारका लागि :
saccosaawaj.coop.np मा जानुहोला ।
Like Comment Share
यदि तपाईंसँग कुनै समाचार भएमा : adcom@nefscun.org.np मा पठाउनुहोला ।

# बोर्डद्वारा सहकारी सम्बन्धी २५ वर्षे रणनीतिक योजनाको मस्यौदा मन्त्रालयमा पेश

राष्ट्रिय सहकारी विकास बोर्डले सहकारी सम्बन्धी २५ वर्षे रणनीतिक योजनाको मस्यौदा निर्माण गरी असोज २१ गते भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललाई बुझाएको छ । मन्त्रालयमा सहकारी सम्बन्धी २५ वर्षे रणनीतिक योजनाको मस्यौदा बुझ्दै मन्त्री अर्यालले सहकारी आन्दोलनको विस्तार, विकास र सुदृढीकरणका निम्ति रणनीतिक दस्तावेज निर्माण भएको जानकारी गराउनुभयो । सहकारी क्षेत्रको विकासको अवस्था, सबल पक्षहरू, प्राप्त उपलब्धीहरू आदि सबै विश्लेषण गरेर राष्ट्रिय सहकारी नीतिको मस्यौदा तयार भएको र यसभित्र अन्तर्राष्ट्रिय सहित राष्ट्रिय अवस्थालाई समेत




ध्यानमा राख्दै सहकारी क्षेत्रको समग्र विकासका निम्ती स्पष्ट परिकल्पनाका साथ रणनीति तयार गरिएको उहाँले बताउनुभयो । संविधानले ३ खम्बे अर्थनीतिमा सहकारी क्षेत्रलाई महत्वपूर्ण क्षेत्रको रूपमा लिएको प्रसङ्ग जोड्दै बोर्ड अध्यक्ष समेत रहनुभएकी मन्त्री अर्यालले भन्नुभयो, 'रणनीतिका विषयमा केही प्रश्न पनि उठेका छन् । यसलाई हामीले कार्यान्वयनमा लैजान कार्यनीति बनाउँछौ । कार्यनीति समय सापेक्ष बन्छ ।'

## राष्ट्रिय सहकारी विकास बोर्डद्वारा तयार पारिएको सहकारीको २५ वर्षे रणनीतिक मस्यौदाका मुलभूत विषयहरू

**सहकारीका प्रमुख सूचकहरूको प्रक्षेपण र ठोस् लक्ष्यहरू**

पन्ध्रौं योजनमा (आधारपत्र) मा उल्लेख गरे बमोजिम आगामी २० वर्षमा देशको आर्थिक वृद्धि स्थिर मूल्यमा १०.५ प्रतिशतले रहने मान्यताको आधारमा सहकारी क्षेत्रले आउँदो ५, १०, १५, २० र २५ वर्षमा प्राप्त गर्न सक्ने उपलब्धी र त्यसबाट नेपालको अर्थतन्त्रका विविध क्षेत्रहरूमा हुने योगदानलाई वस्तुपरक रूपमा प्रक्षेपण गर्ने प्रयत्न गरिएको छ ।

**प्रक्षेपणका मुख्य मान्यताहरू**

हाल कुल गार्हस्थ्य उत्पादनमा रहेको करिब ३ प्रतिशतको सहकारीको योगदानलाई पाँच गुणाले वृद्धि गरी आगामी २५ वर्षमा १५ प्रतिशत पुर्याउने । यो लक्ष्य विश्व अर्थतन्त्रमा सहकारीको योगदान, नेपालको पन्ध्रौं योजना र दीर्घकालीन सोच तथा सहकारी बोर्ड तथा सहकारी महासंघको सुझावलाई समेत विचार गरी प्रक्षेपण गरिएको छ ।

पन्ध्रौं योजनामा प्रस्तुत दीर्घकालीन आर्थिक वृद्धिको लक्ष्य अनुरूप प्रतिवर्ष १०.५ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमानको आधारमा प्रक्षेपण गरिएको छ ।

आर्थिक वृद्धि आर्थिक रूपले सक्रिय (१५ वर्ष माथि) जनसंख्याको हाल करिब ३१ प्रतिशतको हाराहारीमा रहेको सहकारी सदस्यको पहुँचलाई आगामी २५ वर्षभित्र ७५ प्रतिशतमा पुर्याउने ।

हाल रहेका सहकारीको संख्यालाई आगामी २५ वर्षमा दुई तिहाइले घटाई करिब १५,००० को संख्या कायम गर्ने । यस प्रतिवेदनको प्रक्षेपण अनुसार आगामी ५ वर्षमा गरिबी निवारण कोष अन्तर्गत रहेका करिब ३२००० सामुदायिक संस्था लगायत मर्जरको नीति कार्यान्वयनमा जाने हुँदा सो अवधिमा सहकारीको संख्या केही बढ्ने भएतापनि तत्पश्चात्का वर्षहरूमा सहकारीको संख्या घट्ने अनुमान गरिएको छ ।

यस अनुमान अनुसार आगामी २५ वर्षमा कुल गार्हस्थ्य मूल्य अभिवृद्धिमा कृषि सहकारीको ५.९२ प्रतिशत, गैरकृषिको ५.४१ प्रतिशत, सेवा सम्बन्धी सहकारीको ३.२२ प्रतिशत र बचत तथा ऋण सहकारीको ०.४५ प्रतिशतको योगदान रहनुपर्ने देखिन्छ ।सहकारीको संख्या, बचत एवं ऋण लगानी माथि उल्लिखित १०.५ को आर्थिक वृद्धि हासिल गर्न बढ्नुपर्ने देखिन्छ ।

**हासिल गर्नुपर्ने परिमाणात्मक सूचकहरू**

**शेयर पूँजीः** माथि उल्लिखित अर्थतन्त्रमा योगदान पुर्याउनको लागि आगामी ५ वर्ष (सन् २०२५ को

अन्त्यसम्ममा) यो करिब ३.०० खर्ब हुने प्रक्षेपण गरिएको छ जुन कुल गार्हस्थ्य उत्पादनको ४.५७ प्रतिशत हुन आउँछ । त्यसैगरी, आगामी १०, १५, २० र २५ वर्षमा वर्षसम्म क्रमशः रू. ४.२० खर्ब, ६.८० खर्ब, १०.९५ खर्ब र १७.७० खर्ब पुग्नेछ । जुन तत्कालिक कुल गार्हस्थ्य उत्पादनको क्रमशः करिब ४.९६ प्रतिशत, ५.१९ प्रतिशत, ५.३३ र ५.४२ प्रतिशत हुन आउँछ ।

**सहकारी बचतः** रणनीतिक लक्ष्य प्राप्तिको लागि सहकारी क्षेत्रको हालको करिब रू. ३.४५ खर्ब बचत आगामी ५ वर्षमा करिब रू. १०.४० खर्ब हुने देखिन्छ, जुन कुल गार्हस्थ्य उत्पादनको करिब १४.४० प्रतिशत हुन आउँछ । त्यसैगरी, आगामी १०, १५, २० र २५ वर्षसम्ममा क्रमशः रू. १६.७४ खर्ब, २४.४८ खर्ब, ३९.४३ खर्ब र ६३.४३ खर्व हुनेछ । यो प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको क्रमशः करिब १५.२ ९ प्रतिशत, १५.८३ प्रतिशत, १६.१६ प्रतिशत र १६.३६ प्रतिशत हुनेछ ।

सहकारीको ऋण लगानी प्रवाहः हाल रहेको रू. ३.३२ खर्ब लगानी आगामी ५ वर्षमा रू. ६.५३ खर्ब पुग्नुपर्ने देखिन्छ । यो प्रक्षेपण कुल गार्हस्थ्य उत्पादनको करिब ११.४५ प्रतिशत हुन आउँछ । यसैगरी उक्त लगानी आगामी १०, १५, २० र २५ वर्षसम्ममा क्रमशः रू. ११.४० खर्ब, रू. १९.४३ खर्ब, रू. ३२.६५ खर्ब र ५४.४४ खर्ब हुने प्रक्षेपित अनुमान छ ।

सहकारी र सहकारी सदस्य संख्याः हाल करिब ६६ लाखको संख्यामा रहेको सहकारी सदस्य रहेको भनिएतापनि दोहोरो सदस्यता व्यापकरूपमा रहेको र त्यसको एकिन तथ्यांक नरहेकोले सदस्यता वृद्धिको अनुमान यथार्थपरक नहुन सक्छ । दोहोरोपना छैन भन्ने मान्यता र गुणस्तरीय सदस्यता कायम गर्ने दृष्टिकोण लिँदै सदस्यता वृद्धिको अनुमान गरिएको छ । यस अनुरूप आगामि ५ वर्षमा ७० लाख पुग्ने देखिन्छ भने आगामी २५ वर्षमा १ करोड ४० लाख पुग्ने अनुमान छ । यस अनुरूप आगामि २५ वर्षमा मुलुकको ९० प्रतिशत घरधुरी कुनैनकुनै प्रकृतिको सहकारीमा आवद्ध हुनेछन् । यसैगरी आगामी २० वर्षमा प्रति सहकारी सदस्य संख्या १७५ बाट बढेर ९३३ पुग्ने अनुमान गरिएको छ । यो अनुमान सहकारीको संख्या १५,००० मा झार्ने प्रक्षेपण अनुसार गरिएको छ ।

**अवलम्बन गर्ने रणनीतिक स्तम्भ**

- उद्यमशीलता **विकास र रोजगारी**
- अन्तर सहकारी, सहकारी तथा गैर सरकारी संस्था, निजी क्षेत्र र समुदायसँगको साझेदारी र संजाल
- सहकारी चेतना अभिवृद्धि तथा लाभदायी साझेदारी विकास गर्ने
- असल सहकारी अभ्यास, सुशासन र नियमन

सहकारीमा वित्तीय सुशासन कायम गर्दै जवाफदेहिता वृद्धि गर्ने गरी उत्पादन तथा उद्यमशीलता वृद्धिका लागि भावी मार्गचित्र तयार गरिएको छ । संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न रणनीतिले सघाउ पुग्ने अपेक्षा गरिएको छ । सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ जारी भैसकेको अवस्थामा त्यहाँ भएका व्यवस्था कार्यान्वयन गर्न र अर्थतन्त्रमा सहकारीको योगदान बढाउने उपाय रणनीतिमा समावेश गरिएको छ । सहकारीका विद्यमान चुनौती र अवसरको विश्लेषण गर्दै भावी गन्त्व्यमा पुग्न तीनै तहका सरकारका लागि रणनीति सारथी बन्न सक्छ । सहकारी क्षेत्रमा कमीकमजोरी औंल्याउँदै नीतिगत तथा कानूनी सुधार, संरचनागत तथा पद्धतिगत सुधारका योजना, रणनीति कार्यान्वनका लागि कार्ययोजना पनि प्रस्तुत गरिएको छ । मुलुकको अर्थतन्त्रमा सहकारीको योगदान वृद्धि गर्ने सुझाव समेत औंल्याएको छ । रणनीतिले सहकारीको विकासक्रम, वर्तमान अवस्थाको विश्लेषण गर्नुका साथै भावी गन्तव्य देखाएको छ ।

मुलुकको आर्थिक तथा सामाजिक विकासका लक्ष्य हासिल गर्नका लागि सहकारीलाई परिचालन गर्नुपर्दछ । सहकारीलाई अर्थपूर्ण, सक्षम, सवल, समावेशी, दीगो र फराकिलो बनाई 'समृद्ध नेपाल र सुखी नेपाली'को दीर्घकालीन सोचलाई सार्थकता दिलाउन नेपालको सहकारी क्षेत्रको २५ वर्षे दीर्घकालीन रणनीतिक योजना (२०७७/७८-२१०२/०३) तयार गरिएको हो ।

१५ औं योजनाले तयार गरेको समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालीन सोचलाई सार्थकता दिई सहकारीलाई गरिबी निवारणको मुख्य आधारका रूपमा स्थापित गर्ने लक्ष्य लिइएको छ । रणनीतिले सहकारी क्षेत्रका सवल पक्ष, कमीकमजोरी र चुनौतीलाई औंल्याएर वास्तविक अवस्था उजागर गरेको छ । मुलुकको आर्थिक विकासका लागि सहकारी क्षेत्रले कसरी योगदान पुऱ्याउन सक्छ, सहकारीको विकासका लागि सम्भावना के छ भन्ने विषय पनि समावेश गरिएको छ ।

रणनीति योजना एउटा गतिशिल र मुर्त दस्तावेज भएकाले मुलुकको आवश्यकता अनुसार आवश्यकता र औचित्यका आधारमा परिमार्जन गर्न सकिनेछ । रणनीति तयार गर्दा सहकारीले अर्थतन्त्रमा पुर्याएको योगदान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास, मुलुकको संविधान, सहकारी ऐन, नियमावली, पन्ध्रौं योजना, दीगो विकास लक्ष्यलाई आधार लिइएको छ । रणनीतिले समाजवाद उन्मुख अर्थतन्त्रको लक्ष्य प्राप्ति गर्न सघाउने विश्वास लिइएको छ ।

Be READY to fight #coronavirus Be SUPPORTIVE Be CAREFUL Be ALERT Be KIND For the latest health advice, go to : www.who.int/COVID-19

# बचत गर्ने जापानी तरिका

**भीम गुरुङ**

प्रमुख कार्यकारी अधिकृत
पोखरा रोयल साकोस



> करिब ४५ दिनको जापान बसाईमा मैले भोगेका र सिकेका धेरै कुराहरु मध्ये जापानिजहरु समयको पालना र व्यक्तिगत जीवनमा आईपर्ने वित्तीय व्यवस्थापनलाई कसरी सुक्ष्म ढंगबाट योजना बनाउछन् भन्ने कुरा अहिले पनि म झलझली सम्झिरहन्छु ।

राष्ट्रिय सहकारी महासंघ लि. नेपालको सिफारिस र अन्तर्राष्ट्रिय सहकारी महासंघको आयोजनामा मैले सन् २०० ९ को डिसेम्बर ६ देखि सन् २०१० को अप्रिल १७ तारिखसम्म 4th ICA/Japan training course on Enhancement of Farmers Income and poverty reduction through Cooperatives शीर्षकमा जीवनकै एउटा महत्वपूर्ण तालिममा सहभागी हुने अवसर प्राप्त गरेको थिएँ । तालिम अवधिभर संगालेको भारत, ईरान र जापानको विभिन्न शहरको सफल सहकारीको अनुभव र त्यहाँका जीवनशैली अहिले पनि मेरो मानस्पटलमा ताजै रहेर बसेको छ । खासगरि करिब ४५ दिनको जापान बसाईमा मैले भोगेका र सिकेका धेरै कुराहरू मध्ये जापानिजहरू समयको पालना र व्यक्तिगत जीवनमा आईपर्ने वित्तीय व्यवस्थापनलाई कसरी सुक्ष्म ढंगबाट योजना बनाउछन् भन्ने कुरा अहिले पनि म झलझली सम्झिरहन्छु । तालिमको दौरानमा जापानिज प्रशिक्षकहरुबाट उनीहरूको बचत गर्ने सूत्रहरूको बारेमा व्यक्त विचारहरू यो महामारीको विषम परिस्थितिमा एउटा मार्गदर्शन हुने आशाका साथ एक दशक अगाडिको यादहरूलाई पुनर्ताजगी गर्न यो लेख तयार गरेको हुँ ।

जापान, यो शब्दले सबैलाई मोहनी लगाउँछ । हामीले सानो हुँदा पढेको सुनेको सूर्योदयको देश जापान । एकपटक जापान जान पाए हुन्थ्यो, जापानमा भएको विकास हेर्न पाए हुन्थ्यो, जो कसैलाई लाग्न सक्छ । तर यो विकास र सफलता जादु गरे जस्तो चाँही अवस्य भएको होईन, बरू यो उनीहरूको निरन्तर प्रयास र एकताको परिणाम हो, काम गर्ने फरक तरिका हो । उनीहरू संसारमा अरूले नगरेको प्रयोग र नयाँ कार्यको थालनी गर्न आतुर छन्, अझ कसरी मानव जीवनस्तर सुधार्ने, कसरी उत्पादकत्व र गुणस्तर दीगो रूपमा कायम गरिराख्ने र आर्थिक वृद्धिदरलाई कायम गरी राख्ने भन्नेमा चिन्तित देखिन्छ । यो विषय सहकारीमा लागेको सहकारी अभियानकर्ताहरूमा पनि उत्तिकै रहेको पाइन्छ, उनीहरूमा कसरी विश्व सहकारी माझ संधै सफलताको कथा सुनाईरहुँ भन्ने हुटहुटी भएको पाइयो ।

विश्वयुद्धबाट ध्वस्त जापानले करिब ३० वर्षमा विश्वसामु आफु एउटा विकसित एवं आर्थिक हिसाबले शक्तिशाली राष्ट्रको रूपमा पुन परिचय दिन सफल भयो । यो जापानी जनताको मिहेनत, वित्तीय अनुशासनको पालना, बचत गर्ने अचम्मको बानी र संस्थागत हिसाबले काम गर्ने संस्कृति एवं मिलेर काम गर्ने

शैलीको धोतक हो भन्दा अत्युक्ति हुँदैन । कोभिड १९ को महामारीका कारण धेरै मानिसहरू वित्तीय रूपमा अपठ्यारो अवस्थामा रहेका छन् यस्तो बेलामा पनि हामीले आफ्नो परिवार तथा संस्थाको वित्तीय अवस्थालाई सुधार गर्न जापानिज अनुभव बुझ्नु समय सान्दर्भिक लागेर यो विषय उठान गरिएको हो ।

जापानमा सहकारीको प्रारम्भ मेईजीकाल (सन् १८६८-१९१२) भन्दा अघि किसान अगुवाहरूको सक्रियतामा खुलेको ऋण संघहरूबाट भएको हो । सन् १८६८ तिर शुरू भएको आधुनिकीकरण एवं औधोगिकीकरणका कारण जापानले विश्व समुदायका अन्य राष्ट्रसँग व्यापारको ढोका खुला गरे पश्चात साना तथा परम्परागत रूपमा सञ्चालित व्यवसायहरू धरापमा पर्न थाले, जसै उनीहरूमा सहकारी संगठनको आवश्यकता महसुस भयो र यसलाई औपचारिकता प्रदान गर्न सरकारले सन् १९०० मा मात्र विधिवत रूपमा सहकारी संस्था कानून लागु गऱ्यो । बचत गर्न बचत ऋण सहकारी नै चाहिन्छ भन्ने होईन, न त ठूलठूला बैकहरू नै । यो उदाहरण जापानी जनताहरूमा सजिलै पाउन सकिन्छ । तर यो लेखमा जापानी सहकारीमा आवद्ध अभियानकर्मीहरूको अनुभवमा उनीहरूमा बचत गर्ने भावना कसरी विकास भयो र त्यो तरिका के रहेछ भन्ने विषयमा चर्चा गर्न खोजेको छु ।

हामीले केही वर्ष अगाडि आम्दानी - खर्च = बचत भन्ने सिकेका थियौं, तर केही समय पश्चात त्यो सोंच र परिभाषामा फरकता आयो, अर्थात आम्दानी - बचत = खर्च भन्ने तरिका सिक्दै र सिकाउँदै आएका छौं । वास्तवमा तपाई जति कमाउनु हुन्छ, कमाए पश्चात खर्च पनि हुन्छ र बाँकी भएको पैसा मध्ये केही भाग बैंक वा सहकारीमा जम्मा गर्ने परम्परागत चलन हो । तर आधुनिकता सँगै धेरै बचत संस्थाहरूको आगमन र हाम्रो सोँचाईमा आएको फरकपनले हामीले कमाएको केही भाग शुरूमै बचतको लागि छुट्टयाउने र बाँकी भएको रकमलाई योजनावद्ध ढंगले आवश्यकताको आधारमा खर्च गर्न सकियो भने मात्र हामीले भविश्यको लागि बचत गर्न सक्छौं जसले हामीलाई समृद्धिको बाटो तर्फ अग्रसर गराउँछ पनि । अझ हामीले बचत ऋण सहकारीको अभियानमा त दशकौंदेखि यसलाई नियमित बचत भनि बचतको एउटा महत्वपूर्ण प्रडक्टको रूपमा विकास गरिरहेका छौं ।



सन् १९२६ मा जर्ज क्लासनले एउटा किताब लेखे । "The Richest man in Babylon" बेबीलोनका सबैभन्दा धनी मान्छे, जो अहिलेसम्मको बढी बिक्री हुने किताबमा समेत पर्दछ । बेबीलोन प्राचीन समयमा सबैभन्दा पहिला धनी भएको शहर हो । यो पुस्तकले कसरी बचत गर्ने वा धनी बन्ने कुरा सिकाएको छ । त्यो पुस्तकको खास सन्देश के छ भने कमाउनु मात्र सवाल होईन सवाल त बचाउनु हो भनेका छन् । पुस्तकमा हरेक मानिसले आफ्नो आम्दानीको १० प्रतिशत बचत गर्नुपर्ने, आम्दानी नहुनेले आफ्नो कूल खर्चमा १० प्रतिशत घटाउने र त्यस्तो बचतलाई घर जग्गा, शेयर, लामो समयको निक्षेप वा त्यस्तै निस्कृय आम्दानी आउने क्षेत्रमा लगानी गर्न सुझाएका छन् त्यसो भयो भने मात्रै मानिसले जीवनमा धनी हुने सपना पुरा गर्न सक्ने र ऋणबाट मुक्त हुने कुरा बताएका छन् ।

कुरा हामीले सुनेकै, गरेकै वा भोगेकै जस्तो हुनसक्छ, वा सामान्य लाग्न पनि सक्छ तर परिवर्तनको लागि साने कुरा वा विषय नै काफी हुँदो रहेछ, जसको लागि बचत गर्ने जापानी तरिका के रहेछ भन्ने बुझौं है त ।

१०० वर्ष अगाडि जापान धनी देश थिएन । उनीहरूको त्यो बेलाको अवस्था अहिलेको नेपाल भन्दा कैयौं गुणा नाजुक अवस्थामा थियो । कृषि पेशामा आधारित उनीहरूको आर्थिक अवस्था ज्यादै दयनीय रहेको थियो । अहिले जापान विश्वको विकसित राष्ट्रहरूको अग्रभागमा छन् । यो विकास र प्रगति त्यतो सजिलो र हामीले सुन्ने र भन्ने गरेको दन्त्य कथा जस्तो भने छैन र होईन, तर हामीलाई कथा जस्तै लाग्छ ।

सन् १९०४ मा एकजना हानी मोतोको नाम गरेकि पहिलो जापानिज महिला पत्रकारले ककेबो KAKEIBO नामको एउटा लेजर तयार गरेको थियो । यसको परिचय एउटा नोटबुक र कलमले दिन्छ । पछि यो पुस्तक फुमिका चिबा नामक लेखकले पुस्तकको रूपमा बाहिर ल्याएका छन् । पुस्तकमा खासगरी घरेलु महिलाहरूले कसरी बचत गर्ने, कसरी आफ्नो परिवारको बजेट तयार गर्ने, खर्च कसरी घटाउन सकिन्छ, कसरी मानिसको वित्तीय लक्ष्य पुरा गर्ने भन्नका लागि एउटा घरेलु खातापाता राख्ने तरिका सिकाएको थियो । ककेबो खास गरी चारवटा उद्देश्यबाट तयार गरिएको छ । तपाईसँग कति पैसा छ ? तपाई कति बचत गर्न चाहानुहन्छ ? तपाई कति खर्च गर्नुहुन्छ र तपाई अझ राम्रो तरिकासँग कसरी बचत गर्न सक्नुहुन्छ ? यो लेजरमा एकातिर आफ्नो अनुमानित मासिक खर्च र अर्को भागतिर अनुमानित आम्दानी लेख्ने तरिका सिकाइएको छ । यो अत्यन्त सामान्य र सबै मानिसले गर्न सक्ने सजिलो तरिका पनि हो । यो खातामा

आफ्नो विवरण राख्ने वित्तिकै खर्च बढी छ कि, आम्दानी भन्ने थाहा पाईन्छ । यदि कमाउने भन्दा बढी खर्च रहेछ भने जिन्दगी ऋणात्मक हुँदै गएको छ भन्ने सहजै बुझ्न सकिन्छ । यदि खाता पाता बराबर जस्तो रहेछ भने पनि धनी कहिल्यै हुँदैन है भनेर बुझ्न सकिन्छ । जापानिजहरूको बुझाई आफ्नो वित्तीय विवरण ककेबोमा राखे पश्चात एक रूपैयाँ भने पनि आम्दनीको महलमा बढी हुनुपर्छ नभए बढी बनाउने लक्ष्यतर्फ अग्रसर हुनुपर्छ भन्ने सिकाउने हो । यो अभियान उनीहरूले जापानभर नै सञ्चालन गऱ्यो । उनीहरूले सबै नागरिकहरूलाई आफ्नो पैसाको लक्ष्य, कति जोगाउने भन्ने कुराको लिखित गर्न सिकाएको छ । खासगरी खर्च गर्ने बेला आवश्यकता, चाहना, मनोरञ्जन र अन्यलाई क्रमशः प्राथमिकता दिनुपर्ने कुरामा यसले जोड दिएको छ ।

जब मानिसहरू ककेबोको योजना बमोजिम बचत अभियानमा लाग्यो, सबैको धेरैथोरै बचत गर्न शुरू भयो । लक्ष्य बमोजिम बचत भएको पैसा बढी ब्याज आउने सहकारी वा वित्तीय संस्थामा जम्मा गर्न सिकाए । यो अभियानबाट निम्न तथा मध्यम वर्ग पनि ऋणबाट मुक्त हुदै गयो । यसरी जम्मा भएको बचत रकमलाई पुनः शेयर बजार, घरजग्गा, लामो अवधिको मुद्धति खाता जस्ता क्षेत्र जहाँ व्यक्ति निस्क्रिय बस्दा पनि थप धन सिर्जना भईरहन्छ, जस्ता स्थानमा लगानी गर्न प्रोत्साहन गरे । जापानका केही सहकारीहरूले स्थानीयहरूलाई सहकारीमा आवद्ध गर्न अनौठो तरिका अवलम्वन गरेका छन् । व्यक्तिहरू सहकारीका सदस्य बन्नु भन्दा पहिला समूहमा आवद्ध हुन्छन्, त्यो समूहलाई उनीहरू हान ग्रुप भन्छन्, हान ग्रुप फेरी सहकारीको सदस्य बन्छन् यो समूहले सदस्यहरूलाई यस्ता गतिविधिहरूमा सरिक गराउँछन् ।

**ककेबो अभियान अन्तर्गत उनीहरू हरेकले हाम्रो खुत्रुके बक्स जस्तै एउटा सेभिङ्ग बक्स राख्छन् । उक्त बक्समा नियमित रूपमा बचत गर्ने गर्छन तर कसरी ? कसरी सम्भव छ सँधैसँधै बचत गर्न ?**

**तरिका नं. १** : जस्तै कुनै सामान खरीद भयो, एक हजारमा सामान लिँदा ५० रूपैयाँ फिर्ता हुन्छ भने, अनिवार्य रूपमा त्यस्ता फिर्ता भएको पैसाहरू खुत्रुकेमा जम्मा गर्ने गर्छन ।

**तरिका नं. २** : नोकरी, घुमफिर वा व्यावसायिक गतिविधबाट बेलुका घर फर्कदा आफ्नो खल्ती वा थैलीमा जति पनि खुद्रा पैसाहरू छन् सबैलाई खुत्रुकेमा जम्मा गर्ने । जसले गर्दा थाहा नपाईकन स साना पैसाहरू जम्मा भईरहेको हुन्छ ।

**तरिका नं. ३** : कसैलाई दिएको सापटी पैसा फिर्ता हुने वित्तिकै खुत्रुकेमा राख्ने । किनकी यो तपाईको आम्दानी होईन, लगानी गरेको पैसा फिर्ता भएको हो । लामो समय तपाईले यो पैसा बिना पनि खर्च धान्नु भएको थियो ।

**तरिका नं. ४** : जब तपाई ठूलो पैसा साटनु हुन्छ, वा चेक भुक्तानी लिनु हुन्छ, यसबाट आउने सानो आकारको पैसा वा सबै खुद्रा ढिक्का पैसा खुत्रुकेमा जम्मा गर्ने ।

**तरिका नं. ५** : यदि आँफुले कुनै गल्ती कमजोरी गऱ्यो, कार्यालयमा ढिला पुगियो वा नराम्रो आनीबानीका कारण परिवार वा साथीभाईलाई हानी नोक्सानी पुगेको भन्ने लागेमा आफैलाई कार्वाही स्वरूप हरेक घट्नामा रू. १० रूपैयाँ जरिवाना गर्ने र सो पैसा खुत्रुकेमा राख्ने । यसले बानी सुधार्नका साथै बचत पनि गर्न मद्धत गर्छ ।

**तरिका नं. ६** : कुनै महिनालाई यस्तो बनाउने जुन महिनामा अत्यावश्यक वस्तु भन्दा अरू सामान खरीद नगर्ने र यसरी बचत भएको रकम खुत्रुकेमा राख्ने । सकभर नगद कारोवारलाई प्राथमिकता दिने, किनकी क्रेडिट कार्ड प्रयोग गर्दा खर्चको त्यति ख्याल गरिदैन ।

**तरिका न. ७** : पसल वा सुपर बजारमा जानु भन्दा पहिला किनमेलको लिष्ट बनाउने र त्यसको बजेट बनाउने जसले गर्दा अनावश्यक वस्तु र महँगो सामान खरीद हुँदैन, साथै समयको पनि बचत हुन्छ ।

उनीहरूको बुझाई छ कि, ककेबोले कुनै पनि विधुतीय सामाग्रीको प्रयोग विना पनि हाम्रो वित्तीय लक्ष्य तयार गर्न र समाधन गर्न ठूलो मद्धत गर्नेछ । तपाई अहिले पनि कुनै जापानिज सँग भेट्नु भयो भने उनीहरूसँग आफ्नो झोलामा सानो ककेबो डायरी सबैले बोकेकै हुन्छ । जति पनि खर्च वा केही वित्तीय गतिविधि हुन्छ, उनीहरू आफ्नो डायरीमा लेखि हाल्छन् । एकजना मेरो जापानिज साथी थियो । एकदिन हामी सँगै लन्चमा गयौं । लन्चपछि मैले बिल भुक्तानी गरें । भोलिपल्ट साथी खुसी हुँदै मलाई एउटा कोसेली लिएर आए । जापानिज चिनो दिँदै उनले भने हिजोको बिल तैले भुक्तानी गऱ्यो म एकदम खुसी छु, मेरो बजेट बमोजिम हिजो मेरो तर्फबाट खर्च हुने पैसाको केही भागबाट तिमीलाई चिनो र केही भाग मैले सेभिङ गरेको छु, तिमी जस्तो साथी पाएर म अत्यन्तै खुसी छु । म दंग परें, उसले त्यो हाम्रो सानो भेटको त्यस्तो महत्व राखेको रहेछ, जसलाई उसले बचत अभियानमा लगेर जोड्यो । यो घट्नबाट समेत मैले जापानिजहरू सानो विषयमा समेत कसरी योजना र बजेटबाट चल्छन् र जिन्दगीका लागि ढुक्क भएर बाँच्छन् भन्ने सिकेको छु । उनीहरू काम उहि तर फरक तरिकाबाट गर्दो रहेछ, बोलेका कुरा लेख्ने र लेखेको कुरा गर्दो रहेछ, समयको व्यवस्थापन नै असली रूपमा पैसाको बचत हो भन्ने कुरामा म उनीहरूसँग सहमत भएँ ।

बचत गरौं तर फरक तरिकाले गरौं । महामारीलाई अवसरको रूपमा बदलौं ।





# गुणस्तर सुनिश्चितता नै सफलताको सूचकः ज्ञानु पौड्याल

**ज्ञानु पौड्याल** । अध्यक्ष, जनउत्थान साकोस, रूपन्देही



## सहकारी क्षेत्रमा पुऱ्याएको योगदान स्वरूप २०७१ मा राष्ट्रपतिबाट जनसेवा श्री मानपदबीबाट विभूषित

सामाजिक क्षेत्रमा कार्य गर्ने अभिलाशा पछ्याउँदै सहकारी मार्फत समाज रुपान्तरणमा लाग्नु भएकी ज्ञानु पौड्याल आज हजारौं हजार सदस्यहरूको मनमुटुमा बस्न सफल हुनुहुन्छ । सहकारी अभियन्ता पौड्याल विशेषत महिला बालबालिकाको क्षेत्रमा कार्य गर्दा नगद अभावका कारण उपचारमा समस्या, गर्भवती समयमा पोषणयुक्त खाना नपाएर रक्तअल्पता र कुपोषणको समस्याबाट आमा र बच्चाले अकालमा ज्यान गुमाउनु पर्ने पीडालाई नजिकबाट नियाल्नु भएकी पौड्यालले समूहमार्फत विपन्न समुदाय लक्षित बचत अभियान थालनी गर्नुभयो ।

वित्तीय सक्षमताले मात्रै गरिबी र कुपोषणबाट आमा र बच्चाले ज्यान गुमाउनुपर्ने बाध्यता न्यूनीकरण गर्न सकिन्छ भनेर उहाँले समूहहरुमा आकस्मिक कोष तथा बचत स्थापना परिचालनमा जोड दिनुभयो । महिलाको सशक्तिकरणको माध्यम सहकारी बन्न सक्छ भन्ने यथार्थ हृदयंगम गर्दै स्थापित समूहहरुलाई दीगोपना दिन वि.सं. २०६३ मा 'पहुँच महिला बचत तथा ऋण सहकारी' स्थापनाको पहल गर्नुभयो । २०७३ फागुन २१ गते पहुँच महिला बचत तथा ऋण सहकारी संस्था जनउत्थान साकोससँग एकीकरण पछिको पौड्यालको सहकारी यात्रा चुलिँदै गएको छ । जनउत्थान साकोस, पहुँच महिला साकोस, गौमुखी साकोस र बुद्ध साकोस गरी रुपन्देहीमा पहिलो पटक ४ वटा सहकारीहरु एकीकरण भए । गत वर्ष पटकसार साकोससँग एकीकरण गर्दै सहकारी एकीकरण अभियानलाई वृहत्तर र प्रभावकारी बनाउने अभियानमा पौड्याल जोडिनु भएको छ ।

वि.सं. २०२५ चैत्र १२ गते बाजुरामा जन्मनुभएकी पौड्याल स्वास्थ्य शिक्षा विषयमा स्नातक हुनुहुन्छ । बाजुरामा जन्म भएपनि विद्यालयसम्मको अध्ययन उहाँले बर्दियामा गर्नुभयो भने उच्च शिक्षा अध्ययन सुर्खेत र काठमाडौंबाट गर्नुभयो । जनस्वास्थ्य तथा सामाजिक क्षेत्रको विज्ञ एवं पर्यटन व्यवसायी श्रीमान, छोरा र छोरी सहित रुपन्देहीको सिद्धार्थनगर नगरपालिका-८, बैंक कलोनीमा स्थायी बसोबास रहेको छ ।

सहकारी यात्रामा, अभियन्ता ज्ञानु पौड्यालसँग साकोस आवाज प्रतिनिधि राधा पौड्यालले गर्नुभएको कुराकानी :

**यहाँको बुझाईमा सहकारी के हो ?**

सदस्यहरू बीच आफ्ना आवश्यकताहरूको पहिचान गर्दै सुखदुखमा सहयोग र सहकार्य गर्ने थलो हो, सहकारी । सदस्यहरूको आर्थिक, सामाजिक, सांस्कृतिक विकासको लागि एक्लै गर्न नसकिने कुनैपनि कार्य यदि मिलेर गरिन्छ भने त्यो सहकारी हो ।

सहकारीले आफ्नो उद्देश्य पुरा गर्दा, सदस्यको आर्थिक विकासका साथमा समाजको विकास र समाजको परम्परागत विकृति तथा कुरितीहरूलाई उन्मूलन गर्दै सांस्कृतिक विकासमा समेत योगदान पुऱ्याउन सक्नुपर्दछ । यदि कुनै समाज जहाँ व्यक्ति मात्रै धनी हुने, तर त्यो बस्ने समुदायको भौतिक विकास छैन, समाजमा छुवाछुत विभेद असमानता लैङ्गिक हिंसा भेदभाव छ, सानालाई माया ठूलालाई आदर सम्मान गर्ने चलन छैन, एक अर्काको सुखदुखमा साथ दिँदैन भने त्यहाँ कि त सहकारी नै छैन कि त त्यहाँ सहकारीको नाममा साहुकारी छन् भन्ने बुझ्नुपर्दछ ।

**कोभिड १९ महामारीको अवस्थामा जनउत्थानको भूमिका कस्तो रह्यो ?**

महामारीको कारण भएको बन्दाबन्दीको अवस्थामा जनउत्थान साकोसले कुनै

पनि दिन सदस्यहरूलाई पैसा नपाएर उपचार गर्न पाइन, खान पाइन भनेर पछुताउनु पर्ने अवस्था आउन दिएन । हरेक सदस्यहरूको आर्थिक समस्या समाधानको लागि ठाउँठाउँमा सम्पर्क व्यक्ति तोकेर बचत फिर्ता सेवा प्रदान गरियो । हाम्रा कृषकहरूले उत्पादन गरेका उपजहरू बिक्रीको लागि कृषकको तरकारी कृषककै मुल्यमा अभियानका साथ कृषि एम्बुलेन्स सञ्चालन गरी करिब ४२ लाखको कृषकका तरकारीहरू सुपथ मुल्यमा उपभोक्ताहरूसम्म पुऱ्याउने काम गऱ्यौं ।

**लकडाउनको अनुभव कस्तो रह्यो ?**

कोभिड १९ को विश्वव्यापी महामारीका कारण नेपालमा पनि २०७६ चैत्र ११ गतेदेखि लकडाउन शुरू भयो । लकडाउन सुरुवातका केही दिन त घरमै परिवारसँग बस्दा रमाइलो भयो तर यसले समाजमा बिस्तारै समस्या बढ्दै गएको महसुस भएपछि सहकारीलाई लकडाउनका समयमा पनि कसरी सञ्चालन गर्ने, शेयर सदस्यलाई आपतकालिन सेवा कसरी पुऱ्याउने, मानव जीवनयापनका अत्यावश्यक विषयहरूलाई कसरी सम्बोधन भन्ने विषयमा छलफलमा केन्द्रित भएँ । यसैक्रममा, हाम्रा धेरैजसो कृषकहरूको तरकारी बिक्री नभएर खेर जाने अवस्थामा कृषि एम्बुलेंस मार्फत उनीहरूको खेतबारीमा पुगेर उत्पादित तरकारीहरू उनीहरू कै मूल्यमा खरीद गरिदिएर लकडाउनमा परेका जनताहरू माझ पुऱ्याउने कार्य गरियो । सहकारीको माध्यमबाट कृषकहरूको सामाजिक आर्थिक उत्थानको कार्यमा आफू तथा सहकारी टिम नै जोखिममा भएतापनि सहयोग गर्ने जुट्यौं । कठिनाईका बावजुद पनि काम गर्ने इछाशक्ति र टिमसँग कार्य गर्ने क्षमता भएका कारण चुनौतीको बीचमा अवसरको खोजी गऱ्यौं ।

कोभिड १९ का कारण लामो समयको बन्दाबन्दीको अनुभव जीवनमा पहिलो पटक महसुस गरियो । लकडाउनले हामी सबैलाई केही न केही सिकाएको छ । सहकारीमा आवद्ध सदस्य तथा गैर आवद्ध मानिसहरूलाई

> सहकारीकोमाध्यमबाट कृषकहरुको सामाजिक आर्थिक उत्थानको कार्यमा आफू तथा सहकारी टिम नै जोखिममा भएतापनि सहयोग गर्ने जुट्यौं । कठिनाईका बावजुद पनि काम गर्ने इछाशक्ति र टिमसँग कार्य गर्ने क्षमता भएका कारण चुनौतीको बीचमा अवसरको खोजी गऱ्यौं ।

महामारीले बचतको महत्वबारे राम्रै पाठ सिकाएको छ भन्ने लाग्छ । भविष्यको लागि भनेर समयमै बचतको थालनी गरेका व्यक्तिहरूलाई माहामारीमा आर्थिक समस्या परेन । भोलीका लागि नसोच्ने र स-सानो बचतमा महत्व नदिने धेरै मानिसहरू लामो समयको बन्दाबन्दीका कारण आर्थिक समस्या भेल्न पुगे । विशेष गरेर बन्दाबन्दीमा दिनहुँ कमाएर साँझ खाने मानिसहरूका लागि ठूलो समस्या पऱ्यो । तर कोभिडलाई अवसरको रूपमा लिँदै केहीले यो समय प्रगति पनि गरेका छन् । सहकारी क्षेत्रमा पनि लकडाउनले प्रविधि प्रयोगलाई बडावा दिएको छ । सहकारीहरूले आधुनिक प्रविधिको प्रयोग गर्दै सदस्यहरूलाई मोबाईल बैंकिङ्ग, एटीएम सुविधा लिनु पर्दो रहेछ भनेर सिकाएको छ । जनतालाई हिजो गरिने स्वास्थ्यका गलत अभ्यासहरूलाई सुधान गर्न सचेत बनाएको छ । त्यसैले लकडाउन मेरो लागि नकारात्मक भन्दा पनि सकारात्मक रुपमा लिएको छु ।

**लकडाउनमा सदस्य सेवा निरन्तरताका लागि के कस्तो सुरक्षा मापदण्ड अपनाउनुभयो ?**

लकडाउनमा सदस्य सेवा निरन्तरताको लागि सदस्य, कर्मचारी र संस्थाको सुरक्षालाई पहिलो प्राथमिकता दिएर सञ्चालक समितिबाट व्यवसाय निरन्तरता निर्देशिका २०७७ जारि गरियो । त्यसैको अधिनमा रहेर व्यवसाय निरन्तरता योजना बनाइयो र त्यसै अनुसार संस्थालाई सञ्चालन गरियो । त्यो योजनामा निम्न उपायहरू अवलम्बन गरिएको थियो ।

- कार्यालयमा आउदा सदस्यहरूलाई स्वास्थ्य आचार संहिता बनाई लागू गरिएको ।
- कर्मचारीहरूलाई स्वास्थ्य आचार संहिता बनाई लागू गरिएको ।
- स्वास्थ्य सुरक्षाको लागि ठाउँठाउँमा सम्पर्क व्यक्ति तोकेर बचत फिर्ता सेवा सञ्चालन गरिएको ।
- भिडभाड नियन्त्रणको लागि कार्यालयमा क्यू मेसिनको प्रयोग गरिएको ।
- कार्यालयमा भिड नियन्त्रणको लागि फोनबाट ऋण माग दर्ता गरिएको ।
- सबै कर्मचारीहरूलाई स्वास्थ्य सामाग्रीको प्रयोग अनिवार्य लागू गरिएको ।
- ७० वर्ष कटेका र ४२ दिन भित्रका सुत्केरी शेयर सदस्यहरूलाई साझेदारी कोरोना बीमा गरिएको ।
- सदस्यहरूमा महामारीको प्रभावबारे सदस्य सर्वेक्षण कार्यक्रम सञ्चालन गरिएको ।
- कारोवारको लागि सकेसम्म मोबाईल एप्सको प्रयोग गर्न प्रेरित गरिएको ।

- कोरोना सचेतना अभियानहरू सामाजिक संजालमा सञ्चालन गरिएको ।

**लकडाउनमा संस्थामा के कस्ता समस्याहरू परे ?**

सबै सहकारीहरूलाई लकडाउनमा सुरक्षित सेवा सञ्चालनको चुनौती थियो । हाम्रा शेयर सदस्यहरु ग्रामीण भेगका अलि सामान्य वर्गका सदस्यहरूको बाहुल्यता बढी भएको हुँदा सबैले मोबाईल चलाउन नसक्ने र घरमा एण्ड्रोइड मोबाईल पनि नभएको अवस्थामा मोबाईल एप्सको प्रयोगकर्ता कम हुँदा लकडाउनमा सदस्यहरूको आर्थिक समस्या समाधानको लागि भौतिक रुपमा कर्मचारी परिचालन गर्न अलि कठिनाई भएको थियो ।

स्वास्थ्य मापदण्डको पालना एकातर्फ कठिन थियो भने स्थानीय प्रशासनको निर्देशनको पालना गर्दै सेवा निरन्तरतामा कटिवद्ध रहन कर्मचारी व्यवस्थापन र संस्थामा तरलता व्यवस्थापन पनि त्यतिकै चुनौतीपूर्ण थियो । संस्थाका ५ हजार ८ सय १६ जना ऋणी सदस्यहरूमध्ये ८८ जनाको रोजगारी गुमेको र यो संख्या अझ बढ्न सक्ने देखिएको छ । १९ सय ४२ जना सदस्यहरूले ऋण को किस्ता तिर्न सकेका छैनन् । बन्दाबन्दीका कारण ऋण लगानी नहुँदा तरलता २८ प्रतिशतसम्म पुगेको अवस्था छ भने उक्त रकम बैंकमा १ प्रतिशत ब्याजदरमा बसेको अवस्था छ । उत्पादनमूलक भन्दा अनुत्पादक क्षेत्रमा ऋण लगानी बढ्दैछ । सदस्यहरूमा कोरोनाको जोखिम पनि बढिरहेकै छ । तै पनि आशा छ, कठिन घडीको अन्त्य अब छिटै हुँदैछ र नयाँ तरिकाबाट आर्थिक गतिविधिहरू चलायमान हुनेछन् ।

**सहकारीमा प्रविधिको महत्व र प्रयोगको अवस्था कस्तो छ ?**

सहकारीमा प्रविधिको महत्व र प्रयोगको अवस्था हेर्दा जुन सहकारीमा मोबाईल बैंकिङ्ग सुविधाहरू छ त्यहाँ यस्तो अवस्थामा पनि सदस्यता वृद्धि दर तीव्र गतिमा भएको छ । कारोवार पनि बढेको छ । जनताको विश्वसनियता अझ बढेको छ । त्यसैले सकेसम्म सदस्यहरूलाई आधुनिक प्रविधिको प्रयोगमा जोड दिनको लागि कर्मचारीहरू ब्यापक परिचालन गरिएको अवस्था छ । हालसम्ममा हाम्रो सहकारीमा करिब १५% शेयर सदस्यहरूले जनउत्थानको मोबाईल एप्सको प्रयोग गरी जनउत्थानमा राखेको पैसा बैंकको एटिएम प्रयोग गरी निकालेको अवस्था पनि छ भने विविध यूटिलिटि पेमेन्ट सुविधाहरू पनि प्रयोग गरेको अवस्था छ ।



**बन्दाबन्दीमा सदस्यहरुको के कस्तो गुनासा रहे ?**

हाम्रो सहकारीमा सदस्यहरूको खासै गुनासो आएन । बरू सदस्यहरूले संस्थाबाट पाएको सेवा सुविधाहरूको खुलेर प्रशंशा गरेको अवस्था छ । जस्तै सबै बैंक तथा वित्तीय संस्था बन्द भएता पनि खोजेको बेलामा पैसा घरमै आएको, कृषि एम्बुलेन्स मार्फत सस्तोमा तरकारी पाइएको, कृषकहरूले पनि आफ्नो तरकारी बिक्री वितरण गर्न पाएको आदि सुविधा दिइएको भनि खुशी रहेका छन् ।

**संस्थासँगको अपेक्षा के कस्ता रहे ?**

यस्तो महामारीमा ऋणको ब्याजदर जति सक्दो कम र बचतमा जति सक्दो बढी ब्याज दिए हुने थियो भन्ने अपेक्षा गरेका छन तर संस्थाले पहिल्यै बढी ब्याजमा बचत किनेको अवस्थामा ब्याज तुरुन्तै एक्दमै घटाउन सक्ने अवस्था नरहेको तर समय सापेक्ष प्रतिस्पर्धामा ब्याजदर कायम गर्ने कोशिष गरिएको छ ।

जनउत्थान बचत तथा ऋण सहकारी संस्था महामारीमा उत्कृष्ट सेवा प्रदान गर्ने संस्थाको रूपमा नेफ्स्कूनबाट पुरस्कृत घोषित भएको छ, यस सम्बन्धमा यहाँको केही भनाई छ की ।

महामारीमा उत्कृष्ट सेवा प्रदान गर्ने संस्थाको रूपमा नेफ्स्कूनबाट पुरस्कृत घोषित भएको जानकारी पाउँदा अत्यन्त खुसी लागेको छ, सँगै पुरस्कार घोषणाले काममा उर्जा थपिएको छ । विभिन्न संघ संस्थाले प्रदान गर्ने व्यक्ति तथा संस्था पुरस्कारले कार्यक्षेत्रमा जिम्मेवारी थप गराएको हो भन्ने मैले बुझ्ने गरेकी छु । सम्मान तथा पुरस्कार भनेको राम्रो कामको लागि प्रदान गरिने प्रोत्साहन हो, हामी जो कोहीले पनि प्राप्त पुरस्कारको सम्मान गर्न प्रतिवद्ध रहनुपर्छ । लकडाउनका कारण बजार नपाउँदा कृषकको बारीमै खेर जान लागेको तरकारीलाई कृषक कै मूल्यमा उपभोक्ता सम्म पुऱ्याउन जनउत्थान साकोसले कृषि एम्बलेन्स सञ्चालन गरेर कृषक र उपभोक्तालाई एकै ठाउँमा जोड्ने काम गऱ्यो । साथै तिलोत्तमा नगरपालिकाको वडा नं. १४ मा रहेको सुपौली कृषि नमुना गाउँ बनाउन २७ बिघा जग्गामा सामुहिक खेतीको पनि सुरुवात भएको छ ।

जनउत्थान साकोस, साकोस गुणस्तर सुनिश्चितताका कार्यक्रम एक्सेस र प्रोवेशनमा सहभागी भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको गुणस्तर प्रमाणीकरण प्राप्त गर्न सफल भएको छ । साथै नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट उत्कृष्ट सहकारी पुरस्कार २०७४, नेफ्स्कूनबाट पश्चिमाञ्चल क्षेत्र भरिकै उत्कृष्ट साकोस २०७१, डिभिजन सहकारी कार्यालय रूपन्देहीबाट उत्कृष्ट सहकारी २०७१, नेपालको साकोसहरूको व्यवस्थापकमध्ये उत्कृष्ट व्यवस्थापक २०७३, राष्ट्रिय सहकारी महासंघबाट प्रदेश उत्कृष्ट सहकारी पुरस्कार २०७६ र नेफ्स्कूनबाट हालै उत्कृष्ट सेवा प्रदान गर्ने संस्था पुरस्कृत घोषित भएको छ । संस्थाको नेतृत्व तहमा रहेर कार्य गर्दा सहकारी क्षेत्रमा पुऱ्याएको योगदान स्वरूप २०७१ मा राष्ट्रपतिबाट जनसेवा श्री मानपदबीबाट पनि विभूषित भएकी थिएँ ।

**अन्तर्राष्ट्रिय सहकारी अभ्यास नेपालका लागि कतिको फलदायी देख्नुहुन्छ ?**

सहकारी भ्रमणका क्रममा युरोप, अमेरिका र दक्षिण एसिया लगायतका धेरै देशहरूमा जाने अवसर पाएको छु । सहकारीका अन्तर्राष्ट्रिय अभ्यासहरूलाई हेर्ने हो भने प्रविधिको प्रयोग, सञ्जालिकरण र सहकारीले उत्पादन छेत्रमा गरेको विकास अनुकरणीय छन् । यी नेपालका सहकारीका लागि असल अभ्यासहरू हुन सक्छन् । नेपालमा पनि सहकारीहरूले प्रविधिको प्रयोगलाई जोड दिन प्रयासरत छन्, नेफ्स्कूनले पनि सञ्जालिकरणको विषयलाई अगाडि बढाई रहेको छ । सहकारीलाई उत्पादनसँग जोड्ने विषयमा पनि पहलकमदी भैरहेको छ भन्ने लाग्छ । सहकारीले गर्न नसकिने भन्ने कुरा केही पनि छैन । सहकारीले उद्योगहरू, हाइड्रो पावर, यातायात सेवा, सपिङ मल, हाउजिङ, बैंकहरू, अस्पतालहरू, विद्यालयहरू, होटेल रेष्टुरेन्ट, केबुलकार, प्रदर्शनी स्थल, पर्यटकिय क्षेत्र आदि सबै चलाउन सक्छ । तर यो सबैका लागि सरकारले नीतिगत सहजता अवश्य दिनुपर्छ ।

**सहकारीमा महिला नेतृत्वको आवश्यकता कतिको छ ?**

सहकारीमा महिला नेतृत्वको भूमिका एकदमै जरूरी छ । नेपालमा सहकारी अभियानले ठूलै फड्को मारिसक्यो तर तुलनात्मक रूपमा सदस्य सहभागितात्मक आँकडा महिलाको बढी भएपनि नेतृत्व तहमा नगन्य रहेको पाउन सकिन्छ । कानूनत नेतृत्व तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिएको भएपनि कार्यान्वयमा जटिलता देखिएको छ । सहकारीमा महिला नेतृत्व अभिवृद्धि सर्वप्रथम महिलाहरूको क्षमता विकास सँगसँगै आर्थिक सशक्तीकरण महत्वपूर्ण पाटो हो । जनउत्थान साकोसमा हाल २० हजार १२९ सदस्य छन् । जसमध्ये १२ हजार ७ सय ६९ महिला सदस्य हुनुहुन्छ । संस्थामा अध्यक्ष, कोषाध्यक्ष र सचिवमा महिला छौं । १३ जनाको सञ्चालक समितिमा ८ जना महिला छौं, सिस्टर क्लब र विभिन्न संरचनामा महिला र समावेशीकरणलाई आत्मसात गरी कार्यान्वयन गरिएको छ । सहकारीमा महिला नेतृत्व अभिवृद्धि गर्न महिला मैत्री नीति, कार्यवातावरण र क्षमता अभिवृद्धि सँगै समुदायमा वित्तीय पहुँच मार्फत आर्थिक आत्मनिर्भरता बढाउन सके महिला नेतृत्व विकास हुनसक्छ भन्ने लाग्छ ।




**सहकारीको दीगो विकासका लागि के गर्नुपर्ला ?**

ऐन कानून सहकारी मैत्री बन्न नसक्दा सहकारी क्षेत्रको विकास र प्रवर्द्धनमा अवरोध सिर्जना भएको छ । अब सहकारीप्रति राज्यको दृटिकोण सकारात्मक बन्नुपर्छ । सहकारीलाई ससानो समूहको रूपमा हेर्ने परम्परागत सोच परिवर्तन गरेर सहकारी मार्फत आर्थिक समृद्धि प्राप्तिको मार्ग प्रसस्त गर्न सके मात्र राज्यले कल्पना गरेको समृद्ध नेपाल र सुखी नेपालीको संकल्प पुरा होला भन्ने लाग्छ ।

अबको सहकारी कारोवार विद्युतीय प्रविधिहरू मार्फत हिसाबकिताब राख्न सकिने गरी पारदर्शी व्यवस्थापन मिलाउन सक्नु पर्छ । सदस्यले घरमै बसेर आफू आवद्ध भएको सहकारीको वासलात हातको मोबाईलमा हेर्न पाउने सिस्टमको विकास हुनुपर्छ । अब चार खाता पल्टाएर सहकारी सञ्चालन गर्न खोज्नु भनेको बीरबलको खिचडी पकाई जस्तै हो भने हामीले बुझौं ।

संस्था सञ्चालनका क्रममा नीति, विधि र प्रविधिलाई विशेष जोड दिऔं । नीतिगत व्यवस्थाहरूको पूर्ण कार्यान्वयन गरी सुरक्षित संस्था, गुणस्तरीय सेवा सञ्चालन र सन्तुष्ट सदस्य निर्माण गर्न पहिलो प्राथमिकताका साथ काम गरौं । गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा सहभागी भई संस्थाको गुणस्तर मापन गरिरहौं । सम्पूर्ण सहकारीहरूलाई मेरो एकमात्र सन्देश यही छ ।

# विभिन्न जिल्लाका साकोसहरुबीच बीसीपी सम्बन्धी भर्चुअल अभिमुखीकरण

हरेक व्यवसाय तथा क्षेत्रहरूमा जोखिम अवश्य हुन्छ । कोभिड १९ महामारीका कारण बचत तथा ऋण सहकारीहरूको व्यवस्थापनमा पनि पहिचान भएको वा नभएको जोखिमहरू विद्यमान छन् । सदस्यहरूको आवश्यकता तथा व्यवसायको स्वरूपमा आएको परिवर्तनले बचत ऋण सहकारी व्यवस्थापनमा चुनौती थपिएको छ । जोखिम मानवका कारण सिर्जना भएको वा प्रकृतिका कारण सिर्जना भएको जुनसुकै भएपनि व्यवस्थापनमा जोखिमको मात्रा बढ्दै गएको हुनसक्छ । त्यसकारण विपद्, महामारी, भुकम्प, आगलागी, बाढी पहिरो, प्रविधि उपयोगमा नियमिति रूपमा सामना गर्नुपर्ने व्यवधानहरू जुनसुकै परिस्थिति आइपरेपनि त्यसको सामना गर्नको लागि व्यवसाय निरन्तरता योजना निर्माण गर्नु अनिवार्य छ । यसैकारण नेफ्स्कूनले कोभिड महामारीका समयमा आवद्ध सदस्य संघसंस्थाहरूलाई व्यवसाय निरन्तरता योजना निर्माणका लागि विभिन्न चरणमा अभिमुखीकरण कार्यक्रमहरू आयोजना गरेको थियो ।




### केन्द्रीय कार्यालय

नेफ्स्कून केन्द्रीय कार्यालयको आयोजनामा विपद्मा साकोसको व्यवसाय निरन्तरता योजना सम्बन्धी भर्चुअल अभिमुखीकरण भदौ १७ गते सम्पन्न भएको थियो । जुम एप्लिकेसन्स्द्वारा सञ्चालित अभिमुखीकरण कार्यक्रममा जुनसुकै समयमा पर्न सक्ने जस्तोसुकै विपदमा पनि साकोसले व्यवसायलाई निरन्तरता दिन र विपद् पश्चात सामान्यीकरणको अवस्थामा फर्कन व्यवसाय निरन्तरता योजनाको महत्व र उपादेयतामाथि प्रकाश पारिएको थियो । महामारीका समयमा उत्पन्न स्वास्थ्य र संस्थागत संकट समाधानका लागि प्रत्येक साकोसले व्यवसाय निरन्तरता योजना तयार गरी नमूना परीक्षण समेत गरेर संकटको सामना शक्ति विकास गर्न पूर्व तयारी अवस्थामा रहनुपर्ने आवश्यकता प्रस्तुतीकरणमा औल्याइएको थियो । समयको माग अनुरूप प्रविधिको पहुँच विस्तार साथै लगानीको सुरक्षा प्रत्याभूति गर्नपनि व्यवसाय निरन्तरता योजना निर्माणमा विशेष ध्यान दिनुपर्नेमा जोड दिइएको थियो ।

बचत ऋण अभियानको दायरा दिनानुदीन फाराकिलो बन्दै गइरहेको परिवेशमा अभियानको विस्तारसँगै जोखिमको मात्रा बढ्न सक्ने भएकोले जोखिम के हुन सक्छ ? जोखिमको असर कति समयसम्म रहन्छ ? जोखिमले कस्तो आकार लिन्छ ? भन्ने विषयमा जोखिमको प्रभाव विश्लेषण गर्नका लागि र जोखिम समाधानका लागि स्रोत संयन्त्र विकास गर्न पनि व्यवसाय निरन्तरता योजनाको आवश्यकतामाथि प्रष्ट पारिएको थियो ।

विपद् नियमित प्रक्रिया हो, बीसीपी एक व्यवस्थापकिय प्रक्रिया हो, जसले कर्मचारीहरू र सदस्यहरूलाई सुरक्षा प्रदान गर्न र सेवा निरन्तरताको सुनिश्चितता गर्न आवश्यक सामना शक्तिको विकास गर्दछ । सामना शक्ति यस्ता सक्रिय उपायहरू हुन जसले अवरोधहरूको न्यूनिकरण गर्न एवं छिटो भन्दा छिटो पुर्नस्थापित हुन सक्ने क्षमताहरूको विकास गर्न सक्छ भन्ने विषयवस्तु प्रस्तुति गर्दै संघका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले बीसीपीको अवधारणा, महत्व र सञ्जालमा व्यवसाय निरन्तरता योजनाको आवश्याता औल्याउनु भएको थियो ।

संघका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा आयोजित कार्यक्रममा

संघका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, केन्द्रीय उपसमिति सदस्यहरू, फिल्ड व्यवस्थापन उपसमिति सदस्यहरू र संघको उच्च व्यवस्थापन सहित १३५ जनाको सहभागिता रहेको थियो ।

संघका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले महामारीको विषम् परिस्थितिमा सबैभन्दा ठूलो समस्या लगानीको समस्या रहेको र त्यसले अभियानमा चौतर्फी प्रभाव पार्ने हुँदा तरलता व्यवस्थापनमा सबैको साझा ऐक्यवद्धता आवश्यक रहेको चर्चा गर्नुभयो ।

उपाध्यक्ष शान्ति अधिकारीले ग्रामीण क्षेत्रका सहकारीहरूसँगको व्यावसायिक सञ्जाल निर्माणमा केही जटिलताहरू रहेकोले संघले अगाडि सारेको आधारशिला कार्यक्रम कार्यान्वयनको चरणमा दुरदराजका सहकारीहरूको स्तरोन्नती र प्रवर्द्धनमा विशेष जोड दिनुपर्ने बताउनुभयो ।

कोषाध्यक्ष दीपक पनेरूले महामारीको विषम् परिस्थितिमा पनि साकोसहरूले आफ्ना सदस्य र कर्मचारीहरूलाई आवश्यक परामर्श प्रदान गर्दै विविध तबरले सेवा निरन्तरतामा जुटिरहेको विषयमा प्रशंसा गर्नुभयो ।

लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटाले मंगलबार आयोजित रणनीतिक योजना र आधारशिला कार्यक्रम साथै बुधबार सम्पन्न व्यवसाय निरन्तरता योजना कार्यक्रममा अभियानको तर्फबाट आएका महत्वपूर्ण सुझावहरू संघको आगामी कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शक रहेको बताउनुभयो । संघका कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले दीगो र सबल साकोस निर्माणमा व्यवसाय निरन्तरता योजना वर्तमान परिस्थितिको माग भएको र यसले आगामी दिनमा अभियानमा आइपर्नसक्ने सबै प्रकारका विपद्को सामना गर्न सहयोग पुर्‍याउने सामर्थ्य राख्ने विश्वास व्यक्त गर्नुभयो ।

अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रममा सहभागी सदस्यहरूले संघको योजना तथा कार्यक्रम र व्यवसाय निरन्तरता योजना सम्बन्धमा महत्वपूर्ण सुझावहरू राख्नुभएको थियो ।

जनउत्थान साकोस रूपन्देहीका अध्यक्ष ज्ञानु पौड्यालले महामारीमा व्यवसाय निरन्तरताका लागि कर्मचारीहरूको क्षमता अभिवृद्धि, सदस्य र कर्मचारीहरूमा तनाव व्यवस्थापन, स्वास्थ्य तथा मनोसामाजिक परामर्श प्रदान गर्ने सबालमा अभियानको साझा धारणा बनाउन ठोस योजना निर्माण गर्नुपर्ने विचार राख्नुभएको थियो ।

मकवानपुर जिल्ला बचत संघका अध्यक्ष कल्पना श्रेष्ठले नेफ्स्कूनले भर्खरै मात्र सञ्चालनमा ल्याएको डिजिटल पत्रिका सञ्चालनमा बचत संघ र प्रारम्भिक साकोसहरूको पनि प्राथमिकताको विषय भएको विचार राख्नुभएको थियो । यसै विषयमा संघका बरिष्ठ उपाध्यक्ष एवं सूचना तथा सञ्चार उपसमिति संयोजक चन्द्र प्रसाद ढकालले अभियानको विकास र प्रवर्द्धन गर्ने उद्देश्यले नेफ्स्कूनले डिजिटल पत्रिका प्रसारण शुरूवात गरेको जानकारी गराउँदै अभियानले यसको स्वामित्व ग्रहण गरिदिनुहुन आग्रह गर्नुभएको थियो ।

लुम्बिनी साकोस, रूपन्देही बुटवलका प्रतिनिधि महेश्वर श्रेष्ठले महामारीका समयमा गरिएका भर्चुअल बैठक र निर्णयहरूको कानूनी प्रक्रिया र मान्यताको विषयमा जिज्ञासा राख्नुभएको थियो ।

मकवानपुर फिल्ड व्यवस्थापन उपसमिति सदस्य राजु गौतमले महामारीका समयमा अभियानले अवलम्बल गर्नुपर्ने सुरक्षात्मक उपाय र व्यवसाय निरन्तरता योजना हाम्रो भौगोलिक अवस्था र समाज परिवेश सुहाउँदो बन्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो ।

त्यसैगरी साकोस गुणस्तर सुनिश्चिताको कार्यक्रम एक्सेसमा आवद्ध काठमाडौंका साकोसहरूको लागि भदौ १२ देखि १४ गतेसम्म व्यवसाय निरन्तरता योजना सम्बन्धी भर्चुअल अभिमुखीकरण सञ्चालन गरेको थियो । कार्यक्रममा ४७ साकोसबाट ८८ जनाको उपस्थिति रहेको थियो । कोभिड १९ ले सदस्य, संस्था र कर्मचारीमा पारेको प्रभाव विश्लेषण, सम्भावित जोखिम, जोखिमको स्तर निर्धारण, जोखिम न्यूनिकरणको उपायहरूको बारेमा छलफल भएको थियो ।

नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकाल र बरिष्ठ अधिकृत प्रेमनाथ वाग्लेले सहजीकरण गर्नुभएको उक्त तीन दिने गोष्ठीमा साकोसको सेवा निरन्तरताको लागि वैकल्पिक रणनीतिहरूको विकास, दीगो सदस्य सम्बन्धका रणनीतिहरू, सदस्यको तिर्न सक्ने सक्षमता मापन एवं विश्लेषण, सदस्यमा परेको प्रभाव अध्ययनको लागि सदस्य सर्वेक्षणका विधिहरू, वास्तविक सम्पत्ति गणना अभ्यास, तरलता प्रक्षेपण, सदस्य मनोसामाजिक परामर्श, व्यवसाय विकास सेवाको



कार्यान्वयन, आकस्मिक कोष बचत, स्वास्थ्य सुरक्षा मापदण्डको पालना, कर्मचारी कार्यढाँचामा परिवर्तन, सुशासन एवं कानूनी परिपालनाको सुनिश्चितता एवं फरक वातावरणमा अपनाउनुपर्ने नीतिगत एवं कार्यगत लचकताको विषयहरू समेटिएका थिए ।

गोष्ठी समापन का क्रममा नेफ्स्कूनका कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले प्रत्येक संस्था सञ्चालनका लागि व्यवसाय निरन्तरता योजना आवश्यक रहेको बताउनुभयो । कोभिड १९ को विषम् परिस्थितिमा संस्था सञ्चालनका क्रममा सदस्य सेवा, जनशक्ति व्यवस्थापन र प्रविधि प्रयोग सँगै सदस्य र कर्मचारीहरूमा स्वास्थ्य र वित्तीय शिक्षा सम्बन्धी उपयुक्त परामर्श प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सहभागी साकोस प्रतिनिधिहरूको व्यवसाय निरन्तरता योजना निर्माण सम्बन्धी सिकाइ अनुभव साट्नु भएको थियो ।

**इश्वर मरासिनी**
**व्यवस्थापक, सामुहिक विकास साकोस, रूपन्देही**

वार्षिक रूपमा संस्थाको व्यवसाय निरन्तरता योजना बनाउँथ्यौ । तर तथ्यांकीय विधिबाट कसरी संस्था सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा ज्ञान थिएन । यस तालिममा सहभागी भएपश्चात संस्थाको कुशल सञ्चालनमा तथ्यांकीय विधिको उपयोगिताको विषयमा ठूलो उपलब्धी हाँसिल भएको छ । साथै कोभिड १९ को विषम् परिस्थितिमा तरलता व्यवस्थापन, कर्मचारीहरूबाट कार्यउपयोगिताको सम्बन्धमा र सदस्य सेवा निरन्तरताका वैकल्पिक विधिहरूको विषयमा धेरै जानकारी प्राप्त भएका छन् । महत्वपूर्ण तालिममा सहभागी हुने अवसर प्रदान गर्नुभएकोमा नेफ्स्कूनप्रति आभार प्रकट गर्दछु ।

**उमेश पौडेल**
**प्रमुख कार्यकारी अधिकृत, दीपज्योती अभिवृद्धि साकोस, चितवन**

संस्थामा व्यवसाय निरन्तरता योजना बनाउनुपर्छ भन्ने थियो । तर महामारीका बेलामा पनि संस्था सञ्चालन र सेवा निरन्तरताका लागि वैकल्पिक व्यवस्था समेत गरेर योजना बनाउनुपर्छ भन्ने विषयको जानकारी थिएन । कोभिड महामारीको अवस्थामा संस्था सञ्चालन र सेवाको निरन्तरतामा कठिनाई महसुस भईरहेको समयमा सदस्य सेवा निरन्तरताका वैकल्पिक विधिहरू र सदस्य सर्वेक्षण विधिबारे धेरै विषयहरू सिक्ने अवसर मिल्यो । तीन दिनको तालिम निकै उपलब्धिमूलक रह्यो । माहामारीको समयमा संस्था सञ्चालन र सेवाको निरन्तरतालाई विशेष ध्यान दिएर व्यवसाय निरन्तरता योजना बनाउन प्रतिवद्ध भएर लाग्नेछु ।

**सरिना रानामगर**
व्यवस्थापक, महिला अभियान साकोस, मकवानपुर

तीन दिन नै कार्यक्रम अत्यन्त महत्पूर्ण थियो । जोखिमको समयमा संस्था कसरी सञ्चालन गर्ने, सदस्यहरूको सर्वेक्षण विधि, कर्मचारी व्यवस्थापनको तरिका निकै उपयोगी लाग्यो । भोलि नै सञ्चालक समितिको बैठक राखेर व्यवसाय निरन्तरता योजना तयारीको विषयमा छलफल गर्ने निर्णय गरेका छौं । विपद्को समयमा पनि सदस्य सेवा निरन्तरता कसरी कायम गर्न सकिन्छ भन्ने विषयलाई तालिमले महत्वका साथ उजागर गरेको छ ।

**नविन काफ्ले**
**व्यवस्थापक, शिक्षक कल्याण साकोस, दोलखा**

बन्दाबन्दीको समयमा संस्था सञ्चालन कसरी गर्न सकिन्छ भन्ने विषयमा राम्रो ज्ञान प्राप्त भएको छ । संस्था सञ्चालन, कर्मचारीको सुरक्षा व्यवस्था सहित परिचालन र सदस्य सेवा निरन्तरतामा योजनाको महत्वबारे उपलब्धिपूर्ण सिकाइ भएको छ । कर्मचारी आलोपालो प्रणाली, कर्मचारीका लागि वर्क फ्रम होमको वातावरण, प्रविधि प्रयोगको पहुँच विस्तार, संस्थामा तरलता व्यवस्थापन, ब्याजदर परिमार्जन नीतिको विषयमा महत्वपूर्ण सिकाइ भएको छ ।

**दोलखा र रामेछाप**

दोलखा र रामेछाप जिल्लामा रहेका साकोस गुणस्तर सुनिश्चिताको कार्यक्रम कर्वस् र प्रोवेसनमा आवद्ध साकोसहरूका लागि व्यवसाय निरन्तरता योजना सम्बन्धी भर्चुअल कार्यशाला भदौ १८ गते सम्पन्न भयो । भदौ १६ गतेदेखि सञ्चालन भएको उक्त गोष्ठीमा प्राविधिक रूपमा ४४ वटा साकोसबाट ५० जना भन्दा बढिको उपस्थिति रहेको थियो । गोष्ठीमा कोभिड १९ ले सदस्य, संस्था र कर्मचारीमा पारेको प्रभाव विश्लेषण, सम्भावित जोखिम, जोखिमको स्तर निर्धारण, जोखिम न्यूनिकरणको उपायहरूको बारेमा छलफल भएको थियो ।

कार्यक्रम सहजीकरण नेफ्स्कूनका कार्यक्रम अधिकृत कोमलराज अधिकारी, रामकृष्ण भट्टराई तथा अनुगमन अधिकृत श्यामराजा तिमल्सिनाले गर्नुभएको थियो ।

**मकवानपुर**

नेफ्स्कूनले मकवानपुर फिल्ड कार्यालय अन्तरगत साकोस गुणस्तर सुनिश्चिताको कार्यक्रम कर्बस् मा आवद्ध साकोसहरूका लागि व्यवसाय

निरन्तरता योजना सम्बन्धी भर्चुअल कार्यशाला गोष्ठी भदौ २१ गते सम्पन्न गरेको थियो । त्रिदिवसीय उक्त गोष्ठीमा प्राविधिक रूपमा ५२ वटा साकोसबाट ८१ जनाको उपस्थिति रहेको थियो । गोष्ठीमा कोभिड १९ ले सदस्य, संस्था र कर्मचारीमा पारेको प्रभाव विश्लेषण, सम्भावित जोखिम, जोखिमको स्तर निर्धारण, जोखिम न्यूनिकरणको उपायहरूको बारेमा छलफल भएको थियो । कार्यक्रम सञ्चालन कार्यक्रम अधिकृत सुरज चालिसेले गर्नुभएको थियो ।

नेफ्स्कूनका कार्यक्रम अधिकृत द्वय कोमलराज अधिकारी र विदुर खड्काले सहजीकरण गर्नुभएको उक्त तीन दिने गोष्ठीमा साकोसको सेवा निरन्तरताको लागि वैकल्पिक रणनीतिहरूको विकास, दीगो सदस्य सम्बन्धका रणनीतिहरू, सदस्यको तिर्न सक्ने सक्षमता मापन एवं विश्लेषण, सदस्यमा परेको प्रभाव अध्ययनको लागि सदस्य सर्वेक्षणका विधिहरू, वास्तविक सम्पत्ति गणना अभ्यास, तरलता प्रक्षेपण, सदस्य मनोसामाजिक परामर्श, व्यवसाय विकास सेवाको कार्यान्वयन, आकस्मिक कोष बचत, स्वास्थ्य सुरक्षा मापदण्डको पालना, कर्मचारी कार्यढाँचामा परिवर्तन, सुशासन एवं कानूनी परिपालनाको सुनिश्चितता एवं फरक वातावरणमा अपनाउनुपर्ने नीतिगत एवं कार्यगत लचकताको विषयहरू समेटिएका थिए ।

**अकुको सहजीकरणमा**

एशियाली ऋण महासंघ-अकूको सहजिकरणमा नेपालमा एक्सेस कार्यक्रममा आवद्ध साकोसका सञ्चालकहरू तथा व्यवस्थापन प्रमुख, बरिष्ठ कर्मचारीहरूको सहभागितामा कोभिड-१९ ले पारेको प्रभाव र व्यवसाय निरन्तरता योजना (बीसीपी) सम्बन्धमा भर्चुअल कार्यशाला गोष्ठी भदौ ७ गते सम्पन्न भएको थियो । कोभिड १९ ले सदस्य, संस्था र कर्मचारीमा पारेको प्रभाव, जोखिम दोहोरिने सम्भावना एवं समयका आधारमा जोखिमको स्तर निर्धारण, चुनौतीपूर्ण व्यावसायिक सम्बन्धहरूको निरन्तरता आदि विविध विषयमा छलफल भएको थियो ।

३ दिनसम्म सञ्चालन भएको कार्यशाला गोष्ठीमा सदस्यको तिर्न सक्ने सक्षमता मापन एवं विश्लेषण, वास्तविक सम्पत्ति गणना अभ्यास, तरलता प्रक्षेपण, सदस्य परामर्श, व्यवसाय विकास सेवाको कार्यान्वयन, आकस्मिक कोष बचत, स्वास्थ्य सुरक्षा मापदण्डको पालना, कर्मचारी कार्य ढाँचामा परिवर्तन, सुशासन एवं कानूनी परिपालनाको सुनिश्चितता जस्ता विविध पक्षहरूको सर्वेक्षण एवं विश्लेषण सम्बन्धी ज्ञान सिपको सिकाई एवं अभ्यास भएको थियो ।

२७ वटा साकोस एवं छाता संगठन नेफ्स्कूनबाट गरी ५८ जनाको सहभागिता रहेको सो कार्यशाला गोष्ठीलाई एशियाली ऋण महासंघबाट प्रमुख कार्यकारी अधिकृत ईलेनिता सानरोके (लेनी), प्रमुख प्राविधिक सल्लाहकार रञ्जित हिताराची, र अष्ट्रेलियास्थित म्युचुअल बैंक क्रेडिट युनियनका प्रमुख कार्यकारी अधिकृत मार्क वर्थिङटोनले सहजिकरण गर्नुभएको थियो । सहभागीहरूले आ-आफ्नो संस्थाको व्यवसाय निरन्तरता योजना निर्माण गरी १५ दिनभित्र पेश गर्ने कार्य योजना रहेको थियो ।

**काठमाडौं**

नेफ्स्कूनले काठमाडौं, भक्तपुर तथा ललितपुर जिल्ला अन्तर्गत साकोस गुणस्तर सुनिश्चितता कार्यक्रम कर्वस्मा आवद्ध साकोसहरूका लागि व्यवसाय निरन्तरता योजना (बीसीपी) सम्बन्धी भर्चुअल कार्यशाला गोष्ठी भदौ ३० गते सम्पन्न गरेको थियो । भदौ २८ देखि ३० सम्म सञ्चालित भर्चअुल गोष्ठीमा ६३ साकोसबाट १०० भन्दा बढी प्रतिनिधि, कर्मचारी तथा जोखिम व्यवस्थापन कार्यदलका सदस्यको सहभागिता थियो । गोष्ठीमा कोभिड १९ ले सदस्य, संस्था र कर्मचारीमा पारेको प्रभाव विश्लेषण, सम्भावित जोखिम, जोखिमको स्तर निर्धारण, जोखिम न्यूनिकरणका उपायहरूका बारे छलफल भएको थियो ।

उद्घाटन कार्यक्रममा नेफ्स्कूनका कोषाध्यक्ष दीपक पनेरूले हाल संस्थामा महामारीका कारण विभिन्न किसिमका जोखिमहरू, तरलता जोखिम, सदस्यमा जोखिम, बचत तथा ऋणमा जोखिम वृद्धि भइरहेको र जोखिम न्यूनीकरणका लागि सद्भावपूर्ण सहकार्य आवश्यक भएको बताउनुभयो । साकोसमा जोखिम बढिरहेको अवस्थामा व्यवसाय निरन्तरता योजना अत्यावश्यक रहेकोले नेफ्स्कूनले कार्यशाला आयोजना गरेको जानकारी गराउँदै सक्रिय रूपमा सहभागी भई योजना निर्माण तथा कार्यन्वयन गर्न आग्रह गर्नुभयो । हालको विषम परिस्थितिमा पनि सदस्यलाई निरन्तर सेवा प्रवाह गरेकोमा सहभागी साकोसलाइ धन्यवाद



दिँदै प्रविधिमा आधारित सेवा अवलम्वन गर्न अनुरोध गर्नुभयो ।

नेफ्स्कूनका कार्यक्रम अधिकृतद्वय कोमलराज अधिकारी र विदुर खड्काले सहजीकरण गर्नुभएको थियो ।

कार्यशाला समापनका क्रममा नेफ्स्कूनका कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले कार्यशालामा सहभागी साकोसहरूको सक्रिय सहभागिताको लागि धन्यवाद दिँदै प्रत्येक संस्थाले आफ्नो संस्थाको जोखिम पहिचान, नक्सांकन गर्दै संस्थामा भएको रणनिति पुनरावलोकन गर्दै यस कार्यशालाबाट प्राप्त ज्ञान सीप तथा नमूना प्रयोग गरेर सहभागीहरूलाई प्रतिवद्धता अनुरूप समयमै व्यवसाय निरन्तर योजना निर्माण गर्न तयार गर्न आग्रह गर्नुभयो ।

**चितवन**

नेफ्स्कूनले चितवन जिल्ला अन्तर्गत साकोस गुणस्तर सुनिश्चिता कार्यक्रम प्रोवेशनमा आवद्ध साकोसहरूका लागि व्यवसाय निरन्तरता योजना (बीसीपी) सम्बन्धी भर्चुअल कार्यशाला गोष्ठी भदौ २८ गते सम्पन्न गरेको थियो । भदौ २६ देखि २८ सम्म सञ्चालित भर्चअुल गोष्ठीमा २३ वटा साकोसका ४१ जनाको उपस्थिति थियो ।

उद्घाटन कार्यक्रममा नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारीले समय असहज हुँदा पनि साकोसहरूले निर्धारित समयमै ध्येय, परिकल्पना र उद्देश्य अनुरूप काम गर्नुपर्नेमा जोड दिँदै फरक अवस्थामा फरक तरिकाले सोचेर कार्यन्वयनमा जान आग्रह गर्नुभयो । नेफ्स्कूनको दीगोपन साकोसको दीगोपनसँग गाँसिएको भन्दै उहाँले सहकार्यले मात्र सामना शक्ति विकास गर्न सकिने विचार व्यक्त गर्नभयो । विषम परिस्थितिमा पनि सदस्यलाई निरन्तर सेवा प्रवाह गरेकोमा आभार प्रकट गर्दै आगामी दिनमा प्रविधिमा आधारित सेवा दिन उपाध्यक्ष अधिकारीले अनुरोध गर्नुभयो ।

नेफ्स्कूनका कार्यक्रम अधिकृतद्वय कोमलराज अधिकारी र विदुर खड्काले सहजीकरण गर्नुभएको थियो ।

तीन दिने कार्यशालाको समापनमा नेफ्स्कूनकी सञ्चालक सदस्य विद्या कोइरालाले प्रत्येक संस्था सञ्चालनका लागि व्यवसाय निरन्तरता योजना आवश्यक रहेको बताउनुभयो । सदस्य सुरक्षा, वित्तीय सुरक्षा, कर्मचारी सुरक्षा र संस्थागत सुरक्षा अहिलेको समयमा मुख्य चुनौती रहेकोले त्यसको सामना गर्न व्यवसाय निरन्तर योजना निर्माण कार्यशालाले सहयोग गर्ने विचार व्यक्त गर्नुभएको थियो ।

**कास्की**

नेफ्स्कून पोखरा फिल्ड कार्यालयको आयोजनामा गण्डकी र ५ नं प्रदेशका प्रोबेशन तथा कर्वस् कार्यक्रममा आवद्ध साकोसहरूका लागि ३ दिने व्यवसाय निरन्तरता योजना (बीसीपी) सम्बन्धी भर्चुअल तालिम आयोजना गरिएको छ । भदौ १९ गतेदेखि २१ सम्म चलेको तालिममा प्रोबेसनका २ वटा क्लष्टर र कर्वस्मा आवद्ध ३ वटा क्लष्टरका ५३ वटा साकोसका ७७ जनाको सहभागिता रहेको थियो ।

नेफ्स्कूनकी सञ्चालक कमला गिरीको प्रमुख आतिथ्यमा समापन भएको प्रशिक्षण कार्यक्रमको अन्तिम दिन संघका कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले महामारीले संस्थाका व्यावसायिक रणनीतिक योजनाहरू कार्यान्वयनमा कठिनाई उत्पन्न भएको अवस्थामा व्यवसाय निरन्तरता योजना बनाउनु पर्ने भन्दै बीसीपीको महत्वका विषयमा थप प्रकाश पार्नुभएको थियो ।

तालिमको सहजिकरण नेफ्स्कूनका बरिष्ठ अधिकृत प्रेमनाथ वाग्लेले गर्नुभएको थियो भने बरिष्ठ अधिकृत भरत न्यौपाने र अनुगमन अधिकृत सूर्यप्रसाद तिमल्सिनाले कार्यक्रमको समन्वय गर्नुभएको थियो । पहिलो तथा दोस्रो दिनको सेसनको अन्त्य नेफ्स्कूनका निवर्तमान सञ्चालक एवं रोयल पोखरा साकोसका प्रमुख कार्यकारी अधिकृत भिम गुरूङले गर्नुभएको थियो ।

नेफ्स्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np,

वेबसाइटः www.nefscun.org.np

# सेवा सुनिश्चिततताका लागि व्यवसाय निरन्तरता योजना

**दुर्गा प्रसाद ढकाल**

विभागीय प्रमुख - सदस्य सेवा
नेफ्स्कून





वित्तीय सेवा अविच्छिन्न रुपमा सञ्चालन गर्नु पर्ने सेवा हो वा सातै दिन चौबिसै घन्टा सञ्चालन गर्नु पर्ने यो सेवा सदस्यहरुको हित तथा विश्वास आर्जन गर्न पनि महामारीमा पनि निरन्तर रुपमा अत्यावश्यक सेवाको रुपमा सञ्चालन गर्नुपर्ने हुन्छ ।

बचत तथा ऋण सहकारीहरूलाई सामान्यतया वित्तीय सहकारी भनिन्छ र बचत तथा ऋण सहकारीको मुल उद्देश्य भनेको सदस्यहरू मार्फत बचत तथा ऋण एवं अन्य वित्तीय सेवा परिचालन गरी सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उत्थान गर्नु हो वा बचत ऋण सहकारीहरूको मुख्य व्यवसाय भनेको वित्तीय सेवा नै हो । सदस्यहरूलाई वित्तीय सेवा दिने भएकोले सामान्य रूपमा यसलाई वित्तीय सहकारी भन्ने गरेको पनि पाइन्छ । वित्तीय सेवा अविच्छिन्न रूपमा सञ्चालन गर्नु पर्ने सेवा हो वा सातै दिन चौबिसै घन्टा सञ्चालन गर्नु पर्ने यो सेवा सदस्यहरूको हित तथा विश्वास आर्जन गर्न पनि महामारीमा पनि निरन्तर रूपमा अत्यावश्यक सेवाको रूपमा सञ्चालन गर्नुपर्ने हुन्छ । त्यसैले बचत तथा ऋण सहकारीहरूको सञ्जाल विस्व ऋण परिषद्ले संसार भरका सरकार तथा सञ्जाललाई बचत तथा ऋण सहकारीको सेवालाई अत्यावश्यक सेवाको रूपमा सञ्चालनका लागि कानूनी आधार तयार गर्न सिफारिस गरेकोछ र जस्तो सुकै समयमा पनि बचत तथा ऋण सहकारी सेवा निरन्तर हुन आवश्यक हुन्छ ।

विस्वभर बचत तथा ऋण सहकारीहरू सहकारी मुल्य मान्यता तथा सिद्धान्तका आधारमा वित्तीय सेवा प्रदायक संस्थाहरू हुन् । त्यसैले बचत ऋण सहकारीको सेवा बैक तथा वित्तीय संस्थाहरूको जस्तै संधै नियमित हुन आवश्यक छ र व्यवस्थापनमा वित्तीय सन्तुलन हुन पनि आवश्यक छ । बजार, बृहत अर्थ व्यवस्था तथा सुक्ष्म अर्थव्यवस्था सबैको प्रभाव बचत ऋण सहकारीमा पर्ने र वित्तीय क्षेत्रमा आएको प्रविधिको रूपान्तरणले यसको व्यवस्थापन दिनानुदिन चुनौती पूर्ण बन्दै गएको सन्दर्भमा समावेशी तथा जिम्मेवार वित्तीय सेवाको रूपमा चिनिएको बचत ऋण सहकारीहरूको छवी निरन्तरताको लागि आज नविन पहलको आवश्यकता रहेको छ । त्यो भनेको सेवाको अविच्छिन्नता हो र त्यसको स्पष्ट योजना सबै बचत तथा ऋण सहकारीहरूमा हुन आवश्यक हुन्छ ।

### व्यवसाय निरन्तरता योजनाको अवधारणा

हरेक व्यवसाय तथा क्षेत्रहरूमा जोखिम विद्यमान रहेको हुन्छ । बचत ऋण सहकारीहरूको व्यवस्थापनमा पनि पहिचान भएको वा नभएको जोखिमहरू

विद्यमान रहेका छन् । सदस्यहरूको आवश्यकता तथा व्यवसायको स्वरूपमा आएको परिवर्तनले बचत ऋण सहकारी व्यवस्थापनमा चुनौती थपिएको छ भने संस्था व्यवस्थापनमा तेस्रो पक्ष निर्भरता दर नियमित रूपमा बढ्दै गएको सन्दर्भमा जोखिम थप भएको छ । जोखिम मानवका कारण सिर्जना भएको वा प्रकृतिका कारण सिर्जना भएको हुन सक्दछ तर व्यवस्थापनमा जोखिमको मात्र बढ्दै गएको निश्चित छ । विपद्, महामारी, भुकम्प, आगलागी, बाढी पहिरो, प्रविधि उपयोगमा नियमित रूपमा सामना गर्नु पर्ने सेवा निरन्तरतामा समस्या, डाटा ह्याक, विद्युत, टेलिफोन, ईन्टरनेटमा आउने समस्या, विभिन्न स्वरूपका अपराधहरू, तेस्रोपक्ष सेवामा हुने समस्या, चोरी

निरन्तरता योजनाको सम्बन्धमा Federal Financial Institutions Examination Council's ले व्यवसाय निरन्तरता योजना एक व्यवस्थापकिय प्रक्रिया हो जसले कर्मचारीहरू, सदस्यहरूलाई सुरक्षा प्रदान र सेवा निरन्तरताको सुनिश्चितता गर्न आवश्यक सामना शक्तिको विकास गर्दछ । सामना शक्ति यस्ता सक्रिय उपायहरू हुन जसले अवरोधहरूको न्यूनिकरण गर्न एवं छिटो भन्दा छिटो पुर्नस्थापित हुन सक्ने क्षमताहरूको विकास गर्दछ भनि परिभाषित गरेको छ । यसबाट के बुझिन्छ भने बचत तथा ऋण सहकारीको निरन्तर सेवाको लागि व्यवस्थापनको एक पक्षको रूपमा निरन्तरताको आवश्यकता पर्दछ ।




जस्ता अनेकौ समस्या बचत तथा ऋण सहकारी व्यवस्थापनमा दिन दिनै सामना गर्नु परिरहेको छ । यसबाट बचत ऋण सहकारीको सेवा प्रवाह गर्नमा निरन्तर समास्याको अनुभुति हुने गरेको छ । आज बचत ऋण सहकारी व्यवस्थापनको अवयवको रूपमा यस्ता पक्षहरूबाट हुन सक्ने व्यवसाय निरन्तर समस्या मा समाधानकको सम्भावना खोजी योजनाको अवयवको रूपमा लिनुपर्ने हुन्छ । त्यसैले आज व्यावसायिक योजनाले मात्र बचत तथा ऋण सहकारीको सही व्यवस्थापन गर्न कठिन छ त्यसको समाधानका लागि व्यावसायिक निरन्तरता योजनाको निर्माण अत्यावश्यक भएकोछ । व्यावसायिक

बचत तथा ऋण सहकारीहरू व्यवस्थापनको सन्दर्भमा व्यावसायिक निरनन्तरतामा नियमित रूपमा कुनै न कुनै जोखिम विद्यमान रहेकोले सेवा निरन्तरता नहुने सम्भावना अधिक हुन्छ । व्यवस्थापनको क्रममा त्यस्ता समस्याहरूलाई सामना गर्ने योजना विपदको रूपमा देखा पर्नु अगाबै व्यवस्थापन गर्न सक्ने गरी लिखित दस्ताबेज नै व्यवसाय निरन्तरता योजना हो । व्यवसाय निरन्तरता योजनाले विपदमा सेवा निरन्तरता उपयुक्त विकल्पहरूको विकास गरी कार्यान्वय गर्ने विधिहरूको समेत मार्गनिर्देशन गरेको हुन्छ । त्यसैले व्यावसायिक निरन्तरता योजना वास्तवमा जोखिमको पुर्वअनुमान तथा व्यवस्थित

व्यवस्थापनको तयारी हो । महामारी लगायत कुनै पनि समय वा परिस्थितिमा बचत तथा ऋण सहकारीहरूको सेवा निरन्तरताको सुनिश्चित गर्न व्यवसाय निरन्तरता योजनाले कार्य गर्दछ ।

आजको व्यवस्थापन योजना भनेको जोखिममा आधारित सोचमा बनेको हुनु पर्दछ वा व्यवस्थापनको हरेक योजनाले भविष्यमा हुन सक्ने जोखिमको व्यवस्थापनको सही अनुमान गरी समाधान गरेको हुनु पर्दछ । विस्वभर गुणस्तर निर्धारणका लागि मानकहरूको विकास गर्ने संस्थाले ISO 22301:2019 Security and resilience - Business continuity management systems - Requirements भनि गुणस्तर निर्धारण गर्दा व्यवसाय निरन्तरताको प्रणालीहरूको सुक्ष्म अध्यायन गरेको पाइन्छ । संसारका हरेक व्यवसायको सेवा निरन्तरता नहुने सम्भावना रहेकोले सो को व्यवस्थापनमा सही योजना नभएको सेवालाई गुणस्तरीय सेवाको रूपमा स्वीकार गर्न सकिंदैन । यसको व्यवस्थापका लागि व्यवसाय निरन्तरता योजनाको खाँचो पर्दछ र कम्तीमा तीनवटा विकल्पहरूको विका गरिएको हुनु पर्दछ ।

**व्यावसायिक निरन्तरता योजनाको विकासक्रम**

सन् १९८० को दशकसम्म व्यवसाय निरन्तरता योजनालाई बचत तथा ऋण सहकारी अभियानमा खासै महत्व दिइएको थिएन वा सामान्य रूपमा लेखाका दस्तावेजहरूको सुरक्षित व्यवस्थापनमा केन्द्रित भएको पाइन्थ्यो । कारोवारको विवरणहरू तथा लेखाका दस्तावेजहरूको सुरक्षा नै व्यावसायिक निरन्तरताको अवयवको रूपमा रहेको पाइन्छ । सन् १९९० को दशकमा व्यावसायिक निरन्तरता योजनामा विपद् महत्वपूर्ण अवयवको रूपमा आएको पाइन्छ । व्यवस्थापनमा प्रविधिको उपयोग बढदै गए पछि संस्थाहरूले प्राकृतिक विपत तथा कम्प्यूटर प्रणालीका खराबी व्यवस्थापनमा ध्यान दिइएको पाइन्छ वा विपद व्यवस्थापन योजनाको निर्माणको शुरूवात भएको पाइन्छ । जब सन् २००० को दशकमा ठूलाठूला

महामारीहरू, आतंकवादी हमलाहरू भए त्यसपछि व्यवस्थापनको सोचमा पनि परिवर्तन भएको छ । खास गरी अमेरीकाको सेप्टेम्वर हमलापछि व्यवसाय निरन्तरता योजना व्यवस्थापनको एक अवयवको रूपमा स्वीकार गर्न थालिएको छ । आजको प्रविधिको विकासको समयमा व्यवसायिक योजना पनि प्रविधिमा आधारित बन्दैगएको छ र व्यावसायिक निरन्तरता योजना बचत तथा ऋण सहकारी व्यवस्थापनका अवयवको रूपमा विकास भएको छ । सबै बचत ऋण सहकारीहरूमा यो योजनाको आवश्यकता पर्दछ ।

**व्यवसाय निरन्तरता योजनाको महत्व**

व्यवसाय निरन्तरता योजनाले बचत तथा ऋण सहकारीहरूको व्यवस्थापनमा सहयोग गर्ने क्षेत्रहरूको आधारमा बचत तथा ऋण सहकारीहरूको व्यवस्थापनमा व्यवसाय निरन्तरता योजनाका फाइदाहरू देहाय बमोजिम मान्न सकिन्छ ।

- नयाँ सामान्यिकरणमा योगादान,
- सहयोगी पक्षहरूको पहिचान,
- स्पष्ट सञ्चार सञ्जालको विकास,
- वैकल्पिक तर्क र व्यवस्थामा काम गर्ने सक्षमता विकास,
- नकारात्मक सोचको न्युनीकरण,
- रणनीतिक उद्देश्य फरक वातावरणमा पनि प्राप्त गर्न सहयोग,
- प्रतिश्पर्धात्मक क्षमता विकास,
- जोखिम सामना शक्तिको विकास,
- श्रोतको उचित उपयोग,
- विस्वास तथा छवि वृद्धि

**व्यवसाय निरन्तरता योजनाका सरोकारवालाहरू**

बचत ऋण सहकारीको सेवा निरन्तरताका लागि बचत ऋण सहकारीको आन्तरिक व्यवस्थापनको संलग्नताले मात्र पुग्दैन । बचत तथा ऋण सहकारीहरूको व्यावसायिक निरन्तरता योजनाका

> बचत ऋण सहकारीहरुको सेवामा पर्न सक्ने सम्भावनाको आधारमा हरेक संस्थाले आफ्नो योजना निर्माण गर्नु पर्दछ । एउटै विपदबाट पनि फरक फरक संस्थामा फरकफरक असर पर्ने सम्भावना रहेको हुन्छ । व्यवसाय निरन्तरता योजना निर्माण गर्दा यसको लेखा जोखा गरिएको हुनु पर्दछ ।

सरोकारवाला पक्षहरू देहाय बमोजिम रहेका छन् ।

- **संघका सदस्य संघ संस्था तथा तीनमा आवद्ध सदस्यहरूः** बचत तथा ऋण सहकारीबाट सेवा लिने सदस्यहरू तथा ती सदस्यहरू सेवा निरन्तरता नहुंदा समस्यामा पर्ने भएकोले सो बाट सदस्यहरूलाई संरक्षण प्रदान गर्नु पर्ने हुन्छ । त्यसैले व्यवसाय निरन्तरता योजनाको महत्वपूर्ण सरोकारवाल भएको सदस्यहरू नै हो ।
- **संघ तथा आवद्ध सदस्यहरूका कर्मचारीहरूः** बचत ऋण सहकारीबाट प्रवाह गर्ने सेवा अत्यावश्यक सेवा हो तर सरकारको उचित संरक्षण नभएको तथा सेवा निरन्तरता गर्नुपर्ने भएकोले कर्मचारीहरूको रोजगारी तथा स्वास्थ्यमा महामारीको प्रत्यक्ष असर परेको हुन्छ त्यसैले बचत तथा ऋण सहकारीको व्यवसाय निरन्तरता योजनाले कर्मचारीहरूलाई सरोकारवाला पक्षको रूपमा रूपमा स्वीकार गरी संरक्षणात्मक योजना निर्माण गर्नु आवश्यक छ ।
- **संघ तथा आवद्ध संस्थाः** व्यावसायिक निरन्तरताका सन्दर्भमा माहामारीमा देखा परेका जोखिमहरूको समयमा नै व्यवस्थापन नगरेमा बचत तथा ऋण सहकारीहरू टाट पल्टने वित्तीय समस्या आउन सक्ने हुनाले संस्था पनि व्यवसाय निरन्तरता योजनाको एक पक्ष मान्न सकिन्छ ।
- **सरोकारवाला तथा सहयोगी निकायहरूः** महामारीको समयमा सहयोगी निकायहरू तथा सरोकारवालाहरूमा पनि प्रत्यक्ष असर गरेको सञ्जालका संघ संस्थाहरूको सञ्चारमा असर गरेकोले महामारीमा व्यावसायिक योजना निर्माण गर्दा यस क्षेत्र पनि समेट्नु पर्ने देखिन्छ ।

**जोखिमको बिष्लेषण तथा सेवा निरन्तरता**

बचत ऋण सहकारीहरुको सेवामा पर्न सक्ने सम्भावनाको आधारमा हरेक संस्थाले आफ्नो योजना निर्माण गर्नु पर्दछ । एउटै विपदबाट पनि फरक फरक संस्थामा फरकफरक असर पर्ने सम्भावना रहेको हुन्छ । व्यवसाय निरन्तरता योजना निर्माण गर्दा यसको लेखा जोखा गरिएको हुनु पर्दछ । योजना निर्माण गर्दा सम्भावनाको आधारमा अति उच्च, उच्च, मध्यम, न्यून, अति न्यून गरी सम्भावित जोखिमलाई बिष्लेषण गर्नु पर्दछ । यसरी बिष्लेषण गर्दा जोखिम देखा पर्ने सम्भावनाको आधारमा पनि बिष्लेषण गर्नु पर्दछ वा यस किसिमको जोखिम आउने सम्भावना कति हो यसको आधारमा पनि जोखिमको बिष्लेषण गर्नु

पर्दछ । जोखिम हो तर कम सम्भावना छ भने योजना बनाउँदा कम प्राथमिकतामा राख्न सकिन्छ । बढी जोखिम र बढी सम्भावनालाई बढी प्राथमिकताका साथ योजना निर्माण गर्नु पर्दछ ।

व्यवसाय निरन्तरता योजनाले कुनै घटना पश्चात सेवा निरन्तरता हुन लाग्ने समयको सुनिश्चितता गरेको हुनु पर्दछ । हरेक क्षेत्रमा कति समय लाग्ने हो सो कुरा योजनामा समावेश भएको हुनु पर्दछ । सेवा निरन्तरता सम्बन्धमा सदस्यहरूको सेवा निरन्तरतामा सामान्य अपेक्षित समय हुन्छ । यसको बिष्लेषण व्यवसाय निरन्तरता योजनामा सदस्यहरूको सम्भावित अपेक्षाको आधारमा सेवा निरन्तरताको योजना निर्माण गरिनु पर्दछ । हरेक विपदपछि कति समयमा सेवा निरन्तरता हुन्छ सो निश्चित व्यावसायिक निरन्तरता योजनामा गरिएको हुनु पर्दछ । जसलाई तलको चित्रमा देखाए जस्तै कति समयमा सेवा निरन्तरता हुने हो योजनामा सही रूपमा उल्लेख भएको हुनु पर्दछ ।

**योजनामा समेटीनु पर्ने पक्षहरू**:

व्यवसाय निरन्तरता योजनाले सामान्यतया बचत ऋण सहकारी व्यवस्थापनका तपशिलका क्षेत्रहरूमो स्पष्ट योजना बनाउनु आवश्यक हुन्छ ।

- **प्रविधिः** उपयोग गरिएको प्रविधि तथा सो मा विद्यमान जोखिम र सेवा निरन्तरताको योजना समावेश गरी योजना निर्माण गरिएको हुनु पर्दछ ।
- **पुन उत्थान कार्यदलः** योजनामा स्पष्ट जिम्मेवारी सहित कार्यदल योजना निर्माणको समयमा नै व्यवस्थापन गरिएको हुनु पर्दछ ।
- **जोखिम बिष्लेषणः** योजनाको समयमा नै सम्भावित जोखिम, प्रभाव र असरको बिष्लेषण गर्नु पर्दछ ।
- **सेवा निरन्तरता कार्यविधिः** जोखिम संस्थामा देखिएको समयमा काम गर्ने विधि स्पष्ट रूपमा उल्लेख गरेके हुनु पर्दछ ।
- **नमुना परिक्षणः** हरेक जोखिममा कसरी कार्य सम्पादन गर्ने भनि संलग्न जनशक्तिहरू मार्फत नमुना परिक्षण गरिएको हुनु पर्दछ ।
- **सञ्चार तथा समन्वयः** जोखिमको समयमा गरिने सञ्चार तथा समन्वयको स्पष्ट योजना भएको हुनु पर्दछ । सञ्चारको विधि तथा उद्देश्यहरू सञ्चार तथा समन्वय भएको हुनु पर्दछ ।
- **भौतिक साधन तथा वैकल्पिक भण्डारणः** योजना कार्यान्वयन गर्न आवश्यक भौतिक साधनहरू जोखिम देखिनु अगावै व्यवस्थापन भएको हुनु पर्दछ । सबै साधनहरू वैकल्पिक भण्डारण भएको हुनु पर्दछ ।
- **रिमोट कार्यालय सञ्चालनः** जोखिमको स्तरको आधारमा नियमित कार्यालयको सट्टा रिमोट कार्यालय अवधारणा योजनामा समावेश भएको हुनु पर्दछ । सामान्य अवस्थामा पनि रिमोट कार्यालय सञ्चालनको अभ्यास भएको हुनु पर्दछ ।

अन्तमा, बचत तथा तथा सहकारी अभियानको आजको आवश्यकता भनेको स्पष्ट व्यावसायिक निरन्तरता योजनाको निर्माण हो । हरेक संस्थामा जोखिमको सम्भावित असर बिष्लेषण गरी आवश्यक योजना निर्माण गर्न आवश्यक छ । योजना निर्माण गर्न श्रोतहरूको व्यवस्थापन गर्नु पर्दछ र नियमित रूपमा समीक्षा गरी आवश्यक संशोधन गरिनु पर्दछ । योजना निर्माण गरेर मात्र पुग्दैन नमुना परिक्षण गरिएको हुनु पर्दछ र योजना सबै कर्माचारी, सञ्चालक तथा सदस्यहरूलाई अनुशिक्षण गरिएको हुनु पर्दछ ।



# विशुद्ध व्यावसायिक विशेषज्ञ समूह :
# नेफ्स्कून साकोस म्यानेजर्स क्लब

नेफ्स्कून साकोस म्यानेजर्स क्लब नेफ्स्कूनका सदस्यहरूमध्ये उत्कृष्ट ठहरिएका बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापन प्रमुखहरूको साझा मञ्च हो । २०६९ सालमा गठित ९ सदस्यीय क्लब हाल ११ सदस्यीय छ । प्रारम्भमा नेफ्स्कून एवं एशियाली ऋण महासंघको प्राविधिक सहयोगमा सञ्चालित गुणस्तर सुनिश्चितता प्रमाणीकरण कार्यक्रम "उत्कृष्ट सेवा तथा सुरक्षाका लागि सर्वोत्तम छनोट" अर्थात् एक्सेस ब्राण्ड प्राप्त साकोसका व्यवस्थापन प्रमुखहरूको सहभागितामा "एक्सेस् साकोर्स म्यानेजर्स क्लब" नाम दिइएको उक्त फोरमलाई २ वर्षअघि "नेफ्स्कून साकोस म्यानेजर्स क्लब" नामाकरण गरिएको हो ।




क्लबको नयाँ संरचनाअनुसार नेफ्स्कूनले प्रत्येक वर्ष आफ्नो स्थापना दिवसको अवसर पारेर साउन ३२ गते घोषणा गर्ने उत्कृष्ट व्यवस्थापकको रूपमा पुरस्कृत व्यवस्थापकको संयोजकत्वमा, निवर्तमान संयोजक १ जना, प्रदेशस्तरीय उत्कृष्ट साकोसका ७ व्यवस्थापन प्रमुख, सर्वोत्कृष्ट साकोसको व्यवस्थापक १ र उत्कृष्ट महिलातर्फको साकोसकी व्यवस्थापक १ जना सहित क्लबमा कुल ११ जना सदस्य रहन्छन् । क्लबका संयोजक सहित सदस्यहरूको कार्यकाल १ वर्षको हुन्छ । नेफ्स्कूनको वार्षिक साधारणसभाबाट पुरस्कृत साकोस तथा व्यवस्थापन प्रमुखहरूबाट अर्को वर्षका लागि उत्कृष्ट घोषितहरूलाई क्लबको जिम्मेवारी हस्तान्तरण गर्ने प्रचलन छ ।

२०७५ भदौ १८ गतेदेखि "नेफ्स्कून साकोस म्यानेजर्स क्लब सञ्चालन कार्यविधि २०७५" कार्यान्वयनमा छ । बचत तथा ऋण सहकारी अभियानभित्र कार्यरत मानव संशाधनको विकास र परिचालन गरी नवीनतम् विषयहरूको प्रवर्द्धन र अवलम्बनका लागि संघ अन्तर्गत एक व्यावसायिक विशेषज्ञ समूहको रूपमा क्लब रहने व्यवस्था क्लब सञ्चालन कार्यविधिमा उल्लेख छ । साकोस अभियानको सशक्तिकरणको लागि सहयोगीसिद्ध विषयहरूको चर्चा, सहजिकरण र बहसपैरवी, साकोसको केन्द्रीय संघ र प्रारम्भिक संस्थामा व्यावसायिकता विकासका लागि रणनीतिक मार्गनिर्देशन तयार गर्न आवश्यक भूमिका खेल्ने लगायतका उद्देश्यहरू कार्यविधिमा निर्धारण गरिएको छ ।

"नेफ्स्कून साकोस म्यानेजर्स क्लब सञ्चालन कार्यविधि २०७५" क्लबका संस्थापक अध्यक्ष, हाल काठमाडौंको चन्द्रागिरी नपा-७ स्थित चन्द्रागिरी साकोसका प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठले एक संक्षिप्त कार्यक्रमका बीच कार्यविधि सहित साकोस म्यानेजर्स क्लबको अध्यक्षको जिम्मेवारी काभ्रेपलाञ्चोकको पनौतिस्थित सामुदायिक साकोसका अध्यक्ष मदन बस्नेतलाई हस्तारण गर्नुभएको थियो । क्लबका निवर्तमान अध्यक्ष बस्नेतले २०५७ सालमा नेफ्स्कूनबाट प्रदान गर्ने नेपालको साकोस अभियानको उत्कृष्ट व्यवस्थापक पुरस्कार प्राप्त गर्नुभएको थियो । त्यसैगरी २०७६ सालमा उत्कृष्ट व्यवस्थापक पुरस्कारबाट रूपन्देहीस्थित कोलिय देवदह साकोसका व्यवस्थापक विनोद पराजुली पुरस्कृत भएसँगै क्लबको अध्यक्षको जिम्मेवारीमा पराजुली रहनुभएको छ । २०७७ सालमा नेपालको साकोस अभियानको उत्कृष्ट व्यवस्थापक पुरस्कार दोलखा, चरिकोटस्थित मिलिजुली कालिञ्चोक साकोसका व्यवस्थापक ईश्वर न्यौपाने घोषित हुनुभएको छ । नेफ्स्कूनको ३३औं स्थापना दिवसको अवसरमा घोषणा गरिएको उक्त पुरस्कारले संघको आगामी साधारणसभादेखि पूर्णता पाएसँगै १ वर्षका लागि क्लब सञ्चालनको जिम्मेवारी भने व्यवस्थापक न्यौपानेमा हस्तान्तरण हुनेछ ।

नेफ्स्कून व्यवस्थापनका साथै देशभरका साकोसहरूबीच असल अभ्यासहरू साटासाट गर्ने, संस्थागत चुस्तता र कार्यदक्षताका लागि अनुभवहरू आदानप्रदान गर्ने थिंक ट्यांकको रूपमा क्लबलाई लिइएको क्लबका संस्थापक अध्यक्ष कृष्ण कुमार श्रेष्ठ बताउनुहुन्छ, "यसले नेफ्स्कूनको सञ्जालभित्रका वित्तीय सहकारीहरूका साझा मुद्दाहरूमा चिन्तन मनन् गर्ने, नवीन अवधारणाहरू विकास गर्ने र भोलीका सम्भावनाहरू पहिचान गर्ने कार्य गर्दछ ।" क्लबले सन् २०१३ मा Enabling HR to Enhance Performance विषयक Hr सम्मेलन आयोजना गरेको थियो भने पछिल्ला वर्षहरूमा नेफ्स्कूनले प्रत्येक तीन वर्षको अन्तरालमा आयोजन गर्ने साकोस व्यवस्थापक प्रमुखहरूको राष्ट्रिय गोष्ठीको व्यवस्थापन गर्दै आएको छ ।

# क्लबको आयोजनामा साकोस प्रतिनिधिहरुबीच भर्चुअल अन्तरक्रिया

नेफ्स्कून साकोस म्यानेजर्स क्लबले कोभिड १९ को महामारीमा सहकारी संस्थाको वार्षिक साधारण सभा सहजिकरण गर्ने उद्देश्यसहित असोज १६ गते भर्चुअल अन्तरक्रिया कार्यक्रम गरेको थियो । जुम एप्लिकेशनमार्फत गरिएको कार्यक्रममा महामारीमा साधारण सभा सञ्चालनका सम्बन्धमा नेफ्स्कूनसँगै अभियानको धारणाहरूलाई समेटेर सहकारी विभागले असोज १ गते जारी गरेको सूचनालाई प्रमुख आधार मानेर कार्यपत्रहरू प्रस्तुति र अन्तरक्रिया गरिएको थियो । कार्यक्रममा विभागका उप रजिष्ट्रार चोमेन्द्र न्यौपाने र नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रम जे जस्ता विधि र प्रक्रिया अपनाएपनि नियमनकारी निकायको सूचनाको आधारमा स्थानीय प्रशासनले जारी गरेका निर्देशनहरूलाई पूर्णतः अवलम्बन गर्दै समयमै साधारण सभा आयोजना गनुपर्ने विषयमा केन्द्रित थियो । सहकारीको मूल्य मान्यता र साधारण सभाका कार्यसूचीका हरेक विषयमा प्रत्येक सदस्यको प्रजातान्त्रिक सहभागिता सुनिश्चित गर्दै संस्थाहरूले गरेका सबै कामहरूको अपनत्व लिने र वार्षिक बजेट, नीति तथा कार्यक्रममा सक्रिय र रचनात्मक सुझाव प्रस्तुत गर्ने वातावरण सिर्जना गर्नुपर्नेमा अन्तरक्रियाका सहभागीहरूले जोड दिएका थिए ।

साधारण सभाको कार्यसूची एवं वार्षिक प्रतिवेदनहरू संस्थाको वेबसाईट, फेसबुक, इमेल, पत्राचार, प्रत्यक्ष उपलब्धता, स्थानीय एफएम, टेलिभिजन वा अन्य माध्यमबाट प्रतिवेदनहरू हरेक सदस्यसम्म पुगेको सुनिश्चितताका स्पष्ट आधारहरू सहित बढी भन्दा बढी सदस्यहरूको सुझाव संकलनका विधिहरू अपनाएर निर्णय अनुमोदनका विधिहरू प्रष्ट पारिनुपर्ने विषयमा छलफल केन्द्रित रहेको थियो ।

सहकारीका सदस्यहरूको सर्वोच्च सभा साधारण सभालाई साँच्चिकै सदस्यहरूको सभा बनाउनुपर्ने भन्दै परम्परागत ढंग भन्दा पृथक लचिलो, प्रविधिमैत्री, सदस्यमैत्री, सहभागितामूलक र सिर्जनात्मक साधारण सभामा जोड दिइएको थियो । सदस्य र संस्थाको प्रकृति, कार्यक्षेत्र, स्थानीय प्रशासनको सुझाव र निर्देशनहरूलाई ध्यानमा राखेर कार्यदल मार्फत साधारण सभा सञ्चालन कार्यविधि बनाई सम्पन्न गर्न सुझाव दिइएको थियो ।

कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले हालै विश्व ऋण परिषद् र एसियाली ऋण महासंघको साधारण सभामा भाग लिएको अनुभव बताउँदै समयमै साधारण सभा सम्पन्न गर्न सुझाव दिनुभएको थियो । उहाँले काठमाडौं उपत्यकामा कोभिड संक्रमण बढ्दै गएको सन्दर्भमा कार्यस्थल र कर्मचारीको सुरक्षामा विशेष ध्यान दिन आग्रह गर्नुभयो । अध्यक्ष पौडेलले नेफ्स्कून साकोस म्यानेजर्स क्लबलाई जाति भाषा धर्म सम्प्रदाय र राजनीतिमा भन्दा पृथक राखेर विशुद्ध प्राविधिक, क्षमता तथा नेतृत्व विकास, विश्वका कुशल अभ्यासहरू आन्तरिकीकरणको साटासाट गर्ने माध्यको रूपमा विकसित गर्नुपर्ने भन्दै क्लबको अवधारणा आफुले ल्याएको दावी गर्नुभयो । कार्यक्रममा नेफ्स्कूनका कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले म्यानेजर्स क्लबलाई बिज्ञता आदानप्रदान गर्ने साझा थलो बताउँदै अहिलेको विषम् परिस्थितिमा सावधानी अपनाउँदै समयमै साधारण सभा सम्पन्न गर्ने तयारी गर्न सबै सहकारीहरूलाई आग्रह गर्नुभयो ।

यसैगरी, राष्ट्रिय सहकारी महासंघकी महाप्रबन्धक चित्रा कुमारी थामसुहाङ् लेखापरिक्षण सम्पन्न गर्न १५ दिन मात्र बाँकी रहेको स्मरण गराउँदै चाडै सक्न सहकारी संघसंस्थाहरूलाई आग्रह गर्नुभयो । ऐन नियम र निर्देशिका र सूचनाका आधारमा साधारण सभा सम्पन्न गर्नुपर्ने चुनौती भएपनि यसलाई अवसरको रूपमा उपयोग गर्न उहाँको सुझाव थियो । क्लबका अध्यक्ष एवं कोलिय देवदह साकोस रूपन्देहीका व्यवस्थापन प्रमुख विनोद पराजुलीले कार्यक्रमको उद्देश्यसहित सहभागीहरूलाई स्वागत र कार्यक्रम समापन गर्नुभएको थियो । नेफ्स्कूनको प्राविधिक सहकार्य रहेको कार्यक्रमको सञ्चालन क्लबका निवर्तमान अध्यक्ष एवं सामुदायिक साकोस काभ्रेका प्रमुख कार्यकारी अधिकृत मदन बस्नेतले गर्नुभएको थियो ।



# सहकारी अभियानको सही दिशा

**कृष्ण अधिकारी**

कार्यकारी सम्पादक
राष्ट्रिय समाचार समिति



वास्तवमा सहकारी विकासको मुख्य आधार हो किनकी यसले छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गर्दछ। सहकार्यात्मक अवधारणाले समुदायका व्यक्तिहरु सङ्गठित भई सदस्यको हित प्रवर्द्धन गर्ने भएकाले यसमा आवद्ध सबैको भलाइ सुनिश्चित हुने गर्दछ ।

विश्वमा सहकारी अवधारणाको शुरूआत भएको ४७ वर्षपछि मात्रै छिमेकी मुलुक भारतमा यसको विकास भएको पाइन्छ । सहकारीमार्फत मुलुकको अनुहार नै बदल्न सफल दक्षिण एसियाली मुलुक बंगलादेशमा त झन ६० वर्षपछि मात्रै सहकारीको थालनी भएको हो । नेपालको इतिहास हेर्ने हो भने बेलायतमा सहकारी शुरू भएको करीब ११० वर्षपछि मात्रै सहकारी धारणाको विकास भएको देखिन्छ । दक्षिण एसियाका प्रायः देशहरूमा सहकारीको थालनी विपत्पछिका अवस्थालाई सहजीकरण गर्न भएको पाइन्छ । भूकम्प, बाढीपहिरो, खडेरीजस्ता प्राकृतिक विपतबाट समस्याग्रस्त मानिसहरूलाई सामान्य अवस्थामा फर्काउन सहकारीलाई अगाडि सरिएको छ । यसरी सहकारीको जन्म सङ्कटमुक्त र जनतालाई राहत दिने अभिप्रायले विकास भएको देखिन्छ । अर्थात् सहकारी विपतमा परेका जनतालाई तत्काल राहत र दीर्घकालीन भलाइका लागि ल्याइएको अवधारणा हो भन्न सकिन्छ ।

वास्तवमा सहकारी विकासको मुख्य आधार हो किनकी यसले छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गर्दछ । सहकार्यात्मक अवधारणाले समुदायका व्यक्तिहरू सङ्गठित भई सदस्यको हित प्रवर्द्धन गर्ने भएकाले यसमा आवद्ध सबैको भलाइ सुनिश्चित हुने गर्दछ । यसैले "एकका लागि सबै र सबैका लागि एक" भन्ने भावना र व्यवहारमार्फत व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक एवं सामाजिक उत्थानको लागि गरिने एकीकृत प्रयास नै सहकारी हो । अर्थात सहकारी अन्तर निर्भरता हुँदै आत्मनिर्भरता तर्फको यात्रा हो । समान इच्छा, आकांक्षा र अवस्था भएका व्यक्तिहरूबाट आपसी सहयोग तथा प्रजातान्त्रिक नियन्त्रण विधिद्वारा आर्थिक तथा सामाजिक उत्थानको निमित्त गरिने एकतावद्ध प्रयास भएकाले सहकारीलाई लोकतान्त्रिक शासन प्रणालीको अभिन्न अङ्गको रूपमा मात्र लिने गरिँदैन विपन्न जनताको चुलो बाल्नेसम्म सुनिश्चित गराउने भएकाले समाजवादको उत्कृष्ट अभ्यासको रूपमा पनि बुझ्न सकिन्छ ।

सहकारीताको अवधारणाले यसमा संलग्न सदस्यहरूको आर्थिक उत्थान गरी सामाजिक न्याय र समानता दिलाउने भएकाले यसलाई समाजवादी दर्शनको रूपमा पनि लिने गरिन्छ । यसलाई धेरै मुलुकहरूले गरिबी निवारणको मुख्य अस्त्रको रूपमा पनि स्वीकार गरेका छन् । आज विश्वका अधिकांश मुलुकहरूमा सहकारी अभियानले

आन्दोलनकै रूपमा विस्तार हुनसक्नुको मुख्य कारण नै यसले आर्थिक, सामाजिक, न्यायिक एवं शैक्षिक क्षेत्रमा ल्याएको परिवर्तनलाई मान्न सकिन्छ । समुदायको हितका लागि संगठित भई सहकारीको सिद्धान्त, मूल्य र मान्यताका आधारमा काम गर्ने वातावरण सिर्जना गर्नु, पारस्परिक सहयोगको भावना अभिवृद्धि गर्नु, समाजमा व्याप्त गरिबी, व्यापारिक एकाधिकार जस्ता आर्थिक एवं सामाजिक विसंगतहरूको अन्त्य गर्नु, सहकारिताको माध्यमबाट समाजका निम्न आय भएका समुदायको जीवनस्तर माथि उठाई उनीहरूलाई सामाजिक न्याय दिलाउन सक्षम भएको छ ।

नेपालमा पहिलो सरकारी विभागको रूपमा २०१० सालमा सहकारी विभागको स्थापना भएको थियो । वि.सं. २०११ सालको मुलुकमा आएको बाढी पहिरोबाट उत्पन्न संकटलाई समाधान गर्न राज्यले सहकारी मार्फत बहुमुखी विकास आयोजना अगाडि बढाएको पाइन्छ । सरकारले २०१३ सालमा सहकारी गठन, दर्ता र सञ्चालन आदेश जारी गरेलगत्तै सोही वर्षको चैत्र २० गते चितवनमा प्रथम सहकारी संस्थाको रूपमा बखानपुर ऋण सहकारी संस्था दर्तापछि विस्तारै यो नागरिकस्तरमा विस्तार हुन थाल्यो । सोही दिनलाई स्मरण गर्दै प्रत्येक वर्ष चैत्र २० गते राष्ट्रिय सहकारी दिवस मनाउने गरिएको छ । यसरी सहकारीको औपचारिक थालनी भएको झण्डै सात दशकको अवधिमा यसले ठूलो फड्को मार्न सफल भएको छ ।



**सबल पक्ष**

थोरैथोरै बचत संकलन र समूह भित्रकै सदस्यहरूलाई सहुलियत ब्याजदरमा कर्जा प्रदान गरी उद्यमी बन्न तथा व्यक्तिलाई आइपर्ने साना ठूला गर्जो टार्ने राम्रो माध्यम सहकारी बनेको छ । नेपालमा हाल करिब ३५ हजार विभिन्न प्रकृतिका सहकारी संस्थाहरू रहेका छन् जसमा झन्डै ६३ लाख जना सदस्य छन् । मुलुकको कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रले करिब चार प्रतिशत योगदान दिन्छ । यस क्षेत्रले ६२ हजारलाई प्रत्यक्ष रोजगारी दिनुको साथै लाखौँको सट्टामा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको छ । सहकारीहरूले अर्थतन्त्रमा खर्बौंको रकम परिचालन गरिरहेका छन् । यसै गरी वित्तीय क्षेत्रका अतिरिक्त उत्पादन र सेवा क्षेत्रका सहकारीहरू जस्तै कृषि, फलफूल, दुग्ध, स्वास्थ्य, शिक्षा, यातायात, सञ्चार, विद्युत लगायतका क्षेत्रमा महत्वपूर्ण योगदान गरेका छन् ।

सरकारले अर्थतन्त्रको तिन खम्बे नीति अन्तर्गत सहकारीलाई प्रमुख एक खम्बा मानी यसको महत्वलाई पुष्टि गरेको छ । संघियता कार्यान्वयनका सन्दर्भमा नेपालको संविधान बमोजिम २९ हजार सहकारी संस्था र व्यवस्थापन प्रणाली स्थानीय र प्रदेश तहमा हस्तान्तरण भइसकेका छन् । सहकारी संस्थालाई उत्पादन र बजारीकरणको कार्यमा सहभागी बनाउन संकलन केन्द्रहरू निर्माण भएका छन् । वित्तीय पहुँच अभिवृद्धि, महिला सशक्तीकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्धन र गरिबी न्यूनीकरणमा सहकारी क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ । यसले जाति, भाषा, धर्म, सम्प्रदाय र विचारका आधारमा विभाजित समाजलाई जोडेर सामाजिक एकीकरणमा सहयोग पुऱ्याएको छ । सहकारीले समाजको प्रजातान्त्रीकरणमा सहयोग गर्दै सामाजिक द्वन्द्व व्यवस्थापनमा भूमिका खेलेको छ । राष्ट्रिय पूँजी निर्माणमा सकारात्मक योगदान पुऱ्याउनुको साथै स्थानीय स्रोत साधनको परिचालनमा जोड दिएको छ ।

**सुधारको पक्ष**

सहकारीको मूल्य मान्यतालाई आत्मसात गरेको झण्डै सात दशक बितिसक्दा पनि संख्यात्मक रूपमा जसरी यसको विस्तार भयो, त्यस अनुसार जनताको जीवनस्तरमा सुधार र मुलुकको समग्र विकासमा ठोस योगदान दिन सकेको छैन । जुन देशमा लोकतन्त्र र प्रजातन्त्र रहदैन त्यहाँ अन्तर्राष्ट्रिय सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरूप सहकारी अभियान सञ्चालन हुन नसक्ने पुष्टि गरेको छ । सहकारी अभियानका सम्बन्धमा नेपालका राजनीतिक दलहरूमा अझै स्पष्टता आउन सकेको छैन । मुलुकको राजनीतिक अस्थिरता र सरकारमा बस्नेहरूले यसलाई आफ्नो स्वार्थ अनुकूल बनाउन खोज्ने प्रवृत्तिको शिकार नेपाली सहकारी अभियानले व्यहोर्दै आएको छ । कतिपयले यसलाई आफ्नो राजनीति गर्ने थलोको रूपमा दुरूपयोग पनि गरेका छन् ।

नेपालको संविधानले सहकारीलाई महत्वपूर्ण स्थान दिएको छ । संविधानमै सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गरिने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने, सहकारीलाई राज्य स्तरबाटै इजाजत, नियमन, सञ्चालन र स्थापना गरिने स्पष्ट व्यवस्था गरेको भएपनि त्यसअनुसार ऐनको तर्जुमा हुन सकेको छैन । सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना भएपनि पर्याप्त दक्ष जनशक्तिको अभावले

गर्दा त्यसले सहकारीको भावनालाई प्रतिनिधित्व गर्न सकिरहेको देखिँदैन । सहकारी संघसंस्थाहरू स्वनियममा चल्ने निकाय त हुन् तर कतिपयले सहकारीको मूल्य मान्यता विपरीत बिना लगामका घोडाजस्तै कमाइखाने भाँडोको रूपमा दुरूपयोग गर्दा सहकारीको पवित्र उद्देश्यलाई नै बदनाम गराउने काम भइरहेको छ । कामको आधारमा पुरस्कार गर्ने र गलत कार्य गर्नेलाई कारवाही गर्ने प्रणालीको विकास गर्न सकिएमा मात्रै आम जनताको विश्वास बढेर जानेछ ।

मुलुकमा संख्यात्मक हिसाबले धेरै सहकारी संघसंस्थाहरू दर्ता भएको देखिए पनि कतिपय ठाउँमा अझै सहकारीको पहुँच पुग्न सकेको छैन । सहकारीमा सहभागिता र उपलब्धी धेरै भएता पनि आम नेपाली जनतामा सहकारीप्रति अझै विश्वासको कमी देखिएको अवस्था छ । जनविश्वासमा भएको यो कमीलाई अन्त्य गर्नुपनि सहकारी अभियानको सुधार गर्नुपर्ने देखिन्छ । अत्यधिक सत्यामा सहकारी संघसंस्थाको विस्तार, दोहोरो सदस्यता, वित्तीय सुशासनको कमीसँगै वित्तीय जोखिम बढेर गएको छ । सहकारीमा राजनीतिकरणले गर्दा सहकारीको गुणात्मक विकास हुन नसको हो भन्न सकिन्छ । सहकारी क्रियाकलापको सघनता उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभई बचत तथा ऋणको कारोवारमा बढी जोड दिइएकाले सहकारीको सिद्धान्त, मूल्य मान्यताको अनुसरणको अवस्था कमजोर बन्न पुगेको हो । यी कमी कमजोरीहरूलाई सुधार गर्न सकिएमा सहकारी गरिबी निवारण, नयाँ नेपाल निर्माण र संघीयताको भावनाको सही उपयोग हुन सक्नेछ ।

अन्त्यमा सहकारी विकास सरकारका तीन वटै तह (संघ, प्रदेश र स्थानीय) बीचको साझा कार्य भएकोले संघीय निकायहरूले प्रदेश र स्थानीय सरकारका सहकारी निकायहरूलाई आवश्यक नियामक, प्रवर्द्धनात्मक र प्रशिक्षण वा शैक्षिक सेवाहरू समन्वयात्मक रूपमा हस्तान्तरण गर्नमा अग्रणी भूमिका खेल्नुपर्दछ । राज्यले सहजकर्ताको रूपमा आफ्नो उपस्थिति र भूमिका निर्वाह गर्दै गएमा विश्वभर छुट्टै आर्थिक मोडेलका रूपमा स्थापित सहकारी क्षेत्र नेपालको आर्थिक विकासका लागि एउटा भरपर्दो माध्यम बन्ने निश्चित छ । सहकारीको माध्यमबाट समतामूलक समाज र समृद्ध अर्थव्यवस्था निर्माणमा सहयोग पुग्ने हुँदा सुखी नेपाली र समृद्ध नेपाल निर्माण गर्ने सरकारको लक्ष्य हासिल गर्नका लागि पनि यसले मद्दत गर्नेछ ।


# "महामारीमा लैङ्गिक हिंसा सामनाका लागि मनोसक्षमता विकास" विषयक भर्चुअल कार्यक्रम

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ले महिला सशक्तीकरण उपसमितिको आयोजनामा असोज ८ गते "महामारीमा लैङ्गिक हिंसा सामनाका लागि मनोसक्षमता विकास" सम्बन्धी भर्चुअल कार्यक्रम सञ्चालन गरेको छ । कोभिड महामारीको समयमा लैङ्गिक हिंसाको अवस्थाको तथ्यांक तथा विश्लेषण साथै सामनाका लागि सक्षमता विकासका उपायहरू सम्बन्धमा कार्य तथा अपराध अनुसन्धान विभाग-महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयका बरिष्ठ प्रहरी उपरिक्षक दुर्गा सिंहको प्रस्तुतीकरण रहेको थियो । लिंङ्का आधारमा हुने हिंसा, महामारीका अवसरमा हिंसा बढ्न सक्ने आधारभूत कारणहरू, लिङ्गका आधारमा हिंसाको तुलनात्मक अन्तर, अन्य लैङ्गिक हिंसाको आधारमा घरेलु हिंसाको अवस्था, हिंसाका कारण उत्पन्न तनाव र आत्महत्याको विद्यमान आंकडा विश्लेषण सहित सामनाका लागि सक्षमता विकास गर्ने उपायहरू, उजुरी प्रक्रिया सम्बन्धी जानकारीको विषयमा प्रस्तुतीकरण मार्फत प्रष्ट पार्नुभएको थियो ।

त्यसैगरी विषयविज्ञ विजयराज सिग्देलले मनोसामाजिक परामर्श मार्फत मानसिक सबलता नै सामना सक्षमताको विषयवस्तु प्रस्ट पार्नुभएको थियो । उहाँले आँफूभित्रको दीप जलाउन सकेमात्रै अन्धकारलाई पन्छाउन सकिने जानकारी गराउँदै सकारात्मक सन्देशबाट पहिले आफैं सिञ्चित हुनपर्नेमा जोड दिनुभएको थियो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले महिला उद्यमशीलता, महिला सशक्तीकरण र समावेशी आर्थिक विकासको पक्षमा नेफ्स्कूनको ऐक्यवद्धता सहितको मार्गनिर्देशक अभिव्यक्ति राख्दै महिला सशक्तीकरणसँग जोडिने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसका लागि नेफ्स्कूनको पहलकदमी रहेको जानकारी गराउनुभयो ।

नेफ्स्कूनका उपाध्यक्ष शान्ती अधिकारीले विभिन्न स्वरूपमा लैङ्गिक हिंसाका घटनाहरू दिनप्रतिदिन बढिरहेको अवस्थामा सहकारी क्षेत्रले लैङ्गिक हिंसा न्यूनीकरणका लागि केही पहलकद्मी गर्न सक्छ,




त्यसका लागि सहकारीमा आवद्ध सबै महिला तथा पुरूष दाजुभाई तथा दिदीबहिनीहरू सचेत रहन र कार्यगत ऐक्यवद्धता गर्नपनि कार्यक्रम फलदायी बन्न सक्ने विश्वास व्यक्त गर्नुभयो ।

नेफ्स्कूनका सञ्चालक एवं महिला सशक्तीकरण उपसमिति संयोजक गोमा नेपालले समसामयिक प्रतिकुलताका बीच पनि अनुकुलताको खोजी गर्दै लैङ्गिक हिंसा न्यूनीकरणको क्षेत्रमा सहकारीको अबको भूमिका स्थापित गर्न ढिलाई गर्न नहुने विचार व्यक्त गर्नुभयो ।

संयोजक गोमा नेपालको अध्यक्षतामा सञ्चालित कार्यक्रममा नेफ्स्कून पदाधिकारी, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, संघका व्यवस्थापन कर्मचारी लगायत देशभरका साकोसहरूबाट ६ सय ३० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी सहकारीकर्मीहरूले महिला हिंसाको अवस्था, उजुरी प्रक्रिया र समाधानका उपायहरू सम्बन्धी आफ्ना जिज्ञासाहरू राख्नुभएको थियो । मकवानपुर जिल्ला बचत संघका अध्यक्ष कल्पना श्रेष्ठ, चम्किला तारा महिला साकोसका प्रतिनिधि सविना सञ्जेल, सहकारी प्रतिनिधि सरितादेवी श्रेष्ठ, आदर्श भृकुटी साकोसका अध्यक्ष गीता रेग्मी, जनउत्थान साकोस रूपन्देहीका अध्यक्ष ज्ञानु पौड्याल लगायतले कार्यक्रम सम्बन्धी जिज्ञासा राख्नुभएको थियो ।

कार्यक्रम प्रभावकारीताका सम्बन्धमा सहकारीकर्मी ज्ञानु पौड्याल र गीता रेग्मीले राख्नुभएको विचारलाई यहाँ समावेश गरिएको छ ।

जन उत्थान साकोस, रूपन्देहीका अध्यक्ष ज्ञानु पौड्यालको विचार छ, "महामारीमा लैङ्गिक हिंसा सामनाका लागि मनोसक्षमता विकास सम्बन्धी भर्चुअल कार्यक्रम साह्रै समय सान्दर्भिक लाग्यो । महिला सशक्तिकरण गर्न लैङ्गिक हिंसा बाधक तत्व हो त्यसकारण आर्थिक रूपमा सबलीकरणको साथै हिंसा न्यूनिकरणमा पनि सहकारीले महत्वपूर्ण भूमिका खेल्नुपर्छ । हिंसा न्यूनिकरण अभियानमा अब पुरूषको सहभागिता पनि बढ्दो छ । हिंसा गर्दिन, हिंसा सहदिन, हिंसाको प्रतिवाद गर्छु र हिंसामा परेकोलाई सहयोग गर्छु भन्ने प्रतिवद्धताबाट सहकारी अभियानले लैङ्गिक हिंसा अन्त्य र महिलामा आर्थिक सशक्तीकरण मार्फत समृद्ध समाज निर्माणको कल्पना गर्न सकिन्छ । सहकारी मार्फत लैङ्गिक हिसा न्यूनिकरणका अभियानहरू सशक्त रूपमा चलायौ भने सामाजिक रूपमै योगदान भई सामाजिक र आर्थिक सशक्तीकरणमा सहयोग पुग्न सक्छ ।

आदर्श भृकुटी महिला साकोसका अध्यक्ष एवं जिल्ला सहकारी संघ काठमाडौंका लेखा समिति सदस्य गीता रेग्मी भन्नुहुन्छ ,"माहामारी त एक दिन नियन्त्रणमा आउछ तर हिंसा ! यो कहिल्यै ननिभ्ने आगो हो यस्ले भित्र भित्रै मान्छेलाई जलाई रहेको छ । महिला पुरूष दुवैको सभ्भ प्रतिवद्धता हुने र सहकारी मार्फत हिंसामुक्त समाज निर्माणमा लागि अभियान नै सञ्चालन गर्ने हो भने लैङ्गिक हिंसा अन्त्यमा महत्वपूर्ण योगदान पुग्न सक्छ ।





# सहकारीमा वैज्ञानिक ब्याजदर निर्धारण विधि



**मनोज बुढाथोकी**

व्यवसाय अधिकृत
नेफ्स्कून



> सहकारी क्षेत्रमा विशेष गरी नियमनकारी निकायबाट जारी निर्देशन बमोजिम १४.७५ प्रतिशत भन्दा बढी नहुने गरी मात्र ऋण लगानी गर्नु पर्ने प्रावधान छ । यसैगरी ऋणको भारित औसत प्रतिफल दर र बचतको भारित औसत लागत दरको फरकता *(Spread)* ६ प्रतिशत भन्दा बढी हुन नहुने व्यवस्था छ ।

बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह पूर्व ब्याजदर निर्धारण गर्नु पर्दछ । ब्याजदर निर्धारणको प्रमुख आधार आधार दर (Base Rate) हो । बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो आधार दरमा निश्चित प्रतिशत प्रिमियम जोडेर ब्याजदर निर्धारण गर्दछन् । आधार दर (Base Rate) कर्जा लगानीको वास्तविक ब्याजदर नभई ब्याजदर निर्धारण गर्ने आधार मात्र हो । बैंक तथा वित्तीय संस्थाहरूले आधार दर भन्दा कम दरमा ऋण प्रवाह गर्न पाउदैनन र आधार दरमा अधिकतम ५ प्रतिशत भन्दा बढी प्रिमियम जोडेर पनि ऋण प्रवाह गर्न सक्दैनन् । बैंक तथा वित्तीय संस्थाहरूको आधार दरमा कोष लागत प्रतिशत, अनिवार्य मौज्दात लागत प्रतिशत, वैधानिक तरलता लागत प्रतिशत, सञ्चालन लागत प्रतिशत र सम्पत्तिमा प्रतिफल प्रतिशत जोडिएको हुन्छ । बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कुल बचतको निश्चित प्रतिशत नेपाल राष्ट्र बैंकमा अनिवार्य मौज्दातको रूपमा र निश्चित प्रतिशत रकम बराबर वैधानिक तरलता व्यवस्था स्वरूप सरकारी सुरक्षणपत्र लगायतमा रकम लगानी गर्नु पर्ने प्रावधान छ । यसरी आफ्नो कोष लागत भन्दा कम दरमा यस्तो रकम केन्द्रीय बैंकमा व्यवस्थापन गर्दा यसबाट हुने क्षतिलाई समेत आधार दरमा समावेश गरिएको हुन्छ ।

बैंक तथा वित्तीय संस्थाहरूले कर्जा लगानी गर्दा ब्याजदर निर्धारण आफ्नो आधार दरमा आधारित भएर गर्ने गरेता पनि सहकारी क्षेत्रमा यस्तो अभ्यास हाल सम्म लागु हुन सकेको छैन । सहकारी क्षेत्रमा विशेष गरी नियमनकारी निकायबाट जारी निर्देशन बमोजिम १४.७५ प्रतिशत (आगामी कार्तिक १५ देखि लागु हुने) भन्दा बढी नहुने गरी मात्र ऋण लगानी गर्नु पर्ने प्रावधान छ । यसैगरी ऋणको भारित औसत प्रतिफल दर र बचतको भारित औसत लागत दरको फरकता (Spread) ६ प्रतिशत भन्दा बढी हुन नहुने व्यवस्था छ । यसको अर्थ कुनै सहकारी संस्थाले आफ्नो बचतको भारित औसत लागत दरमा अधिकतम ६ प्रतिशत प्रिमियम जोडेर ब्याजदर निर्धारण गर्न सक्नेछ तर ऋणको ब्याजदरमा १४.७५ प्रतिशत भन्दा माथि जान मिल्दैन ।

बैंक तथा वित्तीय संस्थाहरु र सहकारी क्षेत्रको ऋणको ब्याजदर निर्धारण परिपाटी तुलना गर्दा सहकारी क्षेत्रको ऋणको ब्याजदर निर्धारण परीपाटी अली अपूर्ण पाईन्छ । ब्याजदर निर्धारण प्राविधिक विषय हो । बचतको भारित औसत लागत दरमा निश्चित प्रतिशत




प्रिमियम जोडेर मात्र ऋणको ब्याजदर कायम गर्दा यसले संस्थाको अन्य खर्चहरूलाई समावेश गर्न सक्दैन । सहकारी संस्थाहरूले पनि पर्ल्स अनुगमन प्रणाली (PEARLS Monitoring System) ले तोके बमोजिम रकम तरलता वापत राख्नु पर्दछ । यसरी व्यवस्थापन गरेको रकमले बचतको लागत भन्दा कम दरमा प्रतिफल दिने गर्दछ । यसले पनि संस्थाहरूको वास्तविक फरकता दरमा क्षति पुग्न जान्छ । यस्तै संस्थाहरूको सञ्चालन खर्च वापत पनि निश्चित प्रतिशत रकम खर्च हुने गर्दछ । यस्ता लागतहरूलाई समावेश नगरी बचतको भारित औसत लागत दरमा मात्र आधारित भएर ऋणको ब्याजदर निर्धारण गर्दा अलि पूर्णता नहुन सक्दछ ।

विश्व वित्तीय बजारको अभ्यासहरूलाई बिश्लेषण गर्दा आगामी दिनमा नेपालको सहकारी क्षेत्रमा ऋणको ब्याजदर निर्धारण आधार दरमा आधारित भएर कायम गर्ने परिपाटी विकास गर्न सकिएमा अझ वैज्ञानिक बन्न सक्छ । सहकारीमा आधार दर निर्धारणको लागि नियमनकारी निकायबाट स्पष्ट मापदण्ड जारी हुन जरूरी छ । आधार दरमा आधारित ऋणको ब्याजदर कायम गर्न सक्दा यो व्यावहारिक एवं दीगो समाधान हुन सक्दछ । सहकारीमा आधार दर कायम गर्न बैंक तथा वित्तीय संस्थाहरूले गणना गर्ने सुत्रलाई आधार मान्दा निम्न बमोजिमको सुत्र व्यवहारिक हुन्छ ।

आधार दर (Base Rate) = कोष लागत प्रतिशत (Cost Of Fund Percentage) + तरलता रकमको लागत प्रतिशत (Cost Of Liquidity Percentage) + सञ्चालन लागत प्रतिशत (Operating Cost Percentage) + सम्पत्तिमा प्रतिफल प्रतिशत (Return On Assets Percentage)

कोष लागत प्रतिशत (Cost Of Fund) = सदस्यहरूबाट संकलित बचत रकम र बाह्य ऋण रकमको भारित औसत लागत दर (Weighted Average Cost Of Deposit And External Loan)

तरलता रकमको लागत प्रतिशत (Cost Of Liquidity) = तरलता वापत राख्नु पर्ने रकम ८ (कोष लागत प्रतिशत – तरलता रकमले आम्दानी गर्ने भारित औसत प्रतिफल दर) / लगानी योग्य कोषको औसत रकम

लगानी योग्य कोषको औसत रकम = औसत कुल बचत + औसत बाह्य ऋण रकम – तरलता वापत राख्नु पर्ने रकम

सञ्चालन लागत प्रतिशत = कुल सञ्चालन खर्च/औसत कुल सम्पत्ति

यसरी माथि उल्लेख गरिए बमोजिमको सूत्रमा सम्पत्तिमा प्रतिफल प्रतिशत पनि जोडिएको छ । जुन बैंक तथा वित्तीय संस्थाहरूले ०.७५ प्रतिशत (नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम) जोड्ने हुँदा सहकारी क्षेत्रमा पनि निश्चित दरको मापदण्ड यकिन हुनुपर्दछ । यसरी निकालिएको आधार दर (Base Rate) मा अधिकतम कति प्रतिशत प्रिमियम जोडेर सहकारी संस्थाले आफ्नो ऋणको ब्याजदर निर्धारण गर्ने भन्ने विषय नियमनकारी निकायले तोकि दिनुपर्दछ ।

यो संगै सहकारी संस्थाहरूले सदस्यहरूबाट बचत संकलन गर्दा कति प्रतिशतसम्म अधिकतम ब्याजदर प्रदान गर्ने, यदि उच्च दरमा बचत संकलन गर्दा संस्थाको कोष लागत दर उच्च हुन गई ऋणको ब्याजदर पनि सो सँगै उच्च हुने हुँदा ऋण लिने सदस्यलाई झन मर्का पर्न सक्छ भन्ने विषयमा पनि प्रश्न चिन्ह स्वाभाविक खडा हुन आउँछ, यसका लागि पर्ल्स अनुगमन प्रणालीले बचतको ब्याजदर मुद्रास्फिति दर भन्दा केही मात्रामा बढी हुनु पर्ने मापदण्ड राखेको हुँदा संस्थाहरूले आफ्नो बचतको भारित औसत लागत मुद्रास्फिति दर भन्दा सामान्य बढी कायम गर्ने गरी बचत संकलन गर्दै आधार दर (Base Rate) मा आधारित भएर ऋणको ब्याजदर कायम गर्दा समग्र सदस्यहरूको हित हुन्छ । अबका दिनका सहकारी क्षेत्रमा पनि आधार दरलाई आधार मानेर ऋणको ब्याजदर निर्धारण गर्ने परिपाटी विकास गर्न सकिएमा सन्दर्भ ब्याजदर सग सम्बन्धित कतिपय अस्पष्ट विषयहरूको निराकरण हुने हुँदा यसका लागि सम्बन्धित सम्पूर्ण सरोकारवाला निकायहरूले पहल गर्नुपर्ने देखिन्छ । यसका लागि सरोकारवाला निकाय र नियमनकारी निकाय बीच छलफल गरी निश्चित मापदण्ड तयार गरी लागु हुँदा सहकारी संस्थाहरूको कर्जाको ब्याजदर वैज्ञानिक र व्यावहारिक हुन सक्दछ ।



# कृषि र प्रविधिमा व्यावसायिकरण श्रीनगरको सोच : सतिशचन्द्र श्रेष्ठ

**सतिशचन्द्र श्रेष्ठ** । प्रबन्ध निर्देशक, श्रीनगर एग्रो



पोल्ट्री क्षेत्रमा एक सफल उद्योगी (पोल्ट्री पायोनियर्स) को नामले परिचित व्यक्ति हुनुहुन्छ, सतिशचन्द्र श्रेष्ठ । नेपालको कृषि क्षेत्रमा श्रीनगर अग्रणी संस्था बन्न सफल भएको छ । पोल्ट्री क्षेत्रमा ट्रीपल एफ (फार्म, फिड र फुड) को व्यावसायिक विविधिकरण गर्दै श्री नगर एग्रो फार्म लि. मार्फत कृषकहरूलाई प्राविधिक-व्यावसायिक र भेटेनेरी सेवा उनीहरूको घर आँगन सम्म उपलब्ध गराउन सफल हुनुभएको छ । देशका ६५ जिल्लामा विभिन्न माध्यमबाट आफ्ना उत्पादनहरू उपलब्ध गराउँदै आएको श्रीनगरले कृषि क्षेत्रको कुल बजारको ३ प्रतिशत हिस्सा ओगटेको छ । नेपालको विकासमा कृषिको योगदान बढाउन र कृषिउत्पादनमा आत्मनिर्भर हुने उद्देश्यका साथ श्रीनगर एग्रो फार्मले आफ्नो अभियान अघि बढाएको बताउने उद्योगी श्रेष्ठको साकोस आवाजसँगको लिखित अन्तर्वार्ताको सारसंक्षेपः

**साफ (श्रीनगर एग्रो फार्म) के हो ? यसले ओगटेको बजार हिस्सा कति छ ?**

कृषि व्यवसायमा विध्यमान कमिकमजोरीहरूलाई मध्यनजर राखी कृषिजन्य उत्पादनको वृद्धि र विकास गर्न देशभर एकीकृत सेवा प्रदान गर्ने उद्देश्यले सन् २००२ मा "श्रीनगर एग्रो फार्म प्रा.लि." को स्थापना गरिएको हो । श्रीनगर एग्रो फार्म प्रा. लि. नेपालको कृषि व्यवसाय कम्पनी हो, जसले एकीकृत सेवा प्रदान गरी किसानहरूलाई स्मार्ट, दक्ष र सफल "श्रीकिसान" का रूपमा स्थापितगर्नु यसको प्रमुख उद्देश्य रहेको छ । कुखुरा, पशुपालन, माछापालनमा संलग्न किसानहरूलाई श्रीनगरले "एउटै ठाउँ सम्पूर्ण सेवापाँउ" भनी उन्नत जातका चल्लाहरू, पशुपंक्षी र माछाका गुणस्तरीय पेलेट दानाहरू, उचित व्यवस्थापन का लागि सेवाहरू जस्तैः प्राविधिक सेवा, वित्तीय सेवाको पहुँच, तालिम तथा परामर्श, बीमा सेवाको पहुँच र बजार व्यवस्थापन जस्ता कुराहरूमा आवश्यक सहयोगहरू प्रदानगर्दै आएको छ । श्रीनगर एग्रो फार्मले कृषकहरूलाई प्राविधिक-व्यावसायिक र भेटेनेरी सेवा उनीहरूको घर आँगन सम्म उपलब्ध गराउँदै आएको छ । श्रीनगरले श्रीकिसान इन्नोभेशन हब मार्फत किसानहरूलाई विभिन्न तालिम प्रदान गर्दै आएको छ र सुनौलो प्रविधि हस्तान्तरण गरेर श्रीकिसानका रूपमा स्थापित गर्दै आएको छ ।

श्रीनगर एग्रो फार्मले स्थापनाकाल देखिनै विश्व विख्यात जातका उत्कृष्ट कुखुराका एक दिने चल्ला र नेदरल्याण्डको अत्याधुनिक प्रविधिको प्रयोग गरी उत्पादन गरिने सुनौलो ब्राण्डको अत्यन्तै सन्तुलित, पौष्टिक र उत्पादन वर्धक कुखुरा, गाई भैंसी र बंगुरको दाना बजारमा ल्याएको छ । यसका साथै नेपालमा नै पहिलो पटक एक्स्ट्रुसन प्रविधिको प्रयोगमा माछाका लागि तैरिने दाना जुन हिमदानाको ब्राण्डमा बजारमा उपलब्ध छ जसले मत्स्य पालन क्षेत्रमा नयाँ आयम ल्याउन सफल भएको छ । हाल नेपालको कृषि क्षेत्रमा श्रीनगर अग्रणी संस्था बन्न सफल भएको छ । देशका ६५ जिल्लामा विभिन्न माध्यमबाट आफ्ना उत्पादनहरू उपलब्ध गराउँदै आएको श्रीनगरको कृषि क्षेत्रको कुल बजारको ३ प्रतिशत हिस्सा ओगटेको छ ।

नेपालको विकासमा कृषिको योगदान बढाउन र कृषिउत्पादनमा आत्मनिर्भर हुने उद्देश्यका साथ श्रीनगर एग्रो फार्मले आफ्नो अभियान अघि बढाएको छ । कृषिको आधुनिकिकरणले नै देशमा आर्थिक रूपान्तरण आउने छ र यसैले अधिकांस नेपालीको जीवनस्तरमा परिवर्तन ल्याउने छ भन्ने श्रीनगर एग्रो फार्मले ठम्याई रहेको छ । आउँदा दिनहरूमा पनि आफ्नो कर्ममा निरन्तरता दिदै आधुनिक कृषिका माध्यमबाट नेपाललाई आर्थिक रूपमा सम्बृद्ध बनाउने लक्ष्य श्रीनगर एग्रो फार्मले लिएको छ ।

**साफका संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत भएका क्रियाकलापहरू के छन् ?**

संस्थाले समाजमा सकारात्मक प्रभावका लागि सीएसआरलाई रणनीतिक

योजनामा नै संलग्न गराएर विशेष महत्व प्रदान गर्दै आएको छ ।

संस्थाले सीएसआर अन्तर्गत निम्नकार्यहरू गरेको छ:

१. पाल्पाको सबैभन्दा पूरानो सांस्कृतिक महत्वको सितलपाटीको जीर्णोद्वार तथा नियमित मर्मत संभार तथा रेखदेखमा सहयोग पुऱ्याउँदै आएको छ ।

२. पाल्पाको तेल्गास्थित श्री प्रजातन्त्र प्राथमिक विद्यालयमा खानेपानी सुविधा तथा विद्यालय व्यवस्थापन सुधारका विभिन्न पक्षमा सहयोग पुऱ्याउँदै आएको छ ।

३. रूपन्देहीको बुटवलस्थित श्री सरस्वती माध्यमिक विद्यालयका लागि जमीन उपलब्ध गराएको छ ।

४. श्रीनगरले रूपन्देहीको साउ फर्सातिकारमा भगवान शिवको मन्दिर निर्माणका साथै उक्त मन्दिरको सरसफाइमा सहयोग पुऱ्याउँदै आएको छ ।

५. "दैनिक एक अन्डा खाऔं, विश्व परिवर्तन गरौं" भन्ने अभियान स्वरूप श्रीनगरले पिछडिएका समुदायका परिवार, बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई निःशुल्क पौष्टिक खानेकुरा (स्वस्थवर्द्धक अन्डा) प्रदान गर्दै आएको छ ।

६. कृषि उत्पादन वृद्धिका लागि श्रीनगरले स्थानीयहरूलाई निःशुल्क कुखुराको मल उपलब्ध गराउँदै आएको छ ।

७. पिछडिएका स्थानीय महिला, फरक ढंगले सक्षम लगायतलाई श्रीनगरले रोजगारी अवसर प्रदान गर्दै आएको छ ।

**साफ का भावी चुनौतीहरू के छन् ? खासगरी कोभिड १९ को प्रभाव कस्तो रह्यो र तिनको समाधानका उपायहरू के छन् ?**

हरेक व्यवसायमा चुनौतीहरू हुन्छन् । श्रीनगरका पनि छन् र तिनलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:



समय समयमा अनपेक्षित प्रतिकुल घटनाहरूका साथै भारतीय वस्तुहरूको अतिक्रमण

ब्राण्ड भ्याल्यु (छवि निर्माण) को चुनौती

बजारको प्रकृति उधारोमा आधारित भएका कारण बजार विस्तारका लागि वित्तीय व्यवस्थापन चुनौतीपूर्ण छ ।

हाल भैरहेका ग्राहक, कर्मचारी तथा सरोकारवालाहरूलाई जोगाइराख्ने चुनौती

कोभिड १९ ले सबै उद्योगधन्दाहरूमा असर परेको छ । यसले गर्दा हामीलाई पनि गतिशिलता, बिक्री वितरण र बजारीकरणमा असर गरेको छ । तिनको समाधानका लागि हामीले निम्न उपायहरू अवलम्बन गरेका छौं:

१. कर्मचारीहरूलाई घरबाट काम गर्न सक्ने सुविधा

२. सम्पूर्ण कर्मचारीको बिमा

३. सञ्चालन खर्चमा नियन्त्रण

४. उधारो कारोबारमा कटौती

४. प्रविधिमा आधारित सेवा प्रदान

५. अनलाईन बिक्रीवितरण प्रारम्भ

एउटा श्रीकिसानले पाउने सुविधाहरू के के हुन् ? कम्पनीको परिचयमा दीगो विकास र मुनाफाको विषयलाई प्रधानता दिनुभएको छ । यो कसरी सम्भव तुल्याउने रणनीति छ ?

श्रीकिसान परिवारमा आवद्ध भई हरेक किसानले श्रीनगरका उत्पादन, प्राविधिक सेवा, उद्यम विकास सेवाहरू र अन्यसेवाहरू उचितमुल्य र सहज तरिकाले प्राप्त गरी व्यवस्थित ढंगले आफ्नो व्यावसायिक स्तर बढाउन सक्नेछन् । यसरी कृषि पेशालाई व्यावसायिक रुपमा संचालन गरी, आम्दानी गर्न सफल किसान नै श्री किसान हो । श्री किसान आफ्नो समाजको एक अग्रणी किसान हो ,जो उदाहरणीय किसान बनि अरू किसानहरूलाई प्रेरणा बन्ने छ । "श्रीकिसान" सक्षम र समृद्ध किसान हुनेछ । "श्री किसानले" दीगो विकास र मुनाफाको विषयलाई प्रधानता दिएको छ ।

श्री किसान बन्नका लागि पहिलो चरणमा आफुलाई मन पर्दो व्यवसाय छनौट गर्ने । उक्त व्यवसायको लागि चाहिने प्राविधिक ज्ञान सीप र बजारको व्यवस्थाको लागि यस कम्पनीको "सुनौलौ सेवा" प्रयोग गरी व्यावसायिक कृषक बन्ने तथा आफ्नो व्यवसायलाई प्रगतितर्फ लैजाने । श्रीनगरले प्रदान गर्ने विभिन्न सेवाहरू नै "सुनौलौ सेवा"हो । "सुनौलौ सेवा" अन्तरगत श्रीनगरले प्राविधिक सेवा, तालिम तथा परामर्श, वित्तीय सेवाको पहुँच र विमा सेवाको पहुँच बढाउँदै विभिन्न संघसंस्थासँग पनि सहकार्य गर्दै आएको छ ।

कुनै पनि व्यवसाय सफल हुनको लागि वित्तीय व्यवस्था र बजारको ठुलो भुमिका रहेको हुन्छ । सो कुरालाई ध्यानमा राख्दै श्रीनगरले बजार प्रवर्द्धनको उचित व्यवस्था मिलाएको छ ।

**अहिलेको रणनीतिक साझेदारी कस्तो छ र भविष्यमा**

**यसका आयामहरू कुन रूपमा विकसित हुँदै जाने परिकल्पना छ ?**

श्रीनगर एग्रो हालपोल्ट्री, पशुपालन र माछापालन किसानका लागि एक विन्दु बनेको छ, र आफ्नो एकीकृत कृषि व्यवसायको सोचबाट श्रीनगर एग्रोले किसानहरूलाई आवश्यक पर्ने सम्पूर्ण उत्पादन र सेवाहरू उपलब्ध गराउँदै आएको छ । श्रीनगर एग्रो स्थापनाकाल देखि नै किसानहरूको आम्दानी वृद्धि गराउन, मानिसलाई स्वस्थ प्रोटिनको स्रोत उपलब्ध गराई स्वस्थ जीवनयापन गर्न अगाडि बढिरहेको छ । श्रीनगर एग्रो फार्मले विश्वस्तरीय उत्पादन तथा सेवाहरू नेपाली कृषक र उपोभोक्ताहरूको पहुँच सम्म ल्याएको छ । नेपालको विकासमा कृषिको योगदान बढाउन र कृषि उत्पादनमा आत्मनिर्भर हुने उद्देश्यका साथ श्रीनगर एग्रो फार्मले आफ्नो अभियान अघि बढाएको छ ।

हाल हामी सहकारीहरूसँग समन्वयका साथै कृषकहरूसँग पनि नजिक रहेर काम गरिरहेका छौं । भविष्यमा हामी सेवा विकास गर्दै हाम्रा ग्राहकहरूलाई गुणस्तरीय उत्पादन प्रदान गर्न प्रतिवद्ध छौं । खासगरी सहकारी क्षेत्रसँगको समन्वय र सहकार्यका माध्यबाट हाम्रा उत्पादनलाई सहज र सर्वसुलभ ढंगमा उपभोक्तासामु पुऱ्याउन दत्तचित्त भएर लागिपरेका छौं ।

**साफको एकीकृत कृषि व्यवसाय कम्पनी भन्नुभएको छ, यसका उत्पादनहरूको गुणस्तरताका निम्ति के कस्ता विधि र प्रक्रिया अवलम्बन गरिन्छ ?**

श्रीनगर परिवार सम्पूर्ण किसानको उन्नति, समृद्धि र खुशीका लागि



प्रतिबद्ध छ । गुणस्तरिय सेवाकै कारण पहिलो एकीकृत कृषि उद्यमका रूपमा श्रीनगर कम्पनिले ISO 9001:2015 प्रमाणिकरण प्राप्त गरेको छ । यो प्रमाणिकरण गुणस्तरिय व्यवस्थापन संकल्प, उपभोक्ता केन्द्रित उत्पादन र नियमित सुधार र समिक्षाका लागि प्राप्त भएको हो । हाम्रो उद्देश्य भनेको उपभोक्ताहरूलाई एकैनाशको उच्च गुणस्तरीय उत्पादन र सेवाप्रदान गर्नु हो । श्रीनगर परिवार उच्च गुणस्तरिय चल्ला, दाना, प्राविधिक र व्यवस्थापनका सेवा र गोल्डेन उत्पादनका लागि समर्पित छ । विभिन्न संकटको यस्तो जटिल अवस्थामा पनि सहयोग, मिहिनेत र विश्वासी रहीदिनु भएकोमा हामी सबैलाई धन्यवाद दिन चाहन्छौं र आगामी दिनहरूमा कृषक र बजारका साथीहरू निरन्तर साथ खोजिरहन्छौं । अहिलेको हाम्रो जोड खेत, दाना र खाना हो ।

**प्रविधिकरण (Digitization) को विषय पनि यहाँहरूले जोड दिनुभएको छ ? यसलाई व्यवहारिक रूप कसरी दिँदै हुनुहुन्छ ?**

हामीलाई थाहा छ अबको युग प्रविधिको युग हो । सिकाई, सञ्चार र बजारीकरणका साथै समयमै प्रभावकारी निर्णय सक्षमताका लागि प्रविधि अत्यावश्यक छ । त्यही भएर श्रीनगरले अहिले डिजिटल प्लेटफर्म जस्तै सामाजिक सञ्जाल, अनलाईन प्रशिक्षण, एप्लिकेशन आदिमा विशेष जोड दिँदै तिनको प्रयोग विस्तार गरेका छौं । हाम्रो सामाजिक सञ्जालको पेजमा १ लाख भन्दा बढी फलोअर छन् जहाँ कृषकहरूका लागि सहयोगी सामाग्रीहरू पोष्ट गर्दछौं । यही लकडाउनको बीचमा हामीले राष्ट्रिय अन्तर्राष्ट्रिय विज्ञहरूको सहयोग तथा निर्धारित पाठ्यक्रमको प्रयोगमा आधारित रहेर थुप्रै अनलाइन प्रशिक्षणहरू चलायौं । कृषक र उद्यमीहरूको ज्ञान र सीप विकासका लागि यी तालिमहरू प्रभावकारी पाएका छौं ।

यसैगरी, विभिन्न खाद्यवस्तुहरू, दुग्ध तथा प्रशोधित वस्तुहरूको सहज बिक्री वितरणका लागि हामीले "गोल्डेन फुड" एप पनि निर्माण गरेका छौं । त्यसैगरी, हामी किसान, कृषि प्राविधिक तथा व्यस्थापनका विभिन्न भूमिकामा रहेकाहरूलाई सहयोग पुग्ने तथा स्वाध्ययनका लागि सहयोगीसिद्ध हुनेगरी श्री किसान एप विकासको चरणमा छौं ।

अन्तमा,

"श्री किसान " कृषिको व्यवसायिकरणका लागि कृषकसँगको हातेमालो अभियान हो । यसमा सबैको सद्भाव र सहयोग रहन्छ भन्ने हामी आसा राख्दछौं । यस अभियानमा समावेश भई आफ्नो उत्पादन बढाई लाभलिन श्रीनगर सम्पूर्ण कृषक, उद्यमीहरूलाई प्रोत्साहन गर्न चाहन्छ ।



# नेफ्स्कूनको गुणस्तर प्रमाणीकरण कार्यक्रममा बचत ऋण सहकारीहरुको बढ्दो आकर्षण

कोभिड-१९ का कारण आन्तरिक सुशासन, तरलता व्यवस्थापन, ऋण लगानीमा विविधिकरण, व्यवसाय वृद्धि लगायत नयाँ सम्भावनाहरूको खोजी गरिरहेका वित्तीय सहकारीहरू पछिल्लो समय नेफ्स्कूनद्वारा प्रवर्द्धित गुणस्तर सुनिश्चितताका कार्यक्रमहरुमा आवद्ध हुने क्रम बढेको छ । कोभिड शुरू भएसँगै नेफ्स्कूनद्वारा प्रबर्द्धित राष्ट्रिय प्रमाणीकरण कार्यक्रम प्रोबेशन-पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम मा १५ साकोस आवद्ध भएका छन् भने एशियाली स्तरको प्रमाणीकरण कार्यक्रम एक्सेसमा ६ साकोस आवद्ध भएका छन् । त्यसैगरी जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम कर्वस् मा ४ साकोस आवद्ध भएका छन् । कर्वस् कार्यक्रम गुणस्तर प्रमाणीकरणमा आवद्धता तयारीका लागि संस्थाका वित्तीय सूचकांकहरू सबल बनाउने प्रारम्भिक चरणको कार्यक्रम हो । वित्तीय अवस्था त्यति खराब नभएका संस्थाहरू सिधै गुणस्तर प्रमाणीकरण कार्यक्रममा पनि सहभागी हुन सक्छन् अथवा शुरूमा कर्वस् कार्यक्रममा पनि आवद्ध हुन सक्छन् ।

गत असार ३१ गते रूपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका ३ स्थित सामुहिक विकास साकोस नेफ्स्कूनद्वारा प्रवर्द्धित एशियाली स्तरको ब्राण्डिङ कार्यक्रम एक्सेसमा सहभागी भयो । नेपालस्तरको साकोस गुणस्तर सुनिश्चितताको कार्यक्रम प्रोबेशन अन्तर्गत २०७५ सालको ब्राण्ड प्राप्त गर्न सफल साकोसले एशियाली स्तरको स्ट्याण्डर कायम गर्ने उद्देश्य सहित कार्यक्रम सम्झौता भएको जनाएको थियो । २०५० सालमा स्थापित उक्त संस्थामा कुल ७ हजार ५ सय ५५ सदस्य, २४ करोड ५४ लाख १५ हजार शेयरपूँजी र कुल २ अर्ब ४९ करोड ५४ लाखको कारोवार रहेको छ ।

साकोसमा सुरेन्द्र कुमार बर्माको अध्यक्षतामा १५ जनाको सञ्चालक समिति र देवराज ज्ञवालीको व्यवस्थापकीय नेतृत्व सहित कुल ३० जना कर्मचारी कार्यरत छन् । साकोसले राष्ट्रिय सहकारी महासंघबाट उत्कृष्ट सहकारी पुरस्कार र नेफ्स्कूनबाट प्रदेशस्तरीय उत्कृष्ट पुरस्कार समेत प्राप्त गरिसकेको छ ।

त्यसैगरी बन्दाबन्दीकै अवस्थामा गोर्खा को भिमकुल साकोस र सप्तकोशी साकोस पनि एशियाली स्तरको ब्राण्डिङ कार्यक्रम एक्सेसमा सहभागी भएका छन् । गत साउन २१ गते सुर्खेतको शिखर साकोस पनि एक्सेस कार्यक्रममा सहभागी भएको छ ।

## **एक्सेस** (A1 Competitive choice for Excellence in service and soundness)

साकोसहरूको बिशिष्ट सेवा, पहिचान र दक्षताको अन्तर्राष्ट्रिय स्तरीकरण कार्यक्रम हो । एक्सेस कार्यक्रम एशियाली ऋण महासंघको प्राविधिक सहयोगमा एशियाली स्तरमा साकोस क्षेत्रका विकासलाई आन्तरिकीकरण गर्ने उद्देश्यसहित नेफ्स्कूनले वि.सं. २०६५ सालदेखि सञ्चालनमा ल्याएको कार्यक्रम हो । एक्सेस ब्राण्डिङ कार्यक्रमले संस्थामा ४ आयामहरू अन्तर्गत वित्तीय पक्ष, सदस्यता पक्ष, आन्तरिक कार्यसञ्चालन प्रक्रियाको पक्ष र सिकाई तथा वृद्धि पक्षको अनुगमन गर्दछ । साकोस व्यवसायमा रहेको जोखिम विश्लेषण गरी स्वव्यवस्थापनको माध्यमबाट संस्थालाई सुरक्षित गर्न, गुणस्तर सुनिश्चितता गर्न, दीगो संस्थागत विकास गर्न, व्यवस्थापन र व्यावसायिकता अभिवृद्धि गर्नका लागि संघले स्थलगत रूपमा सहजीकरण सेवा उपलब्ध गराउँदै आईरहेको छ । हाल ७३ बचत तथा ऋण सहकारी संस्थाहरू एक्सेस कार्यक्रममा आवद्ध छन् ।

गत वर्ष एक्सेस कार्यक्रममा सहभागी ६४ साकोस मध्येबाट सन् २०१९ मा ८ वटा साकोसले सिल्भर र १६ वटा साकोसले ब्रोन्ज गरी २४ वटा साकोस एक्सेस ब्राण्ड प्राप्त गर्न सफल भएका थिए ।

# पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन)

पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन)–साकोसहरूको गुणात्मक वृद्धिका लागि नेफ्स्कूनले विकास गरेको राष्ट्रिय स्तरीकरण कार्यक्रम हो । नेफ्स्कूनले आफ्नो २५औं स्थापना दिवस एवं २१ औं वार्षिक साधारण सभाबाट आफ्ना साकोसहरू लक्षित राष्ट्रिय गुणस्तर प्रमाणीकरण कार्यक्रम पारित गरी लागू गरेको हो ।

प्रोबेशन कार्यक्रममा सफल साकोसहरूले नेपाल सरकार सहकारी विभाग र नेफ्स्कूनले संयुक्त रूपमा प्रदान गर्ने प्रमाणीकरण चिन्ह प्राप्त गर्दछन् । यसले साकोसहरूको वित्तीय अवस्था मापन एवं सुनिश्चितताको लागि विशेषतः दुईवटा क्षेत्र र तिनको परीक्षणका लागि दुईवटा औजार (PEARLs र HIMAL) प्रयोग गर्दछ ।

वित्तीय क्षेत्र मापनमा पर्ल्स र व्यवस्थापकीय कुशलतामा हिमाल विश्लेषण प्रणाली प्रयोग गरिन्छ । पर्ल्समा हाल रहेका ५० मध्ये १५ वटा आधारभूत सूचक र हिमालका ३५ सूचकको आधारमा मापन र सुधारका प्रयासहरू गरिन्छ । शुरुमा १८ महिनाको कार्यक्रम संस्थाको आवश्यकता र क्षमताको आधारमा बढाउन सकिनेछ । साकोसहरू प्रोबेशन कार्यक्रममा सिधै सहभागी हुन पाउनेछन् ।

यही मिति २०७७ भदौ मसान्तसम्म कुल २०७ बचत तथा ऋण सहकारी संस्थाहरू प्रोबेशन कार्यक्रममा आवद्ध छन् । गत वर्ष कुल आवद्ध साकोस समध्ये २१ वटा साकोसले राष्ट्रिय प्रमाणीकरण मान्यता प्राप्त गर्न सफल भएका थिए ।

भदौ २२ गते पोखरा-८ स्थित श्री विहानी बचत तथा ऋण सहकारी संस्था लि. गुणस्तर सुनिश्चितताको कार्यक्रम प्रोबेशनमा सहभागी भयो । समुदायमा आधारित श्री विहानी साकोस कोभिड १९ महामारीका कारण लामो समयको बन्दाबन्दीको अवस्थामा पनि निरन्तर सदस्य सेवामा समर्पित थियो । संस्थाले हाल ९ हजार १ सय ३४ सदस्यहरू मार्फत कुल ७६ करोड ३४ लाख ९० हजार ६ सय ६६ रूपैयाँ को कारोवार गरेको जनाएको छ ।

त्यसैगरी सिन्धुलीको कमलामाई स्थिति सिन्धु साकोस साउन १ गते प्रोबेशन कार्यक्रममा आवद्ध भयो । रौतहटको चैनपुर १ स्थित चन्द्रोदय साकोस, सर्लाहीको लालबन्दीस्थित डुमडुमे साकोस, नवलपरासी सुस्ताको नागरिक साकोस, बुढानिलकण्ठ काठमाडौंको निर्माण साकोस पनि बन्दाबन्दीको अवस्थामा राष्ट्रियस्तरको प्रमाणीकरण कार्यक्रम प्रोबेशनमा आवद्ध भएका छन् ।

भदौ ३० गते चितवन रत्नगनर-२ स्थित पेवा बचत तथा ऋण सहकारी संस्था प्रोबेशन कार्यक्रममा आवद्ध भयो । कार्यक्रम आवद्धता बारे प्रष्ट पार्दै पेवा साकोसका अध्यक्ष गोविन्द प्रसाद भट्टराई भन्नुहन्छ, "प्रोबेशन कार्यक्रम सहभागिताले संस्थाको वित्तीय सुशासन, व्यवस्थापन एवं वृद्धिमा उल्लेख्य भूमिका खेल्ने साथै नीति, विधि र प्रविधि सुधारमा सहयोग पुग्ने विश्वास छ ।"

असोज २ गते पोखरा-९ चिप्लेढुंगास्थित सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि.नेफ्स्कूनको गुणस्तर सुनिश्चितता सम्बन्धी राष्ट्रिय मान्यताप्राप्त प्रमाणीकरण कार्यक्रम 'प्रोबेशन' मा आवद्ध भयो । कोभिड-१९ का कारण सहकारीको वित्तीय सूचकांकहरूमा उतार चडाव आएकोले पनि गुणस्तर सुनिश्चितताको कार्यक्रममा आवद्धता जनाएको संस्थाका अध्यक्ष निर्मल प्रसाद बास्तोलाले जानकारी गराउनुभयो । करिब ९ सय सदस्य रहेको सरल नमुनाको हालसम्मको वासलात साढे ११ करोड भन्दा माथि छ । बन्दाबन्दीमा समेत व्यवसाय निरन्तर राखेको संस्था समूदायमा आधारित रहेर सञ्चालनमा छ । प्रोबेशनमा आवद्धता पश्चात नेफस्कूनको मार्गनिर्देशन अनुरूप ब्राण्ड प्राप्त गर्ने लक्ष्य सहकारीले लिएको छ ।

असोज ८ गते प्रदेश नं ५ को बर्दिया जिल्लास्थित ठाकुरबाबा नगरपालिका-१ भुरिगाउँमा अवस्थित हाम्रो मध्यवर्ती राधाकृष्ण बचत तथा ऋण सहकारी संस्था लि. नेफ्स्कूनको प्राविधिक सहयोगमा एशियाली ऋण महासंघ अकूद्वारा सञ्चालित एसिया प्रशान्त क्षेत्रीय साकोस गुणस्तर सुनिश्चितता प्रमाणीकरण कार्यक्रम (एक्सेस) मा आवद्ध भयो । कोरोना महामारीको कारण स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राख्दै भर्चुअल विधिमार्फत सम्पन्न सम्झौता कार्यक्रममा बोल्दै संस्थाका अध्यक्ष नवराज न्यौपानेले एशियाली स्तरको एक्सेस ब्राण्ड प्राप्त गर्न PEARLS मापदण्ड अनुरूप वित्तीय सुचकांकहरू सन्तुलित एवम सुधार गर्ने कार्यमा अग्रसर रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले एक्सेस कार्यक्रम आवद्धताले संस्थागत एवं वित्तीय सुशासनलाई थप मजबुत बनाउन सहयोग पुग्ने अपेक्षा संस्थाले लिएको जानकारी गराउनुभयो ।

हालसम्म ८ वटा सहकारी संस्थासँग एकीकरण गरिसकेको उक्त संस्थाले वित्तीय सेवा का साथै विभिन्न रेमिट्यान्स र सामाजिक उत्तरदायित्वका कार्यक्रम पनि सञ्चालन गर्दै आइरहेको छ । संस्थामा हाल करिब ४ हजार २ सय २८ महिला, २ हजार ९ सय ९३ पुरूष र ५१ कार्यगत समूह गरी ७ हजार २ सय ७२ शेयर सदस्य

छन् । ३३ जना कर्मचारीहरूद्वारा संस्थाले हाल ३१ करोड ८७ लाख रूपैयाँ बराबारको कारोवार गरिरहेको छ भने शेयर पूँजी ३ करोड ६५ लाख छ । हालसम्म सहकारीले २२ करोड ९४ लाख बचत संकलन गरेको छ भने विभिन्न कोषमा १ करोड ७० लाख रूपैयाँ रहेको छ । २०७४ साल कार्तिक देखी प्रोबेशन कार्यक्रममा आवद्ध संस्थाले २०७६ पौष ४ गते राष्ट्रिय स्तरको प्रोबेशन ब्राण्ड समेत प्राप्त गरेको थियो । नेफ्स्कूनले आफ्नो ३३ औँ स्थापना दिवसको अवसरमा गत साउन ३२ गते संस्थालाई प्रदेश नं ५ को उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था पुरस्कृत गर्ने घोषणा समेत गरेको छ ।

असोज ९ गते गुल्मीको लेकाली स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लि. एसिया प्रशान्त स्तरको गुणस्तर सुनिश्चितता कार्यक्रम (एक्सेस) मा आवद्ध भयो । गुल्मीको रेसुङ्गा नगरपालिका-१ स्थित लेकाली साकोस प्रोबेशन ब्राण्ड प्राप्त गरेपछिको माथिल्लो खुड्किलो उक्लिने प्रयासमा एक्सेसमा आवद्ध भएको हो । "कक्षा १० पास गरेपछि ११ कक्षामा भर्ना भए झैं हामी पनि राष्ट्रिय ब्राण्ड प्राप्त गरेपछि अब एसिया प्रशान्त स्तरको ब्राण्ड पाउने उद्देश्यसहित यो कार्यक्रममा सहभागी भएका हौं", संस्थाकी व्यवस्थापक कल्पना बस्नेतले भन्नुभयो, "यसले संस्थालाई वित्तीय तथा व्यवस्थाकीय दृष्टिकोणले थप मजबुत बनाउने विश्वास लिएका छौं ।" संस्थाले २०७६ सालमा राष्ट्रिय मान्यता सहितको प्रोबेशन ब्राण्ड प्राप्त गरेको थियो । २०५० सालमा स्थापित समुदायमा आधारित संस्थामा करिब ३ हजार सदस्य छन् । करिब ६० करोडको कारोवार गरिरहेको संस्थाको कार्यक्षेत्र नगरपालिका भित्रका १ देखि १३ नं वडा रहेको छ । "प्रोबेशन ब्राण्ड प्राप्त गरेपछि सदस्यहरूको विश्वासमा बढोत्तरी भएको छ", व्यवस्थापक बस्नेतले भन्नुभयो, "यसले सदस्य, सञ्चालक, कर्मचारीलाई मात्र होईन समुदायस्तरमै सहकारीप्रतिको जनविश्वास आर्जनमा सहयोग पुगेको छ । अब एक्सेसमा आवद्ध भएपछि संस्थागत वृद्धिले नयाँ उचाइ प्राप्त गर्ने अपेक्षा गरेका छौ ।"

सोही दिन काठमाडौंको जेष्ट बचत तथा ऋण सहकारी संस्था लि. राष्ट्रिय गुणस्तर कार्यक्रम प्रोबेशन कार्यक्रममा आवद्ध भयो । "नेफ्स्कूनले सञ्चालन गरेका गुणस्तर सुनिश्चिताका कार्यक्रमहरूको प्रभावकारिता, नियमित प्रत्यक्ष अप्रत्यक्ष अनुगमन, निदानात्मक विधि सहितको पृष्ठपोषण, सरकारी मान्यता प्राप्त कार्यक्रम आदि कारण हामी उत्साहित भएर आवद्ध भएका हौं", संस्थाका प्रमुख व्यवस्थापक सरोज खतिवडाले भन्नुभयो, "यसले हामीलाई सुशासन कायम गर्दै संस्थागत वृद्धि गर्न सहयोग पुऱ्याउने अपेक्षा गरेका छौं ।"




२०६५ सालमा स्थापित काठमाडौं जिल्लाभर कार्यक्षेत्र रहेको जेष्ट साकोसका ५ वटा सेवा केन्द्र मार्फत १२ हजार सदस्यले सेवा प्राप्त गरिरहेका छन् भने संस्थाले हाल २ अर्ब माथिको कारोवार गरिरहेको व्यवस्थापक खतिवडाले जानकारी गराउनुभयो । काठमाडौं भित्रका वित्तीय सहकारीहरू पनि नेफ्स्कूनको गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा सहभागी हुने क्रम बढेको छ । "कोभिडका कारण पनि हुनसक्छ, वित्तीय सूचकांकहरू सन्तुलित राख्दै संस्थागत सुशासन कायम गर्ने दिशामा पछिल्लो समय काठमाडौं उपत्यका भित्रका बचत तथा ऋण सहकारीहरू पनि बढी संवेदनशील भएको नेफ्स्कूनका कार्यक्रम अधिकृत कोमलराज अधिकारीले जानकारी गराउनुभयो ।"

असोज ११ गते एकैदिन चितवनका ३ साकोस प्रोबेशन कार्यक्रममा सहभागी भए । चितवनको रत्ननगर-२ स्थित कामना बचत तथा ऋण सहकारी संस्था लि, भरतपुर महानगरपालिका १० स्थित चितवन औद्योगिक बचत तथा ऋण सहकारी संस्था लि. र रत्ननगर-७ स्थित पञ्चतारा महिला बचत तथा ऋण सहकारी संस्था लि. ले प्रोबेशन कार्यक्रममा आवद्धता जनाएका हुन् । कार्यक्रममा सहभागी तीनवटै संस्थाका अध्यक्ष तथा पदाधिकारीहरूले प्रोबेशन कार्यक्रम सहभागिताले नीति, विधि र प्रविधि सुधारमा निक्कै सहयोगी भूमिका खेल्ने साथै संस्थाको वित्तीय सुशासन, व्यवस्थापन एवं वृद्धिमा योगदान पुग्ने भएकाले आवद्धता अनिवार्य रहेको बताउनुभयो ।

असोज १२ गते पोखरास्थित धनुष बचत तथा ऋण सहकारी संस्था पनि 'प्रोबेशन' कार्यक्रममा आवद्ध भएको छ । केन्द्रीय कार्यालय र दुई सेवा केन्द्र गरी ३ वटा



कार्यालयबाट सदस्यहरूलाई सेवा प्रवाह गरिरहेको धनुष साकोसको हालसम्मको वासलात २६ करोड र सदस्य संख्या ७ हजार ८ सय रहेको छ । समुदायमा आधारित उक्त संस्थाले बन्दाबन्दीमा पनि सदस्य सेवा निरन्तरलाई जोड दिँदै आएको थियो । नेफस्कूनले दिएको मार्गनिर्देशन अनुरूप प्रोबेशनमा सहभागी भएपश्चात ब्राण्ड प्राप्त गर्ने दिशामा अगाडि बढ्ने लक्ष्य रहेको संस्थाका अध्यक्ष राजाराम सुवेदीले बताउनुभयो ।

त्यसैगरी बन्दाबन्दीकै अवसरमा नेफ्स्कूद्वारा प्रबद्धित जोखिम मा आधारित साकोस सुपरिवेक्ष कार्यक्रम कर्वस्मा असार ९ गते सुनसरीको इटहरीस्थित चाहना साकोस, असोज ६ गते इटहरीकै विन्धबासिनी साकोस, असार ११ गते नवलपरासी बर्दघाटको टाइम साकोस र साउन २० गते रूपन्देहीको मेरूदण्ड साकोस आवद्ध भएका छन् ।

चैत्र ११ गतेदेखि शुरू लकडाउन सँगै सदस्य सेवा निरन्तरता मै चुनौती खेपीरहेका सहकारी संघसंस्थाहरूको वित्तीय सूचकांकहरू पनि कमजोर बन्दै गइरहेको सहकारीकर्मीहरूको गुनासो छ । नीति, विधि र प्रविधिमा विशेष जोड दिँदै आएको नेफ्स्कूनले गुणस्तर सुनिश्चितता कार्यक्रमहरूमा सहभागी भई संस्थाको वित्तीय सबलता कायम गर्न २०६५ सालदेखि एशियाली ऋण महासंघको प्राविधिक सहयोगमा एशिया प्रसान्त क्षेत्र अन्तर्गत प्रमाणीकरण कार्यक्रम एक्सेस शुरू गरेको हो भने २०६९ सालदेखि नै राष्ट्रिय स्तरको गुणस्तर प्रमाणीकरण कार्यक्रम प्रोबेशन कार्यान्वयमा ल्याएको हो ।

गुणस्तर प्रमाणीकरण कार्यक्रममा संस्थाका वित्तीय सूचकांकहरूलाई सबल र दीगो बनाउन निश्चित मापदण्डहरू तोकिएको हुन्छ । तोकिएका मापदण्ड अनुसार संस्थाका वित्तीय सूचकहरू निर्माण गर्न नेफ्स्कूनका कार्यक्रम तथा अनुगमन अधिकृतहरूले नियमित आन्तरिक तथा बाह्य अनुगमन गर्ने प्रचलन छ । संस्थाहरूसँग नियमित सम्पर्कमा रहेर उनीहरूका वित्तीय र गैरवित्तीय कार्यक्रमहरूको सुक्ष्म निगरानी राखी समयमै सचेत तुल्याउने र असल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरू आन्तरिकीकरण गर्न सहयोग पुऱ्याउने भएकाले पनि प्रमाणीकरण कार्यक्रम प्रति साकोसहरूको संलग्नता बाक्लो हुँदै गएको आंकलन गर्न सकिन्छ ।

साकोस एकीकरण अभियानलाई जोड दिँदै आएको नेफ्स्कूनले साकोसमा दोहोरो सदस्यताको अन्त्य गरी साना सहकारीमा छरिएर रहेको पूँजीलाई एकत्रित गर्दै सक्षम र सबल सहकारी स्थापना मार्फत उद्यमशीलता र रोजगारी सिर्जनाका लागि रणनीतिक योजना अगाडि सारेको छ । उद्यमशीलता र सीप विकासको लागि आइएलओसँग सहकार्य चलिरहेको अवस्थामा युवा रोजगारी र स्वरोजगार सिर्जनामा राष्ट्रिय युवा परिषद्, गरिबी निवारण कोष, सीटीइभीटी र युवा स्वरोजगार कोषसँग सहकार्यका लागि विस्तारित योजना समेत तयार पारेको छ ।

सदस्यलाई सर्वसुलभ सेवा प्रदान गर्ने उद्देश्यका साथ नेफ्स्कूनद्वारा प्रवर्द्धित साकोस गुणस्तर सुनिश्चितताका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रममा आवद्ध साकोसका वित्तीय सूचकांकहरूको सन्तुलन निक्कै राम्रो देखिएको र संस्थाले सहज र सरल ढंगबाट सदस्य केन्द्रित सेवा सुविधा प्रदान गर्दै आइरहेको जनाएका छन् । त्यसकारण पनि नेफ्स्कूनले बचत तथा ऋण सहकारी संस्थाहरूको गुणस्तर सुनिश्चितता सम्बन्धमा सञ्चालन गरेको राष्ट्रिय अन्तर्राष्ट्रिय प्रमाणीकरण कार्यक्रमहरूको लोकप्रियता बढेको छ । खासगरी कोभिड-१९ का कारण कतिपय संस्थाहरू सञ्चालनमा कठिनाइ आएको सन्दर्भमा नेफ्स्कूनको सञ्जालमा आवद्ध हुने मात्र होईन आन्तरिक र बाह्य सुशासनका लागि पनि संघले सञ्चालन गरेका गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा साकोसहरूको आवद्धता बढ्दो छ ।

❑ ❑ ❑

# सहकारी प्रर्वद्धनमा संघको भुमिका



**प्रविन खतिवडा**

व्यवस्थापक, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. झापा

सहकारी संघ सहकारी संस्थाहरूको एकताको प्रतिक हो । Union is the source of success and strength, यस अंग्रेजी भनाइमा आधारित रहने हो भने, प्रारम्भिक सहकारी संस्थाहरूको प्रतिनिधिको रूपमा सहकारी गतिविधीहरूको प्रवर्द्धन, विकास गर्दै दीगो, सबल र सफल सहकारी निर्माणमा निरन्तर सहकारी संस्थाहरूमार्फत निर्माण गरिएको निकाय सहकारी संघ हो । यस्ता संघहरू जिल्ला, प्रदेश र राष्ट्रव्यापी रूपमा स्थापना भएर सहकारी संस्थाको वृहत्तर हित र सर्वाङ्गिण विकासका लागि आफ्ना कार्यहरू सञ्चालन गरिरहेका छन् ।

सहकारी संस्थाहरूले सञ्चालन गर्ने गतिविधिहरूलाई गुणस्तरीय, सुशासनमा आधारीत, सुरक्षीत, शिघ्र, प्रविधिमैत्री, मितव्ययी, शेयर सदस्य लक्षित बनाउन एकातीर सहकारी संघले विभिन्न प्रकारका तालिम, गोष्ठि, छलफल, अन्तरक्रिया, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गरीरहेका छन् भने अर्कोतर्फ सहकारी संस्थाहरू मार्फत निक्षेप संकलन गर्ने तथा आवश्यक सहकारी संस्थाहरूलाई लगानी योग्य रकम कर्जाको रूपमा उपलब्ध समेत गराउदै आएका छन् । त्यसैगरी सहकारी संघहरूले सहकारी सञ्चालनमा आवश्यक पर्ने ऐन, नियमावली, निती, नियम, निर्देशन सहकारी मैत्री बनाउन संघ, प्रदेश र स्थानीय तहका सरकार र सरकारी निकाय सँग निरन्तर छलफल, समन्वय गर्दै आवश्यक सल्लाह सुझाव समेत दिदै आइरहेका छन् । यसको उदाहरणको रूपमा सहकारी संस्थाहरूको मुनाफा मा लाग्ने कर घट्नु, ब्याजकर समायोजन हुनु, COVID-19 कोरोना भाइरसको कारण बन्दाबन्दी भएको समयमा समेत कारोवार सञ्चालनका लागी आवश्यक मार्गनिर्देशन र अपिलहरू जारी हुनु, COVID-19 कोरोना भाइरस चलिरहेको समयमा लेखापरीक्षण र साधारण सभाका लागी जारी भएका मार्गनिर्देशन, निर्देशनहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

COVID-19 कोरोना भाइरस चलिरहँदा समेत सहकारी संस्थाहरूको अभिभावकको रूपमा रहेका सहकारी संघहरूले भर्चुवल छलफल मार्फत सहकारी संस्थाहरूसँग जोडिएर विभिन्न प्रकारका तालिम तथा छलफलका कार्यक्रमहरू सञ्चालन गरेर महामारीको समयमा समेत सहकारी संस्था र सहकारी संघको सम्बन्धलाई थप मजबुत बनाएका छन् ।

नेपालमा पूँजी, प्रविधि र व्यावसायिक रूपले ज्यादै ठूला, मध्यम र साना स्तरका सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । यस्तो परिस्थितिमा सहकारी संघहरूलाई ठूला सहकारीहरूलाई काखी च्याप्ने र साना सहकारीहरूलाई बेवास्ता गर्ने गरेको, संघहरूलाई बुझाउनु पर्ने नविकरण दस्तुर मँहगो, खर्चिलो र दोहोरो भएको, विभिन्न सहकारी संघहरूले एउटै समयमा, विषय दोहोर्‍याएर तालिम सञ्चालन गर्ने गरेको, तालिमहरू व्यवहारिक भन्दा पनी सैद्धान्तिक हुने गरेको जस्ता आरोप समेत लाग्दै आएका छन् ।

यस्ता आरोपहरूमा सम्पूर्ण सहकारी संघहरूले आवश्यक मनन्, गर्दै सहकारी क्षेत्रमा देखिएका यस्ता समस्या निराकरण गर्न विभिन्न संघहरूबीच एक आपसमा छलफल हुन समेत आवश्यक छ ।

अन्त्यमा, आँगामी दिनहरूमा कृषि क्षेत्रलाई उद्योगसँग जोड्न, रोजगारी सिर्जना, गरिबी निवारण, उद्यमशीलता विकास, Agro Tourism प्रवर्द्धन, स्थानीय उत्पादनहरूको बजारीकरण, कृषि सामाग्रीको व्यवस्थापन तथा कृषी क्षेत्रको प्रवर्द्धन मार्फत नेपालको अर्थतन्त्रको विकासका लागि सहकारी संस्थाहरूमार्फत थप योगदान दिन अनुसन्धानमा आधारित तथ्यपरक रणनिती र कार्यक्रम तर्जुमा गरी सहकारी संस्थाहरूलाई परिचालन गर्न सहकारी संघहरूले आफ्ना कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

# नेफ्स्कूनद्वारा बन्दाबन्दीमा भर्चुअल विधिमार्फत कर्मचारी क्षमता अभिवृद्धि

नेफ्स्कूनले कर्मचारीहरूको ज्ञान, मनोभावना र सीप विकासका लागि बन्दाबन्दीको अवस्थामा प्रविधिमैत्री प्रशिक्षणलाई विशेष जोड दिएको छ । कर्मचारीहरूको दक्षता विकासका लागि उपयोगी र सान्दर्भिक तालिमहरूलाई महत्वका साथ सञ्चालन गर्दै आएको नेफ्स्कूनले कोभिड-१९ को संक्रमण स्तरलाई ध्यानमा राखी अभौतिक माध्यमबाट तालिम सञ्चालन गरेको हो । चालु आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू साथै ४ वर्षे व्यावसायिक रणनीतिक योजना सम्बन्धमा कर्मचारीहरूलाई प्रशिक्षित गर्ने उद्देश्यसहित दुई चरणमा भर्चुअल तालिम सञ्चालन गरेको थियो । तालिममा रणनीतिक योजनाका अन्तर्वस्तुहरूसँगै कर्मचारीहरूको व्यक्तिगत र व्यावसायिक सीपमा निखार ल्याउने विषयमा आन्तरिक र बाह्य प्रशिक्षकहरूद्वारा सत्रहरू सञ्चालन गरिएको थियो । पहिलो चरणको तालिम भदौ १८ देखि २१ गतेसम्म र दोस्रो चरणको तालिम भदौ २४ देखि २७ गतेसम्म सञ्चालन भएको थियो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले संस्थाले अवलम्बन गरेको ध्येय, परिकल्पना, लक्ष्य र गतिविधिहरूलाई आन्तरिकीकरण गर्ने र कार्यपरिणति दिने माध्यम भनेकै कर्मचारीहरू भएकाले क्षमता अविवृद्धि तालिम आयोजना गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, विद्यमान संकटपूर्ण अवस्थामा देशभर खटिएका नेफ्स्कूनका कर्मचारीहरूबीच भौतिक भेटको सम्भावना नभएकाले भर्चुअल तालिमले अनुभव आदान प्रदान गर्ने, सिक्ने र अवस्था विश्लेषण गर्ने मौका समेत उपलब्ध गराएको छ, अवधारणा, विषयवस्तु र सन्दर्भ (थ्री सी) का दृष्टिकोणबाट तालिम अत्यन्तै महत्वपूर्ण छ ।

नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले सहकार्य नै सामाजिक रूपान्तरणको जग भएकोले सहकारीकर्मीहरूले यसलाई मनबाटै आत्मबोध गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "सहकारी संस्थाको आधार स्तम्भ पनि व्यवस्थापन समूह भएकाले प्रत्येक कर्मचारीले एकताभावलाई कार्य सम्पादन, सदस्य सम्बन्ध र व्यक्तिगत जीवनको आधार बनाउनुपर्छ, त्यसबाट सहकारी आचरणलाई व्यवस्थापन




समूहले आत्मसात् गरेको बोध हुन्छ ।" सहकारीका मुल्य, मान्यता र आचरणसँगै नेफ्स्कूनका मुल्य र मान्यता र संस्कृतिलाई आचरणमा ढालेर नैतिकवान कार्य अभ्यास गर्न उहाँले कर्मचारीहरूलाई आग्रह गर्नुभयो । देशभरका शाखा कार्यालयहरूको व्यवस्थापन नेतृत्व लिएकाहरू र सहायक कर्मचारीहरूको दक्षताका कारण संघले आजको उचाइ लिएको भन्दै महासचिव अधिकारीले त्यसवापत नेफ्स्कूनले कर्मचारीहरूलाई परिचयसँगै संरक्षण पनि प्रदान गरेको बताउनुभयो । क्षमता विकासका यस्ता कार्यक्रमले ज्ञान, सीप र धारणालाई समयानुकूल परिस्कृत गर्दै लाने भन्दै उहाँले सिकाइहरूलाई कार्य सम्पादनमा रूपान्तरण गर्न पनि सबैलाई आग्रह गर्नुभयो ।

दुवै चरणका तालिममा नेफ्स्कूनका कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल र विभागीय प्रमुखहरूले सहजीकरण गर्नुभएको थियो भने संघका महासचिव दामोदर अधिकारी र बाह्य स्रोत व्यक्तिको रूपमा सहकारी प्रशिक्षण केन्द्रका प्राचार्य रोशन शंकर घिमिरेले सहजीकरण गर्नुभएको थियो ।

संघका कामु प्रमुख कार्यकारी अधिकृत पोखरेलले संघको रणनीतिक कार्यदिशा र आगामी मार्गचित्र सम्बन्धी प्रशिक्षण दिनुभएको थियो । संघको ५ औं रणनीतिक योजना निर्माणमा सञ्चालक समिति, उच्च व्यवस्थापन, विशिष्ट अर्थ तथा योजनाविद्हरू (रामेश्वर खनाल र दीपेन्द्र बहादुर क्षेत्री) को महत्वपूर्ण योगदान रहेको उहाँले जानकारी गराउनुभयो । योजनामा विश्वव्यापी मुद्दाहरूको सम्बोधनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को परामर्श सहयोग समेत रहेको छ । यसवर्षको संघको नारा "सामनाशक्ति विकास का लागि सद्भावपूर्ण सहकार्य" रहेको अवगत

गराउँदै कामु प्रमुख कार्यकारी अधिकृत पोखरेलले महामारीको सामना एकल विधिबाट होईन अभियान सँगको सहकार्यमार्फत गर्न सकिने उहाँले प्रष्ट्याउनुभयो ।

जलवायु परिवर्तनलाई अनुकूलनमा बदल्न, गरिबी, असमानता अन्त्य गरी समुदायको हित गर्न र युवा सहभागिताका लागि नवीनतम प्रविधि हस्तान्तरण का विषयमा सरोकारवालाहरूसँगै सहकारीहरूबीच पनि सहकार्यको अपरिहार्यतामा उहाँले जोड दिनुभयो । रणनीतिक योजनाले तय गरेका परिकल्पना र ध्येयलाई वास्तविकतमा बदल्दै आगामी दिशा तय गर्न फरक ढंगको सोचबाट सहकारी अभियानबीचको सहकार्य महत्वपूर्ण हुने विषय कामु प्रमुख कार्यकारी अधिकृत पोखरेलको प्रस्तुतिले समेटेको थियो ।

त्यसैगरी ४ बाइ ७ को म्याट्रिक्स अन्तर्गत आवद्धता तथा करारीय ऐक्यवद्धता, स्रोतहरूमा पहुँच, कार्य सञ्चालनमा स्तरीयता, स्वनियमन र अनुशासनलाई अव साकोस सञ्जाल व्यवस्थापनसँग एकाकार गरेर अगाडि बढ्ने विषयहरू प्रस्तुतिमा अटाएका थिए । रणनीतिक योजनाका आयामहरू र साझा सञ्जालको रणनीतिक क्षेत्र र कार्यदिशा सम्बन्धमा कामु प्रमुख कार्यकारी अधिकृत पोखरेले समेट् नुभएको थियो ।

**भर्चुअल विधिमार्फत सम्पन्न क्षमता अभिवृद्धि तालिमका सहभागी कर्मचारीहरूको मिश्रीत अनुभव :**

**बेद प्रसाद भट्टराई**
फिल्ड इन्चार्ज, दाङ

संस्थाका लागि आवश्यक द्वन्द व्यवस्थापन र प्रभावकारी सञ्चारको अन्तर सम्बन्ध बारे सिक्ने अवसर मिल्यो । संस्थामा द्वन्द्व कसरी उत्पन्न हुन सक्छ र त्यसलाई कसरी समयमै व्यवस्थापन गर्न सकिन्छ भन्ने कुरा सिकियो । कोभिड महामारी लगायतका प्राकृतिक, मानव सिर्जित एवं प्राविधिक विपत्तिका बाबजुद व्यवसाय निरन्तरताको उपाय र तौरतरिकाका बारेमा जानकारी प्राप्त भयो । खासगरी बचत तथा ऋण सहकारी जस्तो वित्तीय संस्थाले व्यवसाय निरन्तरता योजना (बीसीपी) बनाउनुपर्ने आवश्यकता र बीसीपीका विविधि आयामहरूमा बारेमा महत्वपूर्ण ज्ञान हासिल भयो । नेफ्स्कूनको योजनाले लिएको मार्गचित्र, योजनामा समाहित ४ बाइ ७ को म्याट्रिक्स, संस्थामा कुशलतापूर्वक ऋण व्यवस्थापन र त्यसको दीर्घकालिन प्रभाव, नतिजामुखी कार्यसम्पादन प्रणाली र सेवामा उत्कृष्टता विषयमा गहनतम प्रस्तुतीमार्फत महत्वपूर्ण जानकारी प्राप्त भयो ।

**दिप्ती आचार्य**
व्यवसाय सहायक, पोखरा फिल्ड कार्यालय

चारदिनको तालिम अत्यन्तै रमाइलो वातावरणमा पत्तै नपाइकन सम्पन्न भयो । तालिमले जीवनमा धेरै कुराको सिकाई अभाव भएको महसुस गरायो र नयाँ कुराहरू सिक्ने अवसर मिल्यो । तालिमबाट एक शब्दमा भन्नुपर्दा समय व्यवस्थापन सबै कुराको जड रहेछ, हामीले जीवनमा समयको प्रभावकारी व्यवस्थापन गर्न सक्यौ भने कार्यालयीय कार्यसम्पादन र पारिवारिक कार्यसम्पादन दुवैमा प्रभावकारिता ल्याउन सक्ने रहेछौं । आजैबाट लक्ष्य केन्द्रित कार्यसम्पादनका लागि समयको व्यवस्थापनलाई उचित ध्यान दिन पहल गर्नेछु ।

**प्रविण वाग्ले**
फिल्ड कार्यालय इन्चार्ज, लमजुङ

द्वन्द्व व्यवस्थापनका तरिकाका बारेमा विस्तृत जानकारी पाइयो । संस्थामा प्रभावकारी सञ्चारको भूमिका र त्यसले द्वन्द्व न्यूनीकरणमा खेल्ने भूमिकाका बारेमा प्रभावकारी छलफल भयो । यस्तै, महामारीको समयमा व्यवसाय निरन्तरता योजनाको महत्व, निर्माणका तरिका र औचित्यका बारेमा सघन छलफल भयो । आइ.एस.ओ. २०१९ द्वारा प्रमाणित व्यवसाय निरन्तरतामा आउने तिन महत्वपूर्ण अवरोधहरूको बारेमा पनि प्रशिक्षकले जानकारी गराउनुभएको थियो । त्यस्तै, व्यवसाय निरन्तरता योजनाको महत्व, विकास क्रम, रणनीतिक उद्देश्यहरू तथा व्यावसायिक निरन्तरताको संरक्षणात्मक उपायहरू, सञ्जालमा महामारीको प्रभाव, बचत तथा ऋण सहकारी सञ्जालका व्यावसायिक निरन्तरता योजनाका सरोकारवालाहरूका बारेमा अन्तरक्रियात्मक सिकाइ भयो । भर्चुअल प्रशिक्षण भएपनि भौतिक उपस्थिति सहितको कार्यक्रम जस्तै अनुभव भयो । भौतिक दूरीको अनुभव भएन । प्रशिक्षण शैली र विषयवस्तुको गहनताका कारण पनि हुन सक्छ एकदम रमाइलो अनुभव भयो । तालिमले कर्मचारीको कार्य सम्पादनमा उल्लेख्य सुधार ल्याउछ भन्ने मलाई लागेको छ । यसले नयाँ उर्जा र अनुभव आदानप्रदानको मौका पनि प्रदान गर्दछ । कर्मचारीको सन्तुष्टि र मनोबलमा सुधार ल्याउन, संस्था र कर्मचारीका कमजोरीहरूको सम्बोधन गरी सहकार्यका आधारमा योजना निर्माण गर्न र उत्पादकत्व बढाउन तालिम उपयोगी रह्यो ।

**आयुशा दंगाल**
बनेपा फिल्ड कार्यालय

तालिमले व्यक्तिगत जीवनयापन सहज बनाउन र तनावरहित वातावरणमा काम गर्न धेरै कुराहरूको बारेमा जानकारी दियो । जीवनमा सिकाइको महत्व कति धैरै हुनेरहेछ भन्ने कुराको पनि अनुभूति दिलाएको छ । घर र कार्यालय दुवै ठाउँमा तनावरहित भएर काम गर्न तोकिएको समयमै तोकिएको लक्ष्य केन्द्रित भएर काम गर्न सक्यो भने अवश्य सफल भइन्छ भन्ने सिकाइ प्राप्त भएको छ ।

**तीलक प्रसाद अधिकारी**
व्यवसाय सहायक, सुर्खेत फिल्ड कार्यालय

चारदिनकै सिकाई अतिनै महत्वपूर्ण थिए । तालिमबाट धेरै कुरा सिक्ने अवसर मिल्यो । नविनतम प्रविधि प्रयोग, कार्यालय व्यवस्थापन र सदस्य सम्बन्ध का विषयहरू निकै महत्वपूर्ण लाग्यो । सफल हुन आफैबाट मेहनत गर्नुपर्ने कुराको राम्रो सिकाइ भएको छ । स्वअध्ययन महत्वपूर्ण छ,

सिकेको ज्ञान सीप र अध्ययनबाट व्यवहारमा परिवर्तन ल्याउने दृढ संकल्प गरेको छु ।

**ज्योति महत**
फिल्ड इन्चार्ज, मकवानपुर

व्यवसायलाई असमान्य अवस्थामा पनि निरन्तर रूपमा सञ्चालन गर्न व्यवसाय निरन्तरता योजना निर्माणको महत्व, कार्यसम्पादनका सिलसिलामा आउने समस्या र समस्या समाधानका उपायहरू, तनाव व्यवस्थापन र कार्यसम्पादनका क्रममा हुने द्वन्द्वको सकारात्मक व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा महत्वपूर्ण जानकारीहरू प्राप्त भए । भावी दिनमा सोच्न नसकिने बिपद्हरू आएमा त्यसको सुरक्षाका विधिहरू अवलम्बन गरी सेवा निरन्तरता दिँदा सदस्यहरूको विश्वास र संस्थाको छवि निर्माण गर्न सकिने, फरक परिस्थितिमा पनि आफ्नो लक्ष्य हासिल गर्न सकिन्छ भन्ने सिकाइ भयो ।

यस प्रशिक्षणपछि नयाँ उर्जाका साथ आफुसँगै मातहतका कर्मचारीलाई उत्प्रेरणा दिई लक्ष्य हासिल गर्ने गराउने काममा सहजिकरण गर्न सक्ने विश्वास लिएकी छु । लक्ष्य हासिल गर्न व्यवसाय वृद्धिका लागि रणनीतिक योजना बनाई अघि बढ्ने कौशल पनि प्राप्त गरेकी छु । त्यस्तै, कार्यालयको काम सम्पादन गर्दा साप्ताहिक योजनाका बनाई तानाबमुक्त भई कामको महत्वको आधारमा पालै पालो काम सम्पन्न गर्ने र बिगतमा लक्ष्य हासिल गर्न नसकिएका क्षेत्रको कारक तत्व अध्ययन गरी रणनीतिक योजनामार्फत अघि बढ्ने आत्मबल तालिमबाट मिलेको छ ।

# सहकारीमा दोहोरो सदस्यता अन्त्यसम्बन्धी कानूनी प्रावधान खारेजीको माग गर्दै सर्वोच्चमा रिट दायर




सहकारीमा दोहोरो सदस्यता अन्त्य सम्बन्धी कानूनी प्रावधान खारेजीको माग गर्दै असोज १९ गते सर्वोच्च अदलतमा रिट दायर भएको छ । सहकारी ऐन, २०७४ मा गरिएको उक्त कानूनी प्रावधान विरूद्ध सर्वोच्च अदातलमा रिट (रिट नं. ०७७-WC-००१५) निवेदन दायर भएको हो । अधिवक्ताद्वय अर्जुनकुमार अर्याल र शकुन्तला भुषालले नेपालको संविधान, २०७२ को धारा २५ सँग सहकारी ऐनको दफा, ३२(१) मा उल्लेखित कानूनी व्यवस्था बाँझिएकोले उक्त दफा खारेजीको माग गर्दै उक्त रिट दायर गर्नुभएको हो । सहकारी ऐन तथा नियमावलीलाई आधार बनाएर नियामक निकाय सहकारी विभागले दोहोरो सदस्यता अन्त्यको लागि सूचना जारी गरेको परिप्रेक्ष्यमा यो रिट निवेदन दायर गरिएको हो ।

सहकारी ऐनको उपरोक्त कानूनी व्यवस्थाका कारण संविधान प्रदत्त पेशा, व्यवसाय गर्न पाउने नागरिकको मौलिक हक अधिकार कुण्ठित हुन पुगेको दावी रिटमा गरिएको छ । नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को खण्ड (घ) (१) मा "सार्वजनकि, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने" उल्लेख गरिएको छ भन्दै रिटमा सहकारीका सिद्धान्तहरू विपरित संविधानसँग बाझिने गरी सहकारी ऐन, २०७४ को दफा ३२(१) मा कानून तर्जुमा गरिएकोले उक्त कानूनी व्यवस्थाले संविधानको भावना विपरित भएको उल्लेख छ । साथै रिटमा कुनै पनि व्यक्तिलाई सहकारीमा खाता सञ्चालन गर्न, खाता खोल्न तथा सहकारीसँग व्यावसायिक कारोवार गर्न रोक नलगाउनु तथा सहकारीको सदस्यता लिई खाता सञ्चालन गरी व्यावसायिक कारोवार गरे बापत कारवाही नगर्नु नगराउनु भनी अन्तरिम आदेश समेत माग गरिएको छ ।



# सहकारी मार्फत महिला सशक्तिकरणका विश्व उदाहरण

युरोपको प्रसिद्ध मुलुक स्पेनका श्रमिक सहकारीहरूमा ३९ प्रतिशत महिलाहरूले उच्च पद ओगटेका छन् । जबकी सहकारी इतर व्यवसायका उच्चतम पदमा महिला सहभागिता त्यहाँ जम्मा ६ प्रतिशत छ । त्यस्तै, अन्य व्यवसायमा कार्यरत स्पेनी महिलाहरूले पुरूष सहकर्मीहरू भन्दा औसतमा १८ प्रतिशत कम सेवा सुविधा पाउँछन् भने त्यहाँको श्रमिक सहकारीमा काम गर्नेहरू महिला र पुरुषहरूबीच तलब सुविधामा कुनै अन्तर (वेज ग्याप) छैन ।

अमेरिकामा आधा भन्दा बढी क्रेडिट युनियका प्रमुख कार्यकारी अधिकृत (सीइओ) हरू महिला रहेको त्यहाँका क्रेडिट युनियनहरूको एक मात्र राष्ट्रिय छाता संघ-क्रेडिट युनियन नेशनल एशोसिएसन (कुना) ले जनाएको छ । जबकि अमेरिकाका अन्य बैंकहरूमा ५ प्रतिशत मात्र महिला सीइओ छन् । अमेरिकामा बैंक तथा अन्य वित्तीय संस्थामा भन्दा क्रेडिट युनियनमा महिला सीइओ नियुक्त हुने सम्भावना ५ गुना बढी रहेको सन् २०१९ को एक अध्ययनले देखाएको छ ।

त्यस्तै, अर्को एक अध्ययनले विश्वका १ सय ठूला सहकारी तथा बीमा कम्पनीहरूमध्ये ९ वटामा महिला सीइओ रहेका छन् तर विश्वका १ सय ठूला स्टक कम्पनीहरूमा १ जना मात्र महिला सीइओ रहेको सार्वजनिक गरेको छ । हाल एशिया प्रशान्त क्षेत्रका बचत तथा ऋण सहकारीहरूको छाता संगठन-अकूको प्रथम महिला सीइओका रूपमा लेनी कार्यरत हुनुहुन्छ ।

दक्षिण पूर्वी युरोपको राष्ट्र सर्बियाको बोस्निया तथा हर्जगोभिनासँगको सीमामा अवस्थित ब्राटुनाक क्षेत्रमा स्थापित बहुसंख्यक महिला सदस्य रहेको "फ्रुट्स अफ पिस" नामक सहकारीले स्थानीय ५ सय महिलालाई रोजगारी प्रदान गरेको छ । उक्त सहकारीले फलफुल खेती गरी इटालीको ठूलो खाद्य सहकारीलाई बिक्री गर्दछ । खासगरी शरणार्थीहरू बस्ने त्यस क्षेत्रमा महिलाहरूले गरेको परिश्रमको आम्दानी एकदमै न्यून रहेकोमा सन् २०१९ को तथ्यांक अनुसार त्यो बढेर ३० प्रतिशत पुगेको छ ।

कुर्दिशहरूको बाहुल्यता रहेको सिरियाको रोजाभाना क्षेत्रमा समतामूलक प्रजातान्त्रिक समाज निर्माणको कार्यारम्भ भएको छ । स्थानीय सरकारको लक्ष्य भनेको अर्थतन्त्रमा त्यहाँका सहकारीहरूको योगदान करिब ८० प्रतिशत पुऱ्याउने हो । युद्धप्रभावित क्षेत्रमा लगभग शुन्यबाट सुरू गरेका त्यहाँका सहकारीहरूले सन् २०१८ मा ७ प्रतिशत योगदान दिएका थिए भने त्यसमध्ये आधा जस्तो योगदान महिला सहकारीहरूको थियो । सहकारीको संरक्षणका निम्ति त्यहाँ स्थापित प्रत्येक सरकारी निकायको नेतृत्वमा १ महिला र १ पुरूष छन् ।

अफ्रिकी मुलुक तान्जेनियाका सहकारी बैंक तथा अन्य सहकारी संस्थाहरूमा ६५ प्रतिशत महिला सञ्चालकहरू रहेको केही वर्ष अघिको अध्ययनले देखाएको थियो । हालका दिनमा त्यो प्रतिशत बढेको छ ।

नेपालमा पनि थुप्रै प्रारम्भिक संस्था र जिल्ला संघहरूको सञ्चालक समिति र व्यवस्थापन प्रमुखको नेतृत्व महिलाहरूले गर्नुभएको छ । यद्यपि, विषयगत केन्द्रीय संघहरूमा भने उच्च

नेतृत्वमा महिला सहभागिता न्यून छ । देशभरका सहकारीहरूको अभिभावक निकाय राष्ट्रिय सहकारी महासंघको बरिष्ठ उपाध्यक्षमा ओमदेवी मल्ल र वित्तीय सहकारीहरूको एक मात्र छाता संगठन-नेफ्स्कूनको उपाध्यक्षमा शान्ति अधिकारी हुनुहुन्छ । त्यसैगरी, राष्ट्रिय सहकारी महासंघको पहिलो व्यवस्थापन प्रमुख अर्थात महाप्रबन्धकमा चित्रा कुमारी थामसुहाङ् हुनुहुन्छ । उहाँ सहकारीको उपल्लो निकायको पहिलो महिला व्यवस्थापन प्रमुख पनि हुनुहुन्छ । केही जिल्ला संघहरूको नेतृत्व महिलाको काँधमा छ । त्यसैगरी, ४ हजार बढी प्रारम्भिक संघ संस्थाको नेतृत्वमा महिला रहेको भनिएपनि त्यसको पछिल्लो यकिन तथ्यांक उपलब्ध छैन ।

## साढे ८ हजार कर्मचारीको नेतृत्व गर्छिन् बेलायतको एक सहकारीकी महिला सीइओ

बेलायतस्थित सेन्ट्रल इंगल्याण्ड कोअपरेटिभ् (सीइसी) की प्रथम महिला प्रमुख कार्यकारी अधिकृत डेबी रबिन्सन् को सहकारी यात्रा ४० वर्ष प्रवेश गरेको छ । ४ सय खाद्य स्टोरहरू (आउटलेट) र केही शव गृहहरूमा कार्यरत साढे ८ हजार कर्मचारीको व्यवस्थापन प्रमुखको जिम्मेवारीमा रहेकी डेबीको सहकारी र कोभिड अनुभवः




सन् २०१९ को मार्चमा म सीइसीको पहिलो महिला सीइओका रूपमा नियुक्त भए । त्यसअघि म को-अप ग्रूपसँग आवद्ध थिएँ । त्यहाँ म प्रबन्ध निर्देशकको रूपमा काम गर्दथे । सबैतिर गरेर मेरो सहकारी यात्राले ४ दशक पुरा गरेको छ ।

सीइसीमा काम प्रारम्भ गरेको १८ महिनामा नै मैले र मेरो सहकारीले मुलुकमा धेरै असहज अवस्था देखेभोगेको छ । ब्रेक्जिट बर्हिगमन्का संशयहरू, कोभिड-१९ को शुरूवात, काला जातिहरूले गरेको प्रदर्शन र अहिलेको आर्थिक मन्दी । यस्ता चुनौतीहरूको समयमा सहकारी मूल्यहरूको महत्व सामान्य अवस्थामा भन्दा बढी हुने अनुभवले पुष्टि गरेको छ ।

सहकारीले साँच्चिकै समुदायमा सकारात्मक प्रभाव पार्ने मेरो ठम्याइ छ । सीइसीले आफ्ना सदस्यहरू र समुदायलाई एकदमै महत्व दिएको छ । सहकारीमा बिताएको ४ दशकको अनुभव अहिले पछिल्लो सीइओको भूमिका निर्वाह गर्न प्रयोग गर्दैछु । मेरो सहकारीको व्यवस्थापन समूह एकदम सहयोगी र कामप्रति प्रतिवद्ध छ ।

मेरो सहकारीका हाल ४ सय आउटलेटहरू छन् र तिनमा जम्मा ८ हजार ६ सय कर्मचारी कार्यरत छन् । यी सबै कर्मचारीहरूले कोभिड-१९ को समयमा प्रवाह गरेको सेवा निक्कै प्रशंसनीय छ । हाम्रा खाद्य स्टोरहरू र एवं शव गृहहरूमा काम गर्ने फ्रन्टलाइन कर्मचारीहरू साँच्चिकै नायक स्थापित भएका छन् । सीइसीले लकडाउनका समयमा स्टोर र शव गृहहरूलाई निरन्तर सञ्चालन गरेको छ ।

हामीले संकट व्यवस्थापन समिति गठन गर्यौं जसको मुख्य प्राथमिकता भनेको कर्मचारी, सदस्य तथा समुदायको सुरक्षाका योजनाहरू बनाउने र कार्यान्वयन गर्ने हो ।

देशमा प्रधानमन्त्रीले लकडाउन घोषणा गर्ने वित्तिकै हाम्रो प्रमुख वित्त अधिकृतको नेतृत्वको संकट व्यवस्थापन समितिले २ मीटर भौतिक दुरीको नियम लागू गर्‍यौं । त्यस लगत्तै हामीले सबै कर्मचारीहरूलाई व्यक्तिगत सुरक्षा सामाग्री (पीपीई) प्रदान गर्‍यौं । समाजमा जोखिममा रहेकाहरूलाई लक्षित गरी हामीले दूर सेवाहरू प्रदान गर्यौं ।

फ्रन्टलाइनमा काम गर्ने कर्मचारीहरूलाई एक साताको थप सुविधा उपलब्ध गरायौं भने कर्मचारीहरूलाई स्टोरबाट खाद्य सामाग्री खरिद गर्दा २० प्रतिशत छुटको व्यवस्था गर्यौं । यसले उनीहरूलाई सुरक्षा मात्र नभइ स्थानीय सामाग्रीको प्रयोग गर्न प्रोत्साहित पनि गरेको छ ।

यो समयमा अन्य सहकारीहरूसँग पनि समन्वय गरेर सेवा प्रदान गरिरहेका छौं । सन् २०२० का अहिलेसम्मका घटनाक्रमहरू हेर्दा के लाग्छ भने समुदायप्रति चासोको सहकारीको सिद्धान्त सँगै समानता र ऐक्यवद्धताको सहकारी मूल्यको महत्व झनै बढी देखिएको छ ।

गरिब बालबालिकाहरूको समस्याले मलाई बढी दुःखी बनाउछ । मलाई लाग्छ हामीले गरिबी निवारणको दीगो योजनाहरू निर्माण गर्नुपर्दछ । सहायता आवश्यक भएका समुदायहरूको आत्म सम्मानको पनि ख्याल राख्नुपर्दछ ।

कोभिडको महामारीले हामीलाई रोजगारीको सम्मान गर्न सिकाएको छ । कामको महत्वलाई थप प्रष्ट पारेको छ । किनकि कतिपयले यो अवस्थामा रोजगारी गुमाएका छन् ।

❑ ❑ ❑

# नेफ्स्कून फिल्ड कार्यालय सम्बन्धी जानकारी

| क्र.सं. | फिल्ड कार्यालय | स्थापना मिति | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|
| १ | चावहिल | २०७० असार १५ | ०१-४४७९५४४ | chabahilfo@nefscun.org.np |
| २ | ललितपुर | २०७१ बैशाख १० | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ३ | चितवन | २०५८ कार्तिक २५ | ०५६-५७२१५१ | chitwanfo@nefscun.org.np |
| ४ | नेपालगञ्ज, बाँके | २०६३ आश्विन १ | ०८१-५२७५९१ | bankefo@nefscun.org.np |
| ५ | ईटहरी, सुनसरी | २०६० पौष १३ | ०२५-५८४८०५ | sunsarifo@nefscun.org.np |
| ६ | दोलखा | २०६७ आश्विन २ | ०४९-४२१६८४ | dolakhafo@nefscun.org.np |
| ७ | सर्लाही | २०७० जेठ १८ | ०४६-५३०६८७ | sarlahifo@nefscun.org.np |
| ८ | रूपन्देही | २०७१ असार २१ | ०७१-५४०३६८ | rupandehifo@nefscun.org.np |
| ९ | कञ्चनपुर | २०७१ बैशाख २४ | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| १० | पोखरा, कास्की | २०७२ फागुन १२ | ०६१-५३३३८९ | kaskifo@nefscun.org.np |
| ११ | झापा | २०७२ फागुन १२ | ०२३-५८५३५५ | jhapafo@nefscun.org.np |
| १२ | कलंकी, काठमाडौँ | २०७३ भाद्र १५ | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३ | दाङ | २०७३ आश्विन २० | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १४ | डडेलधुरा | २०७३ आश्विन १८ | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १५ | बीरगञ्ज, पर्सा | २०७३ मंसिर १२ | ०५१-५२८१०६ | parsafo@nefscun.org.np |
| १६ | लमजुङ्ग | २०७३ पौष २० | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७ | सुर्खेत | २०७४ माघ ४ | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८ | बनेपा,काभ्रे | २०७४ फागुन ७ | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९ | न्यूरोड, काठमाडौं | २०७५ बैशाख १० | ०१-५७१३३०१ | newroadfo@nefscun.org.np |
| २० | जनकपुर, धनुषा | २०७५ असार २८ | ०४१-५९०५९० | janakpurfo@nefscun.org.np |
| २१ | धादिङ | २०७५ भाद्र १७ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२ | मकवानपुर | २०७५ आश्विन १७ | ०५७-५२३७१२ | makawanpurfo@nefun.org.np |
| २३ | लेटाङ्ग, मोरङ्ग सम्पर्क कार्यालय | २०७५ मंसिर १७ | ०२१-५६०६०५ | letangfo@nefscun.org.np |
| २४ | भक्तपुर | २०७५ मंसिर २६ | ०१-५०९३३०३ | bhaktapurfo@nefscun.org.np |
| २५ | भुमही, नवलपरासी सम्पर्क कार्यालय | २०७६ असार २० | ०७८-४१५४१८ | bhumahisc@nefscun.org.np |
| २६ | टाँडी, चितवन सम्पर्क कार्यालय | २०७६ मंसिर १ | ०५६-५६०७८९ | tandisc@nefscun.org.np |
| २७ | मन्थली, दोलखा सम्पर्क कार्यालय | २०७७ श्रावण २६ | ०४९-४२१६८४ | manthalisc@nefscun.org.np |
| २८ | गोंगबु, काठमाडौं | २०७७ श्रावण ३२ | ०१-४३५१५६५ | gongabufo@nefscun.org.np |

नेफ्स्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np,

वेबसाइटः www.nefscun.org.np

डि.स.का.दर्ता नं. ४-१५-१-०५०/०५१

पान नं. ३०३२९५५२७

नेफ्स्कून

# सिको Siko बचत तथा ऋण सहकारी संस्था लि.

## Saving & Credit Cooperative Society Ltd.

ACCESS BRONZE

SUCCESS PROBATION

### संस्थाको परिचय (Introduction):

समुदायमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले स्थापना भएका सिर्जना साकोस, कोशेली साकोस र लक्ष्मी साकोस सहकारी संस्थाहरू बीच मिति २०७५ असार १ गते एकीकरण भै सिको बचत तथा ऋण सहकारी संस्थाको नामाकरण भै स्थापना भएको संस्था हो । पछि पुन: २०७५ माघ ३ गते सिको साकोससँग बाल कुमारी र लालुपो सहकारी सस्था समेत एकीकरण भई सिको बचत तथा ऋण सहकारी संस्थाकै नाममा सञ्चालनमा रही रहेको छ । संस्थाको ठाकुरबाबा नगरपालिका भित्रका सम्पूर्ण वडाहरूमा कार्यक्षेत्र रहेको छ ।

### शेयर सदस्य संख्या :

सदस्यहरू : ७३८० (महिला : ३९४८, पुरूष : ३४३२, नावालक : १३७१)

### परिकल्पना (Vision):

"दीगो वित्तीय संस्था : सभ्य र समृद्ध सदस्य"

### ध्येय (Mission):

नविनतम प्रविधि र दक्ष मानवीय संशाधनद्वारा सहकारीको मुल्य र मान्यतामा आधारित प्रतिस्प्रर्धी, गुणस्तरीय, वित्तिय तथा गैर वित्तीय सेवा प्रदान गरी सदस्यहरूको सामाजिक सांस्कृतिक, वातावरणीय एवं आर्थिक जीवनस्तर माथि उठाउन निरन्तर लागि पर्ने ।

### रणनीतिक उद्देश्यहरू:

१) सदस्य सन्तुष्टि
२) सुरक्षित र स्वस्थ्य संस्था
३) प्रतिस्पर्धात्मक स्थान
४) सक्षम र व्यावसायिक व्यवस्थापन
५) स्वानियम र शुसासन

### दीर्घकालिन लक्ष्यहरू:

१) स्थानीय श्रोत साधनको समुचित प्रयोगमा जोड दिने
२) सदस्यहरूलाई व्यावसायिक तथा उद्यमशीलता तर्फ उन्मुख गराउने
३) वित्तीय सेवामा सदस्यहरूलाई सर्व सुलभ गुणस्तरीय सेवा प्रदान गर्ने
४) नीति, विधि र प्रविधिको प्रयोग गरी संस्थागत शुसासन कायम गर्ने
५) सदस्यहरूको आवश्यकता र चाहना अनुरूप उत्पादन र सेवाहरूको विविधिकरणमा जोड दिने

### बचत सेवाहरू :

- ११ प्रकारका बचत सेवाहरू
- ६ प्रकारका धन सिर्जनात्मक बचत

(नियमित मासिक बचत र सिको आकस्मिक बचतलाई अनिवार्य गरिएको)

### ऋण :

- कृषि, व्यापार, आकस्मिक, साना व्यवसाय, घरजग्गा, सामाजिक निर्वाह मूलक, शिक्षा, वैदेशिक रोजगार, स्वरोजगार, युवा उद्यमी, महिला समूह ऋणहरू लगानीमा रहेका छन् ।

### आवद्धता/संलग्नता:

- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
- जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
- जिल्ला सहकारी संघ लि.
- राष्ट्रिय सहकारी बैंक

### गैर वित्तीय सेवाहरू:

- सहकारी तथा वित्तिय साक्षरता तालिम
- उद्यमशीलता तालिम
- अध्ययन अवलोकन
- रक्तदान
- जेष्ठ सदस्य तिर्थाटन
- सुत्केरी भेटघाट
- सदस्य मृत्यु राहत
- सम्पूर्ण सदस्यहरूको १ लाख बराबरको दुर्घटना बीमा गरिएको
- स्वास्थ्य शिविर
- सरसफाई कार्यक्रम

### सम्मान तथा पुरस्कार:

- अन्तर्राष्ट्रिय स्तरको ब्राण्डिङ कार्यक्रम: एक्सेस ब्राण्ड प्राप्त २०७६
- वि.सं. २०७५ मा प्रदेश नं. ५ को उत्कृष्ट साकोस : नेफ्स्कून
- राष्ट्रिय स्तरको प्रोबेशन ब्राण्ड लगातार ४ पटक
- नेपालकै सर्वोकृष्ट सहकारी संस्था पुरस्कार वि.सं. २०७६ : सहकारी मन्त्रालय
- जिल्लाको उत्कृष्ट सहकारी संस्था वि.सं. २०७६ : जिल्ला सहकारी संघ बर्दिया

### संस्थाका विशेष आकर्षणका कार्यक्रमहरू:

- तीज बचत कार्यक्रम
- माघी तालिम
- महिला तथा युवा उद्यमी तालिम
- आकस्मिक ऋण सुविधा १ महिनासम्म निव्यास्जे
- सबै सदस्यहरूको नि:शुल्क दुर्घटना बीमा
- सदस्य राहत कोष कार्यक्रम
- एक अंकमा कृषि ऋण
- सिको स्मार्ट कृषि गाउँको योजना

### हालसम्मको वित्तीय विवरण

| | |
|---|---|
| शेयर पूँजी | : २ करोड ६५ लाख |
| स्थिर सम्पत्ति | : ५९ लाख ६६ हजार |
| जगेडा कोष | : १ करोड ३७ लाख |
| अन्य कोषहरू | : १ करोड २६ लाख |
| कुल निक्षेप रकम | : २४ करोड ६ लाख |
| कर दाखिला गरेको | : २ लाख २ हजार |
| लगानीमा रहेको ऋण | : २१ करोड ११ लाख |
| तरलता | : १८ प्रतिशत |
| सञ्चालन मुनाफा | : १ करोड ६२ लाख |
| कुल सम्पत्ति | : २९ करोड ८८ लाख |

sikosaccos@gmail.com

केन्द्रीय कार्यालय: ठाकुरबाबा नगरपालिका-१, भुरीगाउँ, बर्दिया
सेवा केन्द्र: सिर्जना सेवा केन्द्र, कोशेली सेवा केन्द्र र बालकुमारी सेवा केन्द्र
बचत संकलन केन्द्र: कालीगौडी र ठाकुरद्वारा




नेपालीहरूको महान चाड

# विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०७७

को पावन अवसरमा सम्पूर्ण सहकारीकर्मी दाजुभाई तथा दिदीबहिनीहरूमा
सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Wish you all the best on auspicious occasion of
**Dashain, Tihar and Chhath Parwa 2077.**
May this greatest festival be the harbinger of prosperity,
success and happiness in every step of you life ahead !!

**नमस्ते**
**बचत तथा ऋण सहकारी संस्था लि.**
घोराही उपमहानगरपालिका १५, दाङ
फोन : ०८२-५६०१८९
इमेल: namaste.saccos.111@gmail.com

**सहयोगी**
**बचत तथा ऋण सहकारी संस्था लि.**
तुलसीपुर उपमहानगरपालिका ५,
तुलसीपुर, दाङ, फोन: ०८२-५२१७८३
इमेल: sahayogi_saccos@yahoo.com

दर्ता नं. ४३/०५४/०५५
**महिला समाज सेवा**
**बचत तथा ऋण सहकारी संस्था लि.**
कोहलपुर-१०, बाँके
इमेल: mahilasamajsewa@gmail.com

"वित्तीय रुपमा सवल, गुणस्तरीय सेवा प्रदायक व्यावसायिक साकोस"
**हाम्रो एकीकृत**
**बचत तथा ऋण सहकारी संस्था लि.**
केन्द्रीय कार्यालयः का.म.न.पा. १५, स्वयम्भु
फोन नं. : ०१-५२४७२५४
इमेल: hekikritsaccos@gmail.com

अध्यक्ष एवं नेफस्कून परिवार
**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.**
केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेल: nefscun@nefscun.org.np,
वेबसाइट: www.nefscun.org.np
नेफस्कून

# संस्थागत गुणस्तर सुनिश्चितताका लागि प्रोबेशन कार्यक्रम

**प्रोबेशनमा सहभागिता: गुणस्तर र व्यावसायिकता**

PROBATION

Program for Building Absolute & Professionalization

## Program for Building Absolute and Professionalization (PROBATION)

**पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम**




## कार्यक्रमका उद्देश्यहरु

- प्रमाणीकरण मार्फत संस्थाको स्तरिकरण गरी गुणस्तर सुनिश्चित गर्ने
- वित्तीय रुपमा स्वस्थ तथा सुरक्षित रहँदै सदस्य मैत्री प्रतिस्पर्धात्मक सेवा प्रवाह गर्न सक्षम बनाउने
- साकोसको योजनाबद्ध विकास तथा व्यवसायिक सेवा प्रवाहमा गुणस्तरको सुनिश्चितता गर्ने

### गुणस्तर मापनका लागि प्रयोग गरिने औजारहरु

| वित्तीय व्यवस्थापनको लागि | संस्थागत सुशासन तथा व्यवस्थापनको लागि |
|---|---|
| **PEARLS** | **HIMAL** |

### पूँजीको आधारमा सहभागिता शुल्क

| | |
|---|---|
| रु.२५ देखि ५० करोडसम्म | रु. ५०,००० |
| रु.५० करोड देखि १ अर्बसम्म | रु. ७५,००० |
| रु.१ अर्ब भन्दा माथि | रु. १,००,००० |

# NECOS

LITE
PLUS
ULTIMATE

## "साकोस अभियानको आफ्नै सफ्ट्वेयर" नेकोस

**परिचयः**

नेपालमा सञ्चालित वित्तीय कारोवार गर्ने सहकारीहरूको लेखा प्रणालीमा एकरूपता कायम गर्न तथा कारोवारलाई सुरक्षित, चुस्त, दुरूस्त तथा पारदर्शी बनाउनको लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. द्वारा यस नेकोस सफ्ट्वेयरको विकास गरिएको हो ।

## नेकोस सफ्ट्वेयरका विशेषताहरू

- नेफ्स्कूनद्वारा विकास गरिएको सबैभन्दा विश्वासीलो एवं भरपर्दो सफ्ट्वेयर,
- नविनतम् प्रविधिमा आधारित, मजबुत सुरक्षा प्रणाली मार्फत तथ्याङ्कको सुरक्षा गर्ने,
- सहकारीको सम्पूर्ण वित्त व्यवस्थापनको लागि सक्षम सफ्टवेयर,
- सहकारीलाई आवश्यक पर्ने सबै प्रकारका प्रतिवेदनहरू समेटिएको,
- सहकारी चार खाता समावेश भएको,
- डिभिजन सहकारी प्रतिवेदन, पर्ल्स प्रतिवेदन र लोन एजिङ समावेश भएको,
- संस्थाको आवश्यकता बमोजिम Customized Report तयार गर्न सकिने,
- SMS, E-Necos सुविधा भएको तथा ATM नेटवर्क जडान गर्न मिल्ने,
- ऋणको किस्ता तथा आवधिक बचत म्याच्युरिटीको पुर्व सूचना दिने,
- प्रयोगकर्ताले चाहेको समयमा तथा कम्प्युटरद्वारा स्वचालित तरिकाले व्याकअप लिन सकिने,
- सफ्ट्वेयरको प्रयोगकर्ता अनुसार क्षेत्राधिकार तय गर्न सकिने,
- कम्प्युटर सम्बन्धी सामान्य ज्ञान भएको व्यक्तिले समेत सजिलै सञ्चालन गर्न सकिने,
- वेभमा आधारित (Web Based) सफ्ट्वेयर भएकोले एउटै मात्र कम्प्युटरमा जडान गरी एकै साथ LAN मार्फत २५३ वटा कम्प्युटर मार्फत सञ्चालन गर्न सकिने,
- ईन्टरनेट/ईन्ट्रानेट मार्फत असिमित कम्प्युटर तथा प्रयोगकर्ताले एकै साथ सञ्चालन गर्न सकिने,
- सेवा केन्द्रहरूको कारोवार छुट्टाछुट्टै सेवा केन्द्रमा प्रविष्टी हुने, सेवा केन्द्र अनुसार छुट्टाछुट्टै एवं एकमुष्ट वित्तीय प्रतिवेदनहरू तयार हुने,
- सेवा केन्द्रहरूको छुट्टाछुट्टै दैनिक खाता बन्दी (EOD) को व्यवस्था भएको,
- भुक्तानी पुर्जा (चेक), शेयर प्रमाण पत्र तथा कारोवारका बिल, भौचरहरू प्रिन्ट गर्न सकिने,
- हरेक प्रतिवेदनहरू एक्सेल, पिडिएफमा एक्स्पोर्ट गर्न सकिने ।